ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी

# छत्रकोट गाउँपालिकामा रहेका केही दर्शनीय स्थलहरू



भगवती मन्दिर, भालुपानी, छत्रकोट



देउती ढुङ्गा, हुँगा, छत्रकोट



मेड्डुवा दहपोखरी, छत्रकोट



छत्रकोट गाउँपालिकाका जनप्रतिनिधिहरू

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४८ ❑ अङ्क : ४ ❑ सम्पूर्णाङ्क : ९१ ❑ साउन-असोज, २०७८

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**किरण पुस्तकालय**
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण पृष्ठ : छत्रकोट देवालय, चोएगा, गुल्मी

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

सम्पादकीय

# अहिले आफ्नै कुरा

- भव्य भवनभित्र सरेको छ अहिले पुस्तकालय । भवन शरीर हो; भावना चेतना हो पुस्तकालयको । दुबैको भावले यो पूर्ण बन्छ । भावना जुट्यो उदार मनहरूको र त भव्य भवन बन्यो । भवनभित्र भर्नु छ अझै धेरैधेरै । प्रविधिसँग लय मिलाउनु छ । उदार सहयोगी ती मनहरूप्रति यी मनहरूको कृतज्ञता छ, आशा पनि छ अझै ।

- यता भव्य भवन बन्यो । उताबाट सन्देश आयो - किरण पुस्तकालय राष्ट्रका पुस्तकालयमध्ये उत्कृष्टमा गनियो भनेर । मान्छे रित्तिंदै गएका पहाड खण्डमा रहेर किरण पुस्तकालयले देखाएको पुरुषार्थले मान्छेका मनहरू तानेको छ । त्यसैले त आफ्नो बखान आफै गर्न मन लागेको छ आज ।

- किरण पुस्तकालयले एउटा इतिहास कोरेको छ करीब छ दशकको । विगत बिर्सनु हुँदैन, आगतलाई अस्वीकार गर्न सकिन्न । यी दुबैको सेतु वर्तमानमा हामी छौं । यसलाई उमार्न, हुर्काउन, फुलाउन एवं फलाउन मलजल गर्नेहरूलाई नमन । जगका ढुंगाहरूलाई नमन जसमा वर्तमान उभिएको छ । भविष्यत्को काँध थाप्नेहरू जुट्नुपर्छ । जोडिनुपर्छ युगका शृङ्खलाहरू ।

- वाङ्मयको विकासमा पुस्तकालयको योगदान अविदित छैन । पुस्तकालय पुस्तक आदानप्रदान र पठनमा मात्र सीमित छैन । प्रकाशनमा पनि हाम्रो पुरुषार्थका ९१ पुरुषार्थहरूले नेपाली भाषा–वाङ्मयमा एउटा छाप छोडेका छन् । भाग्य हाम्रो हातमा छैन, पुरुषार्थ हाम्रो हातमा छ । हाम्रो पुरुषार्थ अलिकति स्वच्छन्दता, अलिकति उदारता, अलिकति परिष्कार र अलिकति मर्यादाको राजपथमा सुस्तरी हिडिरहेछ । एउटा इतिहास यसले पनि बनाएको छ । आफ्ना डेढ दर्जनभन्दा बढी साहित्य, संस्कृति, इतिहास, ज्योतिष र अर्थशास्त्र विषयका गहन ग्रन्थहरूको प्रकाशन पुस्तकालयले गरेको छ । विजया दशमी २०७८ सबैलाई मंगलमय बनोस् ।

–ooo–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | निष्काम कर्मको अवलम्बन गर्नु नै... | भरत जङ्गम | १ |
| २. | सबै जना सुखी रहून् यो कामना ... | डा. बाबुराम झ्वाली | ६ |
| ३. | समयको अभिव्यञ्ज : समय स्फोट | डा. शंकरप्रसाद गैरे | ११ |
| ४. | घुम्तीहरू छलिएपछि : संक्षिप्त विवेचना | पूर्णप्रसाद अधिकारी | १९ |
| ५. | भूस्वर्ग | काशीनाथ मिश्रित | २३ |
| ६. | शिक्षण सिकाइमा गीताको सन्देश | उत्तरकुमार पराजुली | २४ |
| ७. | गोठे गोरु हरायो | हरिप्रसाद भण्डारी | ६७ |
| ८. | मूल गेट | अरुण 'नदी' खत्री | ७० |
| ९. | म आधुनिक नेता | मोहन झ्वाली | ७१ |
| १०. | समृद्ध प्रदेश, सुखी जनता | मित्र 'उराठी' गौतम | ७२ |
| ११. | गुल्मीलाई सम्झँदा | सीता खनाल पोखरेल | ७४ |
| १२. | मान्छेको मन | गणेशपुण्य श्रेष्ठ | ७५ |
| १३. | पुस्तक मन्दिरमा योगी ... | अर्जुन झ्वाली | ७६ |
| १४. | चार्वाकदर्शन | नारद गौतम | ८१ |
| १५. | म सत्यं शिवं सुन्दरम् मात्र पाऊँ | मुकुन्द शर्मा चालिसे | ८२ |
| १६. | शारदी याम | डा. श्यामप्रसाद न्यौपाने | ८४ |
| १७. | शरीरको सार आत्मा हो | पद्मप्रसाद शर्मा | ८६ |
| १८. | त्यो को होला ? | डा. उत्तम पच्या | ८९ |
| १९. | आऊ यस्तो संसार बनाऔं | सुरेशप्रसाद अर्याल | ९३ |
| २०. | इच्छा | भवानी न्यौपाने 'भावना' | ९४ |


**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. कृष्णप्रसाद भण्डारी | १ |
| ३. | अनुभव/अनुभूति | मथुराप्रसाद श्रेष्ठ | ९५ |
| | | डा. रामप्रसाद गौतम | १०२ |
| ४. | छत्रकोट गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | १०४ |
| ५. | पुस्तकालय परिचय | बाबुराम श्रेष्ठ 'वर्षा' | १११ |
| ६. | किरण पुस्तकालयको पातो | सचिव | ११४ |
| ७. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ११६ |
| ८. | यताउताबाट | जनवार्ता | ११९ |
| ९. | पाठक-प्रतिक्रिया | राम झ्वाली | १२० |
| १०. | किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय | | १२२ |
| ११. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १२३ |


०००

# निष्काम कर्मको अवलम्बन गर्नु नै सफलताको पाउ चुम्नु हो ।



✍ **भरत जङ्गम**

*(वि.सं. २००४ सालमा भक्तपुर टौमढी टोलमा जन्मी नेशनल कलेज काठमाडौंबाट स्नातकसम्मको अध्ययन पूरा गरेका श्री भरत जङ्गम २०१४ सालमा बानेश्वरमा स्थापित बालविकास पुस्तकालयबाट हस्तलिखित पत्रिका प्रकाशित गर्न थालेपछि पत्रकारिता क्षेत्रमा उदाउनुभएको हो । बीसको दशकबाट लेखन र प्रकाशनको क्षेत्रमा उहाँको कलम तिखारिँदै आएको हो । पत्रकारिता र साहित्यमा सशक्त रूपमा कलम चलाउने जङ्गमका 'कालो सूर्य' र 'रातो घाम' जस्ता उपन्यासहरू निकै प्रसिद्ध छन् । उहाँका कृतिहरूको विभिन्न भाषामा अनुवाद पनि भएको छ । अनूदित कृतिहरू चीन र बङ्गलादेशका पाठ्यपुस्तकमा समावेश गरिएको छ । उहाँ सुशासनका लागि भ्रष्टाचार विरोधी अभियानमा पनि क्रियाशील हुनुहुन्छ । उहाँसँग 'हाम्रो पुरुषार्थ'का काठमाडौं प्रतिनिधि डा. कृष्णप्रसाद भण्डारी 'मुमुक्षु'ले भेटघाट गरी लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।–**सम्पादक**)*

**१. भरतजी, यहाँको प्रारम्भिक जीवन र शिक्षा-दीक्षाका बारेमा संक्षिप्त जानकारी पाऊँ ।**

❑ म उपत्यकाको प्राचीन नगर भक्तपुर टौमढी टोलमा २००४ साल मंसिर १० गते जन्मेको हुँ । मेरो प्रारम्भिक शिक्षा घरमा नै भयो । पछि श्री पद्म हाइ स्कुल भक्तपुरमा विद्या आर्जनको कार्य सम्पन्न भयो । पछि काठमाडौं चावहिल स्थित पशुपति आदर्श हाइ स्कुल हुँदै प्रवेशिकाको तहमा गएर तत्कालीन दरबार स्कुलमा मेरो पठन-पाठन भएको हो । त्यसै भवनमा संचालन भएको नेशनल कलेजबाट स्नातक सम्मको अध्ययन पूरा गरेको हुँ ।

**२. यहाँले साहित्यिक व्यक्तित्वमध्ये स्वदेशका र विदेशका कुन-कुन लेखकबाट प्रेरणा लिनुभयो ?**

❑ साहित्यिक व्यक्तिहरूको प्रेरणाद्वारा म साहित्यमा प्रवेश गरेको होइनँ । पाठ्यपुस्तकबाहेक स्वदेशीविदेशीहरूको साहित्य रचना भने कलेज समयमै पढेको हुँ । अझ बढी हिन्दीका अनेक किसिमका उपन्यास, कथा, समालोचनाहरू पढ्ने गरेको थिएँ तर कुनै निश्चित लेखक साहित्यकारबाट लेख्नका लागि प्रेरणा पाइनँ ।

**३. नेपाल राष्ट्रमा समृद्धि ल्याउनमा साहित्यकारको भूमिका के कस्तो हुनुपर्छ यहाँको विचारमा ?**

❑ नेपाल राष्ट्रमा समृद्धि ल्याउन साहित्यले पनि सक्छ भन्ने अठोट भने पहिलेदेखि नै मेरो मनमष्तिष्कमा जमेर बसेको थियो । तर नेपाली साहित्यमा त्यस्तो नेपाली समाज र मुलुक नै समृद्ध बनाउने साहित्य रचना भएको मैले पाएको थिइनँ । नेपालमा साहित्य रचनाको इतिहास हेर्ने हो भने पनि एक सय वर्षभन्दा पहिले जान सकिदैन । खासमा २००० सालपछि मात्र आधुनिक साहित्य रचिन थालिएको देखिन्छ । मुलुक समृद्ध हुनुको अर्थ मानिसक, भौतिक, आर्थिक राजनीतिक र समाज उत्थानका विषयमा प्रचुर मात्रामा साहित्य रचना हुनु हो । ती सबै क्षेत्रलाई उत्थान गर्ने वा विकास गर्ने साहित्य नेपालमा आएको देखिएको छैन । अब विस्तारै यसतर्फ पनि नेपालका साहित्यकार लाग्न सक्छन् भन्ने आशा भने पालाएको महसुस गरेको छु ।

**४. यहाँले प्रकाशित गरेको पहिलो रचना कुन हो र त्यो कुन सालमा कुन पत्रिकामा छापिएको हो ?**

❑ मैले लेखेका कविता र कथाहरू २०१७ सालदेखि रेडियो नेपालको कार्यक्रमद्वारा प्रसारित हुन थालेका हुन् । हामीले बानेश्वरमा बालविकास पुस्तकालय २०१३ सालमा स्थापना गरी २०१४ सालदेखि हस्तलिखित पत्रिका प्रकाशित गर्न थालेका हौं । छापाखानाको र पत्रिकाको अभावले गर्दा त्यसताका धेरै लेखकहरूका रचना त्यस्तै हस्तलिखित पत्रिकामा प्रकाशित हुने गरेका थिए । त्यसपछि बीसको दशकमा पत्रपत्रिकामा लेख रचना र कविताहरू छापिन थालेका हुन् । २०२७ सालदेखि त सशक्त रूपमा पत्रकारको रूपमा प्रस्तुत हुन थालेको हुँ ।

**५. अध्ययनकालमा र राष्ट्र-सेवाको अवधिमा साहित्यलाई कसरी निरन्तरता दिन सक्नुभयो ?**

❑ साहित्यको रचना र साहित्यसेवा अध्ययनकालमा नै शुरू भएको हो । राष्ट्रसेवा भन्नाले मैले व्यावसायिक रूपमा राष्ट्रसेवक भएर कार्य गरिन ।

जे गरें निःशुल्क राष्ट्रसेवा गरें । त्यसैले मसँग यथेष्ट समय हुने हुँदा पत्रकारिता तथा साहित्यलाई भरपूर समय दिन पाएँ ।

**६. आधुनिक साहित्यमा यहाँले उपन्यास विधालाई रोज्नुको कारण केही छ वा कसैको प्रेरणाले लेख्नुभयो ?**

❑ साहित्यमा कविता, कथा र उपन्यास जस्ता विधाले आ-आफ्नो किसिमबाट समाजमा प्रभाव जमाउने हुँदा समयको मागअनुसार रचना गर्न सकियो भने एकै विषयले पनि इतिहास रच्न समर्थ हुन्छ । धेरै लेखेर मात्र समाजमा प्रभाव पार्न सकिदैन । मैले साहित्यका सबै विधालाई प्रयोगमा ल्याएको छु । त्यसमध्ये उपन्यासले भने केही प्रभाव छोडेको महसुस गरेको छु । मैले कुनै साहित्यकारबाट प्रेरणा पाएर साहित्य रचना गरेको होइन । साहित्यले युग बदल्न सक्छ भन्ने कुराको जानकारी भएको हुँदा युग बदल्न सकिन्छ कि ? आफ्नो विचार जनमानसमा छर्न सकिन्छ कि ? भन्ने सदाशयताका साथ उपन्यासतर्फ मेरो कलम अघि बढेको हो ।

**७. पाठकमैत्री साहित्यभन्दा लेखकको आग्रहमा साहित्य बढी लेखिदो छ भन्ने जनगुनासो छ । यहाँले के भन्नुहुन्छ ?**

❑ नेपालमा पाठकमैत्री साहित्य संचालन हुन सकेको छैन । कारण पाठकमा साहित्य पढ्ने र साहित्यको माध्यमद्वारा मैत्री समाज विकास गर्ने काम हुन सकेको छैन । दार्जलिङतिर पाठकमैत्री साहित्यको विकास भएको देखिन्छ । त्यो विकास बंगाली साहित्यिक वातावरणबाट प्रभावित भएर हो कि भन्ने लाग्छ । नेपालमा साहित्यमैत्री स्थापना हुन सकेन तर सानै र थोरै समूहमा भए पनि नेपाल भाषाको मैत्री समूह केही मात्रामा विकास भएको देखिन्छ ।

**८. विश्वविद्यालयको पाठ्यक्रम आधुनिक युगसापेक्ष नभई कर्मकाण्डीय भयो भन्ने केही साहित्यकारको आक्षेप छ । यहाँको विचारमा पाठ्यक्रम बनाउँदा के के कुरा हुनुपर्छ ?**

❑ नेपाली साहित्यको विकासमा विश्वविद्यालयले कुनै विशेष योजना संचालन गर्न सकेको छैन । भाषागत त्रुटि सम्मलाई पनि एकरूपता ल्याउन पहल गर्न सकेको छैन । नयाँ साहित्यका विचारलाई पूर्ण उपेक्षा गरिएको छ । वास्तवमा भनौं भने पचासौं वर्षदेखि त्रिभुवन विश्वविद्यालयलगायत मुलुकका अन्य विश्वविद्यालयहरू कर्मकाण्डीय प्रवृत्तिमा चलिरहेका छन् । यो कामको जिम्मा विश्वविद्यालयहरू स्वयंले लिनुपर्छ ।

**९. गरिबीले नेपाली युवाहरू मुग्लानमा हिडिरहेको लस्कर देख्दा यहाँको साहित्यकार हृदयमा कस्तो पीडा भएको छ ?**

- ❑ युवाशक्ति मुलुकबाहिर पलायन हुने काम जोडतोडले चलेको देखिन्छ । यस स्थितिमा कुनै पनि सम्वेदनशील साहित्यकार मूकदर्शक भएर बस्न सक्तैन । त्यसैले यसतर्फ साहित्यकारहरूले गद्य र पद्य दुबै विधामा कलम चलाएको देखिन्छ ।

**१०. नेपालको कला र संस्कृतिको विकासमा प्राज्ञहरूको भूमिका कस्तो हुनुपर्थ्यो ? यस क्रममा नेपाल प्रज्ञा-प्रतिष्ठान दलीय दलदलमा भासिएको होला ?**

- ❑ ठीक भन्नुभयो । नेपाल प्रज्ञा-प्रतिष्ठान दलीय दलदलमा भासिएको छ । जे गर्नुपर्ने गरेका छैनन् । जे नगर्नुपर्ने त्यस्तो कार्य गरेर मालिकलाई रिझाएका छन् । भाषा, कला र साहित्यको सेवा गर्दै मुलुकमा प्राज्ञ तयार गर्नुपर्ने उद्देश्य राखेर श्री ५ महेन्द्रले स्थापना गरेको राजकीय प्रज्ञा-प्रतिष्ठान वर्तमानमा आएर मूर्खहरूको खाने खेल्ने अखडामा परिवर्तित भएको छ, जो हाम्रो लागि दुःखपूर्ण हो ।

**११. यहाँका कृतिहरू कुनकुन भाषामा अनुवादित छन् र ती पाठ्यक्रममा पनि छन् कि ?**

- ❑ मेरा कृतिहरू विश्वका दर्जनौं भाषामा अनूदित भएका छन् । नेपाली साहित्य विश्वको साहित्यआकाशमा विचरण गर्ने पहिलो साहित्य रचनाको नाममा कालो सूर्य (२०३६) नै हो । मेरा अन्य उपन्यासहरू पनि अन्य भाषाहरूमा अनूदित भएका छन् । जहाँसम्म मेरा कृति पाठ्यक्रममा समावेश गर्ने प्रश्नहरू मैले माथि नै भनिहालें । नेपालका शिक्षालय कर्मकाण्डी भै सञ्चालन भएका छन् तर चीन र बंगलादेशमा भने मेरो कृतिको अनूदित साहित्य पाठ्यपुस्तकमा समावेश भएका छन् ।

**१२. यहाँ स्वयंले स्थापना गरेका संस्था वा सामाजिक क्रियाकलापबारे जानकारी दिनुहुन अनुरोध छ ?**

- ❑ मैले आफ्नो जीवनमा धेरै धेरै सामाजिक कार्यहरू पनि सम्पन्न गरें । यो सानो स्पेसमा विवरण प्रस्तुत गर्न मलाई कठिन हुन्छ । तर पाठकले मेरा दुई wekerites हेर्नुभयो भने यथेष्ट जानकारी हुन्छ ।

  १. www.Jangam.com.np
  २. www.Anticorruption.org.np

**१३. यहाँको साहित्यिक भ्रमण र उपलब्धिका बारेमा प्रकाश पारिदिनुहुन्छ कि ?**

- ❑ मेरो साहित्यिक र व्यक्तिगत भ्रमण दुबै भएका छन् । विश्वका प्रायः धेरै मुलुकको भ्रमण गरेको छु । अमेरिका, अष्ट्रेलिया, युरोपका सबै मुलुक चीन र दक्षिण पूर्वका सबै मुलुकहरूको भ्रमण गर्ने मौका पाएको छु । यही

भ्रमणका कारण मेरा उपन्यास चीनिया, रूसी, जापानी, उर्दू, बंगला साहित्यमा अनूदित भएका छन् । चीनको बारेमा त रातो घाम उपन्यास नै लेखेको छु ।

**१४. कलाकार, पत्रकार, वकिल र राजनीतिक कर्मीहरूमा भाषिक सचेतना ल्याउन के कस्तो अभियान चाल्नुपर्छ होला ?**

❑ निष्काम कर्मको अवलम्बन गर्नु नै सफलताको पाउ चुम्नु हो । फलरहित भावनाले काम गर्दाको आनन्द अर्कै हुन्छ । त्यसैले विभिन्न विधामा म देखिन र चिनिन समर्थ भएको हुँ जस्तो लाग्छ ।

**१५. बहुभाषा र संस्कृतिमा साहित्यको महत्त्व बढाउन के कस्ता योजना आवश्यक देख्नुहुन्छ ?**

❑ बहुभाषा र साहित्यको महत्त्व बढाउने काम राजकीय स्तरबाट नै पहल हुनुपर्छ । उदाहरणको लागि नेपाल प्रज्ञा-प्रतिष्ठानको जिम्मेवारी हो भनेर फेरि पनि दोहोर्‍याउन चाहन्छु साथै विश्वविद्यालयहरूले यसतर्फ यथेष्ट काम गर्न सक्छन् । तर दुबै निकाय प्रायः कार्यशून्य अवस्थामा छन् ।

**१६. अन्तर्राष्ट्रिय स्तरमा नेपाली लेखकहरू पुग्न नसक्नुका कारक तथ्यहरू के होलान् ?**

❑ लेखकमा क्षमताको अभाव हो । त्यति हुँदाहुँदै पनि मेरो साहित्यले अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो सानै भए पनि नाम स्थापित गर्न समर्थ भएको छ ।

**१७. आफ्नो जीवनमा आइपरेका विषम परिस्थिति र तिनबाट अघि बढ्न गर्नुपरेको सङ्घर्षबारे संक्षिप्त जानकारी पाऊँ न ?**

❑ संघर्ष नै जीवन हो । यो वर्ष म ७५ औं वसन्तलाई स्पर्श गर्ने मौका पाएको हुँ । मेरो जन्म उपत्यकाको भक्तपुर (प्राचीन नगर) टौमढीमा भएको हो । वि.सं. २०१३ सालमा बालविकास नामक पुस्तकालय खोली २०१४ सालदेखि हस्तलिखित पत्रिका पनि सञ्चालनको प्रारम्भ गरेदेखि यता के कति संघर्षको भुमरीमा होमियो भन्ने विषयमा लेख्नसाध्य छैन । तर आजसम्म पनि क्रियाशील छु ।

**१८. आज मलाई आफ्नै कुटीमा आउँदा अमूल्य समय र रचनात्मक विचार दिनुभएकोमा यहाँलाई हाम्रो पुरुषार्थ पत्रिका परिवार र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद अर्पण गर्दछु ।**

❑ धन्यवाद भण्डारीजी !

०००

# सबै जना सुखी रहून् यो कामना गर्ने मृत्युको विज्ञान

✍ **डा. बाबुराम ज्ञवाली**
**शङ्करनगर, रूपन्देही**

कुनै तथ्यलाई प्रमाणित गर्न उपनिषद्मा निम्नलिखित छवटा विधिको प्रयोग गरिएको छ -

**१. प्रत्यक्ष** - इन्द्रियहरूबाट प्राप्त ज्ञानलाई प्रत्यक्ष प्रमाण भनिन्छ । कुनै कुरा आँखाले देखेपछि त्यसको अस्तित्व छ भन्ने थाहा हुन्छ ।

**२. अनुमान** - जुन कुरा इन्द्रियद्वारा सोझै जान्न सकिंदैन । त्यसलाई दुईवटा प्रत्यक्ष ज्ञानलाई सम्बन्धित गराएर जानिन्छ । धेरै टाढा धुवाँ पुत्ताएको देखेपछि त्यहाँ आगो बलेको रहेछ भन्ने अनुमान गरिन्छ ।

**३. उपमान** - ज्ञात तथ्यबाट अज्ञात तथ्यको बारेमा जानकारी प्राप्त गरेर पनि सत्य कुरा जानिन्छ । कहिल्यै बाघ नदेखेको मानिसले बाघ कस्तो हुन्छ भनेर सोधेमा ठीक बिरालो जस्तै तर ठूलो हुन्छ भनेर चिनाउन सकिन्छ ।

**४. शब्द प्रमाण** - यो ज्ञान प्राप्त गर्ने वर्णनात्मक, विधि हो । धरहरा नदेखेकोलाई विविध तरिकाले त्यसको वर्णन गरेर बुझाउन सकिन्छ ।

**५. अर्थापत्ति** - यो एक प्रकारको परिकल्पना हो । यदि कसैले खाएको कहिल्यै देखिदैन तर सदा मोटो ताजा देखिन्छ भने लुकेर खान्छ होला भनेर कल्पना गर्न सकिन्छ । तर यस्तो जानकारी तथ्यात्मक आधार कुनै प्रत्यक्ष वा अप्रत्यक्ष तथ्य हुँदैन केवल सैद्धान्तिक तर्क मात्र हुन्छ ।

**६. अनुपलब्धि** - उपर्युक्त विधिले कुनै कुराको जानकारी हुँदैन भने त्यसलाई छैन भन्ने मानिन्छ । यसलाई अनुपलब्धि प्रमाण भनिन्छ ।

अब एउटा तथ्य मानेर यस शरीरको सञ्चालकलाई अर्थात् शरीरीलाई यी सबै तर्कको आधारमा जाँच गर्दा कुनैमा पनि मिल्दैन । यो शरीरमा छ तर यसलाई प्रत्यक्ष देखाउन सकिंदैन । शरीरभित्र रहेका कुरालाई अनुमान गर्न पनि मिल्दैन । जुन कुरा छ त्यसको अनुमान के गर्नु ? उपमान गर्नका लागि ठीक त्यस जस्तो अर्को उदाहरण केही छैन । शरीरभित्र रहेर जसले जीवन दिइरहेको छ । त्यसलाई अर्थापत्ति गरी अनुमान गर्न झनै मिल्दैन । यी पाँचवटा तर्कले सिद्ध गर्न नसक्नेलाई तर्कशास्त्रमा छैठौं तर्कद्वारा छैन पनि भन्न सकिँदैन । यो अभाव पनि होइन । यो छ, त्यसैले जीवन छ । यो नभएमा शरीर भईकन पनि नभए बराबर हुन्छ ।

यस कुरालाई गीताले विविध दृष्टिकोणले व्याख्या गरेको छ । शरीरलाई पुतलीको झुसिल्कीरा आवरण जस्तो मानिएको छ र यो गएपछि बाँकी रहने अझ मूल्यवान् छ भन्ने व्याख्या गरिएको छ । झुसिल्कीरा र पुतलीमा असली को हो ? जसलाई पुतलीको जीवन-चक्र थाहा छ उनीहरूले के जानेका छन् भने झुसिल्कीरा एक खोल मात्र हो । पुतलीको अण्डा र पुतलीका बीचको एक अवस्था मात्र हो । पुतलीको सुरक्षा कवच । झुसिल्कीराले आफ्नो खोल छोड्न तैयार हुन्छ भने त्यो पुतली हो । तर खोल छोड्न तैयार छैन् भने झुसिल्कीरा मात्रै हो । समाप्ति हो । त्यही झुसिल्कीरा जसलाई हाँगामा हिड्न पनि धौधौ छ । पात चाटेर जेनतेन जीवन निर्वाह गर्न बाध्य छ । पुतली बनेपछि आफूले मन पराएको फूलको रस चुस्छ । जुन रूखमा मन लाग्छ उडेर त्यहाँ पुग्छ- बन्धनमुक्त र अपरिमित स्वतन्त्र । झुसिल्कीराको आवरण निस्कनु त्यसको मृत्यु होइन । गीताले शरीर वस्त्र जस्तो नश्वर तथा त्यसभित्रको चेतना अविनाशी छ भन्ने मानेको छ ।

तर गीतामा शरीरलाई सबथोक ठान्नेहरूका लागि पनि ठाउँ छ । यस दृष्टिकोणलाई आधुनिक समयमा भौतिकवादी दृष्टिकोण भनिन्छ । यो दृष्टिकोण गीताको समयमा पनि थियो भन्ने कुरा गीतामा उल्लिखित प्रसंगले स्पष्ट हुन्छ ।

बृहस्पति अर्थशास्त्रमा यस भौतिकवादी मतलाई लोकायत भनिएको छ । कौटिलीय अर्थशास्त्रमा यस मतलाई सांख्य र योगका साथमा उल्लेख गरिएको छ- साङ्ख्य योगो लोकायतं चेत्वान्वीक्षिकी । यस मतअनुसार, जुन कुरा प्रत्यक्ष इन्द्रियले जानिन्छ त्यो मात्र सत्य हुन्छ । अनुमान विधि ज्ञानका लागि प्रमाण हुन सक्दैन किनभने यसबाट केवल सम्भावना उत्पन्न गर्न सकिन्छ । यस दर्शनअनुसार शरीरको सञ्चालक शरीरी जस्तो कुनै कुराको अस्तित्व छैन । चेतना शरीरको गुण हो । शरीर रहुन्जेल आत्मा हुन्छ, त्यसपछि हुँदैन । म भनेको त्यही शरीर हो ।

जुन कामले शरीरलाई सुख पुर्‍याउँछ । इन्द्रिय तृप्ति हुन्छ, त्यो गर्नुपर्छ । इन्द्रिय आनन्द लिन जुन कुरा बाधक हुन्छ त्यसलाई समाप्त गर्नुपर्छ । अर्थ र काम नै पुरुषार्थ हो । स्त्री, पुत्रादिबाट प्राप्त सुखको प्राप्ति नै पुरुषार्थ हो ।

गीतामा के भनिएको छ भने मानौं यो तर्क नै सही छ । यदि जन्मबाट जीवन सुरू हुन्छ र मृत्युमा सबै समाप्त हुन्छ भने यस आधारमा पनि मर्नेका लागि शोक गर्नु अनुचित छ । यस्तो अपरिहार्य विषयलाई किन शोक गर्ने ? तात्पर्य के हो भने जन्ममरण अवश्यंभावी हुनाले अपरिहार्य कुरामा शोक गर्नु मूर्खता हो । यद्यपि यो गीताको केन्द्रीय विषय होइन, तथापि त्यस दृष्टिकोणबाट पनि गीताको निष्कर्ष नै अन्तिम हुन आउँछ भन्ने कुरा सिद्ध गरिएको छ ।

स्पेनिश भाषामा डेविड बर्नरको विश्व प्रसिद्ध कृति छ जसको नेपाली अनुवाद छ- डाक्टर नभएमा । यसमा स्वस्थ रहनसक्ने, रोगबाट बच्ने, र रोग लागेमा गर्नु पर्ने सम्पूर्ण जानकारी छ । तर निष्कर्षमा डा. बर्नरले भनेका छन्- 'मृत्युलाई स्वीकार्नुपर्छ । बुढाबुढीहरूलाई माया गर्नेहरूले भन्दा उनीहरू आफैंले मृत्युको नजीक गइरहेको छु भन्ने कुरा ज्यादा सकार्छन् । हुन त, केही मानिस मर्नबाट डराउँछन् तर आफ्नो जीवनपर्यन्त बाँचिसकेको छु भन्ने विचार गर्ने मानिसहरू साधारणतया मर्नदेखि डराउँदैनन् । मृत्यु जेसुकै भए तापनि जीवनको स्वाभाविक अन्त हो । वृद्धावस्था अथवा दीर्घरोगले सताइएका व्यक्तिहरू मर्न लागेको बेलामा अस्पतालमा बस्नुभन्दा आफ्ना प्यारा नातेदारहरूका साथ आफ्नो परिचित वातावरण भएको घरमा बस्न चाहन्छन् । प्रत्येक समाजमा मृत्यु र मृत्युपछिको जीवनका बारेमा आफ्नै किसिमको विश्वास गर्ने पद्धति हुन्छ । यस किसिमका विचार, विश्वास तथा परम्पराले गर्दा मृत्युको सामना गर्न मान्छेलाई केही सान्त्वना मिल्न सक्छ । कतिपय अवस्थामा मृत्युलाई स्वीकार गर्न दिनु मरणासन्न व्यक्तिलाई मदत गर्नु हो ।

बुद्ध धर्ममा मृत्युलाई दुःखको रूपमा परिभाषित गर्दै चार आर्य सत्यलाई यसरी बताइएको छ-

१. दुःख छ, २. दुःखको कारण छ, ३. दुःख निवारणका उपाय छन् र ४. दुःखको अन्त हुन सक्छ । यस आर्य सत्यको सार के हो भने जसले मृत्युलाई स्वीकार गर्न सक्छ निश्चित रूपमा उसको मृत्युरूपी भयबाट मुक्ति हुन्छ ।

मेरो बुबाले यही वैशाख ३०, २०७८ मा जीवन मालाका १०८ जाप पूरा गर्नुभयो । उहाँ जीवित छँदासम्म तिलोत्तमा नगरमा सर्वाधिक उमेरको एक मात्र वरिष्ठ नागरिक हुनुहुन्थ्यो । तीन पटक नगरसभाको उद्घाटनका अवसरमा मेयर वासु घिमिरेले आफैं सम्मानपूर्वक त्यो सम्मान गरेका थिए । हाम्रो पुरुषार्थका बुटवल प्रतिनिधि गोपाल पन्थीले बुबाको अन्तर्वार्ता प्रकाशित गरेका थिए, जुन स्वदेश नेपालमा पनि साभार गरिएको छ । ठुलो दाजुको चौरासी गत वर्ष फागुनमा भएको थियो । सो अवसरमा नेपाल टी.भी. र राससका संवाददाताहरूले परासीमा अन्तर्वार्ता लिएका थिए । नेपाल टेलिभिजनलगायतका प्रसारण संस्थाहरूले लिएको त्यो अन्तर्वार्ता अद्यापि यु ट्युबमा देख्न सकिन्छ ।

तेह्रदिने काज किरियामा परिवारका साथ पाँच दिन गरूड पुराणको एक खण्ड प्रेतकल्प मैले पनि सुनें । हुन त, किरियामा बसेकालाई सुनाउने गरूड पुराणलाई गम्भीर तथा निरस रूपमा मात्र भनिन्छ जस्तो लाग्थ्यो । तर वाचकको योग्यताले गर्दा होला यस पटक असाध्य रुचिकर तरिकाले पुराण सुन्न पाइयो । यसको विषय वस्तु विशिष्ट छ । यसमा गर्भाधानदेखि मृत्युसम्मको विवरण अवश्य छ तर विषय वस्तु हो अन्तिम अवस्था, मृत्यु र त्यसपछि ।

कुनै व्यक्ति मरेपछि अस्पतालले डेथ सर्टिफकेट दिन्छ र लासलाई शवगृहमा पल्टाइदिन्छ । जुन शरीरको भरजन्म सेवा गर्‍यौं, स्याहार गर्‍यौं, सुन्दरताका लागि नाना प्रयास गर्‍यौं, सानो दुखाइमा पेन किलर खान सुरू गर्थ्यौं, एउटा अइया सुन्दा सेवा गर्ने सेवकहरूको लर्को लाग्थ्यो, त्यसलाई मृत्यु हुनासाथ निर्दयतासाथ शवगृहमा पुर्‍याइदिन्छन् । आफ्नै प्रियजनका दृष्टिमा समेत त्यो मुढो हो जसलाई धेरै बेर राख्नु हुँदैन । त्यसलाई के गर्ने ?

आफ्नो जीवन अन्तिम अवस्थामा पुगेपछि स्वयं आफैंले र मृतकका परिवारले के गर्नुपर्छ सो कुरा विस्तृत विरण त्यहाँ रहेछ । यो एक यस्तो कुरा हो जुन सबैले जीवनमा बेहोर्नुपर्छ तर त्यसका पढाइको कुनै औपचारिक पाठ्यक्रम पनि हुँदैन । यसको कुनै तालीम, पूर्वतयारी वा औपचारिक शिक्षा हुँदैन । परिवारका वरिष्ठको अनुभवमा त्यो क्रिया सम्पन्न हुँदै आएको छ । तर गरूड पुराण यस कुरामा सचेत छ र प्रत्येक चरणको शिक्षा दिएको छ ।

निश्चित रूपमा मानिस मर्नासाथ सबै कुरा सिध्दिदैन, मरेपछि पनि काम बाँकी रहन्छ । त्यसको व्यावहारिक ज्ञान सो पुराणमा दिइएको छ ।

सो पुराण खण्डमा मैले जन्मदेखि पूर्वको विवरण आधुनिक चिकित्सा विज्ञान जस्तो मानें । गर्भाधानको सर्वाधिक उर्वर समय रजोदर्शनको चौधौं दिनमा हुन्छ भनिएको छ । यस तथ्यलाई आधुनिक चिकित्सा विज्ञानले पनि स्वीकार गरेको छ । तर मृत्युपछिका जीवनको विषयमा आधुनिक विज्ञान मौन छ । यस विषयमा अनेक पुराणहरूमा वर्णन छ तर जति विस्तृत विवरण गरूड पुराणमा छ सायद अन्यत्र दुर्लभ होला । संसारका सबै सभ्यताहरूमा मृत्युपछिको सूक्ष्म जीवनबारे विश्वास गरिन्छ । गरूड पुराणको प्रेतकल्प अझ विशेष छ । त्यसैले यसलाई मृत्यको विज्ञान भन्न सकिन्छ । यसमा मृत्युपछिको प्रेत, पितर र मुक्तिका अवस्थाको वर्णन छ । तर केन्द्रीय विषय मृत्यु, अन्तिम संस्कार, र पितृ अवस्था नै हो ।

मृत्युपश्चात् लासलाई सफा जमिनमा सम्मानसाथ राख्नुपर्ने, त्यसलाई बोकेर लिएर जाने सन्तानलाई भाग्यमानी भन्दै त्यसरी हिंड्ने सन्तानले एक पाइला चाल्दा एउटा अश्वमेध यज्ञ गरेको फल प्राप्त गर्छ भन्नु त्यो सन्तानले पाएको सम्मानको रूपमा व्याख्या गरिएको छ । चिता बनाउने, सुताउने, जलाञ्जलि र मुखाग्निका विधि बडो स्पष्ट रूपमा बताइएको छ । अग्निदाहपश्चात् खरानी पखालेर त्यस स्थानलाई यथावत् शुद्ध र सफा गर्नु पर्ने निर्देशन दिइएको छ । फर्किंदा स्नान र नीमका पात औषधिको रूपमा खानु पर्ने कुरा उल्लेख छ । त्यसपछि तेह्र दिनका क्रियाकलाप सुरू हुन्छन् । मृतक सुरूमा प्रेतयोनिमा र पछि पितररूपमा रूपान्तरण हुने र सो कार्यमा सन्तानको कर्तव्यको रूपमा पिण्डदान क्रियाको विवरण छ । सपिण्डी क्रिया गरिन्छ अर्थात् मृतकलाई

पुर्खाहरूसँग लगेर जोडेर पितर् बनाइन्छ । यस क्रियापछि प्रेत पितर्मा रूपान्तरण भई प्रत्येक वर्ष पिण्ड प्राप्त गर्ने अधिकारी बन्छन् । यी सबै सूक्ष्म जीवनका कुरा हुन् । जुन विश्वास, प्रचलन र शास्त्रमा आधारित छन् । जुन विश्वासमा हाम्रो संस्कृति चलिआएको छ । हामीले यसमा विश्वास गरेर श्रद्धा र भक्तिपूर्वक श्राद्ध पक्ष नै मनाउँछौं । त्यसैले हामी नेपालीहरू एक प्रकारले पितर् पूजक पनि हौं ।

यस पुराणमा गीताका दार्शनिक श्लोकहरू पनि छन् । केही श्लोक त जस्ताको तस्तै रहेछन् । केही अन्य श्लोक अर्धांश वा पदमा आधारित छन् । विष्णुपुराण, भागवत्, शिवपुराणलागयत अन्य पुराणका कुरा पनि होलान् । गृहस्थीलाई सुखी बनाउने केही सामान्य सूत्रहरू पनि छन् ।

मानवीय जीवन र व्यवहारको प्रस्तुतीकरण दुई दृष्टिकोणले गर्न सकिन्छ– आशावादी र निराशावादी । यस दृष्टिले यस पुराणको प्रस्तुति विधि निराशावादी छ भनी तर्क गर्न सकिन्छ । किनभने यसमा जीवनमा खराब गर्नेहरूले मृत्यु पछि पाएका दुःखको व्याख्या डरलाग्दो छ । समाजशास्त्रमा माल्थसको जनसंख्या सिद्धान्तलाई के आलोचना गरिन्छ भने यो सिद्धान्त निराशावादी छ । तथापि त्यस सिद्धान्तको वैज्ञानिकता आजसम्म सर्वत्र स्वीकार गरिएको छ । यही कुरा गरूड पुराणको विवरणलाई लागू हुन्छ । जीवनमा गलत गर्नेहरूले मरेपछि पनि सुख पाउँदैनन् भन्न सकिन्छ । निराशावादी विधि प्रणालीका बावजुद यसलाई सुरुचिपूर्ण बनाउन सकिन्छ भन्ने कुरा अहिले पुराण श्रवणबाट अनुभव गरें । यसमा वाचकको भूमिका महत्त्वपूर्ण देखियो । गरूड पुराणको विवरणलाई आधुनिक उदाहरणसँग तुलना गर्न सकिन्छ । त्यसमा भएका दानदक्षिणाको चर्चा मेरो लागि गौण कुरा रह्यो । पुस्तकमा भएकोले पढ्नुपर्ने वाचकको कर्तव्य हो । कसैले त्यो दान माग्नका लागि पढेको हो भन्ने कुरा बुझ्न हुँदैन । किनभने आफ्नो क्षमताअनुसार दान पुण्य गर्न सबै स्वतन्त्र छन् । उचित दान गर्नाले पुर्खा तर्छन् भन्ने विश्वास हुनासाथ त्यो श्रद्धामा रूपान्तरण हुन जान्छ । त्यस दानलाई पनि आधुनिक रूप दिन सकिन्छ । त्यसबाट स्कुल, अस्पताल, वृद्धाश्रम लगायतका सार्वजनिक हितका कार्य गर्न सकिन्छ ।

सारमा के भन्न सकिन्छ भने जन्म शुभ होस् र मृत्यु पनि शुभ होस्, यही पुराणको मूल सन्देश हो । त्यसैले गरूड पुराणले भनेको छ–

**सर्वेभवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।**
**सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्जनः ॥ २.३५.५२ ॥**

ooo

# समयको अभिव्यञ्ज : समय स्फोट

✍ **डा. शंकरप्रसाद गैरे**
**पाल्पा**

## विषय परिचय

साहित्यकार टंकप्रसाद पन्थको जन्म २०२५ सालमा गुल्मी जिल्ला दिगाम-५ मा भएको हो । रूक्मागत र कुन्तादेवीका सुपुत्र पन्थले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । हाल उनी विद्यावारिधि स्तरीय अनुसन्धानको अन्तिम चरणमा छन् । पेशागत जीवनको पहिलो चरणमा शिक्षण कार्यमा संलग्न पन्थ शिक्षण पेशाबाट बिदा लिएर प्राध्यापन पेशामा संलग्न छन् । लामो समय त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको सहायक क्याम्पसप्रमुखसमेत रहेका पन्थ विभागीय प्रमुख र कार्यसमिति सदस्य रही शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक कार्यकुशलता प्रस्तुत गर्दै निरन्तर साहित्यसाधनामा संलग्न रहँदै आएका छन् ।

पछिल्लो समयमा पाल्पाको तानसेनमा स्थायी रूपमा बसोबास गर्दै आएका कवि पन्थमा बाल्यकालदेखि नै साहित्यतर्फ झुकाव रहँदै आएको पाइन्छ । गाउँमा अन्त्याक्षरी प्रतियोगिता चल्ने र त्यसका लागि विभिन्न वर्णाक्षरबाट प्रारम्भ हुने कविता गीतहरू याद रहनुपर्ने भएकोले त्यस्ता थुप्रै गीत कविता याद गर्ने र गाउने कार्यका साथै गाउँमा बेलाबेलामा हुने भजन, कीर्तन आदिमा गाउने नाच्ने कार्यले पनि पन्थमा कवित्वचेतको विकास हुनुमा कमबेसी भूमिका खेलेको देखिन्छ । यस कुरालाई आफ्नो समय स्पर्श कवितासङ्ग्रहको भूमिकामा कवि स्वयंले स्वीकारेको देखिन्छ (पन्थ, २०७२) । माधव घिमिरेको गौरी शोककाव्यलाई कण्ठस्थ गाउन सक्ने पन्थमा यिनै पृष्ठभूमिले शास्त्रीय लय चेतनाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको प्रतीत हुन्छ ।

विद्यार्थी कालदेखि नै कवितासाधनामा संलग्न रहे पनि उच्च शिक्षाका लागि पाल्पा आएपछि र विशेषगरी शिक्षण पेशामा संलग्न भएपछि कवि पन्थको कवितालेखनमा तीव्रता आउन थालेको र २०५५ पछि उनका कवितामा क्रमशः निखार आउँदै गएको पाइन्छ । २०६० तिरबाट जब राष्ट्रिय स्तरका कवि साहित्यकारहरूसँग सम्पर्क र सङ्गत बढ्दै गयो र स्नातकोत्तर स्तरीय प्राध्यापन कार्यको जिम्मेवारीसमेत थपिन गयो त्यसपछि पन्थमा साहित्यको बहुमुखी प्रतिभाको विकास हुन थालेको देखिन्छ । उनी कविताका साथै समालोचना, गीत, मुक्तक, गजल, साइनोजस्ता बहुविधामा कलम चलाउनुका साथै आफ्नो विशिष्ट पहिचान बनाउँदै आएका छन् । हालसम्म पन्थका एकल र संयुक्त लेखनका रूपमा आधादर्जन कृतिहरू प्रकाशित छन् । उनका प्रकाशित कृतिहरूमा विमर्शका स्पर्शहरू (२०६७) संयुक्त कवितासङ्ग्रह, समय स्पर्श (२०७२)

कवितासङ्ग्रह, विश्वेश्वरप्रसाद कोइराला कृति र प्रवृत्ति (२०७७) समालोचना, पाल्पाली साइनो (२०७७) संयुक्त साइनोसङ्ग्रह, समय स्फोट (२०७७) कवितासङ्ग्रह आदि कृतिहरू प्रकाशित छन् । उनका सिर्जनात्मक तथा समालोचनात्मक विधाका छ दर्जनभन्दा धेरै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । पन्थ कुशल सम्पादक पनि हुन् । उनले विभिन्न पत्रपत्रिकाका साथै साहित्यिक कृतिहरूको सम्पादनसमेत गरेका छन् ।

विभिन्न समयमा सम्मान पुरस्कारहरू प्राप्त गर्दै आएका पन्थले साहित्यको सेवा गरेबापत प्राप्त गरेका प्रमुख सम्मान पुरस्कारहरूमा पवित्रा ढकाल स्मृति पुरस्कार (२०६८), कुलमणि देवकोटा स्मृति सम्मान (२०७२), कृष्ण पहारी स्मृतिपुरस्कार (२०७६), सिद्धिराज विद्याकुमारी डेबकुमारी शैक्षिक पुरस्कार (२०७७), आमा सुमित्रा गिरी साहित्य पुरस्कार (२०७७) रहेका छन् ।

बहुव्यक्तित्वका धनी पन्थले कविताका क्षेत्रमा आफ्नो पहिचान छन्द कविको रूपमा बनाएका छन् । उनी शास्त्रीय छन्दका विविध लयमा कविता लेख्छन् । पन्थ कवितालेखनमा मात्र नभई वाचनकलामा समेत प्रवीण छन् । हालसम्म दुईवटा एकल कवितासङ्ग्रह र एउटा संयुक्त कवितासङ्ग्रह प्रकाशित गरेका पन्थको समय स्फोट पछिल्लो कृति हो । धवल पुस्तकालय पाल्पाले प्रकाशित गरेको यस कृतिमा पिङ्गल छन्दको प्रयोग गरेर लेखिएका विभिन्न लयका सतसट्ठी कविताहरू समाविष्ट छन् । मध्यम आकारका कविताहरूको सङ्ग्रह समय स्फोटभित्र चार-चार पंक्तिका चार श्लोकका कवितादेखि बीस श्लोकसम्मका कविताहरू समाविष्ट छन् । सङ्ग्रहभित्रका सतसट्ठी कवितामध्ये १, ४, ७, ८, ११, १८, २१, २६, ३०, ३३, ३५, ३९, ४१, ४२, ४३, ४४, ४७, ४८, ४९, ५०, ५१, ५२, ५३, ५८, ६२, ६५, ६६, ६७ क्रममा रहेका अट्ठाईसवटा कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको पाइन्छ । १३, १४, १५, १६, १७, १९, २२, २३, २७, २८, ३४, ३६, ३८, ४५, ५५ क्रमका पन्ध्रवटा कवितामा पञ्चचामर छन्दको प्रयोग गरिएको छ । ३, ५, १०, १२, २४, २९, ३१, ३२ क्रमका आठवटा कवितामा अनुष्टुप् छन्द प्रयोग भएको छ । ९, २०, ४०, ६३, ६४ क्रमका पाँचवटा कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग भएको पाइन्छ । २, २५, ५४ क्रमका तीन कवितामा उपजाति छन्द र ४६, ५६, ५९ क्रमका तीन कवितामा शिखरिणी छन्दको प्रयोग पाइन्छ । ५७, ६० क्रमका दुई कवितामा भुजङ्गप्रयात, ६ क्रमको कवितामा स्वागता, ३७ क्रमको कवितामा स्रग्विणी, र ६१ क्रमको कवितामा तोटक छन्दको प्रयोग पाइन्छ । यस सङ्ग्रहका कविताहरू अनुप्रास, उपमा, रूपक, दृष्टान्त, अतिशयोक्ति आदि अलङ्कारले युक्त छन् । रचनाकालको सङ्केत गरिएको यस सङ्ग्रहका कविताहरू २०७३ साल वैशाख १५ गतेदेखि २०७७ साल जेठ १८ गतेसम्ममा करिब चार वर्ष एक महिनाको अवधिमा लेखिएका हुन् । कविताहरूलाई लेखनक्रमकै आधारमा समावेश गरिएको पाइन्छ।

विषय र भावगत विविधता पाइने कवि पन्थका कविताको मुख्य विषय राष्ट्रियता हुने गर्दछ । यसका साथै समसामयिकता उनका कविताको अर्को महत्त्वपूर्ण विशेषता हो । पन्थ आफ्ना कवितामा सामयिकताको प्रस्तुतिका क्रममा सामाजिक विकृति, विसङ्गति, राजनीतिमा देखिएको विकार, मर्दै गएको राष्ट्रिय चेतना, विदेशप्रतिको मोह, वैयक्तिक स्वार्थजस्ता विषयले प्रधानता पाएको देखिन्छ । मातृभूमिप्रतिको गौरवगान, नेपालभित्रका गौरवका विषयहरू र विभिन्न स्थानको ऐतिहासिक, प्राकृतिक, पर्यटकीय महत्त्वजस्ता विषयहरूलाई पन्थले आफ्ना कविताहरूमा ज्यादै सुन्दर ढङ्गले प्रस्तुत गरेको पाइन्छ । पन्थका कवित्वको विषयमा गोविन्दराज भट्टराई भन्छन्- "टंकका कवितामा तिनै विषयवस्तु छन् जसले प्रत्येक स्रष्टा शीघ्र संवेदित हुन्छ । बृहत्तर आकार छ राष्ट्र, त्यसलाई जोड्ने तत्त्व छ - मानवता, दया, करूणा, प्रेम, निष्ठा, जागृति, आत्मविश्वास, र सङ्कल्प । तर बाधा हजार छन्, अवरोध अनगिन्ती, त्यसैले कविमन निरन्तर अवरूद्ध छ, आक्रोशित छ, व्यग्र, उदास वा सन्देहपूर्ण" (भट्टराई, २०७२ : भ) । त्यतिमात्र होइन यिनका कवितामा "पीडाभित्र पनि स्वर्णिम भविष्यको सपना लुकेको पाइन्छ, असन्तुष्टिभित्र पनि आशाका किरणहरू सल्बलाइरहेका देखिन्छन् र आक्रोशभित्र पनि सुन्दर गन्तव्यका उद्यानहरू प्रतिबिम्बित भएका भेटिन्छन्" (नेपाल, २०७२ : ज) ।

कवि पन्थको पछिल्लो कवितासङ्ग्रह समय स्फोटमा समाविष्ट कविताहरूले समसामयिक अवस्थाहरूको प्रस्तुतिलाई महत्त्व दिएको पाइन्छ । उनको पछिल्लो कृति समय स्फोटमा पनि अघिल्लो कृतिमा समाविष्ट कविताहरूले जस्तै विविध विषयवस्तुलाई समेटेको पाइन्छ । यहाँ कवितासङ्ग्रहका कवितामा प्रस्तुत भएका केही महत्त्वपूर्ण पक्षहरूको चर्चा गरिएको छ ।

## राष्ट्रियता

राष्ट्रियता कवि टंक पन्थका कविताको महत्त्वपूर्ण पक्ष हो । उनी राष्ट्रलाई सबल र शक्तिशाली भएको हेर्न चाहन्छन् । नेपाल गौरव गर्नलायक राष्ट्र हो र हामी नेपाली जनताले नेपाली हुनुमा गौरव गर्नुपर्छ । यो देश भाषिक, भौगोलिक, सांस्कृतिक, जाति, वर्ग र वातावरणीय विविधताले युक्त छ । अनेक सम्भावना र अवसर नेपालमै छन् । कवि भन्छन् :

**नेपाली भूमि यो सारा विश्वमा नै छ सुन्दर**
**पूर्वीय सभ्यता हाम्रो खुलेको छ मनोहर ( पृ. ५)**

**हाम्रो राष्ट्र अखण्ड भो जगतमा निष्ठा लिई साथमा**
**जोडेको छ हिमाल, पर्वत, चुरे त्यस्तै तराई यहाँ ॥ (पृ. १२)**

परन्तु विभिन्न क्षेत्र र पक्षबाट हाम्रो राष्ट्र र राष्ट्रियताप्रति दिनप्रतिदिन आक्रमण हुँदै गैरहेको अवस्थाप्रति कविले चिन्ता प्रकट गरेका छन् । एकातिर मित्रराष्ट्रहरू

र अन्य राष्ट्रहरूले नेपाललाई आआफ्नो स्वार्थमा प्रयोग गर्न खोजेको र हामी नेपालीहरूले लाचार बनेर हेर्नुपरेको यथार्थको प्रस्तुति उनका कवितामा देखिन्छ भने अर्कोतर्फ हामी नेपालीहरूमै राष्ट्रप्रतिको आस्था राष्ट्रियता कमजोर हुँदै गएको, विदेशप्रतिको मोह बढ्दै गएकोमा असन्तुष्टि प्रकट गरेका छन् । कविले विदेशी राष्ट्रहरूले नेपालप्रति देखाएको विभेदकारी मिचाहा व्यवहारप्रति कटाक्ष गर्दै भनेका छन् :

**यौटा उत्तरमा छ मित्र भनिने बोल्दैन धेरै कुरा**
**अर्को दक्षिणमा छ मित्र हितको सोच्दैन केही कुरा**

**हाम्रो यो लिपुलेकमा किन यिनी आँखा लगाए बुझौं**
**ठूला राष्ट्र भएर मिच्न कसरी सक्छन् सबैले बुझौं ॥ (पृ. ९३)**

समय स्फोट सङ्ग्रहका अत्यधिक कविताहरू कुनै न कुनै रूपमा राष्ट्र र राष्ट्रियताप्रति केन्द्रित छन् । यी कविताहरूमा कतै देशको ऐतिहासिक गौरव र स्वाभिमान प्रस्तुत गरिएको छ भने कतै अनेक सम्भावनाहरू रहेको उल्लेख गरिएको छ । कतै राष्ट्रप्रतिका संकट र देशबाट विमुख हुँदै गैरहेको नागरिक सचेतनाप्रति कविले खबरदारी गर्न खोजेको देखिन्छ । कवि भन्छन् :

**मेरो देश म पुग्न सक्छु कहिले भन्ने कुनै को छ र ?**
**पीडा यो परदेशमा अति भयो सुन्ने यहाँ को छ र ? (पृ. ९१)**

खस्कँदै गएको राष्ट्रियताप्रति लक्षित गर्दै कविले यसरी असन्तुष्टि प्रकट गरेका छन् :

**गुमे सबै जो पहिचान ठान्यौं**
**विचार आस्था गरिमा गुमायौं**

**आयातले पेट भरी डकार्‍यौं**
**सबै गुमायौं र त धर्मरायौं ॥ (पृ. ७९)**

## राजनीति

नेपालको राजनैतिक अवस्था अस्थिर बन्दै गैरहेको र विदेशी राष्ट्रहरूले नेपाललाई आआफ्नो स्वार्थका लागि क्रीडाभूमि बनाउने प्रयत्न गरिरहेको परिस्थितिको बोध पन्थका कविताहरूमा गर्न सकिन्छ । एकातिर छिमेकी राष्ट्रले सीमा मिचेको र अर्कातर्फ पश्चिमा राष्ट्रहरूले हाम्रो धर्म, भाषा, सभ्यता, र संस्कृतिमाथि आक्रमण गरिरहेको अवस्थाको चित्रण यिनका कवितामा यत्रतत्र पाउन सकिन्छ । राष्ट्रलाई यसप्रकारका विभिन्न आक्रमणबाट बचाउने मुख्य जिम्मेवारी राज्यको नेतृत्व गरिरहेका नेता र राजनैतिक दलहरूको हो । राष्ट्रलाई स्वाधीन बनाइराख्न र जनतालाई स्वावलम्बी बनाउनेतर्फ प्रयत्न गर्नुपर्ने हाम्रा

नेताहरू एकआपसमै लडेर, वैयक्तिक स्वार्थका लागि राष्ट्रलाई नै दाउमा लगाउन थालेको कुरा कविले आफ्ना कवितामा उठाएका छन् । यस्तो अवस्थाको चित्रणका क्रममा कविले कतै असन्तुष्टि प्रकट गरेका छन् भने कतै सचेत हुन, सुध्रिन आग्रह गरेका छन् । राष्ट्रको निम्ति आफूलाई समर्पित गर्ने सङ्कल्प लिएका तर बाटो बिराएर स्वार्थमा भुलेर सत्ताका निम्ति लडिरहेका नेताहरूलाई कविले यसरी सचेत गराएका छन् :

**के गर्दै छौ युग पुरुष हो देश हाँक्ने उपाय ?**
**के सोच्दै छौ सकल जनता लक्ष्य आफ्नो प्रगाढ ?**

**आफै बाझ्ने समय अहिले हैन भन्ने बुझेनौ**
**मर्यादाको अनि समझको सभ्यता नै पढेनौ ॥ (पृ. ९०)**

## मातापिता र संस्कृतिप्रतिको आस्था

कवि टंक पन्थ सभ्य संस्कारमा जन्मिए हुर्किएका व्यक्ति हुन् । उनका कवितामा आफ्नो संस्कार, सभ्यता, संस्कृतिप्रति सदा स्नेह र आत्मीयता झल्केको पाइन्छ । कविले सङ्ग्रहको पहिलो कविता 'आमा' शीर्षकमा र अन्तिम कविता 'बाबा' शीर्षकमा लेखेर समावेश गरेका छन् । यसरी मातापितालाई आदि र अन्त्य (आदिअनादि) शक्तिका रूपमा बुझेको र सोही रूपमा प्रस्तुत गर्न चाहेको प्रतीत हुन्छ । आमालाई सृष्टिको सर्वोत्तम (सर्वोच्च) स्थान प्रदान गर्दै कविले भनेका छन् :

**आमा सागर हुन् अनन्त गहिरो पुग्नै त्यहाँ सक्छ को ?**
**आमा निश्चल सार तत्त्व जननी स्रष्टा स्वयं सत्य हो ।**

**आमा पर्वत हुन् अजस्र जलका धाराहरू बग्दछन्**
**आमा पुस्तक हुन् खुला जगतकी ज्ञाताहरू पढ्दछन् ॥ (पृ. १)**

बाबालाई जीवन सङ्घर्ष, दायित्व, हिम्मत आदि प्रतीकका रूपमा प्रस्तुत गर्ने कवि पन्थले बाबाका कठोरता र दया, शान्त र प्रशान्त तथा श्रमसाधना जस्ता गुण सन्ततिका लागि प्रेरणास्रोत हुने बताएका छन् । कवि भन्छन् :

**बाबासाथ चुलिन्छ जाँगर बुझौं हुङ्कारको गर्जन**
**बाबा हुन् परिवार राष्ट्र गरिमा बाबा पढौं जीवन ॥ (पृ. ९५)**

## माटोको माया

कवि टंक पन्थका कविताको महत्त्वपूर्ण वैशिष्ट्य राष्ट्रियता हो । देशप्रतिको अगाध स्नेह उनका कवितामा यत्रतत्र पाइन्छ र उनी आफू जन्मे हुर्के बढेको माटोप्रति विशेष आस्था र सम्मान प्रकट गर्दछन् । जन्मभूमि र कर्मभूमि पन्थका

दृष्टिमा विशेष उल्लेख्य र सम्मानयोग्य हुन्छन् । पन्थको जन्मभूमि गुल्मी हो भने विशेष कर्मभूमि पाल्पा, तानसेन हो । आफ्नो यस सङ्ग्रहमा यी स्थानलाई सम्झिएर छुट्टाछुट्टै कविताहरूको सिर्जना गरेका पन्थमा माटोप्रतिको आस्था यसरी प्रकट भएको पाइन्छ :

**मेरो जन्मधरा प्रगाढ मनमा अङ्कित बन्दै छ यो**
**गुल्मीको इतिहास उच्च छविमा लेखिन्छ उत्साहको ।। (पृ. ४९)**

जन्मेको र बाल्यकाल बितेको गृह जिल्ला गुल्मीलाई सम्झने क्रममा पन्थले रेसुङ्गा, पाखा पर्वत र टार, रुरुधाम, रुद्रावती, काली, छल्दी, बडीघाट, थुम्का, थान, कोट, कोतहरू गुल्मीका वैशिष्ट्य भएको चर्चा गरेका छन् । त्यसैगरी लामो समयदेखि कर्मक्षेत्र बनाएको र उच्च शिक्षा प्राप्त गरेको पछिल्लो समयमा गृह निर्माण गरेर स्थायी बसोबास गर्दै आएको पाल्पा जिल्लाको महिमा गान गर्न कविले भुलेका छैनन् । पाल्पाको माडी, अर्गली, जितगढी, रिब्दीकोट, हात्तीलेक, रिमिघाजस्ता स्थान, सिद्धबाबा, हृषीकेश, भगवतीस्थान, रम्भास्थान, रैनादेवीजस्ता मठमन्दिर, रिडी, राम्दी र केलादीजस्ता घाटहरू प्रेमको प्रतीक रानीमहल, अनेक ऋषिहरूको पुण्यभूमिको रूपमा पाल्पालाई चिनाएका छन् । त्यसैगरी पाल्पाको केन्द्र नेपालकै पुरानो नगरपालिकाका रूपमा परिचित तानसेनलाई समेत कविले कविताको विषय बनाएका छन् । कविले एकातिर तानसेनको गौरव गान गरेका छन् भने अर्कोतर्फ तानसेनको प्रभाव र महत्त्व हराउँदै गएकोमा चिन्ता प्रकट गरेका छन् । कवि भन्छन् :

**सुन्दै प्यारो अटल सुकिलो शब्द हो तानसेन**
**पाल्पा गौंडा सुगम गमको अर्थ हो तानसेन**

**ऐले बोल्दा हृदयतलमा दुख्छ यो तानसेन**
**खोजी गर्दा किन हरघडी लुक्छ यो तानसेन ।। (पृ. ६३)**

## व्यङ्ग्य चेतना

टंक पन्थका कवितामा व्यङ्ग्यचेतना ज्यादै सशक्त रूपमा प्रस्तुत भएको पाइन्छ । उनी सामाजिक, सांस्कृतिक, शैक्षिक राजनैतिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिप्रति तीव्र रूपमा व्यङ्ग्य प्रहार गरिरहेका हुन्छन् । नेपालीहरूमा राष्ट्रियता हराउँदै गैरहेको छ । हरेक युवायुवती विदेश पस्न चाहन्छन् । युरोप, अमेरिका, अष्ट्रेलिया, जापान उनीहरूको सपना हो । उनीहरूमा देशप्रति न दायित्वबोध छ न अपनत्व छ । युवायुवतीमात्र होइन उनका अभिभावक पनि आफ्ना सन्तानलाई विदेश नै पठाउन चाहन्छन् । आफ्ना सन्तान विदेशमा छन् भन्न पाउँदा गर्व गर्छन् । विभिन्न पद प्रतिष्ठा प्राप्त व्यक्तिहरूसमेत डिभी आदि माध्यमबाट विदेश जान पाउनुमै गर्व गर्छन् । संघीयताले जनताको आर्थिक

अवस्था बिग्रिएको छ । नेपालीमा नेपालीपन मर्दै गएको विषयमा न त जनतालाई चासो र चिन्ता छ न नेता राजनेतालाई चिन्ता छ । यस्तो अवस्थाबाट असन्तुष्ट कवि पन्थ व्यङ्ग्य गर्दै भन्छन् :

**भएन देशमा कुनै निकास आजसम्ममा**
**खुलेन देशमा कुनै निकास आजसम्ममा**

**दिँदैन देशले यहाँ उहाँ म स्वर्ग रच्दछु**
**र बोल्छ मुक्तकण्ठले अमेरिका म बस्दछु ॥ (पृ. २७)**

योजनाविना तत्कालीन स्वार्थपूर्तिका निम्ति जनतालाई झुठा आश्वासन बाँड्ने नेताहरूप्रति कविले तीब्र आक्रोश पोख्दै व्यङ्ग्य गरेका छन् । नेताहरूले नै शिक्षानीतिलाई ध्वस्त पारेको, युवालाई देशमा रोजगारी दिनुको साटो विदेश जान प्रेरित गरेको, जमिन बाझिँदै गएको, भ्रष्टाचार बढ्दै गएको, गाउँहरू शून्य बन्दै गएको र यसमा प्रमुख जिम्मेवार नेताहरू भएको बताएका छन् । कविले भनेका छन् :

**सारा चौपट पारियो र त युवा खाडीतिरै झारियो**
**केही छैन स्वदेशमा गरिलिने भन्ने सधै पारियो ।**

**नौटङ्की रमिता रचेर सजिलै नेता बनी खाइयो**
**पीडा यी जनका समेट्छ कसले सत्ता यसै पाइयो ॥ (पृ. १४)**

## विविध विषयको प्रस्तुति

कवि पन्थले आफ्ना सबैभन्दा धेरै कवितामा राष्ट्रियताका विविध विषयलाई प्रस्तुत गरेका छन् भने अन्य विषयहरू व्यङ्ग्य, माटोको माया, राजनीति, मातापिताप्रतिको आस्थाजस्ता मुख्य विषयका साथै अनेक समसामयिक विषयवस्तुलाई समेत प्रस्तुत गरेको पाइन्छ । कविले मानवप्रेमको विषयलाई विविध कविताहरूमा प्रस्तुत गरेका छन् । कतिपय कवितामा काव्यकलाको महत्त्वलाई प्रस्तुत गरिएको पाइन्छ भने साहित्ययात्रा, शोक र करूणा, निराशा, खुसी, नयाँ वर्षको शुभकामना, मित्रताको महत्त्व, टोपीको महिमा, अभिव्यक्तिको महत्त्व, कला जस्ता विषयवस्तुहरू कवि पन्थका कविताहरूका विषयवस्तु बनेको पाइन्छ ।

## निष्कर्ष

गुल्मीको दिगाममा जन्मिएका कवि टंक पन्थको जीवनको लामो समय पाल्पामा बितेको छ । उनको साहित्यको मूल कर्मस्थल पनि पाल्पा नै हो । नेपाली विषयको प्राध्यापन कार्यमा संलग्न पन्थले साहित्यका विविध विधामा कलम

चलाएका छन् । उनको मूल पहिचान भने पद्य विधाका साथै समालोचनाका क्षेत्रमा छ । साहित्यको सेवा गरेबापत थुप्रै सम्मान पुरस्कार पाएका पन्थले आधा दर्जनजति कृतिहरू प्रकाशित गरेका छन् । २०७७ सालमा तीन कृतिहरू प्रकाशित गरेका पन्थको समय स्फोट पछिल्लो कविताकृति हो । विविध शास्त्रीय छन्दको प्रयोग गरेर लेखिएका कविताहरू यसमा समावेश गरिएका छन् । राष्ट्रियता उनका कविताको महत्त्वपूर्ण विषय हो । उनले आफ्ना कवितामा राष्ट्रिय गौरवका विषयलाई उठाउनुका साथै यहाँका सम्भावनाबारे सङ्केत गरेका छन् । उनले एकातिर नेताहरूले देशलाई समृद्ध बनाउने दिशातिर कार्य नगरेको र सत्ता स्वार्थमा भुलेकोमा गुनासो गरको पाइन्छ भने अर्कोतर्फ जनतामा राष्ट्रियता हराउँदै गएको विदेशप्रतिको मोह बढ्दै गएको विषयलाई उठाएका छन् । राजनीति राज्यको मेरूदण्ड हो तर राजनीति नै आशालाग्दो नभएपछि कविले आफ्ना कविताका माध्यमबाट निराशा व्यक्त गरेका छन् । मातापिता र माटोप्रतिको माया कवि पन्थका कविताको अर्को महत्त्वपूर्ण पक्ष हो भने व्यङ्ग्य चेतना काव्यकला, साहित्ययात्रा, शोक, करूणा, निराशा, खुसी, नयाँ वर्षको शुभकामना, मित्रताको महत्त्व, टोपीको महिमा जस्ता विविध विषयलाई समेट्नु उनका कविताको विशेष महत्त्वको पक्ष हो । शास्त्रीय छन्दका कुशल कविताशिल्पी पन्थको कवितामा परिष्कृत शिल्पशैली, विविध छन्द अलङ्कारको प्रयोग संक्षिप्तमा विषयलाई प्रस्तुत गर्न सक्ने क्षमता पाइन्छ । यिनको समय स्फोट कवितासङ्ग्रहले पन्थलाई यस्तै विशेषता भएका कविको रूपमा चिनाएको छ ।

## सहायक सन्दर्भसूची

**पन्थ, टंक,** (२०७२), **समय स्पर्श**, पाल्पा : धवल पुस्तकालय ।

**पन्थ, टंक,** (२०७७), **समय स्फोट**, पाल्पा : धवल पुस्तकालय ।

**पन्थ टंक,** (२०७७), (सम्पादक), **पाल्पाली साइनो**, पाल्पा : पाल्पाली साइनो चौतारी ।

**पन्थ, टंकप्रसाद,** (२०७७), **विश्वेश्वरप्रसाद कोइराला कृति र प्रवृत्ति**, पाल्पा : धवल पुस्तकालय ।

**विमर्शका स्पर्शहरू,** (२०६७), पाल्पा : कलाविमर्श केन्द्र ।

**सापकोटा, नारायणप्रसाद**, (२०५२), **छन्दोऽलङ्कार-माला**, चितवन : नारायणप्रसाद सापकोटा ।

ooo

# घुम्तीहरू छलिएपछि : संक्षिप्त विवेचना

✍ **पूर्णप्रसाद अधिकारी**
**सह-प्राध्यापक**
**वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर**

## १. उठान

नेपाली साहित्यको इतिहासमा वाङ्मयसेवी अधिकारी बन्धुहरूको गरिमापूर्ण योगदान छ । बालगुरु षडानन, कृष्णलाल अधिकारी हुँदै आजसम्म आइपुग्दा नेपाली साहित्यका अनेकौं विधामा उल्लेख्य स्थान बनाएको अवस्था छ । विविध विषय केन्द्रित रही वाङ्मयसेवी बन्धुहरूको संख्या ५०० देखि ७०० सम्म होला । व्यक्तिगत कुरा गर्दा नेपालको र भारतको जुनसुकै कुनामा रहेर भए पनि वाङ्मयको सेवा गर्ने अधिकारी बन्धु भनेपछि ठूलो श्रद्धा लाग्छ । यस सन्दर्भमा मेरा अपरिचित मित्र तर साहित्यिक परिचय बनाएका रमेशमोहन अधिकारी शिक्षणरत छन् । दादाको कलम चल्दछ मेरो कृतिको पनि समीक्षा/ विवेचना गरेर सबल एवं दुर्बल पक्ष केलाइदिनु हुनेछ भन्ने मनासयका साथ आलोच्य कृति मेरो अनुपस्थितिमा समीक्षार्थ भनेर छोड्नुभएको रहेछ । त्यसैमा केन्द्रित भई यी विचारहरू प्रस्तुत गरेको छु ।

## २. कृति सन्दर्भ

गोजीका आकारको यात्रा र संस्मरणमा केन्द्रित घुम्तीहरू छलिएपछि २०७४ चैत्रमा झरना साहित्यिक परिवारले एउटा पुस्तक प्रकाशनमा ल्याएको छ । जो १४८ पृष्ठको आयतनमा आधारित छ । आमाप्रतिको समर्पण, निर्मोही व्यासको भूमिका, घनश्याम न्यौपानेको समीक्षकीय भूमिका, रमेश र मोहनका आफ्ना कुरा, दीपक गौतमको प्रकाशकीयले प्रस्तुत पुस्तकका अनेकौं विषय सामग्री र तथ्यहरूलाई उजागर गरेका छन् । पृष्ठ २३ देखि १४८ सम्म समेटिएका नियात्रा र संस्मरणका तरेलीहरूले यस पुस्तकको पृष्ठ ओगटेका छन् । कतिपय रचनाहरू पूर्वप्रकाशित छन् भने कतिपय रचना त सर्वप्रथम यसमा नै संगृहीत भएका पनि छन् । समग्रमा यी सबै निबन्धहरूको सूत्रात्मक विवेचना गरिने छ । यस सङ्ग्रहमा भएका २४ रचनामध्ये आमा मेरी प्रथम हो । आमा शब्दको मनोवैज्ञानिक सन्दर्भ, आमाको दुःखद मृत्युपश्चात् शोकमग्न स्थिति, आफू कनिष्ठ पुत्र हुनुको सन्दर्भ र बाल्यकालीन धूमिल चित्रका साथ मेला जात्रामा हराएको र पुनर्मिलनको सन्दर्भसँगै आमाले आफूलाई शिक्षाका अतिरिक्त संस्कार एवं सभ्यता सिकाएको सन्दर्भ, आमाप्रतिको मातृत्व र आदरभावका साथ आमाले आफ्ना सन्तानको उज्ज्वल भविष्यका निमित्त कतिसम्म बलिदान गर्न तयार हुन्छन् भन्ने सन्दर्भलाई आफ्नो जीवनमा घटित यथार्थतासँग जोडेका छन् । 'रेलमा' रमाउँदै',

शीर्षक माउण्ट आबुको ओमशान्ति अभियानसँग सम्बन्धित छ । चन्द्रनिगाहापुरबाट वीरगञ्जको आश्रमको भाइ बहनको सम्बोधन र व्यवहार, त्यहाँको भौतिक र व्यावहारिक परिवेश, रक्सौल-दिल्ली र दिल्लीदेखि आबुरोडसम्मको यात्रा वृत्तान्तका विवरणहरू यसमा आएका छन् । सरल भाषामा भोक्ता जीवन दर्शन व्यक्त भएको छ । 'जिन्दगीको मोड' शीर्षकमा नौ कक्षामा पढ्दै गर्दा बी.कम. गरेर बैङ्क म्यानेजर बन्ने इच्छाले SLC सकेर कमर्स पढ्न हतार गर्नु, भाइभाइको बीचको मानसिक प्रतिस्पर्धा साइकिल र घडी लाउने प्रबल इच्छा, एषणाको सन्तुष्टि लिनेले आफ्नै कमाइबाट इच्छापूर्ण गर्नुपर्छ भन्ने कटाक्ष वचन, कुनै विद्यालयमा शिक्षक छनोट गर्दा प्रतियोगीहरूमा अब्बल र प्रथम भए पनि आफ्ना मान्छे नभएका कारण तिरस्कृत भएको अवस्थासँगै २०४० देखि शिक्षण सेवामा प्रवेश गरेको सन्दर्भसम्मका विवरण यसमा आएका छन् । जोसिला बूढा शीर्षकको सामग्री पूर्णतः साहित्यिक व्यक्तित्वसँगै जोडिएको छ । श्यामप्रसाद शर्मासँगै कलानाथ अधिकारीसँगैको निकटता, उनीसँगको भेटघाटका मधुर स्मृतिहरूलाई रेकर्ड गर्न नपाएको पश्चात्तापसँगै मृत्युवरण गरेको अवस्थाजन्य पीडा यसमा आएका छन् । कलानाथ अधिकारीप्रतिको श्रद्धाञ्जलिका रूपमा यसलाई लिइन्छ । हार्दिकताले बाँधिदा शीर्षकमा साहित्यिक सन्दर्भ लिएर चितवन आउनु, यहाँको भूगोलसँग अपरिचित साहित्यिक मित्र रमेश प्रभातको व्यवहार, हार्दिकता, पारिवारिक स्नेहभाव र साहित्यिक रसास्वादनका सन्दर्भहरू यसमा आएका छन् । सुपर इगोको पौरख पनि शिक्षण पेशासँग सम्बद्ध छ । विषयप्रतिको अभिरुचि, विद्यार्थीको मनोदशा, प्र.अ.का क्रियाकलाप, प्र.अ.विरूद्ध आन्दोलन, सहयोगी मित्र र आफूसमेत तिरष्कृत हुनुको नियतिसम्मका व्यथाकथा यसमा छन् । 'कवि केवलपुरेलाई सम्झदा' यसमा उनीसँगैको परिचय, साहित्यिक सन्दर्भ, काठमाडौं यात्रा र त्यहाँको गतिविधि, २०४५ सालको चन्द्रनिगाहापुरमा आयोजना गरिएको साहित्यिक कार्यक्रम, सत्तरी वर्षीय उमेरमा पनि किसानको युवाजोश, अन्याय विरूद्ध लड्ने सामयिक अभिरुचिको कदर ,२०५३ सालको समय र छतिवनको स्वनामधन्य स्रष्टाहरूको अभिनन्दनका बीच प्रमुख आतिथ्य र बृहत् साहित्यिक गोष्ठीसम्मका तरेलीहरू यसमा आएका छन् । उडन खटोलामा सटर शीर्षकमा माउण्ट आबुको बसाइजन्य वातावरण, आवासीय व्यवस्थापन, खानपिन, गुजराततर्फको यात्रा, अम्बेजीको दर्शनपश्चात् उडनखटोला एकप्रकारको केबुलकारयात्रा, जैनमन्दिर दर्शन, महावीरको वर्णनलगायत यात्रा संस्मरण यसमा आएका छन् । 'हुत्तिएर तल खसेको भए, डेढवर्षको तलबबाट दोकान शुरू गर्नु, घाटामा बेचिदिनु, २०४३ मा चिप्लाङमा पढाउन पुग्नु, विद्यार्थीहरूलाई इन्द्रसरोवरको शैक्षिक भ्रमणमा लैजानु, विद्यार्थी अभिभावक र शिक्षकहरूका व्यवहारको वर्णन गर्नु, चित्लाङबाट बाइरोडको यात्रा गर्दा भारी लोड भएको ट्रकमा सपरिवार यात्रारत रहनु, खलासीले चलाएको ट्रक दुर्घटना उन्मुख अवस्थामा मूलड्राइभरले सम्हाल्नु र पहरोमा ट्रक ठोकिए पनि सपरिवार सुरक्षित

भएको सन्दर्भसँगै मृत्युको मुखबाट बाँचेका मर्मस्पर्शी भावनाहरू यसमा आएका छन् । 'रोचक दाइसँगका कुरा' रोचक घिमिरे र रचना त्रैमासिक एक अर्काका परिपूरक हुन् । २०५५ सालमा प्रेस काउन्सिल हेटौंडाको कार्यक्रम, सूर्योदय पुस्तकालयद्वारा आयोजित २०३९ को चन्द्रनिगाहापुरको साहित्यगोष्ठी, हरिकृष्ण काफ्लेको गम्भीर अवस्था, १९ दिनसम्म भेन्टीलेटरमा राखेर उपचार गर्नुपरेको स्थिति, मोफसललाई उपेक्षा गर्ने चरित्रका बीच पनि साहित्यिक मित्रहरूको सहयोगले उनले पुनर्जीवन प्राप्त गरेसम्मका घटना यसमा आएका छन् । 'भव्य रहेछ शान्तिवन' (जतिबेला २००८ मा पंक्तिकार माउण्ट आबू गएको थियो त्यो बेला निर्माणको चरणमा थियो ।) ५००० मान्छे एकसाथ अटाउन सक्ने हलको निर्माण हुनु, उपहार आदान-प्रदानको कार्यक्रम, मानिसहरूको हृदय परिवर्तन कसरी गर्न सकिन्छ भन्ने प्रयत्नमा केन्द्रित हुनु, विदुषी बहिनीहरूको प्रवचन कला नमूनामय रहनु, सौर्य ऊर्जाबाट आवश्यक विद्युत् उत्पादन र इन्धन आपूर्ति, ३५००० हजार मान्छे अट्न सक्ने मानव निर्मित भवनले आश्चर्यको सन्देश दिनु शान्तिवनको महत्त्व, उपयोगिता दर्शाउनमा यो संस्मरण केन्द्रित छ । 'माछी काँडेले' शीर्षकमा त्रिभुवन राजपथमा पर्ने टिस्टुङ्ग पालुङसम्मको हेटौडा भीमफेदीबाट प्रस्थान गरेको यात्रासंस्मरण छ । प्राकृतिक रूपमा बनेका घरहरू र प्राकृतिक दृश्यचित्र, कुलेखानीको ड्यामको यात्रामा भेटिएका दुःखदायी अनुभव, हेटौंडामा पुनः आगमन, बाटोको विकटतासँगै पालुङ्गको प्राकृतिक सौन्दर्य, ११ वटा मा.वि. का बीचमा भएको प्रतियोगितात्मक विजयको क्षणसम्मका अनुभूतिहरू यसमा आएका छन् । मनै हल्लाउने भुइँचालो शीर्षकमा २०४५ साल भदौं ५ गते बाट उठान भई २०७२ वैशाख १२ गतेका भूकम्पीय गतिविधि, आफू हेटौंडामा S. L. C. का उत्तरपुस्तिका परीक्षण गरी बुझाउन तयार भएको स्थिति, सम्पूर्ण साथीहरू सुरक्षित रहन गरेका उपाय, भू-कम्प र पराकम्पनबाट हुनपुगेको भौतिक र मानवीय क्षतिको चित्रण गर्दै प्राकृतिक विपत्ति स्वीकार गर्नुलाई निर्विकल्प मानिएको छ । 'कोदाको ढिंडो र आकस्मिक फड्को' फापरबारीका मान्छेहरूको खानपानका किंवदन्तीसँगै २०४८ मा रमेशप्रसाद लामिछानेसँग भएका व्यवहार, यात्रामा भोगेका शारीरिक र मानसिक पीडाको चित्रण, उच्चस्तरका साहित्यिक कृति पढ्ने प्रेरणा, जुनकीरी साहित्यिक परिवारको गठन र हवाइ पत्रिकाको प्रकाशनसँगै फापरबारीबाट छतिवनतर्फको प्रत्यावर्तनसम्मका सामग्री यसमा छन् । 'खेम : एक सम्झना' २०५४ सालमा मकवानपुरे साहित्यकारहरूसँगैको सामीप्यता, अविस्मृत खेमको चित्रका साथ उनको संस्मरणमा आएका जीवन्त अनुभूति र खेमको साहित्यिक संस्मरण, उनको दुर्घटनाबाट भएको मृत्युको सूचनामा सहभागी हुन नसकेको पीडादायी क्षणको चित्रण गरिएको छ । आबुरोडबाट जयपुरसम्मको ५०० कि.मि. रेलको टिकट आस मारेर जयपुरको अवलोकन गर्ने उच्च आकांक्षा प्रबल हुनु, यात्राका रोचक अनुभूतिको वृत्तान्त दिनु, जयपुरको जन्तरमन्तर भौतिक स्वरूपमाथि विश्लेषण गर्नु, राजस्थानी दरबारमा तत्कालीन

राजारानीका क्रियाकलापको वर्णन गर्नु, सामूहिक मार्गदर्शकसँगै नव युवायुवतीका चेतना, चाहना र क्रियाकलापबाट लेखकको मनोदशामा तरङ्ग उत्पन्न हुनु, जयपुरका धूर्त व्यापारीहरूको क्रियाकलापको चित्रणका साथ यसको समापन भएको छ । 'आनन्दमय स्थान' शीर्षकमा आफू छतिवनमा आएर शिक्षणयात्राको सन्दर्भ, जुनकीरीबाट पीडित भएको क्षतिपूर्तिस्वरूप झरना साहित्यिक परिवारको गठन, छतिवनलाई साहित्यिकमय बनाउने संकल्प, विद्यार्थीहरूलाई स्तरीय पढाइ र योग्य बनाउन अतिरिक्त साहित्यिक ज्ञान दिलाउने संकल्प, अंग्रेजी र नेपालीको वर्णविन्यास चिन्तनसँगै १ दशकसम्म भएका क्रियाकलाप, योग्य विद्यार्थी उत्पादनसम्मको विवरण यसमा आएको छ । 'नारायण : मेरो आँखामा' उसको समग्र हुलिया विवरणसँगै, ऊसँगका विचार व्यवहारको आदान-प्रदान, साहित्यिकचेत कार्यक्रममा सक्रिय सहभागिता 'समतपुष्प' नामक साहित्यिक पत्रिकाको प्रकाशन, आफ्नो उसको बसाइक्रमको दूरी, कल्पनाशील महत्त्वाकांक्षी र अन्तर्मुखी स्वभाव नै मृत्युको कारण बनेको सन्दर्भ यसमा आएका छन् । सुन्दर स्रष्टा बन्ने, स्वप्नील स्रष्टाको असामयिक निधनमा श्रद्धाञ्जलि व्यक्त भएको छ । सीनेको गीतका रचनमा परदेशी ! परदेशी ! शीर्षक जयपुरबाट दिल्ली आएपछिका संस्मरण छन् । दिल्लीका महत्त्वपूर्ण स्थलहरूको अवलोकनको संस्मरण गर्नु, गान्धी परिवार र नेहरू परिवारको समाधिस्थल, कुतुब मिनार, इन्दिरा गांधी म्युजियम, उसका समग्र भौतिक क्रियाकलाप, राजा वीरेन्द्र लालकिल्ला हेर्न नपाएको पीडा, रेलको वडलाप, भिखमङ्गाले गाएको रोचक गीतको मन्त्रमुग्ध आकर्षणसम्मको संस्मरण यसमा आएका छन् । 'सम्झना : समतपुर बसाइको' शीर्षकमा रौतहटको समतपुरका शिक्षण अनुभवहरू यसमा छन् । ०५२ को आयोग र ०६० को परिणामको परिणाम' जि.शि. अ. सँगका व्यवहार, तराइएन विद्यार्थीहरूसँगको नेपाली भाषाको भाषिक संप्रेषणमा कठिनाइ, ३ वर्षका निजी शैक्षिक अनुभव, सबैको प्रियपात्र भएको अवस्था यसमा आएका छन् । 'इन्द्रसरोवरमा म' शीर्षकभित्र २०४२ देखि २०६९ सम्मका संस्मरण आउनु, चित्लाङ, मार्खुको यात्रा, नेपालवादको नियति, इन्द्रसरोवरको सौन्दर्य, पर्यटकीय आकर्षणको सौन्दर्यपरक उपयोगिता, आलु र स्याउको खेती, मार्खु बसाइका अनुभवसँगै सिद्धिचरणको कविताको संस्मरण यसमा आएका छन् । 'जुके र चिलिकिरे बाटो', रौतहटबाट मकवानपुरमा शिक्षण पेशाबाट सरूवा भएर आएपछिका अनुभवहरूको वृत्तान्तसँगै, साहित्यिक कार्यक्रमको रोचक वर्णन छ । 'प्रियालाई चिठी' शीर्षकमा १० वर्षसम्म जुन ठाउँमा आफू बसेको हो त्यसबीचमा उनीसँगका संस्मरणपरक रतिरागविहीन भावना आएका छन् । अभिव्यक्ति अत्यन्तै कवितात्मक छन् । प्रियको व्यापक प्रशंसा गरिएको छ । 'मेरो बुबा मेरै स्मृतिमा' आफ्नो बाल्यकालीन अनुभव र पिताजीको पुत्रवात्सल्य, पिताका स्वभाव संस्कार तथा व्यवहारको चित्रणसँगै आमाका क्रियाकलाप यसमा छन् । पिताको मृत्युको ४ दशक भइसक्दा पनि उनीप्रतिका श्रद्धाका भाव भकानिएर आएको प्रतीत हुन्छ।

## निष्कर्ष

दोस्रो संस्मरण र नियात्रा प्रकाशनसँगै विभिन्न साहित्यिक पत्रिकाको सम्पादन र प्रकाशनसँग सम्बद्ध हुनु, अधिकांश संस्मरणहरू शिक्षण पेशाका संघर्षशील उतार चढाव वा सँगै जोडिनु, सबैमा साहित्यिक रसास्वादन र कार्यक्रमको चित्रण गर्नु, भारतको माउण्ट आबु, जयपुर दिल्ली यात्रा, सबैमा यात्रानुभव समेट्नु बौद्धिक पाठकलाई नभएर सरल पाठकका लागि संप्रेष्य विचारको प्रवाह गर्नु, लेखकको लेखन कार्य निरन्तर भएका कारण आगामी नैबन्धिक यात्रामा बौद्धिकता र रोचकता सबै रागात्मक अनुभूतिलाई अभिव्यक्त गर्ने चेतना प्रबल बन्ने पंक्तिकारको अपेक्षा छ । मझौला आयतनको लेखनले सरल तथा संप्रेष्यताको अवलम्बन गरेका छन् । लेखकको उन्नतशील लेखन भविष्यको कामना गर्दछु ।

ooo

# भूस्वर्ग

✍ **काशिनाथ मिश्रित**
**जनवोध मा.वि., रानीबास, गुल्मी**

असल कामको जताततै
सुखद हुन्छ रे तरङ्ग नै ।
गलत कार्यको सधै सधै
न गरिमा छ, छैन इज्जतै ॥

असल के ? खराब के कुरा?
मनमनै विचार है पुरा !
तब अगाडि क्यै हुँदैन रे
बढ निशङ्क लक्ष्यमा सदा ॥

शतत सत्यमा परे भर
बुझ कदापि हुन्न है डर ।
भय छ ढाँट औ असत्यमा
हृदय ढाक ली दया क्षमा ॥

नभन है चसक्क घोचने
वचन बोल रे मनै छुने ।
समयले ढिलै बताउला
तब असाध्य हर्ष पाउला ॥

गर परोपकार सक्दछौ
नगर वैरभाव, हानि लौ !
सुख र दुःख हुन्न दुबै घुमी
सलल बग्दछन् नदी सरी ॥

वदनमा छ राम रामको
जप तथापि खल्तिमा छुरा !
नर चरित्र जो बताउँछ
नगर मित्रता सफा कुरा ॥

नगर हात पाउले खति
गर भलो तिमी सके जति ।
नरक छैन हेर्न जाउला !
तर अगाडि स्वर्ग पाउला ॥

मन सफा भए सुखैसुख
कुटिलता भयो भने दुख !
नरक अन्त छैन विश्वमा
मन रमेछ स्वर्ग भूमिमा ॥

ooo

# शिक्षण सिकाइमा गीताको सन्देश

✍ **उत्तरकुमार पराजुली**
**काठमाडौं**

## पृष्ठभूमि

आधुनिक विज्ञानले निकै लामो विकास क्रमको सङ्घर्षबाट मान्छे आजको अवस्थामा आएको भन्छ तर वैदिक परम्पराले भने यसको ठीक विपरीत मान्छे सुरू सृष्टिकालमा निकै सक्षम बौद्धिक विवेकी थियो, कालक्रमले उसको क्षमता खिइँदै गएर आज यो हालतमा आएको भन्छ । यसै कुरालाई थप बल दिँदै कविशिरोमणि लेखनाथ पौड्यालले तरूण तपसी काव्यमा एक सन्दर्भमा "खिएको देख्दा यो चतुर नर जाति प्रतिदिन । कठै मेरा आँसु तरतर बहन्छन् किन किन । " भनेका छन् ।

त्यो वैदिक कालको मान्छे श्रुतधर थियो । सुनेकै भरमा ज्ञान सीप गुरुसितबाट जसको तस ग्रहण गर्न सक्थ्यो । मान्छेको खस्कँदो बौद्धिक स्थिति देखेर अब प्राचीन शास्त्रहरू श्रुतिपरम्पराबाट जोगिन सक्तैनन् भन्ने सोची वेदव्यासले सिङ्गो वेदलाई कालक्रम र विषयवस्तुअनुसार चार भागमा विभक्त गरी लिपिबद्ध गरेका थिए । सोझै वेद पढेर त्यसको तत्त्वबोध गर्न सक्लान् नसक्लान् भनी वेद प्रबोधीकरण गर्न सरल होस् भनी विभिन्न इतिहास पुराण आदि रचना गरे । विभिन्न स्मृतिकारहरूले रचना गरेका स्मृति ग्रन्थले पनि परम्परागत ज्ञानलाई कसरी सर्वसाधारण समक्ष सरल तरिकाले पुऱ्याउने भन्ने ध्याउन्नमै केन्द्रित रहे ।

अध्यात्मवादी दर्शनले वेदलाई विश्वब्रह्माण्डको संविधान मान्छ । "वेदोखिलो धर्म मूलम्" अर्थात् वेद नै सबै धर्मको मूल हो भन्छ । धर्म भनेको सम्पूर्ण जगत्लाई धारण गर्ने पालन गर्ने ज्ञान हो, सीप हो । संसारमा जे जति शास्त्र रचिएका छन् ती सबै वेदकै शाखा प्रशाखा हुन् । ती सबै वेद जान्नका लागि बनाइएका सरल बाटा हुन् ।

वेदज्ञान सनातन र अविनाशी मानिन्छ । वेदशास्त्र हरेक महाप्रलयमा परब्रह्म परमात्माका श्वासबाट प्रकट भई सृष्टिको लालनपालन हुने गर्छ । यो अविनाशी सनातन भएकाले यो कसैको रचना हुने कुरा भएन । त्यसैले वेदलाई अपौरुषेय भनिन्छ । वेद संहितामा आउने ऋषिऋषिकाहरू ती वेद मन्त्र स्रष्टा होइनन् द्रष्टा हुन् । त्यसैले "ऋषयः मन्त्र द्रष्टारः न तु कर्तारः" अर्थात् ऋषिहरू मन्त्र देख्ने हुन् लेख्ने बनाउने होइनन् भनिएको हो । उनीहरूले ज्ञान-साधनाले मन्त्र देख्छन् र प्रकट गर्छन् ।

सबै ज्ञान तथा सीप सिक्ने सिकाउने प्रक्रियाबाटै सञ्चारित प्रसारित हुन्छन् । पुस्तानुपुस्ता व्याख्यान, उपाख्यान थप्दै जाँदा कालक्रमले कथोपकथन थप्दै जाँदा ठूलाठूला ग्रन्थ सिर्जना हुने गरेका उदाहरणहरू थुप्रै छन् । चार श्लोकबाट सुरू भएको श्रीमद्भागवत पुराण अठार हजार श्लोकको बनेको उदाहरणलाई लिन सकिन्छ ।

अभिव्यक्तिमा खास गरी तीन प्रवृत्ति पाइन्छन् । अभिधा अर्थात् सोझासोझ अर्थ बुझ्ने प्रवृत्ति, व्यञ्जना अर्थात् व्यङ्ग्यार्थ र लक्षणा अर्थात् प्रतीकात्मक अर्थ । श्रीमद्भागवत गीतामा अभिधा र लक्षणा वृत्ति ज्यादा रहेको पाइन्छ । अभिधालाई लक्षणाका हिसाबले र लक्षणालाई अभिधाको रूपमा बुझ्न खोजियो भने बुझाइ निकै निरस र कहिलेकाहीँ त अनर्थ जस्तो पनि लाग्ने हुन्छ । गीता अध्ययन सार्थक रूपले गर्दा बुझाइमा निकै सावधान हुनुपर्छ ।

गीता सामाजिक व्यवहार विधिशास्त्र हो । यो सबैले अध्ययन गर्नु जरूरी छ । गीता अध्ययन गरेर तोकिएको विधिले निर्माण हुने ढाँचा वा साँचोमा आफ्नो जीवन ढाल्न सकियो भने मात्र गीता अध्ययन सार्थक हुन्छ । यस्ता विधिशास्त्र दैनिक अध्ययन गरेर विधिलाई ताजा व्यावहारिक बनाउनका लागि विभिन्न शास्त्रहरूले उपदेश गरेका हुन्छन् । परम लक्ष्यमा पुग्ने बाटोको बारेमा विस्तृत व्याख्या गरिएको मार्गदर्शक पुस्तक उल्लेख गरिएको बाटो हिँड्दै पढ्दै र तोकिएको बाटोको यात्रा नियम अपनाउँदै हिँडेमा गन्तव्यमा अवश्य पुगिन्छ । तर कुनै एक ठाउँमा थपक्क बसेर मार्गदर्शक पुस्तक पटकपटक पाठ मात्र गर्ने गर्नाले गन्तव्यमा पुग्ने कुरै हुँदैन । गीता अध्ययनका नाममा केवल शब्द पाठ गर्ने प्रवृत्तिले कुनै फाइदा हुँदैन । "शिकारी आउँछ, जाल फिजाउँछ, चारा हाल्छ, लोभी भई उसमा फस्नुहुँदैन" भन्दै जालमा फस्दै गरेका ज्ञानी सुगा र दैनिक गीता पाठ गरेर आफ्नो व्यवहारमा परिवर्तन नगर्ने गीतापाठीमा कुनै फरक हुँदैन ।

## विषय प्रवेश

गीता विश्वप्रख्यात महाकाव्य महाभारतको छैठौँ पर्व भीष्मपर्वको एक अंश हो । महाभारत युद्धको उद्घाटन चरणमा रथि अर्जुन र सारथि श्रीकृष्णबीच झन्डै एक मुहूर्त अर्थात् पैँचालीस मिनेटको संवाद नै गीता हो । महाभारत युद्धलाई इतिहासमा भएका युद्धहरूमध्येको सबैभन्दा ठूलो युद्ध मानिन्छ । यो युद्ध छिनको आवेगमा भएको थिएन । एक आपसको लामो घोचपेचको लामो शृङ्खलाले यो युद्ध निम्त्याएको थियो ।

युद्धले कसैको जय हुँदैन भन्ने कुरा त्यस बेला पनि थाहा थियो । युद्ध रोक्ने प्रयास नभएको पनि होइन । तर विनाशको समयमा उल्टो बुद्धि हुन्छ भने जस्तो त्यहाँ पनि युद्ध रोक्न सकिएन । युद्ध निहुँका जरूवा थुप्रै थिए । तर मुख्य निहुँ

थियो जूवा । जूवामा कपटी पासाका कारणले कौरवले हाम्रो राज्य जिते भनेर गुनासो गर्थे पाण्डवले । जाँड खाने जँड्याहाले भट्टीमा जाँड खान बसेको बेलामा "म उतापट्टि फर्केका बेला मेरो गिलासमा कसैले झुक्याएर जाँड राखिदिएछ । खाइहालियो, त्यसैकारण मलाई ज्यादा नसा लाग्यो र नालीमा लड्न पुगेँ" भनेर गरेको गुनासो जस्तो ।

भनिन्छ श्रीकृष्णले गीता-ज्ञान एक मुहूर्त अर्थात् अठचालीस मिनेट(वास्तवमा पैचालीस मिनेट पनि भन्ने गर्छन्)मा अर्जुनलाई बुझाएका थिए । त्यस बेलामा दूरदर्शन अर्थात् टेलिभिजन प्रविधिबाट त्यसको प्रत्यक्ष प्रसारण सञ्जयले गरेका थिए र धृतराष्ट्रले सुनेका थिए । त्यसैले यो गीता संवाद श्रीकृष्ण र अर्जुनबीच भएको भए पनि सम्पूर्ण कुरा सुन्नेमा सञ्जय र धृतराष्ट्र पनि हुन् ।

गीतालाई सबै उपनिषद्को सार हो भनी शास्त्रज्ञहरू भन्छन् ।

**सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दन ।**
**पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ।**

"गोठालारूपी श्रीकृष्णले उपनिषद्रूपी गाई दुहुन्छन् र बाच्छारूपी पार्थले महान् अमृतरूपी दूध पिउँछन्" भन्ने भनाइ निकै प्रसिद्ध छ ।

**॥१॥**

गीता ग्रन्थलाई उत्कृष्ट गुरुचेलाको संवादका रूपमा लिइन्छ । एक ज्यादै हतासिएको विद्यार्थीलाई एक असल शिक्षकले कसरी पथभ्रष्ट हुनबाट जोगाउँछन् भन्ने उदाहरण गीता अध्ययनबाट बुझ्न सकिन्छ ।

कुनै पनि काममा सरिक हुनका लागि आत्मउद्घोषको आवश्यकता पर्छ । यहाँ गीताको अध्याय १ को सुरूमा विभिन्न महारथिहरूले आआफ्ना हतियारको जोहोको वर्णन र आआफ्ना शङ्ख बजाउनु त्यही आत्मउद्घोषको प्रतीक हो ।

**ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।**
**माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१।१४**

"सेता घोडाले युक्त रथमा बसेर श्रीकृष्ण र अर्जुनले जोडसित अलौकिक शङ्ख बजाए ।"

यहाँ पथप्रदर्शकले पनि शङ्ख बजाए, पथिकले पनि बजाए । यहाँसम्म पनि कथनी कर्म नै हो । उद्घोष पनि बोल्नु नै हो । यो कर्मक्षेत्रमा प्रवेश गर्नै लाग्दाको कुरा हो । अब करनीको कुरा के हुन्छ हेर्न बाँकी छ । किनकि कथनी र करनी उस्तै हुन्न, फरक हुन्छ भन्ने लोक कहावत नै छ ।

**॥२॥**

कार्यारम्भ गर्नु पहिले आफ्नो क्षेत्र र परिवेशको निरीक्षण, पहिचान गर्नु जरूरी हुन्छ । म कर्ता हुँ, म रथि हुँ भन्ने सोच र उच्च साहस भएका अर्जुनले सारथी श्रीकृष्णलाई रणस्थलको बीचमा रथ लैजान भन्नुले कार्यक्षेत्रको जानकारी लिने इच्छा भएको देखाउँछ ।

**सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ।।१।२१**

(हे अच्युत, सेनाका बीचमा यो रथ लैजाऊ ।)

जब श्रीकृष्णले रथलाई युद्धभूमिको बीचमा लगेर उभ्याइदिए अनि आफूतिरका र कौरवतिरका सेनालाई अर्जुनले निकै नियालेर हेरे । म के कस्तो हैसियतका व्यक्तिसित लड्नुपर्ने हुनसक्छ भनेर अझ विशेष कौरवतिरका सेनालाई हेरे । यसरी हेर्दा त सबै नाता सम्बन्धका व्यक्तिहरू छन् । यस्ता आफन्तलाई मारेर कसका लागि राज्य गर्ने ? केका लागि राज्य गर्ने भनेर अर्जुन गाण्डिव धनु र बाण फ्याकेर लथ्राकलुथ्रुक भएर थचक्क बसे ।

**विसृज्य सशरं चापं शोकसंविघ्नमानस ।।१।४७**

(शोकाकुल मनस्थितिमा धनुर्बाण फाले ।)

अर्जुनको यो अवस्थाले मुख्य गरी दुईवटा सन्देश दिएको छ ।

१. जहिले पनि कथनी र करनी अर्थात् सिद्धान्त र व्यवहारमा फरक हुन्छ । लड्दा मान्छे मर्छन्, मारिन्छन्, आफै पनि मर्न सकिन्छ भन्ने कुरा अर्जुनलाई थाहा नहुने विषयवस्तु थिएन र कौरव पक्षमा को-को लडाका छन् भन्ने कुरा पनि कुनै नजानेको नबुझेको कुरा थिएन । कल्पित सिद्धान्तले त्यस्तो निराशा जगाएको थिएन तर प्रत्यक्ष व्यवहारमा उभिँदा कामका लागि तयारी भएको मनको उत्साह मर्‍यो । बलशाली हात कामेर धनुबाण हातबाट खसे, खुट्टा गलेर उभिएर जिउ थाम्न नसकी बस्नुपर्ने अवस्था आयो ।

यसले शिक्षक र विद्यार्थी दुबैलाई मनको योजना र कार्यक्षेत्रको वास्तविकता फरक हुन्छ भन्ने कुराको सधै याद राख्नुपर्ने सन्देश दिन्छ । "ए यो त भैहाल्छ नि" भन्ने अति सहजभावले वास्तविक काममा हात हाल्नै लाग्दा यस्तै चित्त गलनको अवस्था सिर्जना हुन्छ । राम्रो उपदेशकको अभावमा शिक्षकले शिक्षण क्षेत्रबाट र विद्यार्थीले आफूले ताकेको विषय क्षेत्रबाट पलायन हुने अवस्था आउँछ । निकै हौसिएको अवस्थामा एक्कासि एक सय असी डिग्रीको परिवर्तन यस्तै दूरदृष्टिको अभाव हो ।

२. यस घटनाले दिएको अर्को महत्त्वपूर्ण सन्देश "आफ्नो अभिभावक वा शरण लिनेसित मनमा लागेका कुरा खुलस्त भन्नुपर्छ" भन्ने हो । यहाँ अर्जुन विख्यात धनुर्धर भैकन पनि देखावटी सामाजिक इजेतबिजेतको वास्ता नगरी श्रीकृष्ण सामु

यथार्थ कुरा भन्न लम्पसार परेका छन् र मनका कुरा पोखेका छन् । यसले श्रीकृष्णलाई समाधानका उपाय खोज्न सहज बनाएको छ । समस्यागुम्फित कोठाका झ्यालढोका नखोलेसम्म समस्या राम्ररी पहिचान हुँदैन र समाधानका उपाय सुझाउन सकिँदैन भन्ने कुरा मननयोग्य छ ।

हीनताभासमा गाडिएको व्यक्तिलाई बाहिर निकाल्ने सबैभन्दा राम्रो उपाय उसको आत्महौसलाको जागरण हो । त्यो हौसला केवल ऊ एक्लैसँग सम्बन्धित हुँदैन । उसको नातापाता, कुलकुटुम्बको नसानसासित जोडिएको हुन्छ । त्यसैले कसैलाई हौसाउनका लागि उसको सामाजिक सञ्जालको तथ्यपूर्ण जानकारी राख्नु आवश्यक हुन्छ । व्यक्तिले केके कुरामा ज्यादा गर्व गर्न चाहन्छ भन्ने सन्दर्भमा कविशिरोमणि लेखनाथ पौड्यालले भनेका छन्–

**विद्याको वयको र बुद्धि बलको ऐश्वर्यको मानको ।**<br>**प्रज्ञाको कुल जातिको इलमको सौन्दर्यको ज्ञानको ॥**<br>**तातो बाफ मनुष्यको मगजमा सम्पूर्ण उत्रिदिए ।**<br>**पृथ्वीमा सब देवता घरघरै आएर खेल्ने थिए ॥**

सिथिल मानसिकताले लोलाएका अर्जुनलाई हौसाउन श्रीकृष्णले कहिले भरत कुलको श्रेष्ठता सम्झाउँदै भारत भनेका छन् । कहिले पृथा जस्ती वीराङ्गनाका छोरा हौ नि भनेर पार्थ भनी सम्बोधन गरेका छन् । अर्जुनको पराक्रम, वीरता सम्झाउँदै हे शत्रुलाई तपाउने, भगाउने भनेर परन्तप भनेका छन् । गीताभरिमा ३८ पटक पार्थ र ४४ पटक कौन्तेय (कुन्तीका छोरा) भनेका छन् । कतिपय ठाउँमा महाबाहु अर्थात् बलिष्ठ बाहु भएका कर्मठ भनेका छन् ।

**क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।**<br>**क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ॥२।३**

हे पृथापुत्र तिम्रा लागि यो हीनमति नपुङ्सकता र तुच्छ हृदयदुर्बलता सुहाउँदैन । त्यसैले यसलाई त्यागेर उठ ।

जब व्यक्ति कसैको शरणागतिमा रहन्छ त्यसको मानसिक रापताप शरण लिनेमा सर्छ र ऊ निश्चिन्त बन्छ । त्यसैले त "खाने मकै सकिने धान, थाक्ने बूढो गर्ने जहान" लोककथन बनेको छ । यहाँ बूढो शरण लिनेको प्रतीक हो भने जहान शरणागति हुनेको प्रतीक हुन् ।

आफ्नो मनको दुश्चिन्तन फाल्नुको एक मात्र उपाय असल गुरुको शरणागति हो । त्यसैले अर्जुनले श्रीकृष्णसित नाताभावले, सखाभावले होइन गुरुभावले आफ्ना भावना पोख्दैछन् । नाताका भावले हेर्दा अर्जुन एकतिरबाट श्रीकृष्णका बहिनी ज्वाइँ हुन् भने अर्कोतिरबाट हेर्दा फुपूका छोरा अर्थात् भाञ्जभाइ हुन् ।

कतिपय ठाउँमा अर्जुनले श्रीकृष्णलाई र श्रीकृष्णले अर्जुनलाई सखा अर्थात् साथी भनेका छन् । तर ती नाता र सखाभावमा शरणागतिको भाव आउँदैन । त्यसैले श्रीकृष्णसित अर्जुन भन्छन्–

**कार्पण्यदोषोपहतस्वभावः पृच्छामि त्वां धर्म सम्मूढचेता ।**
**यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे शिष्यस्तेहं शाधि मां त्वं प्रपन्नम् ॥२।७**

(अनेक खालका धर्म र संस्कारले मोहित अन्तःकरणले म कायर र तिरस्कृत स्वभावको भएको छु । मलाई शिष्य सम्झेर कल्याणकारी शिक्षा दिनुहोस् । )

यहाँ मलाई शिष्य सम्झेर भन्नुको अर्थ मैले हजुरलाई गुरु मानेको छु भनेको कुरा स्पष्ट छ । गुरुको गुरुत्वले शिष्यको लघुत्वलाई खिचेर स्वच्छ सफा बनाइदिन्छ । गुरुत्व बढी भएको वस्तुले कम गुरुत्व भएको वस्तुलाई आफूतिर तान्ने कुरा भौतिक विज्ञानले पनि प्रमाणित गरेको छ ।

शरणागतिमा रहेकालाई शरण लिनेले के कसरी संरक्षण गर्छन् भन्ने कुराको उदाहरण यहाँ उल्लेख गर्न सान्दर्भिक हुनेछ ।

कुरो महाभारत भीष्म पर्वको हो । कौरवतिरको सेनापति भीष्म थिए । आठ दिनसम्मको लडाइँमा आफ्नातिर धेरै महारथि मरेका तर पाण्डवतिरका खासै नमरेकाले भीष्मले खासै मन दिएर नलडेको शङ्का दुर्योधनले लिएको थियो । आठौँ दिनको साँझको युद्धविरामपछि दुर्योधनले सेनापति भीष्मसित गुनासो गर्दै भन्यो– पितामह, हजुरले पाण्डवसित अलि नरम भाव राख्नुहुन्छ । अर्जुनले हाम्रातर्फका थुप्रै सेनाको सर्वनाश पारिसक्यो । यदि यस्तै हो भने म भोलि अर्जुनसित लड्छु र उसलाई मार्छु । के गर्ने ? यस कुरामा हजुरको विचार के छ ?

दुर्योधनको कुरा सुनेर भीष्मले जङ्गिँदै भने– लौ भोलि मैले अर्जुनलाई मार्छु तर यौटा शर्त छ "श्रीकृष्णले हतियार उठाएनन् भने" ।

भीष्मको यो प्रतिज्ञा सुनेर दुर्योधन निकै खुसी भयो । भीष्मको प्रतिज्ञा यसै पनि दुर्लङ्घ्य हो । त्यसमा पनि दुर्योधनकै सामुन्नेमा श्रीकृष्णले "मैले हतियार उठाउने छैन" भनेका थिए । यहाँ दुई दृढप्रतिज्ञ व्यक्तिको प्रतिज्ञा जुध्यो ।

भीष्मको प्रतिज्ञाको समाचार निकै सन्सनीपूर्ण तरिकाले सर्वत्र फैलियो । यो खबर स्वयं अर्जुनले पनि थाहा पाए र श्रीकृष्णले पनि । श्रीकृष्णलाई निकै ठूलो छटपटी पर्‍यो । भीष्मको प्रतिज्ञा झुठो गराउन निकै गाह्रो हुन्छ । भोलि अर्जुनलाई कसरी जोगाउने होला भन्ने पीरलोले श्रीकृष्णलाई आधा रातिसम्म निद लागेन । म एक सारथिको हैसियतको व्यक्तिलाई त यति पीरलो परेर निद लागेन भने अझ स्वयं मर्नेको विकल्प नभएको व्यक्ति अर्जुनको छटपटी कस्तो

होला ? केही सम्झाइबुझाइ गरी आउनुपर्‍यो भनी श्रीकृष्ण अर्जुनको शिविरतिर लागे ।

अर्जुनको शिविर नजिकै पुगेका श्रीकृष्णलाई रातिमा कतै गलत ठेगानामा आइयो कि भन्ने शङ्का लाग्यो । किनकि त्यो शिविरभित्रको व्यक्ति मजाले घुरीघुरी निदाइरहेको थियो । तर त्यो घुरीघुरी निदाउने व्यक्ति अर्जुन नै थिए । यो देखेर श्रीकृष्ण उदेकाए ।

कृष्णले अर्जनलाई उठाएर भने– अरे, भोलि भीष्मले तिमीलाई मार्छु भन्ने प्रतिज्ञा गरेका छन् । भोलिको लडाइँमा कसरी जोगिने भन्ने के के उपाय सोचेका छौ र मजाले घुरीघुरी सुतेका छौ त ?

अनि अर्जुनले निश्चिन्त भावले भने– प्रभु, म सकेसम्म जोगिएर लड्ने कोसिसमा हुनेछु । मारेछन् भने मर्छु । यो मेरोभन्दा हजुरको चिन्ताको विषय हो । यो रातमा मेरो निद खलबल नगर्नुस् । मलाई सुत्न दिनुस् । यति भन्दै अर्जुन बिछ्यौनामा पल्टिए । यो हो शरणागतिको अनुपम नमुना ।

अर्को दिन अर्जुन र भीष्मको घनघोर युद्ध भयो । भीष्मले अर्जुनलाई शरजालमा पारेर मार्ने लगभग निधो भएपछि श्रीकृष्ण रथबाट ओर्लेर युद्धभूमिमा भाँचिएको रथको पाङ्ग्रो लिएर भीष्ममाथि जाइलागे । भीष्मले मुसुक्क मुस्कुराउँदै बाण वर्षा रोके । शरणागत व्यक्तिको संरक्षण वा उत्थानका लागि शरण लिनेले आफ्नो पतनको समेत प्रवाह गर्दैनन् ।

आज्ञाकारी विद्यार्थीको गल्तीलाई शिक्षकले जिम्मा लिएर जोगाउँछन्, आफू अफ्ठ्यारोमा परेर पनि अभिभावकले आफ्ना बालबालिकाको दोषलाई आफ्नो टाउकोमा थाप्छन् । यसले आफ्ना संरक्षकको महानताबाट पाठ सिक्न ती विद्यार्थी तथा बालबालिकालाई ठूलो अवसर मिल्छ । भोलिका दिनमा आफू शरण लिन सक्ने ठाउँमा पुग्दा यही प्रक्रिया दोहोरिन्छ ।

हामी कुनै गूढ कुरा अर्थात् खास कुरा गर्नुपर्‍यो भने गोप्य ठाउँ खोज्छौँ, एकान्त ठाउँतिर लाग्छौँ । तर श्रीकृष्णले अठार अक्षौहिणी(एक अक्षौहिणी बराबर एक लाख नौ हजार तीन सय पचास सेना) सेनाको भीडका बीचमा राखेर अर्जुनलाई उपदेश गर्दैछन् । एक छिनपछि रगतको भल बग्ने ठाउँ, लडाकुको वास्तविक कार्यस्थलमा । आफन्त हत्याको भावी शोकले आकुलव्याकुल भएर निन्याउरा भएका अर्जुनसित मुसुक्क हाँस्दै श्रीकृष्ण अर्जुनलाई सम्झाउन लाग्छन् ।

गुरु र अभिभावकमा यही छ फरक । अभिभावकले आफ्ना आश्रितको पीरलाई आफूले लिन्छन् र झन् ठूलो आगो बालेर आफै जल्न लाग्छन् । तर गुरुले शिष्यको आगो लिएर शीतलपना घुसाउन लाग्छन् । श्रीकृष्णको मन्द मुस्कान

त्यही पनको शीतल पवन हो । गुरुको मुहारमा हाँसो देखेपछि शिष्यलाई लाग्छ वास्तवमा म मनगढन्ते कुरामा रोमल्लिएको रहेछु । यत्ति कुराले पनि शिष्यको पीरको भारी स्वात्तै घटिहाल्छ । यही कुरा सञ्जयले धृतराष्ट्रलाई यसरी बताउँछन् ।

**तमुवाचः हृषीकेशः प्रहसन्निव भारत ।**
**सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥ २।१०**

(हे धृतराष्ट्र, दुबैतिरका सेनाको बीचमा बसेर दुःख पोखिरहेका अर्जुनलाई श्रीकृष्णले मन्द मुस्कानसित सम्झाउन लागे ।)

कति नै सोचविचार गर्दा पनि नसुल्झेको समस्यालाई विद्यार्थीले उच्च उकुसमुकुसका साथ जब शिक्षक समक्ष राख्छन् त्यो बेलामा शिक्षकले अँध्यारो मुख लाएर समस्यालाई ग्रहण गरे भने शिक्षकको अँध्यारो मुखको कालो छाया विद्यार्थीको मनमष्तिष्कमा घपक्कै पर्छ । यसका अनेक अर्थ लाग्छन् । यो समस्या मैले व्यर्थै सोधेँ । शिक्षकलाई यो सोधाइ मन परेन । अब मलाई नकारात्मक कित्तामा राख्ने भए । ती विद्यार्थीले यही कुरालाई निकै लामो समयसम्म पीरको स्रोत बनाइरहन्छन् । अब ती शिक्षकले सो समस्या राम्ररी समाधान गरिदिए पनि शिक्षकको प्रारम्भिक अनुहारको अवाचिक अभिव्यक्तिका कारण विद्यार्थीले सो समस्याको समाधान राम्ररी बुझ्दैनन् ।

विद्यार्थीको समस्यालाई अँध्यारो मुख लाएर लिने शिक्षकको मनस्थिति विश्लेषण गरेर कतिपय विद्यार्थीले यी शिक्षकलाई समस्या सोधेको कुरा जाती लाग्दैन भनेर कहिल्यै पनि समस्या प्रस्तुत नगर्ने निधो गर्छन् । त्यसैले शिक्षकको मन्द हास्य मुद्रामा विद्यार्थीको मनमष्तिष्कका झ्यालढोका खोलेर उनीहरूमा ज्ञानको ज्योति छर्नुपर्छ, उज्यालो भर्नुपर्छ भन्ने सन्देश उल्लिखित सन्दर्भले दिन्छ ।

दुबै हातमा लड्डूको उत्प्रेरणा शब्द बोल्दै श्रीकृष्ण भन्छन्–

**हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।**
**तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृत निश्चयः ॥२।३७**

(हे अर्जुन, मारिए स्वर्ग प्राप्त हुन्छ, युद्ध जितेमा राज्य पाइन्छ । त्यसैले युद्ध गर्ने निश्चयका साथ उठ ।)

युद्धमा मारिन्छ, जितिन्छ भन्ने मात्र हुँदैन, मरिन पनि सकिन्छ । तर कर्तव्यपरायण भएर काम गर्दा असफलतामा पनि इज्जत सफलतामा पनि इज्जत हुन्छ भन्ने यो उदाहरणीय उदाहरण हो । युद्धमा र खेलमा दोस्रो हुनुमा खासै महत्त्व हुँदैन । तर खेल मैदानमा देखाएको कला कौशललाई हरूवा पक्षको भए पनि सबैले प्रशंसा गर्छन् । अभिमन्यु, कर्णको युद्ध कलालाई मृत्युपछि पनि सबैले उच्च सम्मान व्यक्त गरेका थिए । यही हो स्वर्ग भनेको ।

खेल खेल्दा एक समूहले जित्छ अर्कोले हार्छ । यो स्वाभाविकै हो । तर कुशलतापूर्वक खेल्ने खेलाडीलाई हार्ने पक्षकै भए पनि खेलको उत्कृष्ट खेलाडी भनेर सम्मान गर्ने गरिन्छ । त्यसैले कर्तव्यनिष्ठता हरेक कालमा पूजनीय हुन्छ । यो कुरा एक असल शिक्षकले असल विद्यार्थीलाई बुझाउनुपर्ने कुरा हो । अझ थप कुरा के पनि हो भने विद्यार्थीले कर्तव्यनिष्ठ भई काम गर्दा भावी वैकल्पिक परिणामको दिग्दर्शन पनि शिक्षकले गर्नुपर्छ ।

वास्तवमा कसैमा शरणागतिमय आश्रित व्यक्ति आफ्नो कर्तव्यप्रति दृढ रहन्छ र कर्मफलको लिप्सादेखि पर हुन्छ । यो कर्मको फल यस्तो भएदेखि यो गरूँला त्यो गरूँला तर फल प्राप्त नभएदेखि के गरूँला भन्ने पीरलो नै नभएपछि केको पीर गर्नु र ? यस्तो द्विविधायुक्त मनस्थितिबाट मुक्त व्यक्तिको कार्यकुशल शक्ति पनि निकै उच्च हुन्छ । यही सन्दर्भको उत्प्रेरणा दिँदै श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**मा कर्मफलहेतुर्भूर्मा तेसङ्गोऽस्त्वकर्मणि ।।२।४७**

(कर्तव्य कर्म गर्न तिम्रो अधिकार छ तर त्यसको फलको बारेमा होइन । फलको कारण तिमी होइनौ । त्यसैले कर्तव्य कर्म नगर्नेतर्फको आसक्ति पनि तिमीमा हुनुहुँदैन ।)

उल्लिखित श्लोकको केवल अभिधा अर्थ अर्थात् सोझो अर्थमा बुझ्ने हो भने व्यक्तिमा कर्मप्रति वितृष्णा जाग्ने खालको अवस्था आउन सक्छ । "काम गर, फलको आशा नगर" भन्ने हो भने केका लागि काम गर्ने भन्ने जल्दोबल्दो प्रश्न उब्जन्छ । यो भनाइको मर्मचाहिँ के हो भने जुन कुरा आफ्नो क्षमता वा दायराभन्दा बाहिर छ त्यसमा आसक्ति बढाउनु भनेको अनावश्यकको मानसिक चिन्ता बढाउनु मात्रै हो । तर कर्म गरेर फल लागेको जहाँ पनि देखिएको छ भने फलका लागि कर्म गर्नैपर्छ । कर्म गर्दागर्दै उपलब्धि यतिउति भनेर आशाका रित्ता डोका ठड्यायौँ र कथंकदाचित् ती डोका भरिएनन् भने अनावश्यक पीडा बेहोर्नुपर्ने हुन्छ । यही कर्मपछिको भावी पीडाबाट बचाउने श्लोक हो यो ।

यही कुरालाई शिक्षा जगत्मा जोडेर हेर्‍यौँ भने अझ सान्दर्भिक देखिन्छ । सबैभन्दा ढीलो उपलब्धि देखिने क्षेत्र शिक्षा क्षेत्र हो । यस सन्दर्भमा एक चिनियाँ उखान निकै चर्चित छ । एक वर्षको कुरा सोँच्छौ भने धान रोप, दश वर्षको कुरा सोँच्छौ भने रूख रोप, सय वर्षको कुरा सोँच्छौ भने समाजमा शिक्षा रोप । यस्तो मानवको पूर्णायुमा बल्ल प्रतिफल दिने कुरामा हामी तत्कालै उपलब्धिको लिप्सामा लाग्दा कसरी शान्ति मिल्ला र ? फेरि उपलब्धिका लागि लामो समय कुर्नुपर्‍यो भनेर शिक्षाबाट विमुख हुन पनि त सकिँदैन । यस्तै ढिलो प्रतिफल

दिने क्षेत्र भएको ठानेर नै "पढ्यो गुन्यो कौने काम हलो जोत्यो खायो माम" भन्ने उखान बनाए होलान् पाका पुरानाले ।

राज्यले पूर्ण रूपले शिक्षाको जिम्मा लिन नभ्याइरहेको अवस्थामा हाम्रो शिक्षा पद्धति अझै पनि वाध्यकारी बन्न सकिरहेको छैन । त्यसैले अहिले पनि शिक्षित, साक्षर, निरक्षरका हाँगाबिँगाको अवलोकन गर्‍यौँ भने प्राकृतिक अवस्था पाइन्छ । पुस्तौँपुस्तादेखि पढ्दै आएकाले धेरैधेरै पढेका छन् र कम पढालेखाहरूका सन्तानको शैक्षिक स्थिति कमजोर नै छ । अब हामीले पढेर के हुन्छ भन्ने प्रश्नको जवाफ अघिदेखि पढ्दै आएका समूह र पढ्ने अवसर नजुटेका समूहको ऐतिहासिक विश्लेषण गरेर शिक्षाप्रति उत्प्रेरणा जगाउनुपर्ने भएको छ ।

यसबाट के निचोड निकाल्न सकियो भने कर्मको फल अवश्यै लाग्छ तर के कतिप्रतिको आसक्तिलाई छाडियो भने अवसाद अर्थात् डिप्रेसनमा फस्न पर्दैन । यसले व्यक्तिलाई कर्मबाट भाग्न पनि दिँदैन । शान्त र सहज जीवनयापनको मूल मन्त्र यही हो ।

**॥३॥**

जसको मन कहिले यता फर्लक्क कहिले उता फर्लक्क गर्ने पीपलपाते जस्तो छ त्यस्ता व्यक्तिलाई कहिल्यै शान्ति प्राप्त हुँदैन । कुनै पनि कुरामा दृढ भएर लाग्न नसक्ने मान्छे कसरी शान्त रहनु र ? त्यसैले श्रीकृष्णले अर्जुनलाई दुःखमा नआत्तिने र सुखमा नमात्तिने स्थिर बुद्धिवाला बन्न सुझाव दिँदै भन्छन्–

**दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।**
**वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥२।५६**

(दुःखपर्दा जसको मन चिन्ताग्रस्त हुँदैन र सुख प्राप्ति हुँदा जसको मनले मलाई सधै यस्तै सुख प्राप्त भइरहन्छ भन्दैन, जो राग, भय र क्रोधबाट सर्वथा टाढा छ त्यस्तो मननशील व्यक्तिलाई स्थिर बुद्धिवाला भनिन्छ ।)

शिक्षक विद्यार्थीमा पनि उच्च सहनशीलता र धैर्यको सधै आवश्यकता हुन्छ । नयाँनयाँ सीप, नयाँनयाँ अवधारणा सिकाउन सिक्न दुबैलाई गाह्रो हुन्छ । यसका लागि नित्य निरन्तर लागिरहने प्रवृत्तिले नै ती सीप सहजै सिक्न सकिन्छ । सिकाउन नसकेर हतासिने वा किन सिकेनन् भनेर सिकारूसित रिसाउने डर देखाउने शिक्षकले ती नवीन अवधारणा विद्यार्थीलाई कहिल्यै राम्ररी सिकाउन सक्दैनन् । त्यसै गरी सानु कुरा नजानेर हतासिने र जानेर उर्लिपात गर्ने तरङ्गी स्वभावका विद्यार्थीले पनि राम्ररी सिक्न सक्दैनन् । कुनै कुरामा ज्यादा लिप्सा, डर र रिसबाट उद्वेलित भइरहने व्यक्तिमा स्थिर बुद्धि हुँदैन ।

आफ्ना ज्ञानेन्द्रियका स्वादमा ज्यादा लपलपाउने व्यक्तिको कहिल्यै स्थिर बुद्धि हुँदैन भन्दै श्रीकृष्णले अर्जुनलाई कछुवाको उदाहरण दिएर बडो राम्रोसित सम्झाएका छन् ।

**यदा संहरते चायं कूर्मोङ्गानीव सर्वशः ।**
**इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।।२।५८**

(जसरी कछुवाले आफ्ना अङ्गहरू अवस्थाअनुसार आफ्नै खोलभित्र समेट्छ त्यसरी नै आफ्ना इन्द्रियलाई विषय रागबाट हटाएर स्थिर राख्न सक्ने व्यक्ति नै स्थिर बुद्धिवाला कहिन्छ ।)

इन्द्रिय सुखको लालसालाई नियन्त्रण गर्न नसक्ने शिक्षक र विद्यार्थी दुबै निकम्मा हुन् भन्ने कुराका लागि हामीसित हजारौँ उदाहरणहरू छन् । त्यसै गरी काम, क्रोधलाई नियन्त्रण गर्न नसकी दुर्व्यसनी, यौनदुर्व्यवहार, वाचिक हिंसा, अवाचिक हिंसा, शारीरिक दण्ड जस्ता अमानवीय क्रियाकलापले शिक्षा क्षेत्र निकै दूषित बनेको छ । स्थितप्रज्ञ शिक्षकबाट नै यो प्रदूषण हटाउन सकिन्छ ।

**।।४।।**

व्यक्ति विषयासक्तिमा कसरी फस्दै जान्छ भन्ने कुराले व्यक्तिमा हुने दुष्कर्मप्रतिको लतलाई पनि देखाउँछ । व्यक्तिलाई सुमार्गमा वा कुमार्गमा डोर्‍याउने उसको चिन्तन हो । व्यक्तिमा सकारात्मक चिन्तन भए राम्रो मार्गतिर लाग्छ भने नकारात्मक चिन्तन भए नराम्रो मार्गतिर डोरिन्छ । कुनै पनि व्यक्ति कुमार्गतिर डोरिने शृङ्खलाका बारेमा गीतामा भनिएको छ–

**ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।**
**सङ्गात्संजायते कामः कामाद्क्रोधोऽभिजायते ।।२।६२**

**क्रोधात्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः ।**
**स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणस्यति ।।२।६३**

(जो व्यक्तिले विषय भोगतिर ध्यान लगाउँछ वा चिन्तन गर्छ उसमा त्यो विषयतिरको आसक्ति वा सङ्गत गर्ने मन बढ्दै जान्छ । सो विषयसित नजिकिने, छुने, छाम्ने, चाख्ने, सुँघ्ने, सुन्ने गर्न मन लाग्छ । यो सङ्गले त्यो विषयको प्राप्ति तथा प्रयोगको कामना बढ्न थाल्छ । यदि पाइए त ठीकै छ, पाइएन भने क्रोध बढ्छ । रिसले आँखा देखिन्न भने जस्तै सम्मोहको स्थिति आउँछ । सम्मोहले स्मृति वा समझ नष्टभ्रष्ट हुन्छ । समझ भ्रष्ट हुनु वा भ्रमित हुनुले बुद्धि विवेक नाश गर्छ । बुद्धि विवेक नाश हुनु भनेको त सर्वनाश हुनु हो ।)

यो पतनधर्मी शृङ्खलासूत्रले शिक्षक तथा विद्यार्थीलाई कुलतमा फस्नबाट जोगाउन हरहमेसा सचेत गराइरहन्छ । यसले अर्को के सन्देश पनि दिन्छ भने

कुलतमा फस्ने शृङ्खला साह्रै सामान्य कुराबाट सुरू भई कसरी जटिलतातिर जकडिँदै जान्छ भन्ने कुरा छर्लङ्ग पार्छ । चुरोटको अम्मलीको सङ्गत गरेर ख्यालख्यालमा एक दुई सर्को चुरोट तान्दातान्दै लत बसी चुरोट छाड्नै नसक्ने अम्मली बनेको कुरा यहाँ उल्लेख गर्नलायक छ ।

॥५॥

सकारात्मक सोच र नकारात्मक सोच दिन र रात जत्तिकै फरक छन्, जागरण र निद्रा जत्तिकै भिन्न छन्, आलश्य र सक्रियता जत्तिकै विपरीत छन् भन्दै श्रीकृष्णले अर्जुनलाई भनेका छन्–

**या निशा सर्व भूतानां तस्यां जगर्ति संयमी ।**
**यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥२।६९**

(सम्पूर्ण जीवका लागि राति भएको अवस्थामा ज्ञानी पुरुष जागा रहन्छन् र सम्पूर्ण जीव जागा भएको अवस्थालाई ज्ञानी जनहरूले राति देख्छन् ।)

यहाँ उल्लिखित श्लोकको अभिधा अर्थ गर्दा अर्थसङ्गति उति मिले जस्तो देखिँदैन जुन माथि कोष्ठकका वाक्यले सङ्केत गरिरहेको छ । यो श्लोकमा लक्षणा अभिव्यक्तिका हिसाबले विवेचना गर्दा निकै मर्मस्पर्शी अर्थ फेला पर्छ । यहाँ "सर्व भूतानां" अर्थात् सर्वसाधारण जीव दूरदृष्टिविहीन अल्पज्ञका रूपमा चित्रित छन् । उनीहरू तत्कालको इन्द्रियसुखको लागि मरिहत्ते गर्छन् । राम्रो उज्यालोतिर उनीहरूको दृष्टि नै जाँदैन । सकारात्मक उज्यालोतिर पीठ फर्काउँछन् । त्यसैले राम्रो सत्मार्ग उनीहरूका लागि रात प्रतीत हुन्छ । तर संयमी अर्थात् ज्ञानी उज्यालो सत्मार्गमा बडो चनाखो जागा भएर रहेका हुन्छन् ।

यसको ठीक उल्टो तत्काल आनन्द जस्तो देखिने तर अन्ततः भँड्खालोमा जाकिने कुमार्ग ती अल्पज्ञका लागि निकै उज्यालो, राम्रो लागेको हुन्छ र सक्रियतापूर्वक लाग्छन् । तर ज्ञानीहरू त्यो कुमार्गको अन्धकारतिर रात देख्छन्, अँध्यारो देख्छन् र आँखा चिम्लन्छन् । उदाहरणका लागि, जूवातासको लत राम्रो होइन, जाँडरक्सीमा रल्लिनु हुँदैन भन्ने ज्ञानीहरूका दृष्टिमा यो अँध्यारो रात हो भने एक बारको जिन्दगी हो ***"लाई सार कि खाई सार मरेपछि लम्पसार"*** भनेर रमाउनेहरूका लागि यो आकर्षक उज्यालो हो ।

शिक्षा क्षेत्रमा पनि यो श्लोकको प्रतिविम्ब राम्रोसित देख्न पाइन्छ । शिक्षकले राम्रो शिक्षण गर्नका लागि विभिन्न बाधाव्यवधान रहेका भनी थुप्रै बाहनाबाजीको सूची तयार गरेका हुन्छन् । त्यसै गरी विद्यार्थीले पनि राम्ररी पढ्न नसक्नामा त्यस्तै बाहनाबाजीको सूची तयार गरी बसेका हुन्छन् । तर जुन ज्ञानी कित्तामा रहेका शिक्षक तथा विद्यार्थी छन् उनीहरूलाई ती बाहनाबाजीका सूची आवश्यक छैनन् ।

निर्धक्कसित काममा जुटिरहेका छन् । राम्रो परिणाम प्राप्त गरिरहेका छन् । "लाग्ने कोललाई धूलो न फूलो" भने जस्तै भौतिक सुविधाको वास्ता पनि छैन, आर्थिक उत्प्रेरणा भएन भन्ने गुनासो पनि छैन । छाप्रो छ, झुप्रो छ, र पनि राम्रो छ ।

॥६॥

व्यक्तिको हरेक क्षण कर्ममय छ । प्रकृतिको वशमा रहेको जीवात्माले प्रकृतिजन्य केही न केही काम गरकै हुन्छ वा भनौँ केही न केही कर्म गर्ने बाध्यतामै हुन्छ । सास फेर्ने काम नगरे जीवनलीला समाप्त भैहाल्छ । जन्मपछि मृत्युपर्यन्त केही न केही काम गर्नैपर्छ भनेर त "गाथ बसोस् हात नबसोस्" भन्ने लोककथन बनेको छ । "हात नबसोस्" ले कर्म निरन्तरताको सङ्केत गरेको छ । अलि आध्यात्मिक चेतनावालाले यही कुरालाई "छोड्ने छैन काम बिर्सने छैन राम" भन्ने गर्छन् । यहाँ "छोड्ने छैन काम" हात नबसोस् हो भने "बिर्सने छैन राम" सत् चित्तले ताकेको परम लक्ष्यको सङ्केत हो । मनमा नाना थरी कुरा खेलाएर चुपचाप ध्यानमग्न देखाउने व्यक्ति मिथ्याचारी ढौँगी हो भन्दै श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।**
**कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥३।५**

**कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।**
**इन्द्रियार्थाविमूढात्मा मिथ्याचारः स उच्यते ॥३।६**

(कोही पनि व्यक्ति एक छिन पनि काम नगरीकन रहन सक्तैन किनकि ऊ प्रकृतिका वशमा छ । त्यसैले प्रकृतिजन्य काम गर्नैपर्ने उसको बाध्यता हो । जो कर्मेन्द्रियलाई हठपूर्वक रोकेर मनले इन्द्रियका विषयवासनामा चिन्तन गरी बस्छ त्यो मूढ बुद्धिवाला हो । त्यस्तालाई मिथ्याचारी भनिन्छ ।)

शिक्षण सिकाइमा पनि "काम र राम"का तमाम सन्दर्भहरू छन् । चल्ती चलाउ जीवन निर्वाहका सन्दर्भमा "काम" लाई लिन सकिन्छ भने "राम" आफ्नो जिम्मेवारीको परम लक्ष्य हो । विद्यालयबाट घर फर्केर शिक्षकले आफ्ना व्यावहारिक दैनन्दिनी गर्नुपर्छ । यो स्वाभाविक हो । यो काम हो । तर यो काम गर्दा आज कक्षामा पढाउँदा सोचे जसरी बालबालिकालाई विषयवस्तु बुझाउन सकिनँ । भोलि कसो गरेर सो विषयवस्तु छर्लङ्ग पार्ने होला भनेर मनमा चिन्तन भइरह्यो भने त्यो "राम" हो । त्यो ध्यान हो । विद्यालयदेखि घरबीच ओहोरदोहोर गर्दा देखिएका भेटिएका वस्तुलाई शिक्षण सामग्रीका रूपमा प्रयोग गर्ने गरी सङ्कलन गरियो भने शिक्षकका लागि त्यो ध्यान हो । यस्ता शिक्षकको शिक्षण साह्रै व्यावहारिक हुन्छ र शिक्षण सामग्रीका लागि बजेट भएन भनेर गनगन पनि गर्नुपर्दैन ।

विद्यार्थीका लागि पनि काम र राम उस्तै हुन्छन् । विद्यार्थीले केवल पढेर मात्रै भोलिको जीवन निर्वाहका सीपमा अभ्यस्त हुन सकिन्न । त्यसैले घरमा, डेरामा, छात्रवासमा गएपछि जीवन निर्वाहका लागि विभिन्न काम गर्नुपर्छ । यो काम हो । तर आफूले पढेको कुरा राम्ररी बुझिएको छैन, बुझिएको छ तर राम्ररी अभिव्यक्त गर्ने सीप भैसकेको छैन । अभिव्यक्ति सीप पनि छ तर अरूलाई बुझाउने सीप विकास भैसकेको छैन । अरूलाई बुझाउनेसम्मको सीप पनि छ तर त्यो सीपलाई कार्यव्यवहारमा उतार्ने सीप विकास भैसकेको छैन । विद्यार्थीलाई यी सिकाइसम्बन्धी खुट्किलाहरू क्रमशः चढ्दै ज्ञानको उचाइ लिनुपर्ने हुन्छ । आफ्नो सिकाइस्तर कहाँ छ भन्ने कुरा यकिन गरी त्यो सीप आर्जन गर्ने सोच वा चिन्तन भइरह्यो भने विद्यार्थीको "राम" त्यही हो । तरकारी पखाल्दा, तरकारी केलाउँदा, आफ्नो कामसित रामको चिन्तन होओस् । छुट्टीका दिन बुबाआमासित मेलाको काममा जाँदा, गाईबाख्रा लिएर वनमा जाँदा, खस्यानमा घाँस काट्न जाँदा आफ्नो घरायसी "काम" र चिन्तनको "राम" छोडिएन भने विद्याले पछ्याउन लाग्छ ।

॥७॥

जीवन व्यवहार यज्ञमय छ । यज्ञकी पत्नी दक्षिणा हुन् । दक्षिणाविहीन यज्ञलाई मृत यज्ञ भनिन्छ अर्थात् मूर्दा यज्ञ । यसले के सङ्केत गर्‍यो भने दान, त्याग नै यज्ञको मेरूदण्ड हो । यही यज्ञ कर्मले नै संसारको सृष्टिचक्र चलाइरहेको छ । त्यसैले विश्व शान्ति कामनाका लागि सृष्टिचक्र अवरूद्ध हुने खालका काम गर्नुहुँदैन । यसै सन्दर्भलाई लिएर श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।**
**यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्म समुद्भवः ॥३।१४**

(सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुन्छन् । अन्नको उब्जा वर्षाबाट हुन्छ । वर्षा यज्ञबाट हुन्छ । त्यसैले यज्ञकर्म नै सबै थोक हो अर्थात् यज्ञबाटै सबै कुरा सम्पन्न हुन्छ ।)

अब यहाँ अन्नबाट सबै प्राणी पालिन्छन् भन्ने देखियो । तर हामीले त त्यस्तो देखिरहेका छैनौँ । सबैले कहाँ अन्न खान्छन् र । हामीले परिभाषित गरिने अन्न त धान, मकै, गहुँ, जौ, फापर, कागुनो, चिनो, जुनेलो, कोदो… आदि हुन् । दाल, तरकारी, दूध आदिलाई अन्न भन्दैनौँ ।

अन्नका बारेमा तैत्तिरीयोपनिषद्(३।२)मा "अन्नाद्ध्येव खल्विमानि भूतानि जायन्ते । अन्नेन जातानि जीवन्ति । " अर्थात् यी सबै प्राणी अन्नबाट उत्पन्न हुन्छन् अन्नबाटै जीवित रहन्छन् ।

यी दुबै थरी भनाइले के भन्न सकियो भने हामीले गरेको अन्नको परिभाषा निकै साँगुरो रहेछ । कुनै पनि प्राणी जिउनका लागि जे कुरा उपयोग गर्छ अर्थात् भोजन गर्छ त्यो वस्तु त्यस जीवका लागि अन्न रहेछ ।

माहुरी भँमराका लागि फूलको रस अन्न हो । बाघका लागि मासु अन्न हो । गाईका लागि घाँस अन्न हो । नवजात शिशुका लागि दूध अन्न हो । गङ्यौलाका लागि ओसिलो माटो अन्न हो ।

वर्षाबाट अन्न उब्जन्छ । यो एकदम सही कुरा हो । सोझो हिसाबले हेर्दा धान, मकै, आदि अन्न उब्जनका लागि वर्षा चाहिन्छ जुन हामीले देखी भोगी आएका छौँ ।

तर्क आउन सक्छ, वर्षाविना अर्थात् सिँचाइ गरेर पनि अन्न उब्जाउन सकिन्छ । त्यसै गरी मासु अन्न हुनेका लागि वर्षाको के काम ? दूध अन्न हुनेका लागि वर्षा किन चाहियो ? माटो अन्न हुनेका लागि वर्षा किन आवश्यक पर्‍यो ? माटो यत्रतत्र मलजलविना नै फलिरहेको छ । तर माटो अन्न हुने गङ्यौलाले पनि पानीविना माटोलाई अन्नको रूपमा लिन सक्दैन । पानी नभए घाँस हुँदैन, घाँस नभए मृगादि जन्तु बाँच्ने आधार हुँदैन । मृगादि जन्तु नभए बाघको अन्न कसरी उब्जन्छ ?

हामीले सिँचाइका लागि प्रयोग गर्ने खोलानालाको जल निरन्तर बगेर समुद्रतिर गइरहेको देख्छौँ । यो निरन्तरता वर्षाकै कारणले हुन सकेको हो । यदि बेलाबेलामा वर्षा भएर जमिनले जल सोसेर लिँदैनथ्यो भने खोला नदीले निरन्तरता कसरी पाउन सक्छन् र ? यसले सृष्टि निरन्तरताका लागि जलचक्र आवश्यक पर्ने देखियो ।

अब "वर्षाका लागि यज्ञको आवश्यकता किन पर्‍यो" भन्ने कुरातिर जाऔँ । सोझो हिसाबले हेर्दा यज्ञमा होमादि क्रियाकर्मले धुँवा निस्कन्छ । त्यही धुँवा आकाशमा गएर बादल बन्छ र वर्षा हुन्छ । त्यसरी वर्षा हुने भएदेखि लामो समयसम्म वनमा डढेलो लाग्दा घनघोर वर्षा हुनुपर्ने हो । धुँवाधूलोले अस्तव्यस्त ठूलाठूला सहरमा बेलाबेलामा पानी परिरहनु पर्ने हो । तर त्यस्तो हुने गरेको पाइँदैन ।

यज्ञ प्रकृतिजनित कर्म हो । संसार क्रियाशील हुनु नै यज्ञ हो । ब्राह्माण्डीय पिण्ड स्वगतिमा चल्नु प्रकृतिजनित कार्य हो । शक्तिको स्थानान्तरणले वस्तुको स्थानान्तरण हुने गर्छ । सूर्यबाट आएको ताप शक्तिले पृथ्वीको पानी बाफिन्छ र आकाशमा जान्छ । सो शक्ति स्थानान्तरण भइसकेपछि पुनः पानी बनेर पृथ्वीमै आउँछ । खास कुरा त यत्ति हो ।

हामीले गरिने विभिन्न कामले पनि शक्ति स्थानान्तरण भइरहेको हुन्छ । हामीले गर्ने पूजा यज्ञ आदिमा पनि शक्ति स्थानान्तरण भइरहेको हुन्छ । यज्ञमा हुने धन खर्चले सञ्चित परिश्रम शक्ति विभिन्न ठाउँमा पुग्छ । अन्न आदि खाद्यवस्तु विभिन्न अतिथि अभ्यागतले खाएर यत्रतत्र फिँजिन्छ । यस्ता यज्ञकर्म देखेर अरूले पनि यस्तै गर्ने इच्छा गर्छन् । अनि अतिथि अभ्यागतको सञ्चारण चक्र चल्छ । खानपान र दानले शक्ति सञ्चारित भइरहन्छ ।

शिक्षण सिकाइमा कस्तो यज्ञ कर्म चल्छ त भन्नेतिर लागौँ । शिक्षक विद्यार्थी मिलेर हुने पठनपाठन पनि यज्ञकर्म हो । शिक्षक दाता हो यजमान हो । विद्यार्थी प्राप्ता अभ्यागत हो । ज्ञानसंस्कार हस्तान्तरणको चक्रका बारेमा पृथ्वीनारायण शाहको भनाइ निकै सान्दर्भिक छ ।

बूढा मरै भाषा सरै भनि भन्छन् । तिमिहेरू सबैछेउ सुनाइ गयाको भया तम्रा संतानलाइ सुनाउलाउ र तम्रा संतानले हाम्रा संतानलाइ सनाउनं र यो राज्ये थामी षानन् ।

मैले तिमीहरूलाई सुनाएँ भने तिमीले तिम्रा सन्तानलाई सुनाउलान् । तिम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउलान् । अनि हाम्रा सन्तानले मैले जस्तै तिम्रा सन्तानलाई सुनाउलान् । ... यस्तो गजबको परिकल्पना छ ज्ञानचक्र निरन्तरताको । आफूले दिएको कुरा घुमीफिरी आफैसित आउने ज्ञानचक्रको उदाहरण ! पैँचा गास चक्र ।

यस्तै शिक्षण सिकाइ चक्रबाट विगतदेखि आजसम्म थुप्रै ज्ञानराशि सङ्गठित भएको छ । त्यसैले ज्ञान दान गर्न कन्जुस्याइँ गर्नुहुँदैन । हात खोलेर ज्ञान दान गरिएन भने सो ज्ञान मर्छ । पुरानु जमानामा सञ्जीवनी बुटीले मृतकलाई जीवित गराउँथ्यो भन्ने कुरा आज केवल इतिहास मात्रै भएको छ । ज्ञान हस्तान्तरणको कन्जुस्याइँले उत्रो संमृद्ध आयुर्वेद आजको अवस्थामा आयो । अहिले अलि खुला सोचले अध्ययन अध्यापन गरिन लागेकाले प्रगति पथमा लम्कँदै छ । यो शिक्षक विद्यार्थीले जान्नुपर्ने कुरा हो ।

॥८॥

वास्तवमा व्यक्तिले आफ्ना अग्रज, छिमेकी, समाजले गरेका काम क्रियाकलाप देखासिकी गरेर, नक्कल गरेर आफ्नो बानी बेहोरा निर्माण गर्छन् । यसलाई "गर जेठानी सिक देउरानी", "जैसा गुरु वैसा चेला" जस्ता लोककथनले पुष्टि गरेका छन् । उदाहरणीय मानिएका वा भनौँ श्रेष्ठ मानिएका अग्रज व्यक्तिले गरेका कामको सिको अनुजहरूले गर्ने हुनाले गुरुको, अग्रजको शीलस्वभाव असल हुनु जरूरी हुन्छ । देखासिकीमा व्यवहार निर्माण हुन्छ भन्दै गीतामा भनिएको छ–

**यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।**
**स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ।।३।२१**

(श्रेष्ठ अग्रजले जे जस्तो आचरण व्यवहार गर्छन् र उनकै कार्यव्यवहार प्रमाण मानी अनुसरण गर्छन् ।)

शिक्षा शिक्षण क्षेत्रमा देखिने समस्यामा व्यवहार सिकाइ निकै जटिल बन्दै गएको अनुभव सबैतिर गरिँदै छ । आफ्ना सन्तान तथा विद्यार्थीले कल्पित राम्रो काम गरून् भन्ने तर आफ्नो(अभिभावक, शिक्षक) व्यवहार नसुधार्ने बानीले यो समस्या दिन प्रतिदिन जटिल बन्दै गइरहेको छ ।

आफूले चुरोट बिँडी सुर्काउने र आफ्ना बच्चालाई चुरोट बिँडी खानुहुँदैन भन्ने अभिभावकका बच्चामा कस्तो सिकाइ होला ? आफ्ना अभिभावकप्रतिको आदर्श र मर्यादा कस्तो स्थापित होला ? मुखमा खैनी च्यापेर कक्षाकोठामा पसेर अम्मलको कुलतसम्बन्धी नैतिक शिक्षाको पाठ सिकाउने शिक्षकप्रतिको विद्यार्थीको दृष्टिकोण कस्तो होला ? यी सङ्क्षिप्त उदाहरण सङ्केत मात्रै हुन् ।

अभिभावक र शिक्षक बालबालिकाका वैधानिक ज्ञान-स्रोत हुन् । स्रोत नै धमिलो भयो भने उपलब्धि स्वच्छ कसरी होला ? साना बालबालिकाको मूल्याङ्कन क्षमतालाई नजरअन्दाज गरी "हामीले जे गरे पनि हुन्छ" अर्थात् अनुशासन पालन गर्नुपर्दैन तर सन्तान तथा विद्यार्थीले भने भनेजसरी अनुशासन पालन गर्नुपर्छ भन्ने नमिल्दो सोचले पिँढीदरपिँढी पथभ्रष्ट हुने अवस्था आइरहेको छ । वास्तवमा शिक्षक तथा अभिभावकको जीवन शिक्षामय होओस् र उहाँहरूले दिइने शिक्षा जीवनमय होओस् । यो हो वास्तविक शिक्षण सिकाइको आवश्यकता ।

**।।९।।**

जुन उमेर परिवेश अवस्थामा जे जस्तो प्राकृत काम गर्नुपर्ने हो त्यही काम गर्नु स्वधर्म पालन हो । आफ्नो हैसियत परिवेशअनुसारको प्राकृत काम अरूको भन्दा कम स्तरीय भए पनि अर्काको देखिने राम्रो कामभन्दा आफ्नै काम नै श्रेयष्कर हुन्छ । यसले वैयक्तिक भिन्नताको बारेमा सङ्केत गरेको छ । "अरू हात्ती चढ्यो भनेर आफू धुरी चढ्नु हुँदैन" भन्ने कुरा पनि यही हो । यस सन्दर्भमा श्रीकृष्ण अर्जुनलाई भन्छन्–

**श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।**
**स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।।३।३५**

(अर्काको बडो उत्तम देखिएको धर्मभन्दा आफ्नो कम गुणवान् जस्तो देखिने धर्म नै श्रेष्ठ हुन्छ । अर्काको भय दिने धर्म अपनाउनुभन्दा आफ्नै धर्माचरण गर्दागर्दै मर्नु जाती हुन्छ ।)

यहाँ श्रीकृष्णले भनेको धर्म आजको जस्तो हिन्दु, क्रिश्चियन, बौद्ध, इश्लाम... जस्ता धर्म भनेका होइनन् । किनकि त्यस बखत यस्ता कुनै पनि धर्महरू जन्मेकै थिएनन् । त्यसैले धर्म भनेको आश्रम र परिवेशजन्य आचरण भन्ने बुझ्नुपर्छ । औषधि तथा खाद्यान्न सम्बन्धमा आयुर्वेदमा भनिएको छ –

"यस्य देशस्ययोर्जन्तु तद्जं तस्यौषधं हितम्" अर्थात् जुन ठाउँको प्राणी हो त्यसलाई त्यसै ठाउँको औषधि हितकर हुन्छ । यहाँ औषधि शब्द खाद्यान्नसमेतका लागि प्रयोग भएको छ । यो शरीरधर्मको कुरा भयो ।

अब सामाजिक व्यवहारधर्मको कुरा गरौँ । पच्चीस वर्षसम्म ब्रह्मचर्य पालन गरेर विभिन्न ज्ञान सीप आर्जन गर्ने अवस्था हो । तर कोही कसैले विवाह गरेर रज्जगज्ज गरेको देखेर आफ्नो उमेर नपुग्दै त्यतैतिर लागियो भने त्यो आफ्नो धर्म छाडेर परधर्म अपनाएको मानिन्छ । किनकि यो वैवाहिक जीवनको सुरूवात पच्चीस वर्ष पुगेर मात्र गर्ने कुरा हो, अपनाउने आचरण हो, धर्म हो । यसरी कुसमयमा धर्माचरण गर्दा वा परधर्म अँगाल्दा उपयुक्त ज्ञान सीप सिक्ने अवसरबाट वञ्चित भई भावी जीवनमा यही निर्णय दुःखको कारण बन्छ ।

शिक्षाशिक्षणमा लाग्ने व्यक्तिले यो स्वधर्म र परधर्माचरणका बारे निकै राम्रोसित बुझ्नुपर्ने हुन्छ । चाहे त्यो खाद्यपरम्पराको सन्दर्भमा होओस् चाहे पेसागत क्रियाकलापको बारेमा होओस्, चाहे सामाजिक, साँस्कृतिक पक्षमै किन नहोओस् । हाम्रो अहिलेको सामाजिक विकृति यही स्वधर्ममा अडिग रहन नसक्ने प्रवृत्तिले निम्त्याएको परिणाम हो । यसमा धेरै शङ्का गरिरहनुपर्दैन ।

एक सान्दर्भिक सन्दर्भ लिऊँ । आफूसित सँगै पढेको साथीले व्यापार गरेर थुप्रै धनदौलत कमायो भनी शिक्षक पेसामा लागेको व्यक्तिले छटपटी देखाउँछ भने त्यो परधर्मप्रतिको आसक्ति हो । यस्तो आसक्तिले उसलाई कहिल्यै लाभ गर्दैन । उसमा पेसागत सीप खारिन नपाउनाले पेसागत दक्षताको सधै अभाव रहन्छ । त्यसै गरी राजनीतिक कार्यकर्ता आनन्दसित ठाउँठाउँमा डुलेको देखेर त्यसै गर्न खोज्ने शिक्षक, आफ्नो व्यापार व्यवसायमा ठूलो लगानी गर्नुपर्ने तर शिक्षक कर्मचारीलाई कुनै लगानीविना मासिक रूपमा खुरुखुरु पैसा आउँछ भनी कनकन गर्ने व्यापारी, साँझ बिहान करेसाबारीको काज र बगैँचामा टहलिने हजुरबुबाहजुरआमालाई देखेर आफ्नो विद्यार्थी धर्म भुलेर त्यतै लहसिन मन पराउने विद्यार्थी सबै अधर्मी हुन् । जुन बाटोमा हिँडिएको छ त्यसमा श्रद्धा आस्थासित हिँडियो भने व्यक्तिलाई शान्ति पनि हुन्छ र सहजै गन्तव्यमा पनि पुगिन्छ । यो कुरा पहिले शिक्षक स्वयंले बुझ्नुपर्छ र विद्यार्थीलगायत अरूलाई पनि बुझाउनुपर्छ ।

॥१०॥

कार्य व्यवहारमा आएको स्थापित ज्ञान पनि कालक्रमले नष्ट विलुप्त हुने हुन्छ । समाजको जीवन निर्वाह गर्ने शैलीमा आएको फेरबदलले यस्ता खालका घटना घट्ने गर्छन् । श्रीकृष्णले यस्तै कुरा अर्जुनलाई कर्मयोगको चर्चा गर्ने क्रममा यसरी भनेका छन्–

**...स कालेनेह महता योगो नष्टः परन्तप ॥४।२**

(हे अर्जुन कालक्रमले त्यस्तो महान् कर्मयोग ज्ञान नष्ट भयो ।)

गोलोकवासी श्रीकृष्णले यो कर्म योगको ज्ञान सबैभन्दा पहिला सूर्यलाई बताएका थिए । सूर्यले आफ्ना छोरा वैवश्वत मनुलाई बताएका थिए । वैवश्वत मनुले इक्ष्वाकुलाई बताएका थिए । यसरी बताउँदै जाँदा कतै क्रम टुट्नाले आज शून्यप्रायः भएको अवस्थामा म अहिले तिमीलाई बताउँदै छु भनेर श्रीकृष्णले अर्जुनलाई भनेका छन् ।

शिक्षा र सिकाइका सन्दर्भमा केही प्रसङ्गको चर्चा गरौँ । निकै लामो समयको अध्ययन अनुसन्धानले गाईभैँसीलगायतका जनावरको छाला प्रशोधन गर्ने सीप सिकेका चर्मकारले छाला प्रशोधन गरी विभिन्न सामग्री तयार गरी राम्रो आयआर्जन गरेका थिए । कालक्रमले प्रशोधित छाला बजारमा आउने अवस्था आयो । आफूले प्रशोधन गर्नभन्दा प्रशोधित छाला प्रयोगका लागि सहज र सस्तोसमेत भएका कारणले छाला प्रशोधन गर्ने घरेलु सीप अहिले विलुप्त भएर गयो । वास्तवमा अहिले एक महत्त्वपूर्ण सामाजिक सीप तथा ज्ञान गुमेको छ ।

एक अर्को प्रसङ्ग लिऔँ । विक्रम संवत्को २०४० को दशकको अन्तसम्म क्याल्कुलेटरको प्रयोग पहुँचका हिसाबले त्यति सहज थिएन । हिसाबकिताब लेखेरै गर्ने चलन थियो । हातले लेखेर हिसाब गर्दा दिमागको एक पक्ष हिसाब गर्ने प्रक्रियामा तल्लीन हुन्थ्यो भने अर्को पक्ष मैले ठीक तरिकाले गर्दै छु कि छैन ? हिसाबको परिणाम ठीक हुने ढाँचामा छ कि छैन ? भनी अनुगमन मूल्याङ्कन गर्न पछ्याइरहेको हुन्थ्यो । दिमाग यसरी चल्थ्यो कि परिणाम आइसकेपछि सो परिणाम ठीक छ कि छैन भन्ने कुरा तुरुन्तै निर्णय दिन्थ्यो । अनि बेठीक भए कहाँ बिग्रियो भनेर गल्ती भएको ठाउँ खोजिन्थ्यो ।

अहिले हस्तक्रिया अर्थात् लेखाइबाट सामान्य गणित जोड, घटाउ, गुणा, भाग गर्ने अभ्याससमेत हराइसकेको छ । क्याल्कुलेटरको पहुँच र प्रयोग सहज भएको छ । हातहातमा हुने मोबाइल फोनमा पनि क्याल्कुलेटर छ । अहिले हिसाबको परिणाम ठीक हो त ? भनेर अनुगमन मूल्याङ्कन गर्ने दिमाग पक्ष सुस्ताएको अवस्था छ । क्याल्कुलेटरले देखाएको अङ्कमा पूर्ण भरोसा गर्ने, त्यसमा औचित्य, शङ्का नगर्ने बानीले सो पक्ष सुस्ताएको हो । के भन्न सकिन्छ र, भोलिका दिनमा हस्तक्रिया प्रक्रिया(म्यानुअल प्रोसेस) बेवास्ता गरी सबै कुरा कम्प्युटरबाट

सिकाउने भनियो भने त्यसपछिका पिँढीलाई प्रक्रियागत रूपमा लेखेर गर्ने हिसाबका बारेमा फेरि आविष्कार गर्नुपर्ने हुन्छ । दश आधार, बाह्र आधार, बीस आधार, तीस आधार, साठी आधार, सय आधार मानेर विशेष गरी ज्योतिषशास्त्रमा गरिने शुद्धो नियम लगाएर गरिने हिसाबकिताब गर्ने सीप अब विस्तारै लोप हुने अवस्थामा छ ।

माथिको ज्ञान सन्दर्भमा श्रीकृष्णले भनेको कुरा यही हो । यसले शिक्षा क्षेत्रले आधुनिकतामा रमाएर आफ्ना अति आधारभूत प्राचीन ज्ञानको धरातललाई बिर्सनुहुँदैन । सहरमा रहँदा बस्दा दूध बोतलमा आउँछ, दुग्धशालाबाट आउँछ, पसलबाट आउँछ भनिएला तर गाउँघरमा जाँदा गाईभैँसीको थुन निचोरेर दुहेर दूध आउँछ भन्ने कुरा बिर्सनुहुन्न । यसले परम्परागत ज्ञान सीपलाई संरक्षण, संवर्द्धन गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

**॥११॥**

विद्याले अथवा शिक्षाले आफूलाई, आफ्नो परिवारलाई मात्रै होइन सम्पूर्ण सृष्टि जगत्लाई माया गर्नुपर्छ, सबैलाई समान दृष्टिले हेर्नुपर्छ । एक आपसमा निर्भर भएर चलिरहेको संसारमा केही कसैको अभाव वा रिक्ततामा असन्तुलनको हुन्डरी मडारिन सक्छ । एउटा पूर्ण घरमा कुन ज्यादा महत्त्वको भनौँ कुन कम महत्त्वको ? जग, ढोका, गारो, दलिन, बलो, छानो, पेटी, ... ?

जीवित जन्तु तथा वनस्पतिको कुरा मात्रै होइन निर्जीव वस्तुको फेरबदलले पनि वातावरणमा निकै ठूलो उथलपुथल ल्याएको हामीले देखे भोगेका छौँ । बाढी, पहिरो, भूकम्प, ज्वालामुखीले हाम्रो जैविक विविधतामा ठूलो फेरबदल ल्याएको हुन्छ । यसले कतिपय जीवको अस्तित्व सङ्कटमा पारेको हुन्छ । आपसी मेल र सन्तुलनले नै सबैको जीवन सहज हुन्छ ।

आपसी दुर्व्यवहारबाट बच्न बचाउन समभावको जागरण हुनुपर्छ भन्ने सन्दर्भमा श्रीकृष्णले अर्जुनलाई बडो राम्रो उपमा दिएर यसरी भनेका छन्–

**विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।**
**शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥५।१८**

(ज्ञानी महापुरुषले ब्राह्मण, गाई, हात्ती, कुकुर र चण्डाललाई समान देख्छन् ।)

यस उदाहरणबाट थाहा हुन्छ कि त्यस बेला अर्थात् गीता रचनाकालमा पनि विभेदको अवस्था थियो । एक किसिमले हेर्ने हो भने विभेदको स्तर र क्रम पनि श्लोकमा देख्न सकिन्छ । व्यक्ति यदि समदर्शी हो भने विभेदहीन व्यवहार गर्नुपर्छ भनी उस बेलादेखि भन्दै आएको कुरा रहेछ ।

यहाँ प्रयोग भएको ब्राह्मण शब्द आजको जस्तो जात ब्राह्मणका लागि प्रयोग भएको होइन । यस शब्दले ज्ञानी, गुरु, शिक्षक, शास्त्रवेत्तालाई जनाउँछ । अहिले पनि शिक्षा क्षेत्रमा छुवाछूत, उँचनीचको हौँचीअर्घेलीका दुर्व्यवहार देखिने अवस्था छ । यो दुर्व्यवहारको दुष्चक्रबाट समाजलाई उम्काउन सक्ने उत्तम क्षेत्र विद्यालय हो । विद्यालयमा बालबालिकाले उँचनीचको दुर्व्यवहार महसुस गर्ने अवस्था भएन भने समाजमा समता वा भनौँ समभाव स्थापित गर्न सजिलै सकिन्छ ।

दु:खका साथ भन्नैपर्ने हुन्छ कि हामी शिक्षा लिने दिने काममा पनि चरम विभेद गर्छौँ । धर्मका आधारमा, जात थरका आधारमा शिक्षालयका प्रवेशद्वार बन्द गर्छौँ । अनि हामीमा समताको टुसो कसरी पलाउला ? हामी मान्छेमान्छेमा मात्रै होइन एउटै गाउँ टोलमा बसेका बीच पनि समभाव राख्न सक्तैनौँ भने मान्छे इतर प्राणीसमेत(गवि, हस्तिनि...) को के कुरा गरौँ ।

बालबालिकाका लागि समदर्शी संस्कार सिक्ने र सिकाउने ठाउँ विद्यालय हो । विद्यालयमा हुने शिक्षकका, साथीभाइका व्यवहारले बालबालिकाको व्यक्तित्व विकासमा सकारात्मक चिन्तनको विकासमा ठूलो भूमिका खेल्छ । विद्यालयको अफिस बालबालिकाको सर्वोच्च न्यायालय हो जसका प्रधान न्यायाधीश प्रधानाध्यापक हुन् । प्रधानाध्यापकले बोल्ने हरेक शब्द, वाक्य बालबालिकाका लागि अलिखित कानुन हो । यहाँ मेरो बाल्यावस्थाको एक सन्दर्भ जोड्दै छु ।

मेरो ६ वर्षको उमेर, कक्षा २ मा पढ्थेँ । कक्षा १ को अन्तदेखि पेन्सिल कापी प्रयोग गर्ने योग्यता मानिन्थ्यो । कक्षा १ मा त लगभग खरी पाटीमै लेखाइको काम हुन्थ्यो । कापीमा पेन्सिलले लेख्न पाउँदाको खुसीको के वर्णन गर्नु र । हातमा खरीको धूलो नलाग्ने, पाटी मस्याएको कालो लाग्ने डर पनि नहुने, एक उच्चस्तरको बढुवाको जस्तो खुसी ।

नयाँ पेन्सिल किनेर प्रयोग गर्न पाएको दिन, खुसीले भुइँमा खुट्टा थिएनन् । एक छेउमा गुलावी रङ्को मेट्टा अर्थात् इरेजर, सुनौला रङ्को धातुले बाँधिएको त्यो मेट्टाले पेन्सिलको शोभा कति हो कति बढाएको थियो । एक जना सहपाठी साथीले मैले कान्छीऔँलाले पेन्सिल भाँच्न सक्छु भन्दै अरू साथीहरूको लिने भाँच्ने गर्दै थियो । कान्छीऔँलाले केही काम गर्नु भनेको महाबली प्रमाणित गर्नु मानिथ्यो । मलाई त्यो साथीको बलका बारेमा जान्नु थिएन । त्यो कैयौँ दिनको गनगन तपस्यापछि प्राप्त भएको पेन्सिललाई कसैको बल जाँच्ने साधनका रूपमा प्रयोग गर्ने कुराको कल्पना पनि गर्न सक्तिनथेँ । तर ती साथीले मेरो पेन्सिल च्यात्त खोसेर बेन्चमा टेकाएर कान्छीऔँला निरको भागले हानेर भाँचिहाले ।

मेरो रिसको सीमा रहेन । पेन्सिलका दुईटा टुक्रा स्याहार्दै ती साथीलाई भुइँमा पछारिदिएँ । उनी पनि कम थिएनन् । उनले पनि मलाई पछारे । तर मैले धेरै पटक पछारेपछि उनी रून थाले । उनी त प्रधानाध्यापकका छोरा थिए । उनी रूँदै बुबाछेउ गए ।

चार पाँच कक्षाका दाइ दिदीले "मास्टरजीका छोरालाई न्वाइस् । अब मास्टरजीले तँलाई पिट्नुहुन्छ भने ।" कसैले पूर्वानुमानका कुरा गरे होलान् र कसैले तर्साउन पनि त्यसो भने होलान् । तर अन्यायमा परेकालाई शिक्षकले पिट्छन् भन्ने कुरा मेरो बाल न्याय पद्धतिले किञ्चित विश्वास मानेन । तर मेरै पेन्सिल भाँचिदिने अझ मैले नै पिटाइ खाने अनुमान गर्ने ती दाइ दिदीको कुराले म मनमन उदेकाएको थिएँ । म अफिसमा बोलाइएँ । प्रधानाध्यापकको मुहारमा कुनै आक्रोश पनि थिएन । सौम्य मुद्रा थियो । म शायद मलीन थिएँ हुँला । एक दुई चोटि पछारिएको दुखाइ र पेन्सिल भाँचिएको पीडाले म व्यथित थिएँ ।

प्रधानाध्यापकले घटनाको बारेमा सोध्नुभयो । मैले यथार्थ कुरा बताएँ । मैले दिन्न भन्दाभन्दै हातबाट खोसेर भाँचिदिएको कुरा बताएँ । मेरो कुरा सुनेपछि आफ्नै छेउमा उभिएर रोइरहेको छोरालाई प्रधानाध्यापकले चड्कन लगाउनुभयो र मलाई ती भाँचिएका टुक्रामध्ये एउटालाई घरमै राख्ने र एउटालाई लेख्न प्रयोग गर्न भन्नुभयो ।

जीवनको सार्वजनिक चासोको मुद्दामा सर्वोच्चले मलाई जितापत्र दियो । यसले प्रधानाध्यापकबाट पिटाइ खान्छ भन्ने माथिल्ला कक्षाका दाइदिदीहरूको अनुमान मिलेन । नयाँ पेन्सिल प्रयोग गर्दाकै दिन भाँचिनु मेरा लागि ठूलो दुर्घटना थियो । घर गएर आमाबुबासित यो बेलिविस्तार गरेँ । यो बेलिबिस्तार गर्दा छिमेकी कान्छाबुबा पनि हुनुहुन्थ्यो । मैले प्रधानाध्यापकसित आफ्ना कुरा ढुक्कसित राख्न सकेको भनी कान्छाबुबाले मेरो तारिफ गर्नुभयो । त्यति सानो उमेरमै नातावादको सूत्र छिँदेको अनुभवले मलाई जीवनभर आनन्द दिइरहेको छ । समदर्शी गुरुप्रति नमन ।

**॥१२॥**

व्यक्तिको उत्थान र पतनको कारण ऊ आफै हो । जसरी रित्तो कोठामा आवाज प्रतिध्वनित हुन्छ त्यसरी नै आफ्नो व्यवहारको प्रतिध्वनि समाजबाट प्राप्त हुन्छ । छोटकरीमा भन्नुपर्दा"जैसा करनी वैसा भरनी" को कुरा हो । यस्तै सन्दर्भमा श्रीकृष्णले अर्जुनलाई यसरी भनेका छन्–

**उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।**
**आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥६।५**

(आफूद्वारा आफ्नै उद्धार गर्ने हो, पतन गर्ने होइन । किनकि आफू नै आफ्नो मित्र हो र आफू नै आफ्नो शत्रु बन्न पनि सक्छ ।)

मान्छे नकारात्मक सोचले अधोगतिमा र सकारात्मक सोचले प्रगतितिर प्रेरित हुन्छ । नकारात्मक सोचको बोली व्यवहारले कोही कसैलाई अड्काउन, ठक्कर दिन सकिएला तर त्यो सोच परिपक्क हुँदै जाँदा, पाक्दै जाँदा ज्यादै टाढाटाढासम्म गह्नाउने गरी दुर्गन्धित हुन्छ । त्यसै गरी सकारात्मक व्यक्तिको बोली व्यवहार कोही कसैका लागि हिम्मत हुति नभएको जस्तो, आत्मबल नभएको जस्तो, कसैलाई औँठे व्यवहार गरेर तह लाउन नसक्ने जस्तो निम्छरो देखिएला तर त्यो सोच परिपक्क हुँदै जाँदा त्यसको सुवास टाढाटाढासम्म फैलिन्छ । फूलको बास्ना वरिपरि मान्छेको बास्ना डाँडापरि भन्ने लोककथन यसकै लागि बनेको हो । विद्यालयमा शिक्षक स्वयं आफै पनि र आफ्ना विद्यार्थीलाई सकारात्मक चिन्तनका बारेमा स्पष्ट धारणा दिने खालका व्यवहार प्रस्तुत गर्नाले समाज सुधारका लागि राम्रो योगदान हुन्छ ।

**॥१३॥**

व्यक्तिको आहारविहारको प्रकृति भनौँ वा प्रवृत्तिअनुसार उसको सोच र व्यवहारको प्रवृत्ति बन्छ । आहारविहारको सन्तुलनले व्यक्ति योगसिद्ध बन्नसक्छ भन्दै श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**नात्यश्नतस्तु योगोऽस्ति नचैकान्त मनश्नतः ।**
**नचाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥६।१६**

**युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।**
**युक्त स्वप्नावबोधस्य योगो भवति दुःखहा ॥६।१७**

(हे अर्जुन, यो योग भन्ने कुरा न ज्यादै खानेका लागि न खाँदै नखानेका लागि, न धेरै सुत्नेका लागि न सुत्दै नसुत्नेका लागि नै सिद्ध हुन्छ । यो त जो उचित आहारविहार गर्छ, जो उचित किसिमले निद्रा र जाग्रत अवस्थालाई सन्तुलन गर्छ त्यस्तालाई मात्रै सिद्ध हुन्छ र त्यस्ताको दुःख हरण पनि गर्छ ।)

हाम्रो समाजमा काकः चेष्टा वको ध्यानं... श्लोक विद्यार्थी अनुशासनका सन्दर्भमा निकै चर्चा गर्ने गरिन्छ । यसमा श्वान (कुकुर) निद्रा र अल्प आहारको व्याख्या राम्ररी हुने गरेको पाइँदैन । छिस्स केही हुँदा जागा भैहाल्ने खालको निद्रा कुकुरको हुन्छ । त्यसैले गाढा निद्रा राम्रो होइन भन्नेतर्फ अर्थ गरिन्छ । तर वास्तवमा सुत्दा व्यवस्थित भएर मसक्क सुत्ने र उठ्दा पूर्ण जाग्रत अवस्थामा उठ्ने भनेको हो । अर्ध निद्रा वा तन्द्रामा रहेर समय र स्वास्थ्य वर्वाद नगर्ने भनेको हो ।

त्यसै गरी आहार पनि आफ्नो पेटको क्षमताको आधा भोज्य पदार्थ खाने, बाँकी आधाको आधा पानीका लागि र बाँकी रहेको हावाका लागि राख्ने भनिएको हो । हावा र पानीका लागि छोड्नुपर्ने ठाउँमा पनि अन्न नै हालियो भने अजीर्ण अर्थात् अपचको समस्या हुन्छ । एक त यो नियम सबैका लागि हो र शिक्षक, विद्यार्थी, योगी जसलाई अगुवा नमुना मानेर समाज अनुगामी बनेको हुन्छ त्यस्ताले त यो नियम पालन गर्नु कर्तव्य नै हो ।

॥१४॥

यो जगत्मा जति हेपाइ, पेलाइ, कुटाइ, मन दुखाइ... जस्ता झगडाका स्रोत छन् त्यसको मूल स्रोत भनेको व्यक्तिको "अरूका लागि वेदान्त, आफ्ना लागि मरणान्त" गर्ने स्वभाव हो । उसका ठाउँमा म भएको भए कस्तो हुँदो हो भन्ने र मेरो ठाउँमा ऊ भए कस्तो हुँदो हो भन्ने संयमी हुनु नै उच्च मानवता हो । यस्तो समद्रष्टा व्यक्ति नै वास्तवमा ईश्वर द्रष्टा हो र ईश्वरका दृष्टिमा रहने हो । यसै सन्दर्भमा श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।**
**तस्याहं न प्रणश्यामि स च मे न प्रणस्यति ॥६।३०**

(जसले सबैमा मलाई (ईश्वरलाई) देख्छ र ममा (ईश्वरमा) सबैलाई देख्छ त्यस्ताका लागि म अदृश्य हुन्न र मेरा लागि ऊ सधै दृश्यवान् नै रहन्छ ।)

यसको मतलव हो समानुभूतिजन्य दृष्टिकोण हुने व्यक्तिलाई ईश्वरीय साक्षात्कारको लागि कहीँ पनि रोकतोक बारबन्देज हुँदैन भन्ने हो । सैद्धान्तिक ज्ञानभन्दा जेठो व्यावहारिक ज्ञान हुन्छ र व्यावहारिक ज्ञानभन्दा जेठो अनुभवात्मक ज्ञान हुन्छ । अनुभवात्मक ज्ञान अन्तःकरण प्रत्यारोपण गर्न सक्ने क्षमता प्राप्त भएपछि मात्र प्राप्त हुने हो । यो कसैले दिनेभन्दा पनि आत्मा उत्पादित ज्ञान हो । त्यसैले अनुभवात्मक ज्ञान ईश्वरीय साक्षात्कारको प्रतिरूप हो ।

शिक्षण क्षेत्रमा यो भावना सञ्चार हुन सके सिकाइ निकै सरल र सहज हुन्छ । हाम्रा बालबालिकाको सोच तथा अनुमान गर्ने क्षमताको परिधिलाई फराकिलो पार्न विभिन्न उदाहरण र सन्दर्भ प्रस्तुत गर्नुपर्छ । बालबालिकाले शिक्षकलाई अति मानव सोचेका हुन्छन् । मानौँ उनीहरू छुट्टै विशेष प्रक्रियाबाट अवतरित भएका हुन् जसमा हाम्रो पहुँच छैन । अलि ठूला बालबालिकाले आफू भोलिका दिनमा शिक्षक हुने लक्ष्य राखेका हुन्छन् । शिक्षकलाई अरूले गरेको मान मर्यादाबाट उनीहरू भित्रभित्रै लोभिएका हुन्छन् ।

यस्ता मनस्थितिमा रहेका बालबालिकासित उनीहरूको मनको सोचअनुसार उनीहरूले बुझ्ने सरल भाषामा शिक्षकले कुरा गर्ने हो भने ती बालबालिकामा

रहेको अति मानवको सोच हट्न जान्छ । शिक्षकले आफू सानो छँदा गर्ने गरेका सकारात्मक क्रियाकलाप पनि सन्दर्भ मिलाएर भन्ने गरेमा बालबालिकामा उत्प्रेरणा जाग्ने हुन्छ । त्यसै गरी आफूले बालवयमा गर्ने गरेका केही सानातिना नकारात्मक क्रियाकलाप र त्यसको सुधारका सन्दर्भ उल्लेख गर्ने गरेमा बालबालिकामा "नकारात्मक भावना सुधार गर्न सकिँदो रहेछ" भन्ने सकारात्मक छाप बस्ने हुन्छ ।

जब शिक्षकमा आफूलाई बालबालिकामा देख्ने अभ्यास हुन्छ तब विद्यार्थीले पनि आफूलाई शिक्षकमा देख्न थाल्छन् । यसले शिक्षक विद्यार्थीमा आत्मीय घुलन हुन्छ । अनि त विद्यार्थीले कुनै कुरा नबुझ्दा आफैले नबुझे जस्तो छटपटी उत्पन्न हुन्छ र अनेक उपायको चिन्तन गरी सम्झाउने, बुझाउने, सिकाउने सफल प्रयास गरिन्छ । यो नै सिकाइ मनोविज्ञानको उत्कर्ष विन्दु हो ।

॥१५॥

मनको चञ्चलतालाई विभिन्न विचारकले आआफ्नै किसिमले टिप्पणी गरेका छन् । यही चञ्चल मनका कारणले नै व्यक्ति सधै अशान्त, अधैर्य र दुःखी बन्ने गर्छ । ब्रह्मविन्दूपनिषद्ले "मन एव मनुष्याणां कारणं बन्धमोक्षयो । बन्धाय विषयासक्त मुक्त्यै निर्विषयं स्मृतम् ॥ २ ॥ " अर्थात् मन नै मनुष्यको बन्धन र मोक्षको कारण हो । विषयमा आसक्त मन बन्धनको कारण बन्छ भने कामना सङ्कल्परहित मन मोक्षको कारण बन्छ ।

यही चञ्चल मनका कारणले कुनै काममा एकचित्त हुन नसकेको अनुभव अर्जुनलाई पनि परेको छ । अनि विनीत भावमा अर्जुनले श्रीकृष्णसँग भन्छन्–

**चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।**
**तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥६।३४**

(यो जिद्दीवाला मन अति पीडा दिएर चञ्चल हुन्छ । आकाशको वायु नियन्त्रण गर्न सकिएला तर मन नियन्त्रण गर्न गाह्रो छ ।)

यहाँ अर्जुन एक अनुशासित विद्यार्थीको हैसियतमा छन् । एक असल विद्यार्थीले आफूमा भएको कमीकमजोरी, आफ्ना मनमा लागेको कुरा खुलस्त गरी शिक्षकसँग बताउनुपर्छ । त्यसरी नै विद्यार्थीले भनेको कुरा शिक्षकले दिल दिएर सुन्नुपर्छ । यहाँ शिक्षकको भूमिकामा रहेका श्रीकृष्णले निकै ध्यानपूर्वक अर्जुनको बोली वचन र शारीरिक हाउभाउसमेतको गहन अध्ययन गरिरहेका छन् ।

अर्जुनको गतिविधि र प्रश्नको आशयलाई मनन गरी श्रीकृष्ण भन्छन्–

**असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।**
**अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥६।३५**

(हो अर्जुन मन नियन्त्रण गर्न निकै गाह्रो छ । यसमा कुनै शङ्का छैन । तिमीले भनेको एकदम ठीक हो । वैराग्य अभ्यासले यसलाई नियन्त्रण गर्न सकिन्छ ।)

यहाँ मनको चञ्चलतालाई स्वयं श्रीकृष्णले पनि स्वीकारे । अनि अभ्यास र वैराग्यबाट नै यसलाई नियन्त्रण गर्न सकिन्छ भने । अभ्यास गर्ने कसरी र वैराग्य ल्याउने कसरी ?

हामीले जानेको अभ्यास उही कुरा दोहोस्याउने र त्यसमा उत्कृष्ट ज्ञान सीप प्राप्त गर्ने हो । मन नियन्त्रणको अभ्यास कसरी गर्ने ?

आहारा, निद्रा, भय, मैथुन यी चार कुरा संसारका हरेक प्राणीमा हुन्छन् । यिनको उचित व्यवस्थापन हुन सकेन भने चित्त वा मन स्थिर हुन सक्तैन । सम्यक् आहारले आहारका कारण हुने मनको अस्थिरता बन्द हुन्छ । सम्यक् अर्थात् उचित निद्रा, उचित सुरक्षा, यौनाचरणको संयमताले मैथुनका कारणले हुने चित्त भ्रान्ति शान्त हुन्छ । पहिलो अभ्यास त यी चार कुरालाई व्यवस्थित गर्नतर्फ लाग्नुपर्छ ।

सात्विक, शाकाहारी र सन्तुलित सुपाच्य आहार खाने अभ्यासले मनमा शान्तिको आधार स्थापित हुन्छ । उत्तेजक, मात लाग्ने, गरिष्ट, काँचो, डढेको, चर्को, पीरो जस्ता खानाले मनमा छटपटी पैदा गर्छ । उचित व्यायाम, प्रणायाम, योग साधनाले मनलाई शान्त राख्न मद्दत गर्छ । आजको जमानामा माथिका चार कुराको असन्तुलनले गर्दा मान्छे रोगी, अपराधी, अशान्त बनेको छ । यी कुरामा बाल्यावस्थादेखि नै अभ्यस्त हुने र संस्कारित हुने हो भने मनको चञ्चलता नियन्त्रण हुन्छ । व्यक्ति धीर चित्तवाला संयमी बन्छ । यसबारेको ज्ञान शिक्षकलाई हुनुपर्छ र शिक्षकले आफू उदाहरण बनेर आफ्ना विद्यार्थीलाई अभ्यस्त र संस्कारित गराउनुपर्छ ।

**॥१६॥**

सर्वोच्च लक्ष्यको मिही (मियो) मा सत्सङ्कल्पको दाम्लोले मनलाई बाँध्ने हो भने व्यक्ति कहिल्यै दुर्गतिमा फस्दैन । तर समस्या हुन्छ परम लक्ष्य पहिचानको । अझ भनौँ भने प्रसङ्ग बिन्दु पहिचान पहिलो उद्देश्य हुनुपर्छ । कता तल हो कता माथि हो, कता सुगति हो कता दुर्गति हो भन्ने कुरा त प्रसङ्ग बिन्दु थाहा पाएपछि मात्र थाहा हुन्छ । अनि आफू प्रसङ्ग बिन्दुमा बसेर गन्तव्य दिशा अवलोकन गरेर जीवन-जागरणको यात्रा सुरू गर्नुपर्छ । यस सम्बन्धमा श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।**
**प्रणवः सर्ववेदेषु शब्द खे पौरुषं नृषु ॥७।८**

(जलमा म रस हुँ, चन्द्रसूर्यमा प्रकाश हुँ, वेदमा ओमकार हुँ, आकाशमा शब्द हुँ, मनुष्यमा पुरुषार्थ हुँ ।)

यसरी उच्च लक्ष्य दागेर हिड्ने व्यक्ति सधै अग्रगमनको दिशातिर लम्कन्छ । कुनै पनि वस्तुको गाँठी कुरा पहिचान गर्ने सीप महत्त्वपूर्ण हुन्छ । यहाँ श्रीकृष्णले त्यही कुरा सङ्केत गर्दैछन् । सूत्र जानेपछि जतिसुकै ठूलो समस्या फर्स्याउन सकिन्छ । विभूति जानेपछि सर्वसाधारण जान्न सकिन्छ । दौलत जानेपछि त्यसको अभाव जान्न सकिन्छ । यो कुरालाई गीता अध्याय १० मा उदाहरणसहित विशेष चर्चा गरिएको छ ।

कुनै काम गरेपछि त्यसको प्रशंसा आलोचना हुन्छ । काम गर्दै रहँदा अनुगमनको कुरा आउँछ भने काम समापन पछि पृष्ठपोषणको कुरा आउँछ । काम भइसकेपछि यसो गर्दा अझ राम्रो हुने थियो भन्ने कुरा पृष्ठपोषण हो । तर अग्रपोषणले काम गर्दै रहँदाको बखत लक्ष्य प्राप्तिको भावी आनन्दले उत्प्रेरित गर्छ । घरमा पुगेर भरपेट स्वादिष्ट भोजन प्राप्त हुने आशामा लामो बाटोको यात्रा सहजै गरिन्छ । तर घर पुगेर पनि खाना खाने आशा छैन भने उत्साहका साथ बाटो हिँड्ने जाँगर आउँदैन ।

शिक्षा शिक्षण गर्दा शिक्षकले बालबालिकालाई निकट भावी लक्ष्य देखाइदिँदा उनीहरूमा अध्ययनप्रति उत्साह जाग्ने हुन्छ । बालबालिकाको अन्तरनिहित विभिन्न प्रतिभालाई परिलक्षित गरी यस्ता उत्साहवर्द्धक लक्ष्य राख्न सकिन्छ । अक्षर राम्रा, छिटो लेखाइ, शुद्ध लेखाइ, छिटो पढाइ, शुद्ध पढाइ, विचार अभिव्यक्ति आदि थुप्रै विधा हुन सक्छन् । यो संस्कारको विकासले अर्काको लहलहैमा होइन आफ्नो क्षेत्रअनुसार अध्ययनका विषय छान्ने र आफूप्रति विश्वास गर्ने वातावरणको सिर्जना हुन्छ । यसले आफूलाई चिन्ने र प्रतिस्पर्धा पनि अरूसित होइन आफैसित गर्ने प्रवृत्तिको विकास हुन्छ ।

आफू र आफ्नो क्षमतालाई चिन्न नसकेर आफूभित्रको प्रतिभा लत्याएर आफै पीडित भएका व्यक्तिहरू थुप्रै छन् । अरूको हाइफाइ देखेको भरमा आफ्नो क्षमतालाई वास्तै नगरी त्यतैतिर लाग्ने प्रवृत्ति ज्यादा छ । सामान्य गणितका अवधारणा नै बुझ्न नसकिरहेकाले भोलिका दिनमा इन्जिनियर पढ्ने भनेर अरूको देखासिकीमा त्रिकोणमिति जस्ता अलि कठिन खालका गणित विषय लिएर उत्तीर्ण हुन नसकी जीवनभरि पछुताएका उदाहरण तमाम छन् । अन्यअन्य विषयमा पनि यस्तै दुर्घटना तमाम छन् । मार्गदर्शक वा संयोजकको अभावले व्यक्तिले जीवनको सही मार्ग प्राप्त गर्न गाह्रो हुन्छ । त्यसैले नीतिमा भनिएको छ–

**न मन्त्रं अक्षरो नास्ति नास्ति मूलमनौषधम् ।**
**अयोग्य पुरुषो नास्ति योजकस्तत्र दुर्लभः ॥**

(हरेक अक्षर मन्त्रमय छन्, हरेक जरा, बोटबिरूवा औषधिमय छन् । त्यसै गरी कोही पनि व्यक्ति अयोग्य हुँदैन, मात्र आवश्यकता छ उचित संयोजकको । योजकको दुर्लभताले तालमेल हुन गाह्रो भइरहेको छ ।)

तब शिक्षा शिक्षणमा प्रभावकारी सकारात्मक परिवर्तन ल्याउन शिक्षकले नीति शास्त्रमा भनिए जस्तै योजकको भूमिका निर्वाह गर्नुपर्छ ।

**॥१७॥**

शिक्षा मानसिक पोषण हो । भौतिक कुराको उच्च आसक्तिले मानसिक पक्ष धूमिल हुने, खुम्चिने हुन्छ । आत्म शान्तिका लागि भौतिक पक्षभन्दा भाव पक्षलाई बढी ध्यान दिनुपर्छ । यही भाव पक्षलाई बढी महत्त्व दिँदै श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छिति ।**
**तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥९।२६**

(अन्तःकरण शुद्धवाला भक्तले अर्पण गरेको पात, फूल, फल, जल मैले स्वीकार्छु ।)

यसबाट धनको उपहारभन्दा मनको उपहार उत्तम भएको देखिन्छ । यसले शिक्षण सिकाइमा धन, जात, कुल, शृङ्गार, रूप, लिङ्ग आदिभन्दा शुद्ध मन, लगाव, अठोट, जिज्ञासुभाव जस्ता कुराको महत्त्व हुने देखाउँछ । यो रहस्यलाई शिक्षकले आफ्ना बालबालिकालाई बुझाउन सकेमा भौतिक कुरामा समानता नखोजी मन आदि अभौतिक पक्षको समानतातिर अभिमुखीकरण गर्नुपर्छ । यसले भौतिक वस्तुसित तुलना गरी सम्पन्न विपन्नको तनावबाट मुक्ति दिलाउँछ । शिक्षण तथा सिकाइका लागि यो एक महत्त्वपूर्ण मन्त्र हो ।

**॥१८॥**

व्यक्तिमा दृष्टि हुनु एउटा कुरा हो । द्रष्टासहितको दृष्टि हुनु अझ महत्त्वपूर्ण कुरा हो । द्रष्टासहितको दृष्टि भनेको वास्तवमा दृष्टिकोण हो । कुनै पनि वस्तुलाई हेर्ने तथा कुनै पनि विचारलाई मनन गर्ने, विश्लेषण गर्ने कुराका लागि दृष्टिकोणसितको व्यक्तित्व(द्रष्टा) हुनुपर्छ । वैयक्तिक विभिन्नताअनुसार द्रष्टाको दृष्टिकोणमा फरक पर्छ । त्यसैले त एउटै कुरा वा वस्तुको व्याख्या विश्लेषणमा फरकफरक पक्षविपक्ष स्थापित हुन्छन् ।

भौतिक संसार र आध्यात्मिक संसार हेर्ने उपयुक्त दृष्टिकोणविहीन अर्जुनलाई श्रीकृष्णले दिव्यदृष्टि अर्थात् दृष्टिकोणयुक्त दृष्टि दिने वचन यसरी दिन्छन्–

**न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।**
**दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥११।८**

(यी आँखा(चर्मचक्षु)ले तिमीले देख्न सक्तैनौ । मैले देख्ने आँखा दिन्छु । तब तिमीले ईश्वरीय सामर्थ्य हेर ।)

वास्तवमा दृष्टि र दृष्टिकोणको भेद नबुझ्भेसम्म आफ्नै साम्नेको ज्ञान पनि ज्ञान बन्न सक्तैन । हामीसित सूक्ष्मदर्शक यन्त्र छ । त्यसमा राखेर हेर्ने वस्तु पनि छ । जुन हेर्नुपर्ने वस्तु हो त्यसलाई सूक्ष्मदर्शक यन्त्रमा राखेर हेर्दा जे देखिनुपर्ने हो सो देखिन्छ । तर के देखियो भन्ने चिनिदैन । यदि कुनै विज्ञले वा शिक्षकले यो नं.१ मा जे देखिएको छ त्यो वनस्पति कोषको बाहिरी आवरण हो । यसका प्रमुख चिनारी अमुक अमुक हुन् । यसरी एक विज्ञले जब दिव्य दृष्टि दिन्छ तब केही समय अघि यो के होला, त्यो के होला भन्न नसकेको त्यही व्यक्तिले स्पष्टसित फटाफट भन्न सक्छ । यसबाट हामी भन्न सक्छौँ कि एक सक्षम शिक्षकले बालबालिकालाई दृष्टिकोणसहितको दृष्टि दिने क्षमता राख्नुपर्छ । यसरी नै शिक्षकमा रहेको ज्ञान बालबालिकामा सर्ने वा सङ्क्रमण हुने हुन्छ ।

**॥१९॥**

पूर्वीय दर्शनले व्यक्तिको व्यक्तित्व तीन किसिमको हुने भनी सत्वगुण, रजोगुण र तमोगुण गरी वर्गीकरण गरेको छ । त्यही व्यक्तित्वअनुसार व्यक्तिले सांसारिक व्यवहार प्रदर्शन गर्छ । व्यक्तिको वृत्ति प्रवृत्ति त्यही व्यक्तित्वले मार्ग निर्देश गरेको हुन्छ । सत्वगुण सौम्य प्रकृतिको हुन्छ, रजोगुण लोभी, अभिमानी प्रकृतिको हुन्छ भने तमोगुण रिसाहा, ईष्यालु, विषालु प्रकृतिको हुन्छ । यिनै त्रिगुणात्मक प्रकृतिका व्यक्तित्वको परिचय दिँदै श्रीकृष्णले अर्जुनलाई भनेका छन्–

**सत्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।**
**ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ॥१४।९**

(हे अर्जुन सत्वगुण सुखमा, रजोगुण काममा लागेर र तमोगुण ज्ञानलाई ढाकेर प्रमादी भएर मनुष्यमा विजय गर्छन् ।)

माथि उल्लिखित तीन प्रकृतिका स्वभावमा शिक्षक सत्व गुणी स्वभावको हुनुपर्छ भन्नेमा कुनै द्विविधा छैन । शान्त, सौम्य प्रवृत्ति सुख आनन्दको आधार हो । ज्ञान बाँडेर अरूमा परमानन्द फुलाउने फलाउने लक्ष्य लिएर हिड्ने व्यक्ति हो, हुनुपर्छ शिक्षक । ज्ञान त्यस्तो नसा हो जसको जति अल्प मात्रा सेवन गर्‍यो उति मात लाग्छ । त्यसैले त आधा गाग्रो छचल्किन्छ भन्ने ज्ञानकै सन्दर्भमा प्रयोग हुने लोककथन प्रचलनमा छ । सत्वगुणी रजोगुणी र तमोगुणी स्वभावका बारेमा विभिन्न उदाहरण दिएर शिक्षकले आफ्ना विद्यार्थीहरूमा सत्वगुणी स्वभाव विकास गर्न सघाउनुपर्छ ।

**॥२०॥**

व्यक्तिमा हुने सकारात्मक सोचले उसलाई सधै अग्रगमनको दिशातिर उन्मुख गराउँछ भने नकारात्मक सोचले सधै अधोगतितिर ओराल्छ । सकारात्मक सोच हुने व्यक्ति र नकारात्मक सोच हुने व्यक्ति उसको बोली व्यवहार र क्रियाकलापबाट ठम्याउन सकिन्छ । अझ साँच्चै भन्ने हो भने जसरी भरखर ल्वाङ सुकमेल खाएको व्यक्ति र लसुन प्याज खाएको व्यक्तिको नजिक बस्दा उक्त व्यक्तिका मुखमा ती वस्तु नहुँदा पनि यसले यही कुरा खाएको हो भन्ने कुरा भन्न सकिन्छ त्यसै गरी सकारात्मक सोच हुने व्यक्ति र नकारात्मक सोच हुने व्यक्तिलाई थोरै बेरको सङ्गतले पनि उनीहरूका प्रवृत्ति बारे अनुमान गर्न सकिन्छ । यस सम्बन्धमा श्रीकृष्णले अर्जुनलाई सम्झाउँदा विभिन्न सूचकको उल्लेख गरेर भनेका छन् । उनले सकारात्मक सोचलाई दैवी प्रवृत्ति र नकारात्मक सोचलाई आसुरी प्रवृत्ति भनेका छन् । श्रीकृष्ण भन्छन्–

**अभयं सत्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।**
**दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ।।१६।१**

**अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।**
**दया भूतेष्वलोलुप्त्वं मार्दवम् ह्रीरचापलम् ।।१६।२**

**तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।**
**भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ।।१६।३**

**दम्भो दर्पोभिमानश्च क्रोधः पारुष्यमेवच ।**
**अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ।।१६।४**

(हे अर्जुन, दैवी सम्पद वा सकारात्मक सोचवाला व्यक्ति निर्भय, अन्तःकरण शुद्ध भएको, ज्ञानयोगका लागि अटल स्वभाव भएको, सात्विक दान गर्नेवाला, इन्द्रियलाई नियन्त्रणमा राख्न सक्ने, व्यवस्थित जीवन निर्वाह कर्म(यज्ञकर्म) गर्ने, स्वअध्ययन गर्ने अर्थात् आजीवन विद्यार्थी बनिरहन सक्ने, कर्तव्य परिपालनमा उच्च निष्ठा भएको तपस्वी, सरल स्वभावको, अहिंस्रक अर्थात् हिंसा प्रतिहिंसामा नउत्रने खालको, साँचो सत्य व्यवहार गर्ने, अक्रोध अवस्थामा रहन सक्ने, नाना किसिमका विषय वासनामा आसक्ति नभएको, शान्त स्वभाव भएको अर्थात् रागद्वेषहीन अवस्थाको, कसैको चुक्लीखोरी नगर्ने अर्थात् भाँड फटाहागिरी नगर्ने, सबैमा दयाभावको व्यवहार गर्ने, लोभलालचहीन अवस्थाको, कोमल अन्तःकरण भएको, अकर्तव्यबाट टाढा रहने क्षमता भएको, अचञ्चलता अर्थात् मनलाई नियन्त्रणमा राख्न सक्ने, ओजस्वी अर्थात् तेजवान्, सबैलाई समव्यवहार गर्ने, धीर स्वभाव भएको, सधै स्वच्छ सफा अवस्थामा रहने, कसैसित वैरभाव नभएको र कसैबाट मेरो मानमर्यादा होओस् भन्ने कामना नभएको गरी यी छब्बीसवटा सूचक दैवी प्रवृत्तिका व्यक्तिमा देखिन्छन् ।

दम्भ अर्थात् नभएको कुरालाई बढाइचढाइ गर्ने स्वभावको, दर्प अर्थात् भौतिक वस्तुप्रति घमण्ड गर्ने, अभिमान अर्थात् बौद्धिकता, तर्क क्षमता जस्ता कुरामा घमण्ड गर्ने, रिसाहा, कठोर वचन बोल्ने स्वभावको र अज्ञानी अर्थात् विवेकहीन गरी यी ६ लक्षण आसुरी प्रवृत्तिका व्यक्तिमा देखिने सूचक हुन् ।

नैतिक शिक्षा तथा संस्कारको खडेरी परेको आजको सन्दर्भमा शिक्षकले विद्यार्थीसित समाजमा कसरी सद्भाव बढाउन सकिन्छ, बढाउनुपर्छ भन्ने कुराको चर्चा गर्नु आवश्यक छ । यस्ता कुरा गर्दा विद्यालयमा धर्म प्रचार गरेको भन्ने आरोप लगाउन सक्ने बुज्रुक पनि पाइन सक्छन् । माथि उल्लेख गरिएको दैवी सम्पत् र आसुरी सम्पत्लाई सकारात्मक सोच र नकारात्मक सोच भनी चर्चा गर्दा देव र असुरको कुरा आउँदैन ।

माथि उल्लेख गरिएका सकारात्मक चिन्तनका २६ सूचक र नकारात्मक पक्षका ६ सूचकले के पनि सङ्केत गर्छन् भने व्यक्तिका नकारात्मक आयामभन्दा सकारात्मक आयाममा लाग्ने बाटा चार गुणाभन्दा धेरै छन् । तर ती थोरै नकारात्मक पक्षतिर लागेर हामीले आफ्नो अमूल्य मानवजीवन खेर फालिरहेका छौँ, बर्बाद पारिरहेका छौँ । यस्तो किन हुन्छ ? बहुसङ्ख्यक व्यक्तिमा सकारात्मकभन्दा नकारात्मक चिन्तन किन आउँछ ? यी प्रश्नको जबाफ सरल छ । सकारात्मक सोचलाई अड्याइराख्न केही आत्मसंयम चाहिन्छ । आत्म संयमका लागि केही त्यागको भावना चाहिन्छ । यिनै सामान्य कुरामा व्यक्ति ठहर्न सक्तैन ।

सकारात्मक पथ उकालो छ । एक पाइला मात्रै चढ्न सक्यो भने निकै फराकिलो क्षितिजको उद्घाटन हुन्छ । फराकिलो क्षितिजको दृश्यको रसास्वादन गर्न पल्केको व्यक्ति उकालै लाग्न चाहन्छ । ओह्रालोतिर आँखै लगाउन्न । त्यसै गरी नकारात्मक पथ ओह्रालो छ । यसका लागि खासै मेहनत संयमको आवश्यकता पर्दैन । लडे, पल्टे, गुल्टिए पनि तलै हिँडे, दौडे पनि तलै । त्यसैले यो भौतिक हिसाबले सजिलो छ । जसरी सकारात्मक सोचको उकालो चढदा क्षितिजको फराकिलोपन बढ्दै जान्छ, नयाँनयाँ क्षितिजका तरेलीहरूको उद्घाटन हुँदै जान्छन् त्यसै गरी नकारात्मक सोचको ओह्रालो झर्दा क्षितिज साँगुरिँदै जान्छ । साँगुरिँदै जाँदाजाँदा यस्तो अटेसमटेसको साँगुरोमा फँस्छ कि ऊ आफै अट्ने ठाउँ पनि पाउन्न र यो संसार छोड्ने मन लागेर आत्महत्यातिर उन्मुख हुन्छ । सकारात्मक सोचको परम लक्ष्य परमानन्द प्राप्ति हो भने नकारात्मक सोचको परम गन्तव्य स्वयं अकाल मृत्यु वरण हो ।

यी र यस्तै कुराको चर्चाले शिक्षक, विद्यार्थी र अभिभावकमा सकारात्मक सोच भर्न सकिन्छ । यसले शान्त, सौम्य, सुखी, खुसी र समृद्ध समाज निर्माण गर्न सहयोग गर्छ ।

॥२१॥

व्यक्तित्व ईश्वरीय उपहार हो, यो जन्मजात गुण हो । यसलाई सुधार्न सकिँदैन भन्ने मत पनि पाइन्छ । तर यो जगत्मा सुधारेर सुधार्न नसकिने के छ भन्ने पनि झन् धेरै छन् र यो व्यवहार सत्य पनि हो । आहारविहार, बोलीव्यवहार, सङ्गत, लगनजस्ता कुरामा संयम वा सन्तुलन ल्याउँदा बल, बुद्धि, शारीरिक बनोटमा सुधार हुन्छ । जुन व्यक्तित्व सूचकका गाँठी कुरा मानिन्छन् ।

गीतामा श्रीकृष्णले धेरै कम ठाउँमा मात्र अर्जुनलाई यो गर त्यो गर भनेका छन् । नत्र सबैजसो ठाउँमा विषयवस्तु स्पष्ट पार्ने काम गरेका छन् । अर्थात् विषयवस्तुलाई राम्ररी परिभाषित गरेका छन् । अनि यो कुरा राम्ररी बुझे नबुझेको परीक्षण गर्छन् तर गर्न सक्छौ कि सक्दैनौ भनेर सोधेका छैनन् । त्यसैले शिष्यलाई आत्मनिर्णयको अधिकार दिनुपर्ने कुरामा राम्रो उदाहरण गीता बनेको छ । पूजा, पूजनीय आत्मा, आहार, यज्ञ, तप, दान जस्ता क्रियाकलापको प्रवृत्ति वा प्रकृति हेरेर व्यक्तिको व्यक्तित्व पहिचान गर्न सकिन्छ भनेका छन् । गीताको सत्रौँ अध्याय लगभग यही व्यक्तित्व पहिचान तथा निर्माणको विषयवस्तुमा केन्द्रित रहेको छ । तल केही सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ–

## पूजा

**यजन्ते सात्विका देवान्यक्षरक्षांसि राजसाः ।**
**प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥१७॥४**

(सात्विक प्रवृत्तिको व्यक्तिले देवपूजन गर्छ । राजसीले यक्ष तथा राक्षस गणको पूजा गर्छ भने तामसी प्रवृत्तिको व्यक्तिले भूतप्रेत आदिको पूजा गर्छ ।)

**आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।**
**यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥१७॥७**

(आहारा, यज्ञ, तप, दान पनि तीन प्रकारका छन् । तिनका भेद म बताउँछु, सुन ।)

## आहारा

**आयुः सत्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।**
**रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्विकप्रियाः ॥१७॥८**

**कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।**
**आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥१७॥९**

**यातयामं गतरसं पूति पर्युषितं च यत् ।**
**उच्छिष्टमपि चामेध्यं भोजनं तामस प्रियम् ॥१७॥१०**

(आयु, सत्वगुण, बल, आरोग्य, सुख बढाउने खाना सात्विक खाना हो । जो रसिलो, मुलायम, चिल्लो, स्थिर भाव भएको, हृदयमा शक्ति र आनन्द दिने खालको हुन्छ । यस्तो आहारा सात्विक व्यक्तिले मन पराउँछन् ।

तीतो, अमिलो, चर्को, अति तातो, पीरो, रूखोसुखो, डाहा उत्पन्न गर्ने खालको भोजन राजस स्वभावका व्यक्तिले रूचाउँछन् । यस्तो खानाले दुःख, शोक र रोग बढाउँछ ।

याम गएको वा सडेको, निरसिलो, दुर्गन्धित, बासी, जूठो, मासुजन्य खाना तामसी व्यक्तिको लागि रुचिकर लाग्छ ।)

**यज्ञ**

**अफलाकाङ्क्षिभिर्यज्ञो विधिदिष्टो य इज्यते ।**
**यष्टव्यमेवेति मनः समाधाय स सात्विकः ।।१७।११**

**अभिसन्धाय तु फलं दम्भार्थमपि चैव यत् ।**
**इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ।।१७।१२**

**विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।**
**श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ।।१७।१३**

(फलको आकाङ्क्षा नराखी यज्ञ गर्नु कर्तव्य हो भन्ने मनको समाधान ठानेर जसले विधिशास्त्रसम्मत यज्ञ गर्छ त्यो सात्विक यज्ञ हो ।

फलको इच्छा राखेर दम्भ प्रदर्शनका लागि गरिने यज्ञ राजस यज्ञ हो ।

शास्त्रविधिविहीन, अन्नदानरहित, मन्त्रहीन, दक्षिणाहीन, श्रद्धाहीन तरिकाले गरिने यज्ञ तामस यज्ञ हो ।)

**तप**

**श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।**
**अफलाकाङ्क्षिभिर्युक्तैः सात्विकं परिचक्षते ।।१७।१७**

**सत्कारमानपूजार्थं तपोदम्भेन चैव यत् ।**
**क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ।।१७।१८**

**मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।**
**परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ।।१७।१९**

(परम श्रद्धायुक्त, फलको आकाङ्क्षारहित, शरीर, वाणी र मन शुद्धिका लागि गरिने तप सात्विक तप हो ।

जुन तप आफ्नै पूजा, मान, सत्कार र ठूल्याइँका लागि गरिन्छ जसले यस लोकमा नाशवान् फल दिन्छ त्यो राजसी तप हो ।

जुन तप आफूलाई वा अरूलाई पीडा दिएर गरिन्छ त्यो तामसी तप हो ।)

**दान**

**दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।**
**देशे काले च पात्रे च तद्दानं सात्विकं स्मृतम् ।।१७।२०**

**यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।**
**दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ।।१७।२१**

**अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।**
**असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ।।१७।२२**

(दान दिनु कर्तव्य हो भनी उपयुक्त अवस्थाको देश, काल, पात्र विचारेर निष्काम भावले दिएको दान सात्विक दान हो ।

जुन दान आफ्नो लाभको लागि दिइन्छ त्यो दान राजस दान हो ।

जुन दान विना सत्कार अयोग्य देश, अनुपयुक्त काल र कुपात्रलाई दिइन्छ सो दान तामस दान हो ।)

वास्तवमा श्रीमद्भगवद्गीता १७ औँ अध्याय मान्छेको व्यवहार सुधार उपदेशमा केन्द्रित छ । खानपिन आहारविहार, अध्ययन, काम, यज्ञ, दान यही त हो व्यक्तिको जीवन सञ्चालनको गाँठी कुरो । मान्छेको साध्य परमानन्द हो । त्यो परमानन्द प्राप्त गर्ने साधन वा भनौँ पात्र शरीर हो । पात्र भनौँ वा भाँडो बलियो, शुद्ध, स्वच्छ, नचुहुने, नपोखिने खालको सुरक्षित भयो भने त्यसमा राखिएको वा राखिने चीज पनि पूर्ण, स्वच्छ, सुरक्षित हुन्छ । त्यसैले कुनै कर्म सिद्धिका लागि पात्रशुद्धि महत्त्वपूर्ण हुन्छ ।

विद्यालयका साना कक्षामा विशेष गरी कक्षा ३ सम्म पढ्न सिक्ने सिकाउने उद्देश्य हुन्छ र त्यस माथिका कक्षामा सिक्नका लागि पढ्ने उद्देश्य हुन्छ । अन्तिम उद्देश्य सिक्नका लागि पढ्ने भए पनि पहिला साधन तयारी गर्नका लागि पढ्नका लागि सिक्ने क्रियाकलापबाट पात्र शुद्ध र परिपक्क हुनु जरूरी छ । शुद्ध बोल्ने, शुद्ध पढ्ने, शुद्ध लेख्ने, छिटोछिटो पढ्ने र लेख्ने जस्ता क्रियाकलापले पात्र खारिन्छ र भावी दिनमा सिक्नका लागि पढ्ने क्रियाकलापमा सिद्धि प्राप्त गर्छ ।

यस सन्दर्भले पनि कर्मसिद्धिका लागि पात्रशुद्धिको आवश्यकतालाई विशेष जोड दिइएको देखियो । त्यसैले शिक्षकले आफ्ना बालबालिकालाई शरीरशुद्धि,

चित्तशुद्धिका लागि उत्प्रेरित गर्न गीता १७ औँ अध्यायको चिन्तन, मनन, अनुशीलन गरी माधुर्यभावमा उपदेश गर्नुपर्छ ।

॥२२॥

चौरासी लाख योनिमा मान्छे मात्रै कर्मयोनि प्रधान योनि हो । अरू सबै भोग योनि प्रधान योनि हुन् । भोगयोनिको जीव उद्धारक बन्न सक्तैन । तोकिएको खर्च खाने र खर्च सकिएपछि आफ्नो बाटो लाग्नुको विकल्प छैन । तर मान्छे भने कर्मयोनिवाला भएकाले यसले कर्मद्वारा आफूलगायतका सरसङ्गतमा रहेकाको उद्धार गर्न सक्छ । अरू योनि केवल कमाइएको कुरा खर्च गर्ने मात्रै हुन् तर मानव योनिले कमाएको कुरा खर्च गर्ने मात्रै होइन कमाउन पनि सक्छ । भावी मार्ग सुधार विस्तार गर्न सक्छ । यस्तै सन्दर्भमा श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदम् ततम् ।**
**स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥१८।४६**

(जुन परमात्माबाट सम्पूर्ण प्राणीको उत्पत्ति हुन्छ, जुन यो संसारमा व्याप्त छ, त्यस परमात्मालाई आफ्नो कर्मद्वारा पूजन गरेर सिद्धि प्राप्त गर्न सक्ने मान्छे मात्रै हो ।)

यही मार्मिक कुरालाई कविशिरोमणि लेखनाथ पौड्यालले तरूण तपसी काव्यमा यसरी उल्लेख गरेका छन्–

**गुणी हो ज्ञानी हो बहुत चतुरो जाति नरको ।**
**सिपालु उद्योगी गुरु सदृश यो विश्वभरको ॥**

**बुझोस्ता यस्ले त्यो परहित महामन्त्र महिमा ।**
**दरिन्थ्यो पृथ्वीको अमरनगरी नाम बहिमा ॥**

मान्छेमा गुण अवगुण छुट्याउन सक्ने ज्ञान छ, क्षमता छ । मान्छे कर्मयोनिवाला भएकाले यसमा उद्योगीपन छ । जसले विश्वका प्राणीको उद्धार, स्याहारसंभार गर्न सक्छ । यो आफ्नो क्षमतालाई बुझेर मान्छेले परहित महामन्त्रलाई सधै स्मरण र कार्यव्यवहारमा उतार्ने हो भने यही धर्ती नै अमर नगरी अथवा स्वर्ग बन्छ ।

यी माथिका सन्दर्भले मानवजीवन सम्पूर्ण जीवात्मामध्येको अनुपम र दुर्लभ जीवन हो भन्ने कुरा देखिन आयो । यो कुरालाई शिक्षकले हृदयङ्गम गरी बालबालिकालाई समयको उच्चतम सदुपयोग गर्न सिकाई सम्यक् जीवन जिउन उत्प्रेरित गर्नुपर्छ । सुमार्गमा लाग्नका लागि अर्ती उपदेश आवश्यक हुन्छ तर ती अर्ती उपदेश दिने पात्र पनि अर्ती उपदेश दिने लायकको हुनुपर्ने कुरा ज्यादा

महत्त्वको छ । जुन व्यक्तिले अर्ती उपदेश दिन्छ ती उपदेशमा अभिव्यक्त कुराहरूलाई उसले आफ्नो जीवनमा अपनाएको छ छैन, यस कुराले ठूलो अर्थ राख्छ । सूर्ती चुरोट खाने व्यक्तिले यो अम्मल खानुहुँदैन भनेर दिएको उपदेश कसैले टेर्दैन । किनकि उसले सो उपदेश ऊ आफैले अपनाइरहेको छैन ।

यस्तै कुरामा मिल्ने महात्मा गान्धीसित सम्बन्धित एउटा सन्दर्भ छ–

भारत भरखर स्वतन्त्र भएको थियो । महात्मा गान्धीको ख्याति प्रशंसा यत्रतत्र निकै फैलिइरहेको थियो । महात्मा गान्धीकै घर छिमेकमा एक जना सूर्तीको ज्यादै लत बसेका व्यक्ति बस्थे । सूर्ती खाएर उनका दाँत बिग्रिएका थिए । भित्री गालामा घाउ बनिसकेको थियो । जतातै थुक्ने बानीले घर असाध्यै फोहोर हुने गर्थ्यो । हरहमेसा खोकेर भएको शारीरिक कष्ट र अशान्त वातावरणले गर्दा उनकी श्रीमती साह्रै हैरान थिइन् । उनले सोचिन्, यत्रो देशले मानेको व्यक्ति गान्धीजी हाम्रो भाग्यले छिमेकी छन् । यी बूढालाई तिनै गान्धीछेउ लैजानुपर्‍यो । उनको उपदेशले यी बूढाको बुद्धि फिर्‍यो र सूर्तीको लत छुट्यो भने यी पनि स्वस्थ होलान् र हामी पनि सुख शान्तिसित जीवन चलाऔँला । यही कुरा सोचेर ती महिला आफ्ना श्रीमान्लाई लिएर गान्धीछेउ पुगिन् ।

गान्धीले सोधपुछ गरे । ती महिलाले आफ्ना श्रीमान्को सूर्तीसेवनको कुलतले स्वास्थ्य बिग्रेको र आफू अनेक किसिमले हैरान परेको कुरा बताइन् । अनि श्रीमान्को कुलत छुटाउनका लागि उपाय सुझाउन अनुरोध गरिन् ।

ती महिलाको कुरा सुनेर गान्धी एकैछिन मौन रहे र भने– आजको १५ दिनपछि मलाई भेट्नू ।

गान्धीले महत्त्वपूर्ण औषधिमूलो खोजेर साँधेर दिनका लागि दुई हप्ता समय भनेका होलान् भनी ती महिला हर्षित हुँदै श्रीमान्लाई लिएर घर फर्किन् ।

पन्ध्र दिनपछि ती दम्पती फेरि गान्धीलाई भेट्न पुगे । गान्धीले ती दम्पतीलाई नजिकै बोलाएर भने– आजैदेखि सूर्ती खान छोड्नू । अब घर फर्के हुन्छ ।

ती महिलालाई गान्धीको व्यवहार मन परेन । "लौ आजैदेखि सूर्ती छोड्नू" भन्नका लागि पन्ध्र दिन कुराउनुपर्छ र !

अनि ती महिलाले गान्धीलाई भनिन्– गान्धीजी, यो एक वाक्य बोल्न पनि हामीलाई पन्ध्रपन्ध्र दिन पर्खाउनुभयो । यति जाबो कुरो त पन्ध्र दिनअगाडि नै भन्नुभएको भए भैहाल्थ्यो नि !

गान्धीले मन्द मुस्कानसित भने– नानी, तिमीले पन्ध्र दिनअघि मसँग आफ्ना श्रीमान्को सूर्तीको कुलत बारेको गुनासो गर्दा मैले पनि सूर्ती खान्थेँ । अनि मैले

त्यो बेला तिम्रो श्रीमान्लाई कसरी "सूर्ती छोड" भन्न सक्थेँ र ? यो पन्ध्र दिनमा मैले खूब अभ्यास गरेर सूर्ती छोडिदिएँ । अब मैले सूर्ती छोड भन्ने अधिकार प्राप्त गरेको छु । मैले छाड्न सकेँ भने तिमीले पनि छाड्न सक्छौ । त्यसैले म तिमीलाई दोहोऱ्याएर भन्दै छु "आजदेखि सूर्ती नखानू" ।

गान्धीको त्यो व्यावहारिक उपदेश सुनेर ती दम्पती ज्यादै खुसी हुँदै घर फर्के । त्यहाँ उपस्थित अन्य व्यक्तिहरूले पनि अर्ती उपदेशको आधिकारित्वको बारेमा राम्ररी बुझे ।

यो सन्दर्भ शिक्षक, विद्यार्थी, अभिभावक सबैका लागि उत्तिकै मननयोग्य छ । परिवर्तन चाहन्छौ भने पहिले आफू परिवर्तन हुनका लागि तैयार होऊ । यसको मूलमर्म यही नै हो ।

**॥२३॥**

उपदेशकर्ताले जीवनका नकारात्मक सकारात्मक पक्ष बताइदिने हो । यो नै ठीक हो, यही नै गर्नुपर्छ भन्दा सिकारूले ज्यादा दवाव महसुस गर्छ । अनि दिइएका राम्रा उपदेशप्रति पनि श्रद्धा जाग्न पाउँदैन र अपनाउन वा स्वीकार गर्न पनि मन लाग्दैन । हरेक जीवात्मा स्वअस्तित्व बोधप्रति निकै संवेदनशील हुन्छन् । व्यक्तिको यो संवेदनशीलतामा ठेस लाग्दा उपदेशले निर्देश गरेको विपरीत दिशातिर उन्मुख हुन सक्ने सम्भावना पनि हुन्छ । यही मर्मलाई बुझेर श्रीकृष्णले अर्जुनलाई भन्छन्–

**इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।**
**विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरू ॥१८।६३**

(यो गुह्यभन्दा गुह्य ज्ञान अर्थात् मुस्किलले मात्र प्राप्त गर्न सकिने बुझ्न सकिने रहस्यपूर्ण ज्ञान मैले तिमीलाई बताएँ । अब राम्ररी सोचविचार गरेर जे इच्छा लाग्छ त्यही गर ।)

यो कुरा शिक्षकले मात्रै होइन अभिभावकले पनि उत्तिकै सचेत भएर बुझ्नुपर्छ । अहिले पनि अभिभावकका सजिलोका लागि बालबालिकाले विषय छानिदिनुपर्ने, शिक्षकका सजिलोका लागि विषय पढिदिनुपर्ने बाध्यता छ । अभिभावकले, शिक्षकले परामर्श दिएर भावी शैक्षिक जीवनका सम्भावित फराकिला क्षितिज उघ्रनुको साटो झन् साँगुरिने अवस्था आउँछ । त्यसैले विद्यालयले बालबालिकाको सञ्चित अभिलेख राख्ने व्यवस्था गर्ने र तर्कसङ्गत हिसाबले अर्थात् सप्रमाण भावी शैक्षिक जीवनको गोरेटो पहिल्याइदिनुपर्छ, पहिल्याइदिन सकिन्छ । यसरी बालबालिकालाई प्रमाणका आधारमा परामर्श दिने लिने संयन्त्रको विकास नहुँदा धेरै बालबालिकाले असफलताको अँध्यारो मुख देख्नुपरेको छ ।

माथिको श्लोकले शिक्षक निर्देशक होइन बरू सहजकर्ता हो भन्ने देखाएको छ । आफ्नो रुचि र लगाव जता छ त्यसैलाई फलाउन फुलाउनका लागि विद्यार्थीको ध्यान जानुपर्छ । अरूको देखासिकी गरेर पछि लाग्न खोज्दा देखासिकी गरिजा आरिसे मरिजा भन्ने उखान चरितार्थ हुन्छ ।

॥२४॥

गीतामा श्रीकृष्णले म, मेरो, मलाई... धेरै ठाउँमा भनेका छन् । सामान्य बुझाइमा बुझ्दा लाग्छ तिनै भौतिक रूपमा उभिएका, कुरा गर्दै रहेका रथ हाँक्ने जिम्मेवारी पाएका कृष्णकै लागि ती शब्द प्रयोग गरिएका हुन् । तर क्रमशः बुझ्दैबुझ्दै जाँदा आफैभित्र को म, आफैभित्रको कृष्णको खोजी, चिनारी र उसैमा समाहिति रहेछ भन्ने बोध हुन्छ ।

जसरी एउटा बालकलाई पाटीमा ठूलो "क" लेखिदिएर त्यसलाई भौतिक वस्तुको रूपमा चिनाइन्छ । बच्चाले त्यो भौतिक क लाई पहिले आँखाले चिन्छ । अनि त्यसलाई विस्तारै मुखमा सारिन्छ । सही तथा शुद्ध उच्चारण गर्ने सीपबाट अनि त्यो क विस्तारै मनमष्तिष्कमा आत्मीकृत हुन्छ । कुनै कुराप्रति सकारात्मक भावले प्रेम गर्दा त्यो मनमा समाहित हुन्छ भन्ने भावना यहाँ व्यक्त भएको छ । सुरूसुरूमा बुबाआमाको बाहिरी अभिभावकत्वप्रति गाढा प्रेम गरी आत्मामा समाहित गरिने हुनाले उहाँहरूको जीवनको शेषपछि त्यही आत्मामा लीन भएको अभिभावकत्वले जीवनभर मार्ग निर्देश गरिरहन्छ । गुरुको गुरुत्व पनि यसै गरी आत्मामा भित्रिन्छ अर्थात् आत्मीकृत हुन्छ ।

॥२५॥

धर्मको सरल परिभाषा जीवको जीवन धान्ने शैली हो र वस्तुको प्राकृतिक गुण हो । बालकको चञ्चलता धर्म हो, किशोरको सिर्जनशीलता धर्म हो, वयस्कको लगनशीलता, आर्जन धर्म हो, वृद्धको अनुभव अभिव्यक्ति धर्म हो । आश्रमका हिसाबले भन्ने हो भने ब्रह्मचर्य पालन, गृहस्थ सञ्चालन, वानप्रस्थ जीवन यापन र सन्न्यासग्रहण चार आश्रमको जीवन शैली छ । कामका हिसाबले भन्ने हो भने ब्राह्मण कर्म, क्षत्रीय कर्म, वैश्य कर्म र शूद्र कर्म छन् । जब कृष्णत्त्व वा भनौँ भगवतत्त्व आत्मीकृत हुन्छ तब यी तमाम किसिमका धर्महरू एकमुष्ट रूपमा त्यही आत्ममा लय हुन्छन् । विभिन्न सीमा बनाएर परिभाषित गरेका समूहहरूका सीमा भत्केर एकाकार हुन पुग्छन् । यसै कुरालाई श्रीकृष्णले अर्जुनलाई यसरी भन्छन्–

**सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।**
**अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥१८।६६**

(सबै धर्मको आश्रय छाडेर केवल मेरो शरणमा आऊ । मैले तिमीलाई सबै पापबाट मुक्त गर्छु । चिन्ता नगर ।)

सबै धर्म त्यागेर मलाई वरण गर वा मेरो शरणमा आऊ भनेको पूर्णरूपेण आत्मकेन्द्रित होऊ भनेको हो । जब व्यक्ति पूर्ण रूपले आत्मकेन्द्रित हुन्छ उसलाई बाह्य सांसारिक कुराले कत्ति पनि प्रभाव पार्दैन । यसका लागि श्रीमद्भागवतमा एक सुन्दर सन्दर्भ छ ।

वेदव्यासका छोरा शुकदेव वैरागी भएर घर छोडी हिँड्दा बुबा उनलाई फर्काउन भनेर पछिपछि लाग्छन् । जाँदाजाँदा आकाशगङ्गा किनारमा पुग्छन् । आकाश गङ्गामा अप्सराहरूले निर्वस्त्र भएर नुहाउन लागेका थिए । अनि एक अप्सराले आफूहरूतिर आएको मान्छेलाई देखिन् र अरू साथीलाई भनिन्– ए, हेर हेर एक जना मान्छे यतातिर आइरहेको छ । अर्की अप्सराले भनिन्– ए केही हुँदैन ती शुकदेव स्वामी हुन् ।

यति भन्दै गर्दा अर्कीले शुकदेवलाई पछ्याउँदै आएका व्यासलाई देखिन् र भनिन्– ए, हेर त व्यास पनि आउँदै छन् । लौ लुगा लगाइहालौँ । अनि सबैले लुगा लगाए ।

यहाँ शुकदेव आत्मकेन्द्रित अवस्थामा पुगेका हुनाले एक किशोर(शुकदेव)ले नग्नावस्थाकी किशोरी देख्नु र कुनै सुकेको काठको खम्बा देख्नुमा केही फरक परेन । तर व्यास शुकदेवको हैसियतमा पुगिनसकेकाले उनीदेखि अप्सरा लजाए ।

ज्ञान सीप सिकाउन सिक्न तल्लीन शिक्षक तथा विद्यार्थी पनि आत्मकेन्द्रित भएर सांसारिक भेदभावको रोमलो वा फन्दामा फस्नुहुँदैन । विभिन्न सीमा सिर्जना गर्‍यो भने आत्मज्ञान प्राप्तिबाट टाढा भइन्छ भन्ने यस श्लोकको मूल सन्देश हो ।

**॥२६॥**

बालबालिकालाई केही कुरा सिकाउने प्रयासपछि के कति ज्ञान स्थापित भयो भन्ने कुरा एक कुशल शिक्षकले सङ्क्षिप्त परीक्षण गर्छन् । अनि सो विद्यार्थीमा स्थापित ज्ञानको स्तर अङ्कन गर्छन् । त्यसै गरी श्रीकृष्णले पनि अर्जुनलाई सोधेका छन्–

**कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ।**
**कच्चिदज्ञानसम्मोहः प्रनष्टस्ते धनञ्जय ॥१८। ७२**

(हे अर्जुन, के तिमीले एकाग्र चित्तले मैले भनेको कुरा सुन्यौ ? बुझ्यौ ? के अज्ञानबाट सिर्जित तिम्रा मोह नष्ट भए ?)

तब अर्जुन भन्छन्–

**नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।**
**स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ।।१८।७३**

(हे अच्युत, तिम्रो कृपाले मेरो मोह नष्ट भयो । मैले स्मृति प्राप्त गरैं । सन्देहरहित स्थितिमा छु । अब हजुरको आज्ञा पालन गर्छु ।)

गीताको श्रीकृष्ण अर्जुनको संवाद करिव एक मुहूर्त हो अर्थात् ४५मिनेट । हाम्रो विद्यालय शिक्षाको एक घन्टीको समय । शिक्षालाई व्यवहारमा आएको परिवर्तनको आधारमा मूल्याङ्कन गरिन्छ । युद्धभूमिमा लड्न भनेर गएका अर्जुन धनुबाण फालेर लड्दिन भनी कर्तव्य विमुख भएका अर्जुनलाई श्रीकृष्णले दिएको गीता शिक्षाले परिवर्तन गऱ्यो । उनी पहिलेकै जस्तै महारथिको जोशजाँगरसित लड्न तयार भएर लडे । यसो भन्दा गीताज्ञान बुझेपछि लड्नुपर्छ भनेको होइन बरू जुन कर्तव्यकर्म हो त्यो कर्म निर्भयसाथ गर्नुपर्छ भनेको हो । अर्जुन ज्यादै सुझबुझका साथ लड्नका लागि रणक्षेत्रमा गएका थिए । तब उनको लड्ने काम कर्तव्यकर्म भयो । शिक्षकहरू स्वाध्यायनबाट विमुख छन् भने गीताज्ञान सुनेर बुझेर स्वाध्यायनतर्फ लाग्नुपर्छ, विद्यार्थी किताब कापी कलम फालेर पढाइ वा भनौं अध्ययनबाट विमुख भएका अवस्थामा गीताज्ञान पाएर कम्मर कँसेर पढ्नतिर लाग्ने बुद्धि आउनुपर्छ ।

काम, क्रोध, लोभ, मोह, इन्द्रियजन्य आसक्तिबाट उत्पन्न हुने विकार हुन् । जब इन्द्रियजन्य आसक्तिलाई जितिन्छ तब यी विकार मेटिदै जान्छन् । मोहले स्मृतिलाई भ्रमित पार्छ । जब मोह भङ्ग हुन्छ तब स्मृति ज्यालो उज्यालो बन्छ । स्मृतिले आत्मासित सुमधुर सम्बन्ध राख्न सघाउँछ । अर्जुनले आत्मीकरण गरेको श्रीकृष्ण तत्त्वले भ्रमित स्मृतिलाई स्वच्छ, सफा बनायो । भ्रमले सिर्जना गरेको सन्देह पनि हटेर गयो ।

युद्धमा मान्छे मारिन्छन् । ती मान्छे आफन्त पनि हुनसक्छन् भन्ने कुरा अहिले आएर थाहा भएको कुरा होइन । यही मारिने मर्ने अवस्थालाई रोक्न युद्ध नगर्ने अनेक प्रयास भएकै हुन् । पाण्डवका तर्फबाट दूत बनेर स्वयं श्रीकृष्ण गएका हुन् । त्यो बेलामा श्रीकृष्णलाई कौरव पक्षले पक्डेर राख्नेसम्मको निकृष्ट प्रयास गरेकै हुन् । आंशिक राज्य फिर्ता गरेर भए पनि पाण्डव लड्ने पक्षमा थिएनन् । यस कुरालाई पनि कौरवपक्षले इन्कार गरेका थिए । सम्भावित सम्पूर्ण विकल्पले काम नगरेपछि निर्विकल्प युद्ध हुने भएको थियो । यो वास्तविकता हो, यो स्मृति हो । तर अर्जुनलाई एक्कासि इन्द्रियजन्य कामनाले ढाक्यो र यो स्मृति विस्मृतिमा पुग्न जानाले कर्तव्यच्यूत हुन लागेका थिए । तर श्रीकृष्णको उपदेशले स्मृति पुनः स्थापित भयो ।

**।।२७।।**

अर्जुनले श्रीकृष्णलाई गुरु माने (२।७) । गुरु मान्नुको अर्थ गुरुको शरणमा जानु हो, शरणागति हुनु हो । शरणागतिको मर्म "मारे पाप पाले पुण्य"को आत्मविश्वासका साथ फाँदमा फालिनु हो । देख्दाखेरि शरण भनेको चरणको पसारो पर्नु हो । अति निम्न स्तरमा झरे जस्तो देखिनु हो । तर शरण लिनेले त्यो निम्न स्तरमा झरेकालाई उठाउन त्योभन्दा अझ तल झर्नु परे पनि तयार हुन्छ । आफ्नो दुर्गतिसमेतको प्रवाह नगरी शरणागतको सद्गति गराउनु शरण लिनेको कर्तव्य हुन्छ ।

कोही कसैसित शरणागति हुनका लागि निकै भक्तिभावले ओतप्रोत हुनुपर्ने हो, विभिन्न शास्त्रज्ञानले परिपाक हुनुपर्ने हो, कोही गुरुद्वारा असीम कृपा प्राप्त पात्र हुनुपर्ने हो ? कृपा दाताप्रति अनन्य चिन्तन गरिएको हुनुपर्ने हो ?

**अन्यन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।**
**तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ।।९।२२**

(जो अनन्य भक्त मेरो चिन्तन गर्छ र उपासना गर्छ, त्यस्ता निरन्तर उपासनामा लागिरहने भक्तको आवश्यक कुराको प्राप्ति र भएका कुराको रक्षाको जिम्मा मैले वहन गर्छु ।)

यी कुरा अर्थात् माथिको अवस्था हुँदा राम्रो हुन्छ तर ती नै सबै कुरा होइनन् । एउटा दूधे बालक आमाबुबाको काखमा रहँदा ऊ सर्वथा निर्भय रहन्छ । जतिसुकै जोखिम र डरलाग्दो अवस्थामा पनि उसलाई त्यो निर्भयता त्यही शरणागति भावले दिएको हुन्छ ।

तीन वर्षको हाराहारीको उमेर थियो मेरो । बिहानको मेलो सकेर बुबा, हजुरबुबा, दाइ, दिदीहरू खाना खान आउनुभएको थियो । खाना खाएर एकैछिन सुस्ताउने क्रममा बुबाले मलाई उचालेर तेर्सो पारी मेरो पेटलाई आफ्नो टाउकोमा टेकाएर रमाइलो गर्दै आँगन वरिपरि घुमाउँदै, नचाउँदै "लौ भन् भन् तँलाई मैले कहाँ पछारूँ" भन्नुभयो । बुबाको टाउकोमा पेटले टेकिएर घुम्न पाउँदा मलाई अपूर्व आनन्द मिलिरहेको थियो । मलाई लागे होला(अहिलेको अनुमान मात्र) यस्तो आनन्द दिने बुबाले कहाँ पछार्ने भन्नुभएको छ, शायद त्यो पछारिँदा यहाँभन्दा अझ आनन्द प्राप्त हुने होला । अनि आँगनको डिलमा गाडिएको उधिनढुङ्गो (हँसिया, बन्चरा आदिमा धार लगाउने सान ढुङ्गो) लाई बताउँदै उः त्यै उधिन ढुङ्गोमा पछार्नुस् भनेँ । मैले यो कुरा न पछारिएपछिको सुखानुभूतिको परिकल्पनाले गरेको थिएँ न दुःखानुभूतिको परिकल्पनाले । बुबासितको पूर्ण शरणागतिमा लाडिएको अवस्थामा आएको वाक्य थियो त्यो ।

यो सुनेर बुबा निकै हाँस्नुभयो । अनि दलानमा भएका आमासमेतका सबैलाई यो कुरा सुनाउनुभयो । बुबाका कुरा सुनेर सबै मलाई हेर्दै हाँस्न लाग्नुभयो ।

मैले निकै राम्रो कुरा गरेछु जस्तो लाग्यो । त्यस दिन मात्र होइन अरू दिन पनि त्यत्तिकै महत्त्व दिएर सो कुरा भन्ने गर्नुभयो । यसरी पटकपटक भनिरहँदा त्यो दृश्यसमेत मेरो समझपटलमा आजसम्म उत्तिकै ताजा भएर रहिरहेको छ ।

गीतामा जम्माजम्मी ७०० श्लोक छन् जसमा एक श्लोक धृतराष्ट्रले बोलेका छन् । ४० श्लोक सञ्जयले बोलका छन् । ५७४ श्लोक श्रीकृष्णले बोलेका छन् र जम्मा ८५ श्लोक अर्जुनले बोलेका छन् । श्रीकृष्णले बोलेका ५७४ श्लोकमध्ये ५६ श्लोक अर्जुनलाई अर्ती, उपदेश, आदेश, आज्ञाका रहेका छन् । यसले के देखाउँछ भने शिक्षकले बालबालिकालाई आफूले गरिने सम्पूर्ण क्रियाकलापको १० प्रतिशतभन्दा बढी उपदेशका वचन नबोल्नु राम्रो हुन्छ । बाँकी ९० प्रतिशतमा प्रयोगात्मक, प्रदर्शन, परिभाषा, व्याख्या, विश्लेषण, उदाहरण, उत्प्रेरणात्मक वचनहरूद्वारा विषयवस्तु स्पष्ट पार्नका लागि खर्चिएको छ ।

श्रीकृष्णका वचन र अर्जुनका जिज्ञासा हेर्दा श्रीकृष्णको वचन भार ८७ प्रतिशत र अर्जुनको १३ प्रतिशत अंश देखिन्छ । यसले श्रीकृष्णको शिक्षा विद्यार्थी केन्द्रित नभएर शिक्षक केन्द्रित देखिन्छ । तर गीता संवाद प्रयोगशालामा प्रवेश गरेको विद्यार्थीसितको संवाद हो । तब यसलाई नितान्त सैद्धान्तिक सिकाइका बखत कक्षामा शिक्षकले प्रयोग गरेको समय र विद्यार्थीले खर्च गरेको समयको अनुपातका रूपमा व्याख्या गर्न मिल्दैन । यो त प्रयोगशालामा प्रवेश गरेका विद्यार्थीलाई शिक्षकले प्रयोगशालाका नियम र सावधानीका कुरा निर्देश गरे जस्तै हो ।

श्रीकृष्णले अर्जुन जस्ता महारथि योद्धालाई महाभारत युद्ध प्रयोगशालामा हेलेर आफ्नो रेखदेखमा युद्ध क्रियाकलाप सञ्चालन गर्न सहयोग गरेका छन् । भीष्मले अर्जुनलाई मार्ने प्रतिज्ञा गर्दा आफ्नो वाचा तोडेर पनि आफ्नो शिष्य अर्जुनलाई बचाएका छन् श्रीकृष्णले । जयद्रथ मार्ने वाचा पूरा गर्न नसकी लज्जाबोधसित आत्महत्या गर्न लागेका अर्जुनलाई गजब जादूगरी रणनीतिद्वारा वाचा पूरा गर्ने अवस्था मिलाई अर्जुनको शाख उच्च बनाइदिएका छन् उनै श्रीकृष्णले । यसले के देखाउँछ भने एक सच्चा शिक्षक एक लगनशील विद्यार्थीका लागि हरेक क्षणमा सहयोग गर्न अहोरात्र चिन्तनशील हुन्छ ।

एक कर्मशील स्वाध्यायी शिक्षकले आफ्ना विद्यार्थीलाई आफ्नो प्रवृत्तिको उदाहरण दिएर कसरी उत्प्रेरित गर्छन् र गर्नुपर्छ भन्ने कुरा श्रीकृष्णले अर्जुनलाई यसरी भनेका छन्–

**न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।**
**नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ।।३।२२**

(हे अर्जुन, मलाई यो तीनै लोकमा केही गर्नुछैन र प्राप्त गर्ने वस्तु अप्राप्त हुने अवस्था पनि छैन । र पनि म केही न केही गरिरहन्छु, गरिरहेको छु ।)

कति सुन्दर भनाइ ! एक वर्षौदेखि पढाइरहेको शिक्षकलाई आफ्ना नियमित शिक्षण गर्ने कक्षाका लागि के पढिरहनुपर्छ र ? तर त्यसो होइन । स्वाध्यायन छाडियो भने बुद्धि विस्तारै खिया लाग्दै जान्छ र बोधो हुँदै जान्छ । त्यसैले विद्वान् शिक्षकले झन् धेरै अध्ययन गरेर आफ्नो ज्ञानको ओज अझ धेरै बनाउँछन् । आफ्ना विद्यार्थीलाई दिन प्रतिदिन झन्झन् ओजिलो ज्ञान दिने गर्छन् । काम चलाउ ज्ञानमा आश्रित नहुने र सधै अध्ययनमा लागिरहने शिक्षक साँच्चै श्रीकृष्णमय हुन् । उनलाई सबै पुगेको भैकन पनि आफ्नो अध्ययनको नित्यकर्म निरन्तर दिइरहन्छन्, दिइरहन्छन् ।

यो कुरा अभिभावकका हकमा पनि उत्तिकै महत्त्वका साथ लागू हुन्छ । मैले वा हामीले कमाएकै छौँ भन्ने दम्भ देखाएर आफ्ना बालबालिकाको सामु आलस्य पस्कियो भने बालबालिका बिग्रने कुरा पक्कापक्की हुन्छ । आफ्ना अभिभावक केही न केही कुरामा लागिरहेको देखेर बालबालिकाले बुझून् कि हाम्रो क्षेत्र मात्रै फरक हो तर काममा जो कोही पनि नित्य निरन्तर लागिरहनुपर्छ । कर्मयोगी संस्कार निर्माणको आधारभूमि त घरै हो ।

आजको शिक्षा तथा शिक्षण सिकाइमा गीताको सन्देशलाई जोड्न सक्ने हो भने हाम्रो शिक्षाको आधारशिला प्राचीनतम पूर्वीय दर्शनसित समायोजन गर्न सकिने छ । यसले हाम्रो प्राचीन शैक्षिक परम्पराको निरन्तरतालाई ताजा रक्तसञ्चार गरी गरिमापूर्ण इतिहासको स्पष्ट ऐना प्रस्तुत गर्नेछ ।

ooo

**सडक हामी सबैको साझा सम्पत्ति हो ।**

**सडक अतिक्रमण दण्डनीय अपराध हो ।**

**सागर मरासिनी**
**इञ्जिनियर**

**सडक पूर्वाधार विकास कार्यालय**

गुल्मी

# गोठे गोरु हरायो

✍ **हरिप्रसाद भण्डारी**
**वस्तु, धुर्कोट, गुल्मी**

म सानो छँदा हाम्रा घरमा दुईटा गोरु थिए । तिनको नाम काले र गोठे थियो ।

काले बुढो र दुब्लो थियो । उसका लामा लामा सिङ थिए तर पनि ऊ ज्ञानी थियो । जेजसो गरे पनि हान्दैनथ्यो । जे भने पनि मान्थ्यो, जता लगे पनि जान्थ्यो ।

गोठे जवान थियो । मोटोघाटो र बलियो थियो । गोठेका सिङ छोटा थिए तर खुबै अटेरी थियो । रिसायो भने फ्याँफ्याँफुँफुँ गर्थ्यो । लखेट्थ्यो । भेट्टायो भने मर्म पुग्ने गरी हान्थ्यो ।

स्कुलमा बिदा भएको दिन म तिनै गोरु लिएर वन जान्थेँ । कहिले कोलडाँडा, कहिले भर्जी, कहिले सिस्तुङ यिनै थिए मुख्य चरन क्षेत्र । गोरु चराउने सिलसिलामा गोठेप्रति विशेष ध्यान दिनुपर्थ्यो । मौका पायो भने लुसुक्क भाग्थ्यो । कसैका बालीमा पस्थ्यो र बाली खाइदिन्थ्यो । काले सोझो थियो । ऊ त्यसरी भाग्ने र अर्काको बाली खाने काम गर्दैनथ्यो ।

बेसीतिर नझरेको धेरै समय भएको थियो । बेसीतिर जान र खोलामा पौडी खेल्न निकै मजा लाग्थ्यो । कहिलेकाहीँ माछा मारेर पनि खान्थ्यौँ । आँप वा बेलौती पाक्ने बेलामा त झन् मजा आउँथ्यो । त्यसैले अबको पाली बेसीतिर जाने सल्लाह भयो । एक दुई जना भाइसाथीहरूले पनि साथ दिने भए ।

बिदाको दिन गोरु खेद्दै बेसीतिर झरेँ । छल्दी खोलामा पुगेपछि मन खुसी भयो । केहीबेर गोरुलाई बगरमा चर्न छोडेर साँघुका रहमा पौडी खेल्यौँ । रुमा, झबिन्द्र, यमलाललगायतका भाइसाथीहरू पनि सँगै थिए । रमाइलो भयो ।

केहीबेरपछि खोलाको छिरोमा खेल्ने विचार आयो मनमा । रहभन्दा केही तल खोलो पूरै डोलिएर बगेको ठाउँ थियो । कालेलाई पिट्दै त्यहीँ लगेँ र उसैको पुच्छर समाएर वारिपारि गर्न थालेँ । बडो मजा आयो । शरीरमा दौराबाहेक अरू वस्त्र थिएन । खोलामा खेल्दा एउटा भएको दौरा पनि लुछुप्पै भिज्यो ।

खेल्दाखेल्दै समय बितेको पत्तै भएन । काले साथमै थियो । गोठे गोरु सम्झेर झसङ्ग भएँ । खोलाबाट बाहिर निस्केर गोठेलाई हेरेँ तर कतै देखिएन ।

चिन्ता लाग्यो । पानीमा खेल्दाखेल्दै भोक र थकाइले गलाउँदै थियो । त्यसमाथि गोठेले गर्दा मनमा तनाव बढ्दै गयो ।

वारिपारि जतातत‍ै खोजेँ तर कतै भेटिएन ।

कसै गर्दा पनि गोरु नभेटिएपछि निराश भएँ । साथीहरू पनि जम्मा भइसकेका थिए । उनीहरू पनि दुःखी भए । त्यस्तैमा झवीन्द्रले भन्यो, "आँखाका परेला झिकेर जोखना हेर् त !"

त्यो बेला हामी कुनै वस्तु हराएमा आँखाका परेला झिकेर हातमा राख्थ्यौँ । त्यै रौँमाथि अलिकति थुकेर अर्को हातको धारले हान्थ्यौँ । हराएको वस्तु खोज्ने लोकल तरिका यही थियो हाम्रो ।

त्यसै गरेँ । आँखीभौँ थुतेर हत्केलामा राखेँ । त्यही रौँमाथि थुकेँ र हातले हानेँ । उक्त रौँ घरतिरै गयो ।

त्यो देखेपछि साथीहरूले भने, "ल तेरो गोरु घर गैसकेछ जाऊँ हिँड । "

मलाई पनि होजस्तो लाग्यो । त्यसपछि म काले गोरु खेद्दै घरतिर लागेँ ।

दौरा चिसो थियो । शरीर गलेको थियो । भोकले गर्दा पेटमा मुसा दगुर्दै थिए । जाडोले शरीर लुगलुग काँपिरहेको थियो । मनमा अनेकौँ कुरा खेलिरहेका थिए ।

जसोतसो घर पुगेँ । घर गएर हेर्दा गोठ रित्तै थियो । बित्यास पर्‍यो । मन आत्तियो । बसेर क्वाँ क्वाँ रुन थालेँ ।

'दुईटा गोरु पनि हेर्न नसक्ने' भनेर बुबा रिसाउनुभयो । भुतभुताउँदै गोरुको खोजीमा निस्कनुभयो ।

'बुबाले गोरु लिएर आए हुन्थ्यो ।' मनमा यस्तै कुरा खेलिरहे । आमाको अनुहारमा पनि आक्रोश भरिएको थियो । त्यसैले खाना खान पनि मन लागेन ।

बुबा राति अबेर घर आउनुभयो तर रित्तै !

"गोरु भेटिएन ?" आमाले सोध्नुभयो ।

"जताततै खोजेँ, कहीँ पनि भेटिएन । " लामो सास फेर्दै बुबाले जबाफ दिनुभयो ।

"किराले पो खायो कि ?" आमाले भन्नुभयो । हामी बाघलाई किरो भन्थ्यौँ ।

"छि ! अशुभ नबोल । " बा झर्कनुभयो ।

"त्यसो भए बुल्म पो गयो कि !' आमाले अनुमान लगाउनुभयो ।

"मलाई पनि त्यस्तै लागेको छ । अन्त जाने त ठाँवै छैन । " बुबाले भन्नुभयो ।

हाम्रो घरमा हलो जोत्ने कुमाल थिए । उनको नाम झुपे थियो । उनको घर हालको इस्मा गाउँपालिका वडा नं. ६ बुल्म भन्ने गाउँमा थियो ।

छल्दी खोलाको नजिकमा रहेको बुल्म गाउँमा कुमाल जातिको बस्ती छ । उनीहरू माटाका भाँडा बनाएर बेच्ने, खोलामा माछा मार्ने र बाहुनहरूका घरमा

काम गरेर जिविका चलाउने गर्थे । निकै गरिब अवस्था थियो । पढ्ने लेख्ने चलन थिएन । हाल आएर त्यो गाउँका धेरै युवाहरूले पढ्न थालेका छन् । जागिर खाएर उच्च तहमा पुगेका पनि छन् । कतिपय युवाहरू वैदेशिक रोजगारीमा गएका हुँदा गाउँको आर्थिक अवस्थामा पनि सुधार हुँदै गएको छ ।

अँ भन्दै थिएँ, झुपे कुमालले हाम्रो घरमा काम गर्थे । कहिलेकाहीँ झुपेले दुबै गोरुलाई आफ्नो घरमा लैजान्थे र मिठो मिठो घाँस खान दिन्थे । त्यसैले गोठे भाग्न पायो भने उतै जान्थ्यो ।

त्यो बेलासम्म हामी बाहुनहरूले हलो जोत्नु हुँदैन, अनौ समायो भने जात जान्छ भन्ने चलन थियो । पछि म जान्ने भएपछि आफ्नो खेतबारी आफै जोत्न थालेँ । पछि पछि मजस्ता अरू युवाहरूले पनि जोत्न थाले ।

झुपे दाइ हाम्रोमा काम गर्न आउँथे । दिनभरि काम गरी साँझ आफ्नै घर जान्थे ।

म सानै थिएँ । उनी मलाई औधी माया गर्थे । एकदिन घरबाट आउँदा मलाई खाने कुरा ल्याइदिएका रहेछन् । बाआमाले थाहा नपाउने गरी घरपछाडि बोलाए । गएँ । सिल्टीको बटुकामा पकाएको मासु ल्याएका रहेछन् । एक एक टुक्रा मुखमा हालिदिए । पकाएको मासु मिठो थियो । स्वाद मानीमानी खाएँ ।

पछि मलाई थाहा भयो, उनले ल्याएको मासु आइँपाडीको रहेछ ।

गोठे गोरु हराएको अर्को दिन बुबाको के काम पर्‍यो कुन्नि बुल्म जान भ्याउनुभएन । मलाई पठाउनुभयो ।

त्यो भन्दा पहिले म धेरैचोटि गइसकेको थिएँ । बुल्म जाँदा अरू सबै कुरा त ठिक लाग्थ्यो तर एउटा समस्या थियो । कुमालहरूले प्रत्येक घरमा काला सुँगुर पालेका हुन्थे । ती सुँगुरलाई चौँचे भनिन्थ्यो । चौँचेहरू चौँ चौँ गर्दै बाटामा घुमिरहेका हुन्थे । टोक्लान्जस्तो गर्थे ।

एक दिन आमाले भन्नुभएको थियो, "हामी बाहुनहरू चौँचेसँग छोइन हुन्न, नछोइनू । चौँचेले छोयो भने जात जान्छ । बर्तन (व्रतबन्ध) गरेको छ भने नुहाउनुपर्छ । जनै फेर्नुपर्छ । सुनपानी छर्कनुपर्छ । "

बुल्म जाँदा सुँगुरले छोलान् र जात जाला भन्ने कुरामा म निकै सतर्क हुन्थेँ । डराउँथेँ । सधैँ हातमा हँसिया र लौरो समाएर जान्थेँ । बाटामा सुँगुर देखेँ भने लौरो देखाउँदै अघि बढ्थेँ ।

त्यो दिन पनि हँसिया र लौरो समाएर बुल्म गएँ । दिउसोको समय थियो । झुपे कुमालको घर अलि उच्च स्थानमा थियो । वरैबाट देखिन्थ्यो । जाँदाजाँदै वरैबाट देखेँ - गोठे गोरु झुपेका घरमा थियो । गोरु देखेपछि म निकै खुशी भएँ ।

झुपे दाइको आँगनमा छिमेकीहरू जम्मा भएर हल्ला गर्दै थिए । मासु काट्दै रहेछन् । आँगनसँगै ठूलो अँगेनो थियो । अँगेनामा धेरै दाउरा जोरेर ठूलो आगो बालेका थिए ।

केही समयपछि ठूला ठूला चोक्टा मासु पोल्न थाले । आगोको भुँङ्ग्रोमा मासु पोल्दा चर्चर् आवाज आइरहेको थियो । पोलेको मासु सेलाएपछि साना साना टुक्रा बनाएर काटे अनि मलाई पनि दिए ।

पोलेको मासु खाएँ । साह्रै मिठो थियो । पेटभरि मासु खाएपछि गोठे गोरु फुकाएर घरतिर आएँ । फर्कदा पनि बाटाभरि चौँचे थिए । चौँचेले छोला र जात जाला भनेर लौरो घुमाउँदै थिएँ । कुनै सुँगुरले छुन पाएन । जात जोगिएकोमा खुशी भएँ ।

तर धेरै समयपछि थाहा भयो– मैले झुपे कुमालको घरमा खाएको मासु त्यै चौँचेको रहेछ ।

०००

# मूल गेट

**✍ अरुण 'नदी' खत्री**
**सामाखुशी मार्ग, काठमाडौं**

एकदिन रोशनी उनीसँगै कार्यालयमा काम गर्ने साथी मेनुकाको घरमा पुगिन् । मेनुकाको घरमा करिब आधा घण्टाजति बसेर आफ्नो घरतर्फ लागिन् । उनी आफ्नो घर फर्कंदा मेनुकाको घरबाहिरको मूल गेट खुल्लै राखेर बन्दै नगरीकन फर्केकी थिइन् । मेनुकाले गएर मूल गेट आफैले बन्द गरिन् ।

केही महिनापछि मेनुका रोशनीको घरमा विशेष काम परेर पुगिन् । रोशनीको घरमा आधा घण्टाजति बसेर एककप चिया पिएर मेनुकाले पनि रोशनीको घरको मूल गेट बन्दै नगरी आफ्नो घर फर्कन लाग्दा रोशनीले 'गेट लगाएर जाऊ नि' भनिन् ।

'तिमी मेरो घरमा आएर आफ्नो घरमा फर्कंदा मेरो घरको मूल गेट बन्दै नगरी गएको होइन' मेनुकाले भनिन् । 'हो त नि मैले तिम्रो घरको गेट नै नलगाईकन हतारमा आफ्नो घर फर्केकी थिएँ । तिम्रो घरमा लक्ष्मीले बास गर्छिन् कि भनेर गेट नलगाएर म फर्केको नि' रोशनीले भनिन् ।

०००

# म आधुनिक नेता

✍ **मोहन ज्ञवाली**
**कपिलवस्तु**

कोही भने नकच्चरो, मेरो काम हेर्दा ।
केही भने ढटुवा हो, कुरा फेर्ने गर्दा ॥
नेता हुँ म पैसा बाँडी, मत माग्ने बानी
सम्पतिला जोर्दै छु म, मरी साथ लानी ॥

अग्रजका नाम काम, भजाउँछु मैले
दलाल र चाटुकारी, मेरो गुण ऐले ।
नीति मेरो घाट गयो, दर्शन धुवाँमा
इमान र देशप्रेम, खसाले कुवामा ॥

कट्टु मेरो फुस्किनाले, छैन मला लाज
तर पनि मञ्च पुगी बोल्ने गर्छु आज ॥
ज्ञान गुण केही छैन, भाउ भने कस्छु ।
बेला मौका भेद खुल्दा, लुकी भित्र बस्छु ॥

तीस वर्ष खाएँ मैले, पचास खाउँला ।
तस्करी र कमिशन, स्रोत बनाउँला ॥
कुर्सी लाज माने पनि, बस्न त छाडदिनँ ।
काम छैन नेतागिरी, गर्न त छाड्दिनँ ॥

फूलबारीका फूल बेची, खाने अर्को धन्दा ।
धेरै कुरा हात पारें, आज नेता बन्दा ॥
देवभूमि, पूर्वजको, उपहास गर्दै
खानी हाम्रो बानी परो अलोपालो गर्दै ॥

बाजे बराजुका कुरा बगाए खोलामा ।
आफ्नो धर्म बेची डुल्छु अरूका झोलामा ॥
धन पद कमाउनु, दर्शन यहीं हो ।
घर गाडी पार्टी भोज मौका त यहीं हो ॥

कैले हामी घोचपेच, हानाहान गर्दै ।
जस्तो सुकै परे पनि, कुर्सी कब्जा गर्दै ॥
बाटो सधै पाइरहूँ, रमाउन पाऊँ ।
सधैं सधै हजुरला, मेरा भन्न पाऊँ ॥

ooo

# समृद्ध प्रदेश, खुसी जनता

✍ मित्र 'उराठी' गौतम
इस्मा गा. पा. -६, अमरपुर -गुल्मी
हाल : तिलोत्तमा न. पा. -२, जानकीनगर

उठ उठ ए ! उठ
झलमल्ल घाम लागेर
हिमाल हाँसेको छ
जुटजुट अब पौरखमा जुट
डाँफे, मयुर नाचेको छ ।
आऊ सन्ते, मंगले, चमेली र पुतलीहरू
हिम्मतसाथ पहरा ठोक
उर्वर भूमिमा बिउ रोप ।

बोलाऊ नेपाली दा भिन्चीहरूलाई
राष्ट्रियता धर्मराएको बेला
मानवता मुर्झाएको बेला
अब मोनालिसा मात्र हैन
सप्तरङ्गी रङहरूमा
कुची चोपेर
हरेक नेपालीको छातीमा
राष्ट्रियताको चित्र बनाइदेऊ
मानवता जुर्मुराउने मित्र बनाइदेऊ ।

यहाँ सुरूङमार्गमा रेलगाडी गुडाउनु छ
नेपाली ध्वजावाहक विमान उडाउनु छ
अपार जलस्रोतको उपयोग गर्दै
बिजुली झलमल्ल बाल्नु छ
विकासको मूल फुटाउँदै
अशिक्षा र गरिबी फाल्नु छ ।

नौलो प्रविधि विकास गर्दै
हाम्रा खानीहरू खोल्नु पर्छ
अमूल्य जडिबुटी जुटाउँदै
अमृत रूपमा घोल्नु पर्छ

संस्कृति जगेर्ना गरौं
पर्यटक हाम्रा पाहुना हुन्
विश्वबन्धुत्वको मनन गरी
'वसुधैव कुटुम्बकम्' बोल्नु पर्छ ।

किन अछट्ट ए दमाई दाइ ?
आऊ तिम्रो सियोले
फाटेका मनहरू सिलाउनु छ
तर्केर नबस कामी दाइ
तिम्रो रसानको सीपले
विविधतामा एकता मिलाउनु छ ।

छोरो खाडीमा फस्यो
छोरी विदेश बस्यो भनेर
नबिरक्तिनु आमै
अब फर्कनेछन् आफ्नै देशमा
रमाउने छन्
आफ्नै भाषा र भेषमा ।

किनकि,
हाम्रो प्रदेशमा
अविकासको अँध्यारो पहाड
गर्ल्याम्म ढल्दै छ
गाउँ, बस्ती बस्तीमा
समृद्धिको उज्यालो फल फल्दै छ
"समृद्ध प्रदेश, खुसी जनता"
अभियान हाम्रो चल्दै छ

सहयोगापेक्षी, वृद्धवृद्धा
सबको मुहारमा हाँसो ल्याउँदै
हाम्रो मुटु लुम्बिनीमा
शान्तिको दीप बल्दै छ ।

ooo

# गुल्मीलाई सम्झँदा

✍ **सीता खनाल पोखरेल**
**तानसेन-२, पाल्पा**

प्रतिबिम्ब गुल्मीको हेरी, त्यसैमा हराउँछु ।
त्यसैले त म गुल्मीकी छोरी हुन रुचाउँछु ॥

गुल्मीको धूलोमाटोमा जन्म लिएँ मैले ।
बालापनको सम्झना ताजा भए अहिले ॥

ताजा छन् ती दिनहरू धूलीमाटी खेलाएको ।
झन्-झन् झल्को बढ्दछ साथी सँग-सँगै रमाएको ॥

मन आनन्दले गद्गद् हुँदा मनले साथी खोज्दछु ।
त्यसैले त म गुल्मीकी छोरी हुन रुचाउँछु ।

पानीले मुछी माटो खेलौना बन्थे ढिकी जाँतो ।
लडीबुडी खेलेका थियौं लुगा हुन्थे रातै माटो ॥

मात्र छ वर्षकी बालिका कति पो सम्झन्थें र ?
बुबाको इच्छा हुन्थ्यो जन्मघर नबिर्स हेर ॥

बेलाबेलामा जन्मस्थान कुल्चन पाइन्थ्यो ।
तराई झरी पहाड फर्कंदा स्वर्ग आएझैं हुन्थ्यो ॥

हर्लक्क बढें जवानी भएँ त्यस्तै दिन बित्दै गए ।
कति आनन्द लिन्थें होला गुल्मीकै काखमा बस्न पाए ॥

प्रसिद्ध त्यसै भएकी छन् गुल्मी कालीगण्डकी बहेकी ।
तीर्थधाम छ रुरुक्षेत्र, त्यसैले नाम कमाएकी ॥

तपोभूमि रेसुङ्गामा पौवा, मठ-मन्दिर ।
यति सुन्दर रमणीय क्षेत्र अन्त कतै छ र ?

धागिथुम गर्जुराबाट देखिने हिमशृङ्खला ।
त्यो रमणीय दृश्य हेरी नरमाउने को होला ?

त्यस्तै रमणीय दृश्यको कल्पना गरी रमाउँछु ।
त्यसैले त म गुल्मीकी छोरी हुन रुचाउँछु ॥

धूलीबाजी गुलीडण्डा धूलो माटो खेलाउँदै ।
लिई हिंड्नुभयो बुबा ६ वर्ष पार गराउँदै ।

साँच्चै रमाइला थिए ती दिन त्यो ठाउँमा ।
कति प्यारो थियो मलाई गुल्मीको पराल्मी गाउँमा ॥

जे होस् आज ती दिनहरू सम्भीसम्भी रमाउँछु ।
त्यसैले त म गुल्मीकी छोरी हुन रुचाउँछु ॥

माटो भए पनि स्पर्श गर्न मन लाग्दछ ।
रिडी पारी गएर ॥

यति प्यारो मलाई गुल्मी ।
गुल्मीकी छोरी भएर ॥

साच्चै जन्मस्थान यति प्यारो हुने ।
मलाई मात्र होइन होला ॥

जन्मस्थान चटक्क छोड्दा
मन नदुख्ने को होला ?

यस्तै सम्भना गरी त्यसै म टोलाउँछु ।
त्यसैले त म गुल्मीकी छोरी हुन रुचाउँछु ॥

ooo

# मान्छेको मन

✍ **गणेशपुण्य श्रेष्ठ**
**बुटवल, रूपन्देही**

सयौं वर्षको नाता हाम्रो
खडेरीले खाए जस्तो लाग्यो
आत्मियता, मया प्रेम
हराए भैं लाग्यो ।

सगरमाथा जस्तै ठिंग उभिएको विश्वास
हिम पहिरोले बगाए जस्तो लाग्यो
अपमानको भुँमरीमा
कतै ठेस पुगेजस्तो लाग्यो ॥

ooo

# पुस्तक मन्दिरमा योगी नरहरिनाथलाई थपौं !

✍ **अर्जुन ज्ञवाली**
**शङ्करनगर, रूपन्देही**

गुल्मी रेसुङ्गाको काख तम्घासस्थित किरण पुस्तकालयले आफ्नो स्वर्ण-जयन्ती मनाइसकेको छ । यसको स्थापना २०२५ सालमा भएको हो । यसका संस्थापक शशि पन्थी हुन् । यसको सुरूवात पं. देवीदत्त पन्थीको गाईगोठमा भएको हो । शशि भन्छन्- पाँचसय पुस्तक जम्मा गरी हाम्रो गाईगोठमा यसको स्थापना गरिएको हो । आफ्नो गोठमा भए पनि पुस्तक मन्दिरको स्थापना गर्न पाउँदा हामी खुशी थियौं । मात्र पाँच-छवटा पत्रपत्रिका आउँथे । गोरखापत्र, दैनिक निर्णय, मधुपर्क, लुम्बिनी सन्देश साप्ताहिक र दुईवटा अरू साप्ताहिक ।

गोठ, ढुंगाले छाएको एकतले ठाँटी घर, त्यसपछि दुई तले घर हुँदै अहिले भने पुस्तकालय चार तले आधुनिक प्रविधिको घरमा छ । बधाइ छ, संस्थापक र यसका अभियान्तालाई ।

२०२६ सालको कुरो हो, लुम्बिनी सन्देशको नाम आउँदा म त्यसमा जोडिन्छु । त्यतिखेर यो पंक्तिकार म लुम्बिनी सन्देशको सम्पादक थिएँ । शशि त्यसमा चिठीपत्री स्तम्भमा चिठी लेख्थे । प्रश्नोत्तर स्तम्भ पनि थियो । त्यसमा प्रश्न सोध्नेलाई जवाफ दिइन्थ्यो । त्यसमा प्रश्न पठाउँथे । लेख्दै जाँदा तिनी समाचार पनि लेख्न थाले । समाचार टिप्पणी पनि लेखे । हुँदाहुँदै लुम्बिनी सन्देशको संवाददाता भए । यस प्रसंगलाई जोडेर उनी मलाई आफूलाई पत्रकार बनाएको श्रेय दिन्छन् ।

पुस्तकालयलाई सरकारी स्वीकृति लिन पुस्तकहरू थप्नुपर्‍यो । नियमित रूपमा खोल्ने गर्नुपर्‍यो । यो व्यवस्था संस्थापकहरूले निकै सक्रिय भएर गरे । स्वीकृतिमा पहल गर्ने व्यक्ति त्यतिखेरका पञ्चनेता माननीय दयानिधि शर्मा हुन् । संस्थापनकालका अन्य पुस्तकालय अभियान्ताहरूमा पं. देवीदत्त पन्थी, डा. टीकाराम पन्थी, भेषबहादुर कुँवर, देवीप्रसाद पन्थी, पद्मपाणि उपाध्याय, पद्मप्रसाद पन्थी, ज्ञानहरि आचार्य, रमेशकुमार शर्मा, लक्ष्मीनाथ चिरञ्जीवी गौतम, पूर्णसिंह टन्डन, डिल्लीराज उपाध्याय, नरप्रसाद श्रेष्ठ, ताराबहादुर थापा, शङ्कर थापा, चिरञ्जीवी शर्मा, दधिराम सापकोटा आदि थिए ।

अहिले पुस्तकालयमा दश हजारभन्दा बढी पुस्तक छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आधुनिक प्रविधिमा चार तले आलिशान भवन बनाइदिएको छ । निकट भविष्यमा यसलाई इ-लाइब्रेरी बनाउने योजना छ । यसमा स्थानीय पालिका, प्रदेश सरकार, संघीय सरकार सबैको राम्रो सहयोग छ । पूर्वपञ्च

वैकुण्ठबहादुर चन्द, चेतनारायण उपाध्याय मरासिनी, पूर्व सांसद भागवत ज्ञवाली, रुद्रमणि शर्मा भण्डारी, चन्द्र भण्डारी, प्रा.डा. कृष्णबहादुर छन्तेल र वर्तमान सांसद्हरूमा गोकर्ण बिष्ट र प्रदीप ज्ञवालीको पहल उल्लेखनीय छ । पुस्तकालयले आफ्ना प्राज्ञिक गतिविधि नियमित रूपमा सक्रियतापूर्वक सञ्चालन गरेको छ । स्थापनाकालदेखि नै देशका मूर्धन्य साहित्यकारहरू भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालका जन्मजयन्तीहरू मनाउने काम भैरहेको छ ।

जिल्ला, प्रदेश र राष्ट्रियस्तरका भाषिक, साहित्यिक र पुस्तकालयसम्बन्धी गोष्ठीहरू धेरै भएका छन् । स्रष्टाहरूलाई पुरस्कार र सम्मान गर्ने काम निरन्तर भएको छ । २०३० सालदेखि हाम्रो पुरुषार्थ वार्षिक, अर्धवार्षिक, त्रैमासिक हुँदै प्रकाशित भैरहेको छ । भाषा, साहित्य, संस्कृति, इतिहास, पुरातत्त्व तथा पर्यटनका विभिन्न विधामा विशेष सामग्रीयुक्त विशेषांक प्रकाशित गर्ने काम भएको छ र भैरहेको छ । हाम्रो पुरुषार्थ र यसका विशेषाङ्कहरूसमेत गरी अंक ९० सम्म पुगेका छन् । विशेषांकको लागि सामग्री संकलन गर्दा जिल्ला, प्रदेश र राष्ट्रकै विशिष्ट, शिक्षाप्रद र सन्देशमूलक सामग्री चयन गर्ने प्रयास गरिएको छ । डेढ दर्जनभन्दा बढी ऐतिहासिक, सांस्कृतिक, साहित्यिक र अनुसन्धानात्मक कृतिहरू प्रकाशित छन् ।

रेसुङ्गालाई महापण्डित दधिराम मरासिनी, योगी नरहरिनाथ, स्वामी प्रपन्नाचार्य जस्ता अर्वाचीन महर्षि तथा डा. टीकाराम पन्थी तथा कवि हरिप्रसाद आचार्य जस्ता विद्वान्हरूले त्रेतायुगका ऋष्यशृङ्ग ऋषिले तपस्या गरेको ठाउँ भनेर भनेका छन् । यसलाई यसो भन्दा यिनीहरूले विभिन्न जनश्रुति तथा किंवदन्तीका साथै पुराणहरूमा भेटिएका कतिपय प्रमाणलाई आधार बनाएका छन् ।

अहिले अलि नजीकैको समयको आधारमा यसको महिमा खोज्ने हो भने यो ठाउँ सन्त शशिधर स्वामी (१८०४-१९०६) ले तपस्या गरेको ठाउँ हो । शशिधर स्वामी अर्घाखाँची जिल्लाको बामरूकका मरासिनी हुन् । यिनले नेपाल र भारतका विभिन्न ठाउँमा, पहाड र पर्वतका गुफाहरूमा तपस्या गरेर श्रेय प्राप्त गरेका छन् । यिनी जोसमनी सम्प्रदायका प्रवर्तक हुन् । जोसमनी सम्प्रदाय बनेपछि सँगसँगै सन्त साहित्यको विकास सुरू भएको हो ।

शशिधरका छोरा लक्ष्मीनारायणले रेसुङ्गामा लामो तपस्या गरे । उनले तपस्याबाट सिद्धि पनि प्राप्त गरे । उनी आबाल ब्रम्हाचारी हुन् । तिनै लक्ष्मीनारायण रेसुङ्गाका महाप्रभु हुन् । शशिधरका छोरा महाप्रभु भए भने यसै वंशमा जन्मेका दधिराम मरासिनी महापण्डित भए । सन्त शशिधर स्वामीको एउटा प्रसिद्ध कृति छ-बाणोपनिषद् । २०३३ सालमा किरण पुस्तकालयले प्रकाशित गरेको छ ।

ऋष्यशृङ्ग ऋषि र सन्त शशिधरले तपस्या गरेको र महाप्रभु लक्ष्मीनारायणले तपस्या गरी सिद्धि प्राप्त गरेको रेसुङ्गाको काखमा पुस्तकालयको स्थापना भएको छ । पुस्तकालयको स्थापना एउटा गाईगोठबाट भएको छ । गाईगोठमा स्थापना परिस्थितिवश भए होला । यो आफ्नो ठाउँमा छ । तर यसलाई परिस्थितिवश मात्र नभनेर तारतम्य पनि भन्न सकिन्छ । ऋष्यशृङ्ग ऋषि त्रेतायुगका महर्षि हुन् । वशिष्ठ, विश्वामित्रका समकालीन । राजा दशरथले पुत्रेष्टि यज्ञ गर्दा तिनी आचार्य थिए । तिनले जुन ठाउँमा तपस्या गरे र ज्ञान प्राप्त गरे, अनि जुन ठाउँमा सन्त बाउ छोराले तपस्या गरे र सिद्धिसमेत प्राप्त गरे, त्यस ठाउँको काखमा पुस्तकालयको स्थापना अवश्य पनि अर्थपूर्ण छ । यसलाई सामान्य मात्र नभनेर तारतम्य पनि भन्न सकिन्छ । ज्ञान र सिद्धिलाई भण्डारण गर्न एउटा भण्डारकक्षको आवश्यकता पर्‍यो । पुस्तकालय भनेको ज्ञानको भण्डार हो । यस अर्थमा एउटा तारतम्यभित्रै तम्घासमा किरण पुस्तकालयको स्थापना भएको हुनुपर्छ । गाईको गोठमा यसको स्थापनालाई पवित्रताको अर्थमा लिन सकिन्छ । कामको प्रकृतिले पवित्रता प्रयोजन भए होला । पुस्तकालयले २०३३ सालमा सन्त शशिधर स्वामीको कृति बाणोपनिषद् प्रकाशन गरेको कुरालाई तादात्म्य भनेर भन्न सकिन्छ । यस तादात्म्यलाई तारतम्यभित्र राख्न पनि सकिन्छ ।

अब एकछिन योगी नरहरिनाथको बारेमा चर्चा गरौं ।

डा. टीकाराम पन्थीले योगी नरहरिनाथका बारेमा आफ्नो कृति सांस्कृतिक चिन्तन (२०६२) मा लेखेका छन्–

उहाँ संस्कृतवाङ्मयका अतुलनीय मनीषी, कवि, नेपाली धरातलको जातीय, सांस्कृतिक, राजनीतिक, धार्मिक र भौगोलिक इतिहासका मर्मज्ञ विद्वान् हुनुहुन्छ । गोरक्षनाथीय संप्रदायको आद्योपान्तका अभिज्ञ पनि उहाँ नै हुनुहुन्छ । हाल उहाँ जीवनको अन्तिम चरणमा, मृगस्थली गोरक्षपीठस्थ जीर्णशीर्ण भवनको एक कोठामा रहनु भएको छ तापनि भारतका दिग्विचक्षण शंकराचार्यहरूलगायत विख्यात विद्वान्हरूभन्दा उच्चस्तरीय विलक्षण विद्वान् हुनुहुन्छ । नेपालीहरू चिनून्, नचिनून्, त्यो आर्कै कुरा हो । भविष्यमा पनि चिन्दै जालान् । (२०५९ मा योगी ब्रह्मलीन हुनुभयो) ।

रेसुङ्गा र किरण पुस्तकालयका बारेमा दुई शब्द लेखिरहँदा म पनि यहाँ योगी नरहरिनाथलाई थप्न चाहन्छु र तिनका बारेमा दुई शब्द लेख्न आवश्यक ठान्दछु । योगी नरहरिनाथले २०४२ सालमा रेसुङ्गामा आएर महिनाभर कोटिहोम महायज्ञ गरेका हुन् । यसबाट तिनको यहाँ सशरीर उपस्थिति देखिन्छ । कोटि होममा आवश्यक पर्ने धार्मिक ग्रन्थहरू किरण पुस्तकालयबाट रेसुङ्गामा लगिएको थियो ।

यस्तै, पं. परशुराम उपाध्याय पन्थीले रेसुङ्गाको बारेमा एउटा राम्रो पुस्तक लेखेका छन् । पुस्तकको नाम छ– तपोभूमि रेसुङ्गाधाम । यिनी हुन्– रेसुङ्गाकै काख तम्घासमा जन्मेका, हुर्केका, खेलेका, यसै जङ्गलमा गाई चराएका, रेसुङ्गा गुठीका मुख्य अंशीयार, स्व–अध्ययन र काशीमा थप अध्ययनबाट पण्डित । अहिले आफ्नो शतवार्षिकी मनाएर आध्यात्मिक चिन्तनमा लीन जीवित इतिहास । यिनले रेसुङ्गाधामलाई विभिन्न श्रुति, स्मृति, किंवदन्तीका आधारमा सिद्धारण्य, धर्मारण्य, देवगिरि, कामदगिरि, सिद्धक्षेत्र, सिद्धेश्वर, सिद्धाश्रम, गोपर्वत, शृङ्ग्याश्रम, मुन्याश्रम आदि नाम दिएका छन् । रेसुङ्गा सिद्धाश्रमको बारेमा योगी नरहरिनाथले लेखेको कविता पनि तिनको कृतिमा समावेश छ ।

**रेसुंगाभिधया प्रसिद्धिमगमत् श्री ऋष्यश्रृङ्गाश्रमः ।**
**प्रालेयाचलदक्षिणेखिलगुणे श्रीगण्डकीपश्चिमे ॥**

**सश्यश्यामलगुल्मिमण्डलमणिर्गोवृत्तिशैलाश्रयः ।**
**श्रौतस्मार्तपथप्रवर्तितजनो यो यज्वभिः सेवितः ।**

***तपोभूमि रेसुङ्गाधाम (२०६७)***

जहाँसम्म किरण पुस्तकालयको पुस्तक मन्दिरमा योगी नरहरिनाथलाई थप्ने कुरा छ त्यसै प्रसङ्गलाई छोपेर योगी नरहरिनाथको एउटा सामग्री भण्डारणका लागि मैले पठाएको छु । त्यस सन्दर्भमा पुस्तकालयका संस्थापक शशि पन्थीलाई एउटा चिठी लेखेको हुँ । त्यसको नमूना यहाँ राख्न सान्दर्भिक ठान्दछु ।

*श्री शशि पन्थीजी,*
*किरण पुस्तकालय*
*तम्घास, गुल्मी*

*तपाईंले स्थापना गरेको पुस्तकालयले राम्रो प्रगति गरेको छ । अब इ–लाइब्रेरीमा जाँदै हुनुहुन्छ, त्यसका लागि तपाईंलाई बधाइ छ ।*

*तपाईंको पुस्तकालयमा सुरक्षित गर्न मैले योगी नरिहरिनाथसित सम्बद्ध एउटा सामग्री पठाएको छु । विषय योगी नरहरिनाथसित अन्तर्वार्ता हो । त्यसको लेख्य रूप पनि, श्रव्य रूप पनि संलग्न छ । त्यसको लेख्य रूप मेरो कलम र कालम पुस्तकमा छापिएको छ । त्यो पुस्तक यसैसाथ छ । त्यस्तै श्रव्य रूपको एउटा अडियो क्यासेट पनि यसैसाथ छ । अडियो क्यासेटबाट योगीका वाणीहरूलाई पुस्तकालयको कम्प्युटरमा सार्नुहोला । प्रसंगमा बजाउन सकिन्छ । कलम र कालमलाई पुस्तकहरूको लहरमा राख्नुभयो भने खुशी हुनेछु । सँगसँगै एकादेशको कथा भन्ने एउटा नियात्रा र समय सारथि भन्ने समसामयिक लेखहरूको संग्रह छ, सुरक्षित गरिदिनुभयो भने आभारी हुनेछु ।*

*जहाँसम्म योगी नरहरिनाथसितको अन्तर्वार्ताको कुरा छ, त्यसमा मातृसत्ता, महिलाहरूको व्रतबन्ध, हिन्दू धर्म, पशुपतिनाथको पूजा आदि सम्बन्धमा तर्कसँगत दृष्टिकोण छ । यो अन्तर्वार्ता मैले योगी नरहरिनाथ रूपन्देहीको देवदह आएका बखत पाकरीको वृक्षमुनि लिएको हुँ । रेडियो लुम्बिनीमा यो अन्तर्वार्ता बजेको पनि हो । यस अन्तर्वार्तालाई एउटा उद्दीपन मानेर तपाईंले नरहरिनाथसित सम्बद्ध धर्म, संस्कृति, इतिहास र पुरातत्त्वका प्रशस्त ज्ञान सामग्री पुस्तकालयमा भण्डारण गर्नुहुनेछ भन्ने मलाई पूर्ण विश्वास छ । तपाईंको पुस्तकालयमा योगी नरहरिनाथका केही सामग्रीहरू अवश्य होलान् । तर पनि उनी धर्म, इतिहास, संस्कृति र पुरातत्त्वसम्बन्धी ज्ञानका निधि हुन् । तिनीसित सम्बद्ध प्रशस्त सामग्री यत्रतत्र छरिएका छन् । तिनलाई जहाँसम्म बटुलेर पुस्तकालयमा राख्न सकियो भने पुस्तकालयको श्रीवृद्धि हुनेछ भन्ने मनसायले तपाईंलाई यो चिठी लेखेको हुँ।*

*ऋष्यशृङ्ग ऋषि, सन्त शशिधर स्वामी र महाप्रभु लक्ष्मीनारायणको तपोभूमिमा योगी नरहरिनाथको उपस्थिति अवश्य पनि सम्यक् हुन्छ । योगी नरहरिनाथलाई लिएर कुनै बेला कुनै कार्यक्रम होला, त्यसबेला योगीको अन्तर्वार्ता बजाउन सान्दर्भिक हुनेछ ।*

*- तपाईंको सहपाठी पनि अर्जुन ज्ञवाली ।*

तपस्वीहरूको तपोभूमि, ध्यानभूमि, ज्ञानभूमि, सिद्धिभूमि रेसुङ्गाको काखमा अवस्थित ज्ञानको मन्दिर किरण पुस्तकालय आफ्नो अभीष्ट पूरा गर्नमा सक्षम देखिंदै आएको छ । ज्ञान र ध्यानको उर्वराभूमिमा यो ज्ञानको ज्योति अनन्तसम्म दीगो रहिरहोस् शुभकामना छ ।

ooo

**कोभिडबाट बच्न र बचाउन प्रत्येक व्यक्तिहरूले निम्न कुराहरू निरन्तर अवलम्बन गर्नुपर्दछ ।**

- निरन्तर साबुनपानीले हात धुने र बेला-बेलामा अल्कोहलयुक्त सेनिटाइजरको प्रयोग गर्ने ।
- घरबाट बाहिर निस्कँदा वा कार्यक्षेत्रमा बस्दा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने ।
- घरबाट बाहिर निस्कँदा, भिडभाड तथा सार्वजनिक स्थलमा जाँदा कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्ने ।

**अनुरोधक**

**स्वास्थ्य कार्यालय, गुल्मी**

# चार्वाकदर्शन

✍ **नारद गौतम**
**बुटवल, रूपन्देही**

छन् वेदान्त र न्याय, साङ्ख्य अनि यो अर्को छ वैशेषिक ।
मीमांसा भनिने छ दर्शन यिनी मानिन्छ है आस्तिक ।।
छन् पाँचै गढिला र लोकहितका ठानिन्छ ती चिन्तन ।
भन्छन् नास्तिक अन्य एक छ नि त्यो चार्वाक हो दर्शन ।।

***

आस्था छैन अनन्त शक्ति छ भनी मान्दैन चार्वाकले ।
स्वीकार्दैन छ एक ईश्वर भनी यस्ले कुनै कोणले ।।
यस्को सोंच पृथक् छ आचरणमा राख्दैन वास्ता पनि ।
पढ्दा ताजुब लाग्छ सत्यसित यो मिल्दैन टाढा छ नि ।।

***

छैनन् स्वर्ग र धर्म भन्छ सब यी हृत्कल्पनामात्र हुन् ।
हैनन् सत्य कुरा यिनी नरकका ती भावनामात्र हुन् ।।
लोकै छैन अरू कुनै जुन छ यो धर्ती यही मात्र हो ।
मान्छेको पनि जन्म हुन्न नि अरू जे हो यही गात्र हो ।।

***

कर्ता छैन स्वयं खडा छ नि जगत् छैनन् कुनै पालक ।
यो ब्रह्माण्ड चलाउने प्रकृति हो छैनन् अरू चालक ।।
जे प्रत्यक्ष अगाडि पर्दछ त्यही हो सत्य देखिन्छ जो ।
छैनन् अन्य प्रमाण मान्न सकिने मानिन्छ मिल्दिन्छ जो ।।

***

खाऊ मोजमजा गरीकन सदा जाओस् बितोस् जीवन ।
घ्यू खाऊ ऋण काड्न पर्दछ भने काडेर ल्याऊ धन ।।
आफ्नो जे जसरी मनोरथ तिमी सम्पूर्ण पूरा गर ।
अर्काका किन चाहियो र त कुरा जे होस् न तुम्बा भर ।।

***

यस्तो लिन्छ विचार ईश्वर भनी यो लिन्न है आइनो ।
हेर्दा भौतिकवादसङ्ग यसको गाढा छ है साइनो ।।
यस्ले ध्यान दिंदैन लोकहितमा स्वार्थी छ यो दर्शन ।
सक्ला पाउन मान्यता कलि छ यो होला नि यो पालन ।।

***

ooo

# म सत्यं शिवं सुन्दरम् मात्र पाऊँ

✍ **मुकुन्द शर्मा चालिसे**
**बुढानीलकण्ठ-४, कैलाशकुञ्ज, काठमाडौं**

उषाले भगाइन् कि झैँ अन्धकार
मसीले हटाओस् जगत्को विकार
म यस्तो रचूँ सिर्जना सूक्तिधारा
त्यही सूक्तिमा रङ्गिऊन् मित्र सारा

फुटानी गरी धाक धम्की दिनेको
रिसाई वृथा लम्किझम्की लिनेको
दिऊँ चेतनामा म झङ्कार यस्तो
बनोस् हार्दिकी प्रेरणोद्‌गार जस्तो

कुनै छन् स्वकर्तव्यमा एकनास
सुधी साधु सन्तुष्टिका विम्ब खास
तिनैमा दिओस् यो मसीले प्रकाश
दिलायो कि झैँ दिव्यको चिद्विलास

कुनै दुष्ट छन् दस्युका पुत्र जस्ता
कुनै शिष्ट छन् प्रीतिका सूत्र जस्ता
मलाई त्यतैतर्फ तानोस् मसीले
जता शिष्टको चल्छ चर्या खुशीले

बताएर संसारलाई सुभाव
छरोस् लेखनीले सुनौलो प्रभाव
रचूँ सिर्जनाको झुलौना कि शय्या
त्यसैमा जगत् होस् तथैया तथैया

म सत्यं शिवं सुन्दरम् मात्र देखूँ
म सत्यं शिवं सुन्दरम् मात्र लेखूँ
म सत्यं शिवं सुन्दरम् मात्र गाऊँ
म सत्यं शिवं सुन्दरम् मात्र पाऊँ

सबै मान्य आचार्यको साथ पाऊँ
दिवारात्र सत्काव्यमा हात लाऊँ
सखावर्गदेखिन् शुभोद्‌गार आओस्
मलाई यहीँ स्वर्गको सार आओस्

विनासाधना सिद्धिमा उक्लिँदैन
विनासिद्धिका शब्दको अर्थ छैन
गरूँ साधना वा तपस्या म यस्तो
सबै शब्द ॐकार बोल्छन् कि जस्तो

ooo

# गर्भावस्थामा पनि कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हुन सक्छ

## कोभिड-१९ का मुख्य लक्षणहरू



ज्वरो
(१००.४ °F भन्दा माथि)



सास फेर्न गाह्रो



खोकी

## गर्भावस्थामा देखिन सक्ने खतराका लक्षणहरू जानी राखौं



टाउको साह्रै दुखेमा



आँखा तिरमिराएर धमिलो देख्ने भएमा वा हात तथा मुख सुन्निएमा



कडासित तल्लो पेट दुखेमा



हात खुट्टा अररो भई काँप छुटेमा वा मुर्छा परेमा



योनीबाट रगत वा पानी बगेमा

**गर्भावस्थामा देखिन सक्ने माथि उल्लेखित कुनै पनि खतराका लक्षणहरू देखा परेमा नजिकको स्वास्थ्य संस्थामा जाऔं ।**

**कोभिड-१९ सम्बन्धी कुनै पनि जिज्ञासा वा परामर्श चाहिएमा पैसा नलाग्ने कल सेन्टर ११९५ वा ११३३ मा सम्पर्क गरौं ।**

अनुरोधक
**सिद्धार्थनगर नगरपालिका**
सिद्धार्थनगर, भैरहवा, रूपन्देही

# शारदी याम

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल-१२, नवलपरासी**

छैन बादलुको घुम्टो सफा छ गिरिशृङ्खला
पोतेझैं नीरले शुभ्र देखिंदो छ नभस्थल
माधुर्य छर्दछन् पुष्प घुम्दछिन् मस्त रागिनी
शारदी याममा बन्छिन् वसुधा मधुस्वामिनी ।१।

खुल्दछन् पुष्पका थुङ्गा हाँसेझैं मनबाट नै
हाँस्दछन् जसरी बाल भै प्रफुल्ल सधैं सधैं
फुल्ल फुल्ल अहो ! फुल्ल फक्रेको कसरी अहो
छरी चारू गर्‍यो कि वा मन्त्रणा भृङ्गको न हो ।२।

भुन्भुन्भुन् भुन्भुनाउँदै खेल्दछन् भृङ्गका गण
मन्द समीरमा शिर ढल्काई फूल तत्क्षण
गाँस्दछन् प्रीतको माला पुष्पभृङ्ग मिली अहो !
प्रीति नै सृष्टिको सार, प्रीति सौन्दर्यशील हो ।३।

खोली कुसुमका पत्र रँगाई गिरिशृङ्खला
धरामा सूक्ष्मले कोर्दै सुरम्य शारदीकला
छरी सुवासको धार फूलले जगतैभर
सुगन्धमय पार्दिन्छ बस्तीका झुपडी, घर ।४।

कमेरो, गेरु लाएका सुकिला घर छन् सबै
सफा आँगन बाटो छ चारैतर्फ सफा अझै
सुकिला वस्त्र मान्छेका उज्याला मुखमण्डल
शारदी यामले ल्यायो जनउमङ्ग हर्पल ।५।

छ बारीखेत मोतीले पूर्णझैं अन्नले भरी
झुलेका अन्नका दाना धानकोदो थरी थरी
हरियो रङ्गको धर्ती निलाम्मे छ अकाश यो
सिर्जने धरती राम्री शारदी याम पो न हो ।६।

ooo

## भाइरसले भेदभाव गर्दैन, हामीले पनि नगरौं

जुनसुकै जात, धर्म, लिङ्ग, क्षेत्र, उमेर वा वर्णका मानिसहरूलाई
कोभिड-१९ संक्रमण हुनसक्छ

# कोभिड-१९ संक्रमितलाई अपहेलना र भेदभाव नगरौं

कोभिड-१९ संक्रमण भएर आइसोलेशसनमा बसिरहनुभएका हाम्रा आफन्त र छिमेकीहरूको नजिक जान नमिले पनि टाढैबाट

# माया र हौसला बाडौं ।




कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं ।



मास्क लगाऔं ।




भौतिक दूरी कायम गरौं ।



बेलाबेलामा साबुनपानीले हात धोऔं ।

## छत्रकोट गाउँपालिका
गुल्मी

# शरीरको सार आत्मा हो

✍ **पद्मप्रसाद शर्मा**
**दाङ**

मत्स्यपुराणका अनुसार मानवशरीरमा पाँच ज्ञानेन्द्रिय छन् जसमा नाक, कान्, छाला, नेत्र र जिब्रो । यस्तै पाँचवटा कर्मेन्द्रियहरू छन् । जसमा गुदद्वार, लिंग, हात, खुट्टा र वाणी यी कर्मेन्द्रियभित्र पर्दछन् । ज्ञानेन्द्रिय र कर्मेन्द्रिय जोडेर दश भए भने यसको एघारौं नम्बरमा कर्म (कार्य) बुद्धि र गुणको संयुक्त रूप मन हो भनिएको छ । यी सबैलाई जोडेर शरीर बन्दछ । मानव शरीरमा रहेका ज्ञानेन्द्रिय कर्मेन्द्रिय सबै सजग भएको अवस्थामा शरीर जीवित भएको मानिन्छ । यो शरीर जीवित रहनका लागि पञ्चतत्त्व चाहिन्छ । जसमा वायु, जल, ताप, माटो र शून्यलाई मानिएको छ । ज्ञानेन्द्रिय र कर्मेन्द्रियसहित शरीरलाई जीवीत राख्ने कार्य यही पाँच तत्वले गरेको हुन्छ । पाँच तत्वमा एउटा मात्र शरीरमा रहेन भने शरीर चलायमान हुँदैन । यो मूर्दामा परिणत हुन्छ । मृत्यपुराणमा यस्ता अनेकन उदाहरणहरू रहेका छन् । जो मानवशरीर मात्र नभएर मानवजीवनसंग जोडिएका छन् । मानवजीवन भन्नाले मानवकार्यसँग जोडिएका छन् । जसले मानवलाई सत्कर्ममा लाग्न र मानवजीवनको जीवनचरित्रको बारेमा जानकारी पाउन सकिन्छ ।

पञ्चतत्त्वको जागरणले शरीको रूपलाई जागृत बनाउने हुनाले यो शरीर परिचालन गर्ने काम मनबाट हुन्छ । मानवशरीरमा जस्तो प्रकारको बुद्धि हुन्छ । उसले त्यसै अनुरूपको कार्य गर्दछ । शरीरलाई परिचालन गर्ने काम मनले गर्ने भएको हुनाले शरीरभित्र मन सधै जागरूक अवस्थामा रहन आवश्यक छ । मन जागा रहनका लागि शरीरलाई आवश्यक पाँच तत्त्व शरीरभित्र रहनुपर्दछ । वायु उड्यो भने पनि शरीर जीवित रहँदैन । यस्तै पानीको मात्रा सकियो भने पनि शरीर जीवनबाट अर्कैमा परिणत भइसक्छ । शरीरभित्रको माटोको मात्रा भन्नाले हाडमासुलाई बुझाउँछ । शरीरभित्र रहेको ज्ञानेन्द्रिय र कर्मेन्द्रियको मिलन र उनीहरूको आफ्नो कर्मले गर्दा हामीलाई सचेत मानव बनाएको हुन्छ । यही मनलाई कसैले आत्मा पनि भन्ने गर्दछन् । आत्मा चेतन शरीरमा मात्र रहन्छ । अर्ध चेतन अवस्थामा शरीर जीवित त हुन्छ तर यसबाट गरिने अन्य क्रियाकलाप कुनै पनि हुन सक्दैन । त्यसकारण यो अवस्था अर्धमृत जस्तै हो । यस समयमा श्वास-प्रश्वास मात्र रहेको हुन्छ । जव शरीरले कुनै पनि क्रियाकलाप गर्न सक्दैन त्यसबेला शरीर वा मन पूरै जागरूक भएको मानिदैन । शरीर जीवित रहे पनि चेतनाले काम नगरेको अवस्था हुने गर्दछ । चेतनाले काम गर्न नसकेको भन्नुको अर्थ हो शरीरभित्रका पाँच तत्त्वमध्ये कुनै एक तत्त्व वा एकभन्दा बढी तत्त्वले कार्य गर्न नसक्ने अवस्थामा पुगेको भन्न सकिन्छ । यसबाट शरीर पूरै

चेतन अवस्थामा रहनका लागि शरीरभित्रका पञ्चतत्त्व सबै जागरूक अवस्थामा रहेको हुनुपर्दछ भन्ने नै हो । यसको अभावमा शरीरले चेतनकार्य गर्न सक्दैन ।

कहिले काहीं शरीरले पूरै कार्य गरेको हुन्छ । सबै इन्द्रिय तथा कर्मेन्द्रियहरूले पनि कार्य गरिरहेका हुन्छन् । तर मनले आवश्यक कार्य गर्न नसक्ने अवस्था पनि आएको हुनसक्छ । शरीरका सबै भागहरूलाई चलायमान बनाउने काम मनले गरे पनि त्यो मनले ठीक ढंगले निर्देशन नगर्न पनि सक्छ । कहिले बाटोमा हिंडदा ठेंस लाग्न सक्छ । यसको प्रमुख कारण यही हो । चेतनाले ठम्याउन नसक्नु । शरीरलाई उठाउने बसाउने हिंडाउने र खुवाउने सबै त्यही मनले गर्दछ । मनले कहिलेकाहीं ठम्याउन नसक्दा अनर्थ हुन जान्छ । यस्तै कहिले मनले बेग्लै विचार सोंचिरहेको समयमा तत्काल कुनै घटना भयो भने कानले नसुन्न सक्छ । यो पनि मनले अन्य विषयवस्तु सोंचेको समयमा कानले आवाज थाहा नपाउन सक्छ । यसै प्रसंगमा एउटा रमाइलो घटना रहेको छ । एक जना विश्वकर्मा आफ्नो आरनमा बसेर सियो बनाउनका लागि फलाम घोटिरहेका थिए । उनी एकचित्तले काममा लागेका थिए । त्यही बाटो भएर बाजगाजासहित जन्तीहरू गए । तर उनलाई त्यो जन्तीको बारेमा कुनै जानकारी भएन । केही समयपछि विश्वकर्माले काम गरिरहेको ठाउँमा उनका साथीहरू पुगे अनि उनलाई जन्तीका बारेमा प्रश्न गरे तर ती विश्वकर्माले आफूले कसैलाई पनि नेदेखेको कुरा बताए । ती साथीहरू आश्चर्यमा परे । यति विधि बाजागाजासहित जन्ती गएको थाहा नपाउने भनेको आश्चर्यको कुरा हो । उनीहरूले साथीले जन्ती गएको थाहा नपाएकोमा आश्चर्य व्यक्त गरे । तर यो स्वाभाविक थियो । जब मनले सुन्दैन अनि कानले कसरी सुन्न सक्छ ? सुन्नका लागि बाह्य कान भएर मात्र हुँदैन । आन्तर हृदय जागा हुनुपर्दछ । जबसम्म हृदय अर्थात् मन जागृत हुँदैन त्यो समयसम्म न सुन्न सकिन्छ न देख्न सकिन्छ । यसैले कोही कोही भन्ने गर्छन् "चेतकान खुल्नु पर्दछ ।"

यस्ता घटनाहरू एक होइन अनेक हुन्छन् । हाम्रा इन्द्रिय र कर्मेन्द्रियको केन्द्रविन्दु मनसँग जोडिएको हुन्छ भन्ने यो एउटा प्रमाण हो । यो सत्य कुरा हो । यस्ता कुराहरू मत्स्यपुराणले कुन समयमा भनेको हो ? आजभन्दा कति वर्ष पहिले मत्स्य पुराण लेखिएको हो ? तर आजको विज्ञानले पनि यही सिद्ध गरेको छ । यसमा कुनै विवाद नै छैन । हुन त शरीरभित्रका पञ्चतत्वको ज्ञान नभएकाहरूले यो सत्य होइन भन्न पनि सक्छन् । मानवशरीरभित्र षठचक्र हुन्छन् । यसकै माध्यमबाट मानिसले आवश्यक तत्त्वज्ञान आर्जन गर्न र कार्य क्षमता प्रदर्शन गर्न सक्दछ । तर कसै कसैले अज्ञानताका कारणले यस्तो कुरा सत्य मान्दैनन् । आफूलाई ज्ञान नभएको कुरा हुँदैन भन्नु राम्रो होइन । हरेक कुरालाई विश्लेषण गरेर हेर्नुपर्दछ । ज्ञानेन्द्रिय र कर्मेन्द्रियका कुरा गर्नु जीवनदर्शनसंग सम्बन्धितकुरा हो भन्दा हुन्छ । दर्शनका धक्कु लगाउनेहरूले पनि यस्ता कुरामा धेरै विश्वास नगरेको सुनिन्छ । आफूले जानेको होइन भनेर जिद्दी

गर्नुभन्दा वास्तविकता खोज्नतिर लाग्नु बुद्धिमानी हुनेछ । हाम्रो समाजका केही मानिसहरू आफूले जानेको भन्दा अरू सही होइन भन्ने बानीको विकासले गर्दा कतिपयको मन कुँडिने अवस्था आएको हुन्छ ।

हामीले आफूले जानेर वा नजानेर जे जस्तो काम गर्दछौं त्यसको साक्षी भनेको हाम्रो आत्मा वा मन हो । हामीबाट हुने कुनै काम सकारात्मक होलान् र केही नकारात्मक पनि होलान् । विद्वान्हरूले सकेसम्म जानाजान खराब कार्य गर्दैनन् । तर कतै अन्जानमा खराब काम भएछ भने पनि त्यसको साक्षी मन मात्र हो । आफूले गरेको कामको मूल्याङ्कन आफ्नै मनले गरिरहेको हुन्छ । आफूले गरेको कुनै पनि कामको बारेमा कसैलाई भन्नु परेमा पनि ती खराब कामलाई पनि मुखले राम्रो भनेर विश्लेषण गर्न सक्छ तर त्यसको मूल्याङ्कन मनले मात्र गरेको हुन्छ । यो हो मानव जीवित हुनुको निशानी । शरीरका अन्य इन्द्रिय तथा कर्मेन्द्रियहरूलाई ठग्न सकिएला । उनीहरूका इच्छा रोक्न सकिएला तर मन अर्थात् आत्मालाई रोक्न मात्र नभएर ठोक्न पनि सकिदैन । यसलाई चोट दिनका निम्ति शरीरका अन्य भागमा ठोक्नुपर्दछ । मनलाई प्रत्यक्ष चोट दिनका निम्ति वाणीमात्रले काम गर्दछ । शरीरका अन्य भागमा चोट पुग्यो भने घाउ हुन्छ। तर वाणीले विना घाउ मनमा चोट दिने गर्दछ ।

मनले चाह्यो भने मानिसले आफ्ना ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियहरूलाई नियन्त्रण गर्न सक्दैन । यसो किन हुन्छ ? यो यक्ष प्रश्न हो । यस प्रकारको प्रश्नको उत्तर हरेकले खोज्नुपर्दछ । सामान्यतया शरीरका अन्य भागभन्दा मन बलवान् हुन्छ त्यसकारण यसलाई कुनै पनि इन्द्रियले रोक्न सक्दैनन् । बरू मनले इन्द्रियलाई उत्तेजित बनाउन सक्छ । यो प्रश्नको जवाफ यही हुन सक्छ । सारमा भन्नु पर्दा मनमा ठेंस पुग्यो भने न पाइला अघि बढ्छन् न वाणी नै फुट्नेछ । यो सबैको सार भनेको अरूलाई ठग्न सके पनि आत्मालाई ठग्न सकिदैन यो गाह्रो छ भन्ने नै हो ।

ooo

२०७८ सालको विजया दशमी, शुभदीपावली तथा
छठपर्वका पावन अवसरहरूमा सबैलाई
हार्दिक शुभकामना !

**प्रविन अधिकारी**
**शाखा प्रबन्धक**

**NMB BANK**
**एनएमबि बैंक**

**तम्घास शाखा, गुल्मी**

# त्यो को होला ?

✍ **डा. उत्तम पच्या**
**रेसुङ्गा-१४, पराल्मी, गुल्मी**

हिउँदको जाडो भर्खर शुरू भएको थियो । रामबहादुर बिहान ढिलोसम्म ओछ्यानमै पल्टिरहेका थिए । उनलाई सिरकसँग गुटुमुटु भएर पल्टिन मन लागेको थियो । चिसो हावाले झ्यालको पर्दालाई उघारिदिंदा घामको न्यानो उषाले उनलाई तरंगित पार्‍यो । जुरूक्क उठेर झ्यालतर्फ लागे । सूर्यको उषाको बीचमा एउटा मानवरूपी कालो छायाँ देखे । सूर्यलाई अर्घ दिइरहेको भान हुन्थ्यो । उनले त्यो छायाँलाई एक तमासले हेरिरहे । उनका आँखा थाके, खुट्टा गले । त्यो छायाँ डेग चलेन । हतार हतार शौचालयतिर दौडिए ।

जाडोको सिरेटोलाई मार्न चिया बनाउन थाले रामबहादुर । चिया पिउञ्जेल त्यो कालो आकृतिको झझल्कोले सताइरह्यो उनलाई । बेलाबेलामा चियाको चुस्कीसँगै झ्यालबाट नियाल्ने गर्थे । त्यो एक कप चिया पिउन उनलाई करिब करिब एक घण्टा नै लाग्यो ।

उनी भर्खर चालीस नाघेका व्यक्ति हुन् । जीवनमा बिहेको बारेमा कहिल्यै सोचेनन् । न जाँड पिउँथे, न चुरोट नै । स्त्रीगमनको त कुरा परै जाओस् सयौं कोस टाढा रहन्थे । बेलाबेलामा स्वप्न दोषबाट आक्रान्त हुन्थे । हतार हतार बाथरूम जानुपर्थ्यो उनलाई । जस्तोसुकै कठ्याङ्ग्रिने जाडोमा पनि उनी नुहाउन पछि हट्‌दैनथे ।

सधैं दौरा सुरूवाल इष्टकोट अनि भादगाउँले टोपीमा सजिन्थे । प्राथमिक विद्यालयमा सबै खालका विषय बडो निर्धक्क साथ पढाउँथे उनी । विद्यार्थीहरू "रामबहादुर सर, रामबहादुर सर" भन्दै नेपाली, अंग्रेजी, विज्ञान, गणितका प्रश्नहरू बोकेर जान्थे उनी सामु । उनी कहिल्यै झर्किंदैनथे । सधैं सरल तरिकाले मीठो भाषामा विद्यार्थीलाई बुझाउँथे । धेरै अभिभावक आफ्ना छोराछोरीलाई ट्युसन पढाउन अनुरोध गर्थे। उनी तिनीहरूको अनुरोधलाई सधैं नकार्थे, "मैले विद्यालयमा जति पढाउँछु त्यसमा मेरो सम्पूर्ण ज्ञान लगाउँछु, त्यो भन्दा बढी विद्यालयबाहिर पढाउन सक्दिनँ ।"

उनको सरलतालाई सबैले आदर गर्थे । नपढ्ने उरन्ठ्याउला विद्यार्थी पनि उनलाई मनैदेखि श्रद्धा गर्थे । क्थंकदाचित् भन्नै परे, "ऊ सादा जीवन आउदैछ" भनेर मुख खोल्थे । उनलाई बिहेको धेरै प्रस्ताव पनि नआएको होइन "बेला भा' छैन" भनेर टार्ने गर्थे । सहपाठीबाट "ब्रम्हचारी बस्ने विचार छ कि ?" भन्ने जिज्ञासालाई मुसुमुसु हाँसेर टारिदिन्थे ।

साँझतिर डेरातिर छिरे । झ्याल खोले । पल्लो घरतिर आँखा दौडाए । अहँ त्यहाँ कोही देखिदैनथ्यो । त्यही कालो छायाँलाई खोजिरहेका हुँदा हुन् उनले । अलि निरास भएजस्तो गरी कुर्सीमा थचक्क बसे । अनि फेरि झ्यालबाट चिहाए पल्लो घरतिर कोही देखेनन् ; लुगा फेरेर चिया बनाउन थाले ।

भोलिपल्ट बिहानै उठ्ने बित्तिकै झ्यालतिर दौडिए । हिजोको त्यो कालो छायाँ धुमिल आकृतिमा यताउता चलमलाइरहेको देखिन्थ्यो । हातमा कुचो लिएर बरण्डा सफा गरिरहेको प्रतीत हुन्थ्यो । उनले त्यो आकृतिलाई ठम्याउन खोजे तर प्रकाशको कमीले उनी असफल भए ठम्याउन । त्यो आकृति बडो शान्तसँग आˆनो काम गरिरहेको थियो । एक्कासि कुचो उठाई बरण्डाको खम्बामा टकटकायो । रामबहादुर झसङ्ग भए, आफूलाई नै उठाएको हो कि भनेर । विस्तारै त्यो आकृति धमिलो हुँदै मिर्मिरे बिहानमा हरायो ।

रामबहादुरले यो दिनचर्या अनौठो मानिरहेका थिए र पनि त्यसमा भुलेर रमाइरहेका थिए । साँझको बेला थियो । घाम डुब्दै थिए । त्यो आकृति यो साँझ उनले प्रत्यक्ष देख्न पाए । घामका राता किरणले त्यो आकृतिलाई बडो ज्वलन्त देखाएको थियो । हेर्दाहेर्दै त्यो आकृति अत्यन्त रूपवती युवतीमा परिणत भो । सायद उसले घामलाई बिदा गर्दै थिई होली, बिस्तारै हात उठाई । रामबहादुर आफूलाई हो न हो भनेर उनले पनि हात उठाए ।

उनको त्यो हात उठाइ बढो गह्रौं थियो अनि स्थिर पनि । उनी त्यो युवतीको रूपदेखि यति मग्न भए कि आफूले आफूलाई बिर्सेर मूर्तिको रूप धारण गरे । त्यस्तो जादूमय अनुहार उनले देखेका थिएनन् अनि कहिल्यै चिताएका पनि थिएनन् । उसको जवानीमा सूर्यको प्रकाशले झन् लाली चढाएको थियो । रामबहादुर आफ्ना मूर्तिरूपी अवस्थामा संसारको एउटा जीवनको पाटोलाई अनुभव गर्न भ्याए । उनले त्यतिबेलै ती युवतीसँग विभिन्न क्रिडामा संलग्न भएको कल्पनामा डुबे । आफू र केवल ती युवतीलाई स्वप्नको बगैंचामा पाए - मानौं ती ब्रम्हाका पहिलो नारी र पुरुष हुन् । बगैंचाको झुल्ने पिङमा उनले ती युवतीलाई झुलाइरहेका थिए । एक्कासि पिङले वेग लियो, पिङलाई समाउन जाँदा उनी पहरामा खसे अनि झसङ्ग बिउँझे । आफूलाई विपनामा महसुस गरे । रात परिसकेको थियो। ती युवती त्यहाँबाट अलप भइसकेकी थिइन्, उनलाई नमिठो लाग्यो उसको अलपसँगै । नजिकै रहेको ऐनामा हेरे, आफूलाई बेस्सरी नियाले । आँखाको बाहिरी कोसमा अलिकता चाउरी देखे र कानतिरको कपालमा चार पाँचओटा रौं फूलेको पाए । उनको अनुहार लाल देखिन थाल्यो पाकेको टमाटर जस्तै ।

उनी खाना पकाउँदै झ्यालबाट नियाल्दै थिए पल्लो घरतिर । झ्यालको ढोका चलेको देखे । उनले झ्यालको ढोकाको चालसँगै त्यो रूपवतीको आकृति खोज्न थाले । उनको आकृति खोजाइ धेरै लामो भएको थियो । भात तरकारी डढेर

खानै नहुने भएको थियो । त्यो दिन भोकै पल्टे ओछ्यानमा । सायद यो पहिलो रात हुँदो हो उनी भोकै सुतेको । उनी आहार विहारमा नियमित रहन्थे सधैं । बिहान साँझ सधैं चिया बनाउँथे अनि खाना पनि । दिउँसोको नास्ता विद्यालयमै खान्थे । शाकाहारी ज्यादा मांसाहारी कम थिए ।

उनले जीवनमा चालिसौं वसन्त मात्र होइन त्यति नै शिशिर पनि काटेका थिए । त्यस्तो मन बिथोलिएको कहिल्यै थिएन उनको । उनले आफ्नो लहलहाउँदो बैश अध्ययनमा बिताएका थिए । सत्र वर्षको उमेरदेखि शिक्षक पेशा अंगालेका थिए । उनले स्नातक गरे पनि प्राथमिक विद्यालयको जागिरमै सन्तुष्ट थिए । उनलाई सबै किसिमका विषयहरू पढाउन रुचि थियो । माध्यमिक स्तरको अध्ययनमा आफ्नो विषयमा मात्रै सीमित हुन पर्थ्यो । उनी एक किसिमका असामान्य व्यक्ति थिए अरूको तुलनामा । स्नातक गरेर प्राथमिक स्तरमा रहनु हरेक शिक्षकको लागि लाज हुन्थ्यो । तर यसलाई नै उल्टै गौरवको रूपमा लिन्थे उनी । "अध्ययनको जग नै प्राथमिक शिक्षा हो । "घरको जग बलियो हुनुपर्छ ।" भन्ने गर्थे उनी ।

हरेक बिहान साँझ उनी पल्लो घरतिर नियाल्थे नचाहेर पनि । उनको दिनचर्यामा यो एउटा नयाँ नित्य कर्म बनिसकेको थियो । स्वप्न पनि रंगीन देख्न थाले उनले । पहिलेभन्दा धेरै स्वप्नदोषले सताउन थाल्यो उनलाई । जुनसुकै काम गर्दा पनि उनको ध्यान त्यो युवतीको सौन्दर्यले छोपिदिन्थ्यो । काममा बाधा आए पनि त्यसमा उनी रमाइरहेका थिए । सधैं त्यो युवतीको जाजल्यमान अनुहार उनको आँखामा छाउँथ्यो । उनले आँखा चिम्लिन्थे र त्यो युवती आँखानजिकै आउथी र मुस्कुराउँथी । उसको त्यो मुस्कानसँग रामबहादुर घण्टौंसम्म हराउँथे । उनको त्यो हराइले कति रात त उनलाई भोकै सुतायो ।

विद्यालयमा पढाउँदा पनि कता कता अल्मलिन्थे । विद्यार्थीले सोधेको प्रश्नको उत्तर दिदादिँदै झसङ्ग हुन्थे आफूले केको बारेमा उत्तर दिइरहेछु भन्ने बारे । विद्यार्थीहरू उनको त्यस्तो व्यवहार देखेर अचम्म मान्थे ।

"रामबहादुर सरलाई के भो?" अनि अर्को तर्फ "खै" भन्ने खासखुस चल्थ्यो ।

पौषको जाडो मौसममा पनि रामबहादुर झ्यालको कौसीमा घण्टौं बिताउँथे । घरि घरि पल्लो घरको झ्यालमा नजर लगाउँथे । सो क्रममा उनले धेरै किताब पढे होलान् तर के पढिरहेका थिए उनी स्वयंलाई थाहा हुँदैनथ्यो । उनी पढिरहेका हुन्थे ती युवतीको तस्वीर । त्यो लालीमय अनुहार सधैं उनको मन मस्तिष्कमा हान्थ्यो । त्यसलाई हटाउने प्रयास नगरेका होइनन् अब त उनी आफै चाहदैनन् त्यो लालीमय आकृतिलाई हटाउन । उनको अध्ययन, चियापान, खानपान सधैं झ्यालको कौसीमा हुन्थ्यो ।

एक साँझ पल्लो घरको झ्याल बन्द भो, पर्दा लाग्यो, बत्ती बल्यो । त्यो झ्यालमा मानव आकृतिको छायाँ स्पष्ट देखिन्थ्यो । चियाको कप मुखमा लैजाने बहानामा

रामबहादुरले घरिघरि त्यो छाँयातिर हेर्थे । त्यो छाया घरिघरि कपालको केशरा चलाए जस्तै चलमलाउँथ्यो । उनी मनमनै विश्वस्त थिए - त्यो छायाँ तिनै रूपवतीको हो । चियाको कपमा नियाल्दै त्यो रूपवती नाचेको कल्पनामा हराउन थाले । रूपवती नाच्दै धुमिलदै गइन् । उनी झसङ्ग भए, उनका आँखा हतार हतार त्यो झ्यालतिर दौडिए । त्यो छायाँ त्यहाँ थिएन । बत्ती निभिसकेको थियो।

महिनौ बितिसक्यो । रामबहादुरले त्यसपछि त्यहाँ कुनै धुमिल आकृति देखेनन् । गोधूली साँझकी जस्ती त्यस्तो रूपवती कहिल्यै देखेनन् तर मनमा उनलाई एउटा प्रश्नले सधैं गाँजिरहयो "त्यो को होला ?"

ooo


विजया दशमी २०७८ को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै कोरोना महामारीको अवस्था अझै पनि सहज भइनसकेकोले बडा दशैंको समयमा स्वास्थ्य सावधानी अपनाई स्वास्थ्यमापदण्डको पालना गरेर चाडपर्व मनाउनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**विजयकुमार कार्की**
**जिल्ला समन्वय अधिकारी**

तथा

**लक्ष्मण पराजुली**
**प्रमुख**

**जिल्ला समन्वय समिति परिवार**
**गुल्मी**



हाम्रो राष्ट्रिय पर्व शुभ विजया दशमी २०७८ को पावन अवसरमा सबैलाई स्वस्थ रहने र दीर्घजीवी बन्ने वरदान प्राप्त होस् ।

**डा. उत्तम पच्या**
**नि. प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

**गुल्मी अस्पताल, तम्घास**

**यस अस्पतालमा उपलब्ध सुविधाहरू :**

❑ १२ हप्तासम्म निःशुल्क गर्भपतन, ❑ दमजन्य रोग भएका विपन्न नागरिकलाई एक आर्थिक वर्षसम्मका लागि रू.५० हजारसम्म छुटको व्यवस्था, ❑ स्वास्थ्य बीमितलाई बीमा सेवा ❑ डेलिवरी तथा डेलिवरी हुन नसके अपरेशन सेवा निःशुल्क, ❑ लक्षित समूहका लागि सामाजिक सेवा एकाइबाट ५०% देखि १००% सहुलियत, ❑ वहिरङ्ग सेवा, खोप सेवा, मातृशिशु सेवा, एचआइभी/एड्स तथा क्षयरोग बिरामीलई निःशुल्क जाँच तथा उपचार, ❑फिजियो थेरापी सेवा सहुलियत मूल्यमा, ❑ ल्याब सेवा, सुगर, थाइरोइड, ट्युमर मार्करदेखि कल्चरसम्म, ❑ लैङ्गिक हिंसाले पीडितलाई निःशुल्क उपचार तथा पुनर्स्थापना साथै कानुनी सल्लाह, सुरक्षाकोलागि समन्वय, ❑ न्यूनतम शुल्कमा कोरोना बिरामीको सेवा ।

# आऊ यस्तो संसार बनाऔं

✍ **सुरेशप्रसाद अर्याल**
**इस्मा–५, गुल्मी**

आऊ यस्तो संसार बनाऔं
जहाँ
बगेता पनि आँसु
खसोस् फूलमा
अनि बनोस् मोती ।

आऊ यस्तो संसार बनाऔं
जहाँ
एक पृथ्वीलाई काटेर
अनेकमा विभाजित गर्ने
न कुनै रेखाहरू रहून्
न सीमानाहरू
न विचारहरू
न वादहरू

आऊ यस्तो संसार बनाऔं
जहाँ
समाज बाड्ने
न जात होस्,
न धर्म होस्,
न राजनीति होस्,
न रंग होस् ।

आऊ यस्तो संसार बनाऔं
जहाँ
हरेक भुसिलकिरी जिन्दगीलाई
पुतली बन्ने पूर्ण हक होस्,
जहाँ
जन्मेका हरेक नानीहरूलाई
मान्छे बन्ने पूर्ण वातावरण होस् ।

आऊ यस्तो संसार बनाऔं
जहाँ
हिजोलाई प्रतिशोधमा राखेर
आज कोही मित्र बैरी नबनोस् ।
जहाँ
इतिहासका चिहान खनेर
कोही हिटलर नबनोस् ।

आऊ यस्तो संसार बनाऔं
जहाँ न धर्मको हानथाप होस् ,
न जातको बन्धक,
न घन र खुकुरीबीच भिन्नता
न टोपी र धोतीबीच असमानता ।

आऊ यस्तो संसार बनाऔं
जहाँ
हरेकको पसिनाको मोल एक होस्,
हरेकका ठेलाको मान्यता एक होस्,
हरेकका फुटेका कुर्कुच्चाले मल्हम पाऊन्,
हरेकका घाउले दवा पाऊन् ।

आऊ यस्तो संसार बनाऔं
जहाँ
मान्छे भै जन्मेपछि
मान्छे भै बाँच्न पाओस् हरेक
अनि मान्छे जस्तै मर्न पाओस् ।

जहाँ
म मान्छे हुँ भन्दा हीनताबोध न होस्,
आऊ यस्तो संसार बनाऔं ।

ooo

# इच्छा !

✍ **भवानी न्यौपाने 'भावना'**
**दाङ**

मेरा भाव र कार्य राष्ट्र हितमै लागून् यही लक्ष्य हो
ज्ञानी बुद्ध सरी सपूत म बनूँ संसार यो स्वर्ग हो ।
राम्रा कर्म गरेर बाँच्न म सकूँ यो राष्ट्र ऊचो बनोस्
मेरो प्राण यहीं उडोस् गगनमा नेपाल सारा चुमोस् ॥

सेवाभाव गरीब दीन जतिमा राख्दै बितोस् जीवन
वृद्धवृद्धा अशक्तमा हरपला सेवा गरूँ पावन ।
सेवाले सहयोगले मन जितूँ माया गरूँ मित्रमा
सच्चा प्रेम सकूँ म बाँड्न सबमा छोटो जुनी भित्रमा ॥

निष्ठाले उपकारमा मन दिऊँ सद्भाव छर्दै बसूँ
मर्यादा सबको गरूँ भुवनमा यो देश मेरो भनूँ ।
नेपाली पथमा बसेर कविता लेखूँ म यै देशको
मेरो प्राण उडोस् यसै धरणिमा लागोस् यसैको धुलो ॥

मेरो आत्म उडी सदा गगनमा नेपाल मेरो कहोस्
मर्नैपर्छ भने मरूँ म जननी श्रद्दा यसैको रहोस् ।
मेरो रक्त दिऊँ अभाव छ कतै दुखीहरूमा भने
सेवा गर्न मिलोस् अनाथजनको सद्भाव चुल्याउने॥

आमा बाबु म पुज्न पाऊँ र गरूँ सत्कर्मको साधना
माताजी विमला रिझाउन सकूँ पूजा गरी वन्दना ।
बाबा पूज्य पवित्र शान्त मनका आस्था उनै गौरव
यै हो तीर्थ महान यो जगतमा अर्को कहाँ हुन्छ र ?।

ooo

अनुभव/अनुभूति

# निश्चिन्तताको अभ्यास बढाउनु नै पुरुषार्थ हो ।



✍ **मथुराप्रसाद श्रेष्ठ**

*(रेसुङ्गा नगरपालिका वडा नं. १, तम्घास बजार निवासी ८८ वर्षीय मथुराप्रसाद श्रेष्ठ आध्यात्मिक विचारका एक सशक्त एवं निकै जोसिला र फुर्तिला व्यक्ति हुनुहुन्छ । वि.सं. १९९० साल वैशाख १२ गते सोमबारका दिन तम्घासमा जन्मेका श्री श्रेष्ठका पुर्खाहरू काभ्रेपलाञ्चोक जिल्लाको पनौती भन्ने ठाउँबाट अर्घाखाँची जिल्लाको अर्घातोस हुँदै तम्घासमा बसोबास गर्न आइपुगेका हुन् । अक्षराङ्कको सामान्य शिक्षा तम्घासमै प्राप्त गरेका मथुराप्रसाद श्रेष्ठले २२ वर्ष जागिरे जीवन बिताई व्यापार र कृषि कर्मको पनि अनुभव सङ्गाल्नु भएको छ । अहिले उहाँ जीवनको उत्तरार्धमा अद्वैत वेदान्त दर्शनको अनुयायी बन्न पुग्नुभएको छ । उहाँ अद्वैत अग्रचर पदबाट विभूषित हुनुका साथै अद्वैत संस्था जिल्ला कार्यालय, गुल्मीका निरीक्षक हुनुहुन्छ । उहाँका ८८ वर्षका अनुभवहरूलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ।* **-सम्पादक)**

**१. तपाईंका पुर्खाहरू कहाँबाट कसरी तम्घासमा आउनुभयो ?**

◆ हाम्रा पुर्खाहरू काभ्रेपलाञ्चोक जिल्लाको पनौती भन्ने ठाउँबाट अर्घाखाँचीको अर्घातोस भन्ने ठाउँमा बसाइ सरेर आएका रहेछन् । मेरा जिजुबाजे देउमान र जिजु बज्यै कौशिलादेवीका गर्भबाट मेरा ५ भाइ बाजेहरूको जन्म भएको रहेछ । पाँच भाइ बाजेहरूमध्ये माहिला केशवनारायणको अंश तम्घासमा परेको रहेछ । केशवनारायणका ३ भाइ छोराहरू भए । ती तीनभाइ छोराहरूमध्ये महिला इन्द्रलालको कान्छो छोरा म हुँ ।

**२. तपाईंको बाल्यकाल कसरी बित्यो ?**

◆ मेरो जन्म वि.सं. १९९० साल वैशाख १२ गते सोमबारको दिन तम्घासमा भएको हो । मेरो बाल्यकाल पनि तम्घासमै बित्यो । कहिले खेल्ने, कहिले रुख चढ्ने, कहिले पोखरीमा पौड्ने गरेर बाल्यकाल बित्यो । रुख चढ्दा

कहिले काफलका रुखबाट, कहिले ओखरका रुखबाट भुइँमा खस्ने, पछारिने हुन्थ्यो । पौडी खेल्दा खरिदार साहिला बुबा तेजनारायण उपाध्यायका जेठा छोराको कोलेका पोखरामा डुबेर मृत्यु भयो । त्यस बेला म साह्रै रोएको थिएँ ।

**३. तपाईंले जान्दा तम्घास कस्तो थियो ?**

◆ मैले जान्दा तम्घास एउटा पातलो बस्ती भएको गाउँ थियो । साना-साना खरले छाएका घरहरू थिए । ठूलो तीन तले घर कसैका थिएनन् । घरका नजिकै काँढाका झाङहरू थिए ।

**४. तम्घासमा सदरमुकाम कसरी कायम भयो ?**

◆ तपोभूमि रेसुङ्गाको महिमा र शशिधर स्वामी, यदुकानन्द प्रभु आदिले तपस्या गरेको, प्रशस्त चउर, वन, जङ्गल, पानी आदिको सुविधा भएको र त्यसबेला गुल्मी अर्घाखाँचीको मध्यभागमा पर्ने हुँदा तम्घास सदरमुकाम कायम भएको हो । वि.सं. २००९ सालदेखि यहाँ अड्डा अदालत आएका हुन् । त्यो अड्डाको नाम गुल्मी गौंडा भन्ने थियो । गौंडाको काम गर्ने हाकिमलाई बडाहाकिम भनिन्थ्यो । बडाहाकिमको पदमा भार्सेका क्याप्टेन गिरिप्रसाद बुढाथोकीलाई केन्द्रबाट पठाइएको थियो ।

**५. तपाईंले शिक्षादीक्षा कहाँबाट कसरी प्राप्त गर्नुभयो ?**

◆ मैले तम्घासमै अक्षर-अङ्क चिनेको हुँ । त्यतिबेला पढेलेखेका मान्छेहरू धेरै थिएनन् । अक्षर-अङ्क चिन्न सक्ने मान्छेहरू पढेलेखेका मान्छेको रूपमा गनिन्थे । त्यस्ता मान्छे पनि को कहाँ छन् भनेर खोज्नुपर्थ्यो । अलि-अलि अङ्क-अक्षर जानेका मसहित पद्मपाणि उपाध्याय पन्थी, नेत्रप्रसाद पन्थी आदि थियौं । हामीहरू अड्डाको बाहिरपट्टि लाँकुरीमञ्चको चउरमा हुन्थ्यौं । त्यहाँ हामीहरूले बाहिरबाट काम परेर आएका मानिसहरूको दरखास्त लेखिदिने गर्दथ्यौं ।

एक दिन भारतका एक जना योगी विभिन्न स्थानको भ्रमण गर्दै तम्घासमा आइपुगे । ती योगीले बडाहाकिमलाई भेटे । उनले रेसुङ्गा जाने इच्छा व्यक्त गरेछन् । ती योगी निकै पढालेखा मान्छे रहेछन् । बडाहाकिमले ती योगीलाई एउटा पियनका साथ मलाई पनि रेसुङ्गा जान भनेपछि हामीहरू रेसुङ्गा गयौं । रेसुङ्गाबाट फर्केपछि बडाहाकिम गिरिप्रसादले योगीलाई भार्से गएर पढाउन अनुरोध गरे । योगीलाई खाने-बस्ने सबै सुविधा मिलाइदिनका लागि एउटा चिठी लेखेर बडाहाकिमले मलाई पनि योगीसँगै भार्से जान भने । त्यो चिठी लिएर हामीहरू भार्से गयौं । त्यो चिठी हामीले सुवेदार

अमरबहादुर बुढाथोकीलाई दियौं । त्यहाँ हामीलाई खाने-बस्ने व्यवस्था मिलाइदिए । त्यहाँ एक वर्ष जति बसेर मैले पनि पढें । एक वर्षपछि योगीसँगै म पनि तम्घास फर्कें । त्यस्ता पढेलेखेका मान्छेलाई तम्घासमै राखेर हामीले पढ्न पाउने व्यवस्था मिलाउनुपर्छ भनी यहाँका बुढापाका मान्छेहरूलाई हामीले अनुरोध गर्‍यौं । उधिनढुङ्गामा भडखाले पन्थीहरूले निर्माण गरेको पौवामा योगीलाई बस्ने व्यवस्था मिलाएर केही महिना हामीले त्यहाँ पढ्यौं । केही समय पढाएर योगी फर्केपछि हाम्रो त्यो पढाइ पनि रोकियो ।

## ६. तपाईंहरूको पालामा विवाहको के-कस्तो प्रचलन थियो ?

◆ हामीहरूको पालामा १०-१२ वर्षको उमेर भएपछि विवाह गरिदिने चलन थियो । ५-७ वर्षकी कन्यासँग १०-१२ वर्षका केटाहरूको विवाह गरिदिन्थे । कसैको पाको उमेर भएपछि पनि विवाह हुन्थ्यो । मेरो २५ वर्षको उमेरमा २० वर्षकी विष्णुकुमारीसँग २०१५ साल वैशाख १५ गते विवाह भएको हो । म १०-१२ वर्षको हुँदा एकपटक साथीसँग गाउँमा विवाह हेर्न गयौं । दुलाहा-दुलहीको कुनै नयाँ पोशाक नभएकाले हामीलाई चिन्न गाह्रो भयो । १०-१२ वर्षको एउटा बालकलाई काखमा राखेर ल्याएको देख्यौं । पछि त्यो दुलाहा रहेछ भनेर हामीले चिनेका थियौं ।

## ७. तपाईं जागिरमा कसरी प्रवेश गर्नुभयो ?

◆ २०१५ सालमा नेपालमा पहिलो संसदीय चुनाव गराउन गाउँमा जाने म्यादी कर्मचारी भर्ना गर्नुपर्ने भएछ । मलाई पनि तिमी जान्छौ भनेर सोधे । मैले पनि हुन्छ जान्छु भनें । म्यादी कर्मचारी भएर धरमपानी, भुर्तुङ्, बाग्लुङ्को नरेठाँटी, म्याग्दीको बेनी, तातोपानी आदि ठाउँमा काम गरेर डेढ महिनापछि तम्घासमा आइयो ।

२०१६ सालको माघ महिनामा ग्राम विकास कार्यकर्ता भर्ना गर्नका लागि काठमाडौंबाट मान्छे आई ग्राम कार्यकर्ता बनाउन मान्छे खोज्न थाले । तिनीहरूले मलाई पनि ग्राम विकास कार्यकर्तामा एक वर्ष तालिम गर्न काठमाडौं जाने हो भने मुखिया सरहको पदमा नियुक्ति पाइन्छ । तिमी जान्छौ ? भनेर मलाई सोधे । मैले पनि हुन्छ भनें । कोले ताराप्रसाद पाण्डे, रामप्रसाद, सन्तबहादुर भलामी आदि ६-७ जना हामी काठमाडौं, ललितपुरमा १ वर्ष तालिम गरेर ग्राम विकास कार्यकर्ताको नियुक्ति लिई तम्घास आयौं । तम्घासको ग्राम विकास कार्यालयमा गुल्मी हर्राचौरका धर्मबहादुर थापा हाकिम (BDO = ब्लक डेभलपमेन्ट अफिसर) हुनुहुन्थ्यो ।

हामीहरू गाउँमा गएर किसानहरूलाई विकासी बिउ-बिजन वितरण गर्ने, कम्पोष्ट मल बनाउने तरिका सिकाउने गर्दथ्यौं ।

२०२१ सालमा खरिदार सरहको पञ्चायत तालिम सहायक पदमा बढुवा भयो । तालिमका लागि चितवनको रामपुरमा झिकायो । छ महिनाको तालिम पूरा गरेपछि रुकुम जिल्लामा पठायो । रुकुम पुग्न २१ दिनको बाटो म्याद थियो । त्यहाँ काम गर्दागर्दै फेरि ३ महिनाको तालिममा रामपुर गइयो । त्यो तालिम पूरा गरेपछि क्रमशः लुम्बिनी अञ्चलाधीश कार्यालय, रूपन्देही (बुटवल), अर्घाखाँची, पाल्पामा सरूवा भई पुनः गुल्मी जिल्ला पञ्चायतमा सरूवा भयो ।

२०४० साल वैशाखमा जागिर खाएको २२ वर्ष पूरा भएपछि ७ वर्षको पेन्सन एकैपटक पाउने गरी जागिरबाट ५० वर्षको उमेरमा स्वैच्छिक अवकाश लिएको हुँ ।


**८. जागिर छोडेपछि के-के गर्नुभयो ?**

◆ जागिर छाडेपछि मैले तम्घासमा किराना पसल गरें । तानसेन-तम्घासको कच्ची मोटरबाटोमा भर्खर गाडी चल्न थालेका थिए । बुटवलबाट किराना सामान गाडीमा हालेर तम्घास ल्याउँदा दुबिचौरको साँगुरो ठाउँमा गाडी पास हुन गाह्रो भयो । ड्राइभरले हामीलाई ओर्लन भन्यो । हामीहरू ओर्ल्यौं । पहिरो खसेको बीच भागमा पुग्दा गाडी पल्टेर बाटामुनि ३०० मिटरजति तल झर्‍यो । ड्राइभर हाम फालेर बाँच्यो । गाडीको सामान पहिरोभरि जताततै छरियो । तम्घासबाट अर्को गाडी झिकाएर पहिरोमा खसेका सामान बटुली तम्घास पुर्‍याइयो । घरतर्फ पनि गाईभैंसी बाँधेका गोठमा आगो लागेर धेरै नोक्सान भयो । गाईभैंसीलाई छिमेकीले दाम्लो काटेर बचाइदिएछन् । गृहलक्ष्मी विष्णुकुमारीलाई गोठको छानो खसेर शिरमा लागेछ । यसरी दुईवटा घटनाहरूले आर्थिक अवस्थामा धक्का पुग्न गएको थियो ।

**९. २००७ सालको वरिपरि तपाईं राजनीतिक घटनाहरूसँग पनि सम्बद्ध भएको पाइन्छ । त्यो बेला तपाईं कसरी राजनीतिमा लाग्नुभयो ?**

◆ २००७ सालमा बी.पी. कोइराला, गणेशमानसिंह, कृष्णप्रसाद भट्टराई आदिले काङ्ग्रेस पार्टी खोलेर क्रान्ति गरिरहेको कुरा चर्चामा आइरहेको थियो । गुल्मीमा काशीनाथ गौतमसहितका केही मान्छेहरू आएर जुलुस निकाले । राणा सरकार मुर्दावाद भन्दै नारा लगाउँदै हामी पनि गाउँगाउँमा गयौं । राणाको विरोधमा लागेको भनेर मलाई पकडन पुलिस आएको थाहा पाई एउटा घरभित्र गएर लुकी राति भएपछि घर आउँथें । काशीनाथ गौतमसित

मानकोट, धुर्कोट, पुर्कोट आदि ठाउँहरूमा नारा लगाउँदै हामीहरू हिंडेका थियौं । २००७ साल फागुन ७ गते राणा सरकार हटेको घोषणा भयो । देशभरि दीपावली गरियो । १८ वर्षको उमेरमा २००७ सालको चैत्र २६ गते मैले नेपाली काँग्रेसको प्राथमिक सदस्यता प्राप्त गरेको थिएँ । त्यसको प्रमाण अद्यापि मसँग सुरक्षित छ । त्यसबेलाको रसिद यस्तो थियो :


संख्या ( सदस्यको निमित्त ) मिति

28317 —नेपाली कांग्रेस—

श्री मथुराप्रसाद ...... उमेर १८ वर्ष पिता/पति ......

पूरा ठेगाना ......

लाई सदस्यताको वार्षिक चन्दा कं० रु० ।) वा मो० रु० ।२५ लिई यस वर्षको लागि प्राथमिक सदस्य बनायौं ।

सदस्य बनाउने व्यक्तिको हस्ताक्षर ......

सभापति, प्रधान मंत्री,

मंत्री,

...... शाखा

## १०. तपाईं अद्वैत संस्थामा कसरी लाग्नुभयो ?

◆ गुल्मीमा २०२८ सालमै अद्वैत संस्थाको जिल्ला शाखा, तम्घासमा स्थापना भए पनि बीचमा त्यो निस्क्रिय भएको थियो । २०५२ सालमा सो संस्थालाई पुनः सञ्चालन गर्नका लागि आचार्य पीठ रिडीका पीठाधीश प्रधान जगत् गुरु श्री देवेश्वर सरस्वती तम्घासमा आउनुभयो । मैले पनि ६२ वर्षको उमेरमा नाम लेखाएर सदस्यता प्राप्त गरें । नयाँ जिल्ला कार्य समिति गठन भयो । २०५३ सालको फागुनमा नारायणघाटको क्षेत्रपुरमा भएको सत्सङ्ग समारोहमा भाग लिन हामी दुई दम्पती गएका थियौं । अद्वैत संस्थाको जिल्ला कार्यालय बनाउन हामीले घडेरी दिने विचार गरी गुल्मीमा फर्केपछि सो घडेरी अद्वैत संस्थाको नाममा राजिनामा पास गरी प्रदान गर्‍यौं । तत्कालीन केन्द्रीय सभापति वसन्तलाल सरस्वतीले सत्सङ्ग मन्दिर जिल्ला कार्यालय भवन बनाउनका लागि शिलान्यास गर्नुभयो । सत्सङ्गका सहभागीहरूबाट रकम जम्मा भयो । श्री नरप्रसाद श्रेष्ठको सक्रियता र रेखदेखमा दुई तले भवन निर्माण भयो । त्यसै भवनमा दैनिक सत्सङ्ग समारोह, विशेष सत्सङ्ग समारोह र बृहत् सत्सङ्ग समारोहहरू हुने गरेका छन् । श्रीमान् कुलपति गुरुदेव प्रतापचन्द्र चक्रवर्तीको उपस्थितिमा दुई पटकसम्म महासत्सङ्ग समारोह पनि यहाँ भइसकेका छन् ।

मैले देशका विभिन्न स्थानमा भएका सत्सङ्ग समारोहहरूमा भाग लिएको छु । पढाइमा पनि भाग लिएको छु । अद्वैत महाविद्यालयमा ४ वर्ष र अद्वैत विश्वविद्यालयमा ५ वर्ष गरेर ९ वर्षको पढाइ पूरा गरी २०६९ साल श्रावण १ गते ८० वर्षको उमेरमा अद्वैत विश्वविद्यालयको पढाइ पूरा गरेर प्रमाण-पत्र प्राप्त गरेको छु ।

## ११. तपाईंलाई अद्वैत संस्थामा लाग्दा के-कस्तो अनुभव प्राप्त भयो ?

◆ जीवन नाशवान् रहेछ भन्ने बोध भयो । नाश नहुने अविनाशी सुख भन्नु नै मोक्ष हो भन्ने ज्ञान भयो । भुलेकोलाई याद गर, याद गरेकोलाई भुल भन्ने गुरुदेवको उपदेश छ । आफ्नो स्वरूपलाई आत्मा भनिएको छ । यस आत्मालाई जान्नुपर्छ । आत्मालाई जाने मुक्ति सिद्ध हुन्छ । तरङ्ग जस्तो पानीदेखि भिन्न होइन, त्यस्तै जगत् आत्मादेखि भिन्न होइन । आफ्नो चैतन्य स्वरूपलाई बुझ्ने हो साक्षत्कार । शास्त्र र सत्सङ्ग विना संसारबाट छुट्ने अरू कुनै बाटो छैन । त्यसैले सत्सङ्ग नछोड्नू । निश्चिन्तताको अभ्यास बढाउनु नै पुरुषार्थ हो । पुरुषार्थलाई कहिल्यै पनि छाड्नु हुँदैन । ब्रह्मलाई कसैले जानेको छैन । आफूलाई जाने पुग्छ । आफू नै ब्रह्म हो ।

## १२. तपाईंका सन्तानहरू के-कति छन् र तिनीहरू अहिले कहाँ के गर्दैछन् ?

◆ मेरा सन्तानहरू ५ हुन् । तिनीहरूमध्ये चार छोरा र एक छोरी छन् । जेठो छोरा अर्जुनप्रसाद जिल्ला विकास समिति, गुल्मीको खरिदार पदबाट सेवानिवृत्त भएका छन् । महिलो छोरा तेजेन्द्रप्रसादले तम्घासमै व्यापार व्यवसाय गरिरहेका छन् । साहिंलो छोरा ध्रुवराज श्रेष्ठ त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा सहप्राध्यापक छन् । कान्छो छोरा भुवनप्रसाद श्रेष्ठ नेपाली काँग्रेस, गुल्मीको सभापति भई सामाजिक र राजनीतिक क्षेत्रमा क्रियाशील छन् र छोरी भगवतीको विवाह प्यूठान, खलङ्गामा भएको छ । उनले पढाउने काम गर्छिन् । जुवाईं रमेश राजभण्डारी उच्च अदालतमा न्यायाधीश हुनुहुन्छ । नाति नातिनाहरू पनि डाक्टर, इञ्जिनियर भएर अमेरिकामा काम गर्छन् ।

## १३. आफ्नो जीवनबाट तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

◆ आफ्नो जीवनबाट म सन्तुष्ट छु । दुःख सुख जीवनमा सबैलाई आईपर्ने कुरा हुन् । मलाई आफ्नो घरपरिवार, छोराछोरी, नातिनातिना सबैबाट सन्तोष लागेको छ । आत्मज्ञान नगरीकन जसरी जीवन बिताए पनि सन्तोष हुँदैन । अद्वैत संस्थामा आत्मसाक्षत्कार साधनामा लाग्दा मलाई अझ बढी सन्तोष मिलेको छ । २०७७ श्रावण १४ गते नेपाली काँग्रेसका सभापति तथा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाबाट ज्येष्ठ राजनीतिज्ञ सभामा

श्रद्धा र उच्च सम्मानका साथ मलाई मनोनयन गरेको प्रमाण-पत्र प्राप्त भएको छ । मेरा अनुभूतिहरूलाई हालै मेरा छोरा भुवनप्रसाद श्रेष्ठले प्रकाशमा ल्याएको एउटा पुस्तिकाबाट मेरा अनुभवहरू अरूलाई जानकारी हुन सक्छ ।

**१४. अब तपाईंलाई अरू केही कुरा भन्न मन लागेको छ कि ?**

◆ अब त्यस्तो भन्न पर्ने केही कुरा छैन । गणतन्त्र आएपछि गाउँघरमा बाटाघाटा बनिरहेका छन् । यो खुशीको कुरा हो । नयाँ निर्माण गर्दा ऐतिहासिक पुराना संरचनाहरू जोगाएर गर्न सके राम्रो हुन्छ । तम्घासको ऐतिहासिक लाँकुरीमञ्च जसका वरिपरि बसेर हामीहरू लेखापढी गर्थ्यौं, अनेकौं सभा सञ्चालन हुने गर्थे, त्यो भत्काइएकोमा मलाई दुःख लागेको छ । यसको ऐतिहासिकतालाई जोगाउन सबै लाग्नुपर्छ । म यसमा सहयोग गर्न तयार छु ।

*- भारद्वाज*

ooo


**HABILE ENGINEERING CONSULTANCY**

Bagdole-4, Lalitpur, E-mail : engghabile@gmail.com, Tel : 01-5190517

Er. Amrit Gyawali (CEO), 9851195214

**OUR SERVICES :**

- Earthquake resistance infractructure related construction, mapping, designs, estimation, soil test, supervision and more.
- Property Valuation and estimation.
- Roads, Bridges, Hydro-power, Irrigation and Water, Tower, Related survey, design and consultation.
- Drinking water and sanitation-related survey, design and supervision,
- Project monitoring, Evaluation & Impact Study.






विजया दशमी, दीपावली र छठ पर्व २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

**गोकुल गिरी**

**नि. कार्यालय प्रमुख**

**जिल्ला हुलाक कार्यालय**

**गुल्मी**

# सुपारीको कुड्काले निम्ता गरेको पो हो कि ?

✍ **डा. रामप्रसाद गौतम**
**तानसेन, पाल्पा**

प्रकृतिमाथिको भौतिक अतिक्रिमण र सामाजिक तथा दैवीप्रकोप हेतु जन्य (कोरोना महामारी) परिवेशका कारण सचेतता र सतर्कताका साथ प्रातःकालीन भ्रमण सबै दृष्टिबाट उपयुक्त भन्ने सार्वजनिक सोंचअनुसार (आत्मीय भाइ भेषराज र अत्यन्तै सहयोगी आफन्त वंकिमचन्द्र खनाल) हामी प्रायशः २, ३ घण्टा २, ३ किलोमिटर मौसमको अनुकूलता आँकलन गर्दै प्रातः ५:०० बजेदेखि नै भ्रमणमा निस्कन्थ्यौं ।

२०७८ असार २५ गते शुक्रबार ब्रह्ममुहूर्तदेखि नै उदुमसँग पानी पर्‍यो । अरू बेलामा हिंडेर वा काम गरेर थकाइ लाग्ने तर यो महामारीको समयमा त घरकोठामा बसिरहनुपर्दा झन् थकाइ लाग्ने कस्तो विडम्बना ! प्रातः कालीन भ्रमणका सहयात्रीहरू बाटो हिलाम्मे हुन्छ भनी नजाने भएपछि ८:३० बजेतिर पानी पर्न बिसाउँदा म एक्लै नै प्रातःकालीन भ्रमणका लागि हिंडे ।

मलाई सानै उमेरदेखि नै मन नपर्नेहरूमा वनस्पतिमा बोकेझार, तरकारीमा बकुलासिमी, जनावरमा कुकुर र बिरालो, किटपतङ्गमा झुसिलकिरा, अनि पंक्षीमा कौवा नै हो । कौवाको न रूप न स्वर राम्रो न व्यवहार र बोली, त्यसैले यी मध्ये पनि सबैभन्दा बढी मन नपर्ने काग (कौवा) नै हो । त्यसमा पनि अझ झन् यमराजको सन्देशवाहक ठानिने हुँदा झन् उकुच । केही कुरा एक चित्तले पढ्न वा लेख्न लागेको समयमा आफ्नै घरको झ्यालअगाडि नै रहेको (कोसा लागेर तरकारी खान हुने) स्वस्थकर पार्कियाको रूखमा बसेर मन माथिङ्लमा नै क्रोधाङ्कुर उद्दीप्त गराउने काऽऽऽ का ऽऽऽ अत्यन्तै रूखो कर्कश स्वर, धपाउन खोज्दा पनि नटेर्ने । उक्त दिन गोर्खेकोटबाट घरतर्फ फर्किंदै गर्दा श्रीनगर गणेशस्थानमुनि रहेको बद्रेश्वर शिवालय हुँदै आफ्नै सुरमा हिंड्दै थिएँ । एउटा कौवा आई शिरको टोपीको मध्यभाग टुप्पी रहने ठाउँमा ठुँगेर एक टुक्रा सुपारी छोडेर उड्यो । म अत्यन्तै अध्यात्म र हाम्रो सांस्कृतिक परम्परामा आस्थावान् हुँदै यसलाई अझ विज्ञानसम्मत कसीमा पर्गेल्ने मेरो जिज्ञासुपन हुँदा उक्त घटनाले मेरो मनमा नानाथरीका भाव, तर्कना र रटनाहरू उद्वेलित भए । मैले अतीतका कुराहरू सम्झिन पुगें । म सानै छँदा (७, ८ वर्षको) आमाले कौवा आई काऽऽऽ काऽऽऽ गर्‍यो भने सुबोल-सुबोल भन्ने गर्नुहुन्थ्यो । मैले बालपनमा सोध्ने गर्थें - किन आमा ! सुबोल सुबोल भनेको ? उहाँ भन्ने गर्नुहुन्थ्यो - बाबु ! यसले कहिलेकाहीं त पाहुना आउँदैछन् है भनी अग्रिम सूचना गरेको हुन्छ

तर प्रायःजसो यसको बोलीमा अपशकुनकै सङ्केत हुन्छ, त्यसैले राम्रो शुभ समाचार 'सुबोल-सुबोल' भनेको हो भन्नुभएको मातृवचन स्मृतिपटलमा ताजा भएर आयो । एकातिर कौवाले छोएमा वा शरीरमा बिस्ट्याएमा अशुभ हुने हुँदा तुरून्तै स्नान गर्नुपर्छ भन्ने किंवदन्ती पनि रहेको र अर्कोतिर मेरै शिरमा ठुँगेर टोपीमा सुपारीको एक कुड्का समेत राखेर जानुको तात्पर्य मलाई भागवत ज्ञवालीजीसँग समपंक्तिमा राख्न वैवस्वतले निम्ता पठाएका हुन् कि, भन्ने भावसमेत उब्जिनु नैसर्गिक नै थियो । किनभने अहिले जस्तो किमती कार्ड छापेर निम्तारूकहाँ पठाई निमन्त्रणा गर्ने प्रविधिको विकास भएको थिएन, उहिले प्राचीन समयमा त निमन्त्रित व्यक्तिको स्तर र मर्यादाअनुरूप सिङ्गो सुपारी वा कुड्का दिएर नै निमन्त्रणा गर्ने प्रचलन थियो । त्यसैअनुसार यो कुड्का सुपारीद्वारा मलाई यमराजले यमलोक आउन सन्देशसूचक निम्ता पो पठाएको हो कि ! यस्तै थुप्रै तर्कनाका बादलहरू मेरो मनभित्र उर्लिए । तर्क गर्दागर्दै घर आइपुगें । कागस्पर्शले मात्र नभई हिंड्दा खेरिको पसिनाले निथ्रुक्किएका कारण स्नान गरी नारायणस्थान मन्दिरमा पुगेर प्रार्थना गर्दै आखिरमा संसार, व्यवहार, परिवार तथा सबै छाडेर एकदिन जानु त छ नै । जे होस् प्रभुमा यद्भवितव्यम्तद् भवतु, त्वम् शरणम् भन्दै भेटी चढाई दर्शन गरी घर फर्किएँ, तर मनमा चाहिं खुल्दुली भने रहिरह्यो ।

ooo

**विजया दशमी २०७८ को पावन अवसरमा सबैलाई शुभकामना !**

**खरेल पुस्तक पसल** रेसुङ्गा न.पा.-१, चिदीचौर, तम्घास, गुल्मी
प्रो. एम्.पी./बी.पी. खरेल

**फोन : ०७९-५२०२११, ९८५७०६४४१३, ९८४७३१०७०५, ९८६७१९५२११**

❑ कक्षा नर्सरीदेखि क्याम्पसतहसम्मका सम्पूर्ण पाठ्यपुस्तक, ❑ फोटोकपी, लेमिनेशन, बाइण्डिङ्, अर्जेन्ट फोटो ❑ ई-सेवा, इ-मेल, फ्याक्स, रिचार्ज कार्ड सेवा ❑ लोकसेवा, शिक्षकसेवा, धार्मिक पुस्तक, ❑ खेलकूद तथा संगीतका सामग्रीहरू यहाँ उपलब्ध छन् ।

लागू औषध, दुर्व्यसन र अवैध मदिरा उत्पादन, बिक्री वितरण र उपभोग नगर्नु/नगराउनुहुन सबैलई अनुरोध छ ।

**स्वस्थ जीवन उच्च विचार कायम राख्न**
**लागू औषधको गरौं वहिष्कार**

**जिल्ला प्रशासन कार्यालय**
**गुल्मी**

# छत्रकोट गाउँपालिकाको संक्षिप्त परिचय

✍ **चन्द्रप्रकाश उपाध्याय**
**तम्घास, गुल्मी**

## पृष्ठभूमि

नेपालको संविधान (२०७२) अनुसार नेपालमा स्थानीय, प्रादेशिक र संघीय गरी तीन तहका सरकार अस्तित्वमा रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकारको काम, कर्तव्य र अधिकार तोकिएको छ ।


सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतको स्वायत्त शासन व्यवस्था महाशाखाले गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिलाई स्थानीय तहको रूपमा परिभाषित गरेको छ । स्थानीय तहको रूपमा राखिएका यी निकायहरूमा राज्यका कार्यहरूलाई विकेन्द्रित गरी एक पूर्ण अधिकारसहितको नागरिकको स्थानीय सरकार निर्माण गरी जनतालाई सरल रूपले सेवा प्रवाह गर्नको लागि, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निर्देशित गरिएको छ । सोहीबमोजिम चुनावी प्रक्रियाको माध्यबाट स्थानीय प्रतिनिधिको छनोट गर्ने कार्यले पनि निरन्तरता पाइरहेको छ । यसरी चुनावी मैदानबाट आएका जनप्रतिनिधि र खुला प्रतिस्पर्धात्मक परीक्षा प्रणालीबाट छनोट भई निश्चित कानुनी दायराबाट आएका प्रतिनिधिको संयुक्त साझेदारीमा स्थानीय तहका कार्यहरू सञ्चालन गर्नको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालये जिम्मेवारी सुम्पेको छ । स्थानीय तहको काम गर्नको लागि जिम्मेवारी प्राप्त गरेका यी निकायहरूले जनताको सर्वाधिक नजिकको साझेदार बनेर काम गर्न सुरवात गरिसकेका छन् । गाउँपालिका स्थानीय तहको पहिलो तहमा रहेको हुन्छ । गाउँपालिकाले आफ्नो क्षेत्रको सबैखाले विकासको प्रक्रियालाई अघि बढाउने क्रममा निर्देशित कानुनी दायराको पालना गर्नुपर्ने हुन्छ । यसका लागि गाउँपालिकाले सङ्घीय मामिला मन्त्रालयबाट प्राप्त निर्देशनको आधारमा आफ्नो क्षेत्रमा भौतिक, आर्थिक तथा सामाजिक विकासको नेतृत्व गर्ने कुरा स्वायत्त शासन व्यवस्था महाशाखाले उल्लेख गरेको छ । सोहीबमोजिम गाउँपालिकाले आफ्नो कार्यलाई सरल रूपले सञ्चालन गर्नको लागि आफ्नो क्षेत्रको वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व नै स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधारलगायतका क्षेत्रको यथार्थ स्थिति स्पष्ट देखिने गरी वस्तुगत विवरण तयार गनुपर्ने व्यवस्था गरिएको छ ।

त्यसैअनुसार योजना निर्माणको लागि पूर्वानुमान गर्न तथा जनतालाई अनुभूत हुने गरी सरल र प्रभावकारी सेवा प्रदान गर्न निर्देशिकाको रूपमा वस्तुगत

विवरणलाई उपयोग गर्न सकिन्छ । यही विशेषताको कारणले वर्तमान समयमा प्रत्येक गाउँपालिकाले आफ्नो पार्श्वचित्र (वस्तुगत विवरण) बनाउन अनिवार्य सम्झी गुल्मीको छत्रकोट गाउँपालिकाले पनि आफनो पार्श्वचित्र तयार गरेको छ । त्यसैको आधारमा छत्रकोट गाउँपालिकाको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

## परिचय

नेपालको संविधान २०७२ को धारा १९५ उपधारा ३ मा भएको व्यवस्थाअनुरूप गुल्मी जिल्लामा रहेका १२ वटा स्थानीय तहमध्ये छत्रकोट गाउँपालिका एउटा स्थानीय सरकारको रूपमा परिचित छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व बोकेको छत्रकोट गाउँपालिका ऋष्यशृङ्ग्य ऋषिले तपस्या गरेको रेसुङ्गा र शृङ्गी ऋषिले तपस्या गरेको शृङ्गा लेकको बीचमा पर्ने छत्रदेव मन्दिरको पावन भूमिमा अवस्थित छ । साविकका गा.वि.स.हरू हुँगा, पल्लिकोट, हर्दिनेटा, दिगाम, खर्ज्याङ र दौंघा गरी ६ वटा वार्ड सेवाक्षेत्र रहेको यो गाउँपालिकाको नामकरण वार्ड नं ३ मा अवस्थित चोएघाको थुम्कोमा रहेको छत्रकोट देवालयको नामबाट रहेको हो ।




छत्रकोटको बारेमा सोध-खोज गर्दा महाभारतको कौरव-पाण्डव युद्धसित गाँसिएको एउटा रोचक प्रसङ्ग रहेछ : जसअनुसार कौरव पाण्डवको युद्ध समाप्त भएपछि

युद्धको समीक्षा गर्ने क्रममा पाण्डव पक्षका भीम र अर्जुनले आफ्नो युद्ध कौशल र पराक्रमका कारण यो जित सम्भव भएको भनी अभिमानयुक्त अभिव्यक्ति दिएपछि भगवान् श्रीकृष्णले महाभारतको पूरै युद्ध उलुक बर्बरिक राज्यका राजाको उच्छेदित शिरले अन्तरदृष्टिबाट सबै देखेको र यसमा कसको कस्तो भूमिका रह्यो भन्ने बारेमा उनैबाट सुन्न आग्रह गरेपछि श्रीकृष्णसहित पाण्डवहरू उक्त राजा सामु पुगेछन् । बर्बरिक राजाले युद्धमा विजय हासिल गर्नुमा प्रत्यक्ष अप्रत्यक्ष दुबै रूपले श्रीकृष्णको भूमिका रहेको बताएपछि भीम र अर्जुन आफ्नो अहङ्कारका कारण लज्जित भएको प्रसङ्ग छ । महाभारत युद्धको सत्य तथ्य वर्णन गरेको सुनेपछि भगवान् श्रीकृष्णले तपाई के चाहनुहुन्छ र कहाँ बस्न चाहनुहुन्छ ? भन्दा बर्बरिक राजाको शिरले उच्च शिखर उलुक नगरीमा बस्ने इच्छा जाहेर गरेपछि तथास्तु भनी वरदान दिएछन् र तिम्रो भक्ति र श्रद्धा गर्ने सबै श्रद्धालु भक्तजनले पीडा दुःख संकटबाट मुक्ति पाउनुका साथै सुख, शान्ति र समृद्धि प्राप्त गर्नेछन् भन्ने आशीर्वाद दिएछन् । राजाले पनि श्रीकृष्णको प्रसस्त स्तुतिगान गरेछन् र श्रीकृष्णको निर्देशनअनुसार बर्बरिक राजाको शिरलाई अग्लो बाँसको लिङ्गोमा राखी कुरूक्षेत्रबाट उत्तरतर्फ शिरलाई छाता ओढाई ल्याइएको प्रसङ्ग उल्लेख छ । साथै यसरी यात्रा गर्दै आउने क्रममा अर्घाखाँचीको उलुक भन्ने ठाउँमा उक्त शिरले त्यही बस्ने इच्छा जाहेर गरेकाले उक्त स्थानमा शिखर शैलीको मन्दिर निर्माण गरी मन्दिरभित्र तामाका फाँक (ठूलो आकारको मुख भएको भाँडो) मा शिरलाई स्थापित गरी पूजा गर्ने परम्पराको थालनी भएछ । हालसम्म पनि पूजारीहरू आँखामा कपडाको पट्टी बाँधेर सो फाँकको सरसफाइ गर्ने प्रचलन छ भनी 'छत्र महाराज एक परिचय'शीर्षकमा अर्घाखाँची निवासी ताराप्रसाद न्यौपानेले उल्लेख गरेका छन् ।

२०४२ सालमा किरण पुस्तकालय, तम्घासबाट प्रकाशित डा. टीकाराम पन्थीद्वारा लिखित "केही जनश्रुतिहरू" भन्ने पुस्तकमा 'महाभारतीय बर्बरीक उलुक छत्रगञ्जका बर्बरे' शीर्षकको एउटा अनुसन्धनात्मक आलेख छापिएको छ । त्यसमा पनि उलुकका देवतालाई छत्रमहाराज भनिएको छ । तिनै छत्रमहाराजको नामबाट छत्रगञ्ज गाउँ पञ्चायतको नाम राखिएको र हाल अर्घाखाँचीको सो गाउँलाई छत्रदेव गाउँपालिका भनिएको छ । गुल्मीको छत्रकोट र अर्घाखाँचीको छत्रदेवको ऐतिहासिक पृष्ठभूमि र त्यहाँका किंवदन्तीहरू केही मिल्दाजुल्दा छन् । त्यसकारण यी दुई गाउँपालिकाको छत्रकोट र छत्रदेव अहिलेको भौगोलिक सीमा कायम नहुँदै एउटै राज्यअन्तर्गतका स्थानहरू थिए ।

पछि यही छत्रकोट गा.पा.को बुकेनी भन्ने ठाउँका धनीश्वर पोखेललाई देवता उत्रिएछन् । उनी हल्लिदै गएर खर्घाखाँचीको माथि उल्लिखित उल्का भन्ने

ठाउँमा पुगेछन् र त्यहाँ एउटा पत्थर देवता समाउन पुगेछन् । तिमी मेरो भक्त हुनु भनी दीक्षा पाएका उनी एउटा सानो खुँडा समाएर हल्लिदै चोएगामै फर्किएछन् त्यही चोएगाको थुम्कोमा चौतारीको बुट्यानमुनि उक्त शिला र खुँडा राखेर भोकै पूजा गर्ने परम्पराको थालनी भएछ । सो पत्थरलाई उक्त कथन अनुसार छत्रको रूप मानिएको र मन्दिरयुक्त थुम्कोलाई कोट भनिने पम्परा अनुसार छत्रकोट नामकरण भएको हो भन्ने रुरुक्षेत्र गा.पा. वार्ड नं. ४, धर्मपोखरा निवासी शोभाकान्त उपाध्यायको कथन छ ।

छत्रकोट गा.पा. अन्तर्गत रहेका ६ वटै वार्डका आ-आफ्नै ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक विशेषता रहेका छन् : छत्रकोट देवालय, हुँगाको देउती दुर्गा शिवालय मन्दिर, पल्लिकोटको कोटडाँडा छत्रकोट गा.पा. कै अग्लो स्थान, दिगामको कालिका मन्दिर, खर्ज्याङको मानकोट, मनभाक पौवा, हर्दिनेटाको भगवती मन्दिर, भालुपानी र धरमपानीको रानीपोखरी, दौंघाको काहुलेगढी, वराह मन्दिर, ठूलो पोखरा, आलम मन्दिर आदि ऐतिहासिक धार्मिक धरोहरहरू हुन् । छत्रकोट गा.पा.को वार्ड नं. ४ शृङ्गामा रहेको विशाल पोखरी (९ लाख लि. क्षमताको) एसियाकै वर्षातको पानी जम्मा गर्ने ठूला टङ्कीमध्येको एक हो । पर्यटकीय आकर्षणको छत्रकोट सेरोफेरो, दिगामको घलाम मौलोपोखरा क्षेत्र,दौंघाका २ ठूला पोखरीहरू, हुँगा, पल्लिकोट हर्दिनेटा, खर्ज्याङमा रहेका रमणीय स्थानहरू हुन् ।

यस गाउँपलिकाअन्तर्गतका सम्पदाहरूको गहनतम अध्ययन, अनुसन्धान गर्न सकियो र आवश्यकताअनुसार संरक्षण संवर्धन गर्न सकिएमा यी सबै स्थान पर्यटकीय गन्तव्यको रूपमा विकसित हुन सक्ने देखिन्छ ।

छत्रकोट गाउँपालिका विविध जात-जातिहरूको बसोबास रहेको बहुधार्मिक, बहुसांस्कृतिक सम्पदा बोकेको रमणीय भूभाग हो । यहाँ बाहुन, क्षत्री, मगर, नेवार एवं विविध थरसहितका दलित समुदायका साथै अल्पसंख्यक जातजातिअन्तर्गत कुमाल, बोटे, माझी, मुस्लिम आदिको बसोबास रहेको छ ।

यस छत्रकोट गाउँपालिकामा ४२ वटा सामुदायिक विद्यालय र ७ वटा संस्थागत विद्यालयहरू गरी ४९ वटा विद्यालयहरू रहेका छन् । ८ वटा सामुदायिक र एउटा संस्थागत गरी ९ वटा माध्यमिक विद्यालय र बाँकी रहेका ४० वटा विद्यालयहरू आधारभूत तहका छन् । यहाँ विद्यालयमा आधारित ३९ र समुदायमा आधारित दुई गरी जम्मा ४१ वटा बालविकास केन्द्र रहेका छन् । यस गाउँपालिकाको दिगाममा एउटा क्याम्पस सञ्चालित छ । साथै ४ वटा सामुदायिक सिकाइ केन्द्रले समेत शैक्षिक सेवा प्रवाह गरिरहेका छन् । यस

गाउँपालिकाको ५ वर्षमाथिको जनसङ्ख्यामा साक्षरता प्रतिशत ९७.५% रहेको छ । एक प्रा.स्वा. केन्द्रसहित सबै वडामा स्वास्थ्य चौकीहरू छन् । यहाँ अतिरिक्त हुलाकसहित निजी क्षेत्रका रुरु एफ.एम. र रुद्रावती एफ. एम. रहेका छन् ।

## अवस्थिति

यस गाउँपालिकाको पूर्वमा रुरुक्षेत्र गाउँपालिका, पश्चिममा गुल्मीदरबार गाउँपालिका, उत्तरमा सत्यवती गाउँपालिका र चन्द्रकोट गाउँपालिका तथा दक्षिणमा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका, पाल्पा जिल्लाको रैनादेवी गाउँपालिका पर्दछन् । ८७.१ वर्ग कि.मी. क्षेत्रफलमा रहेको यो गाउँपालिकाको जनसङ्ख्या २१४८१ (२०६८ को जनगणनाअनुसार) छ । खर्ज्याङ्को मनभाक ५७९ मी.देखि पल्लिकोटको कोटडाँडा १६७६ मी. सम्मको उचाइमा रहेको यो गाउँपालिकाको कार्यालय १५५५ मी. उचाइमा २८.००६५ डिग्री उत्तरी अक्षांश र ८३.३४६०३ डिग्री पूर्वी देशान्तरमा अवस्थित छ ।



**छत्रकोट गाउँपालिकाको प्रशासनिक भवन**

यस गाउँपालिकाले कुल जनसंख्या ३१,२५२ छ । त्यसमध्ये महिला १५०७९ र पुरुष १६१७३ छन् । यस गाउँपालिकामा घरधुरी सङ्ख्या ५४३० छ । यी घरहरूमा बस्ने जात-जातिहरूमा ब्राह्मणको सङ्ख्या २३०१, क्षत्री ४७१ जनजाति १६७०, दलित ९८८ रहेका छन् । यहाँका शतप्रतिशत व्यक्तिहरू नेपाली भाषा

बोल्दछन् । कृषि व्यवसायमा लाग्ने जनसङ्ख्या ८०.४३% रहेको छ । १५२३ व्यक्तिहरूको स्वदेशमै रोजगारी छ भने वैदेशिक रोजगारीमा जानेको सङ्ख्या ३३५३ छ । ४ हजारभन्दा बढी घरमा पक्की शौचालय बनेका छन् भने बाँकी घरहरूमा कच्ची शौचालय बनेका छन् । सामाजिक सुरक्षा भत्ता पाउने ७० वर्षभन्दा माथिको जनसङ्ख्या १६४ छ भने ज्येष्ठ दलित नागरिकको सङ्ख्या १५ छ । त्यस्तै एकल महिलाको सङ्ख्या १२८, पूर्ण अपाङ्गता भएकाको सङ्ख्या २ र आंशिक अपाङ्गता भएकाको सङ्ख्या १३ छ ।

यस गाउँपालिकामा ठाउँ ठाउँमा देवदेवीका मन्दिरहरू, पोखरीहरू, खेल मैदानहरू छन् । डेढ दर्जनभन्दा बढी सहकारी संस्थाहरू दर्ता भएका छन् । गाउँपालिकाले सबै क्षेत्रमा विकास कार्यक्रमहरू योजनाबद्ध ढङ्गले सञ्चालन गरिरहेको छ ।

गाउँपालिले तयार गरेको पार्श्वचित्रको निर्माणपश्चात् यसैको धरातलमा टेकेर तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरिने छ, जुन योजनामा परिकल्पना र प्रतिबद्धता गरिएको "समृद्ध र नमूना छत्रकोट"लाई साकार पार्ने गरी अवलम्बन गरिएको छत्रकोट गाउँपालिकामा शान्ति, विकास, समृद्धि र सुशासन कायम गरी नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन "CHHATRAKOT VISION : C = Commitment (प्रतिबद्धता), H-Hardworking Representative & Bureaucracy (मिहेनती जनप्रतिनिधि तथा कर्मचारीतन्त्र), H=Healthy & Happy People (स्वस्थ र सुखी नागरिक), A=Awarness & Meaningful Participation (सचेतना तथा अर्थपूर्ण सहभागिता), T-Transparency & Rule of Law) पारदर्शिता र कानूनको शासन), R=Rapid Development & Local Resource Utilization (तीब्र गतिको विकास र स्थानीय स्रोत साधनको समुचित प्रयोग), O=Owerneship in Public Service (सार्वजनिक सेवामा नागरिकको अपनत्व), T=Time Management & Planned Development (समय व्यवस्थापन र योजनाबद्ध विकास ।" यस्तो खालको छत्रकोट दृष्टि बनाइएको छ ।

**कार्यपालिका सदस्यहरू**

| क्र. सं. | नाम, थर | पद | वडा नं. | फोन नं. |
|---|---|---|---|---|
| १ | मधुकृष्ण पन्त | अध्यक्ष | | ९८५७०६७९८४ |
| २ | नर्मदा भण्डारी | उपाध्यक्ष | | ९८५७०६७९७६ |
| ३ | धातानन्द भण्डारी | वडाअध्यक्ष | २ | ९८५७०४९१११ |
| ४ | रूकबहादुर रासकोटी | वडाअध्यक्ष | ३ | ९८५७०४८१११ |

| क्र. सं. | नाम, थर | पद | वडा नं. | फोन नं. |
|---|---|---|---|---|
| ५ | तेजकान्त अर्याल | वडाअध्यक्ष | ४ | ९८५७०६४३७९ |
| ६ | डिलाराम न्यौपाने | वडाअध्यक्ष | ५ | ९८५७०६१५३२ |
| ७ | कृष्णप्रसाद पन्थ | वडाअध्यक्ष | ६ | ९८५७०७३९०५ |
| ८ | थमनबहादुर ज्ञवाली | वडाअध्यक्ष | ४ | ९८५७०७३४७० |
| ९ | रूनमाया सिंजाली | महिला सदस्य (का.पा.स.) | ५ | ९८६७२३८५६२ |
| १० | निर्मला भेडी कुँवर | महिला सदस्य (का.पा.स.) | ६ | ९८६७८३३१५० |
| ११ | कमला पोखेल (ढकाल) | महिला सदस्य (का.पा.स.) | ३ | ९८६५१२९२३७ |
| १२ | पुष्पा सार्की | दलित महिला सदस्य (का.पा.स.) | | ९८६६५८२३९५ |
| १३ | दुर्गा सुनार | गाउँ कार्यपालिका सदस्य | | ९८४४७२६४९५ |
| १४ | रमेश परियार | गाउँ कार्यपालिका सदस्य | | ९८४७१६५७६५ |
| १५ | कृष्णप्रसाद पन्थी | प्रशासकीय अधिकृत | | ९८५७०५८८२२ |

ooo




# कञ्चनजङ्घा सार्वजनिक पुस्तकालय, ताप्लेजुङ्ग

✍ **बाबुराम श्रेष्ठ 'वर्षा'**
**कञ्चनजङ्घा सार्वजनिक पुस्तकालय, खेवाङ, ताप्लेजुङ्ग**

नेपालमा लिच्छवी कालदेखि नै पुस्तकालय संचालनको अवधारणा आएको इतिहासले बोलेको छ । यसरी पुस्तकालयको जन्मलाई हेर्दा करिब २०७ वर्ष पुगेको देखिन्छ । पुस्तकालय भनेको मानवविकासको चेतनालाई अगाडि बढाउने मूल बाटो हो भन्ने लाग्छ । यसैलाई पछ्याउँदै आउँदा एक्काइसौं शताब्दीमा आइपुग्दा अनेक तन्त्र पार गर्दै आज गणतन्त्रमा नेपालको समय हिडिरहेको छ । यो समय भनेको मानव स्वतन्त्रताको अन्तिम खुड्किलो हो भनेझैं लाग्छ । तर २०७३ सालमा मात्र नेपालमा बल्लबल्ल नवौं पुस्तकालय दिवस मनाउने कार्यक्रममा देशभरि छरिएर रहेका पुस्तकालयसँग आबद्ध व्यक्तिहरू त्यो खुखियालीमा पानी, झरी, बादल न भनी यात्राको कठिनाइलाई पन्छाउदै कार्यक्रममा भाग लिन काठमाडौं पुगें । यो एउटा राष्ट्रव्यापी कार्यक्रमको रूपमा आएको थियो । म पनि ताप्लेजुङ्ग जिल्लाको दूरदराजमा रहेको खेवाङमा केही वर्षदेखि निजी इच्छामा आफूले जन्म लिएको गाउँको विद्यालयमा पुस्तकालय खुलाउनुपर्‍यो भनी २०६७/०६८ देखि पटक पटकको बोकाइबाट पुऱ्याई लगिएका पुस्तकहरू राखेर स्थापना गर्ने मनसायले त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी झापाका संस्थापक फलारी गुरुलाई लिएर कठिनपूर्वक खाम्दिम्बेबाट हतेर्दै पुऱ्याई उहाँकै हातबाट २०६९ सालमा स्थापना गरी गराई पुस्तकालय जन्माइएको थियो । अब आँखाले देखेपछि माया लाग्दो रहेछ । त्यसपछि स्याहार सुसारमा विशेष रूपले लागि परेर एक वर्षपछि मिति २०७०-९-२३ मा जिल्ला शिक्षा कार्यालय ताप्लेजुङ्गको बैठकबाट निर्णय गरी गराई अनुमति प्राप्त भएको कञ्चनजङ्घा सार्वजनिक पुस्तकालय अनुमोदित भएकोले विभिन्न विधाका पुस्तकहरू संकलन गर्दै, विधानसमेत तयार गरी पुस्तकहरू संकलन गर्दै जाँदा हाल सात हजार बराबरीको पुस्तक संकलन गरी गराई गणेश मा.वि.को एक पक्की कोठामा स्थापना गरी व्यवस्थित गर्दै रहँदा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आ.प्र.शाखाको मिति २०७५-३-२३, च.न ६१३ अनुसार प्राथमिक चरणको व्यवस्था गर्नको लागि रू. २,००,०००।- (दुई लाख) समेत निकासा भई व्यवस्था गरिएको हो ।

यसरी देशका विभिन्न विकट स्थानहरूमा रहेका सामान्य रूपमै भए पनि सार्वजनिक पुस्तकालयले त्यस स्थानका सर्वसाधारण मानिसहरू तथा बालबालिकाहरूलाई पठनपाठन कार्यमा थोरै भए पनि सहयोग गरी टेवा पुऱ्याइरहेका छन् । यो मात्र होइन, यस्ता साधारण व्यक्तिहरूले स्थापना गरेका

सामान्य पुस्तकालयहरू देशको दूरदराजमा धेरै रहेका छन् । सुगम ठाउँमा रहेका भव्य महलको साथ लाखौं पुस्तकले पहाड उठेका पुस्तकालयहरूभन्दा कम महत्त्व यी र यस्ता पुस्तकालयले आ–आफ्नो विकट ठाउँमा दिएका छैनन् भन्न सकिंदैन त्यस्ता विकट ठाउँहरूको लागि यी र यस्ता पुस्तकालयहरू पनि ठूलो र हजारौं लाखौं पुस्तक रहेको सरह सेवा प्रदान गरिरहेका छन् । यी र यस्ता ठाउँहरूको लागि सर्वसाधारण व्यक्तिहरूको लागि यस्ता पुस्तकालयहरू पनि अत्यन्तै उपयोगी रहेका छन् ।



यस्ता ठाउँहरूमा रहेका पुस्तकालयहरूले देखाउने र आस गर्ने ठाउँ भनेको केन्द्रीय पुस्तकालय नै हो । केही वर्षअगाडि अर्थात् नवौं पुस्तकालय दिवसको समयमा नै क्याबिनेटबाट निर्णय भई पुस्तकालय भवन बन्ने भन्ने सुनेका थियौं । यो खबरले हामी पुस्तकसम्बन्धी आस्था राख्नेहरूले खुशी प्रकटसमेत गरेका थियौं । पुस्तकालयको पनि अरू अरू कार्यलयहरूको जस्तो केन्द्रमा मन्त्रालय, विभाग रहने भएजस्तै पुस्तकालय भवन बन्ने भयो भनी कुना भित्ताबाट त्यो बेला काठमाडौं पुग्नेहरूले फर्किएर आ–आफ्नो स्थानमा जाँदा खुशीको खुराक लगेका थिए वा थियौं । तर यो खुशीको छाल छेउसम्म पुग्न नपाई अचानक खुसियालीलाई मेटाउँदै स्वयम् प्रधानमन्त्रीज्यूले नै पुस्तकालय भवन निर्माण स्थगन गर्ने भन्ने जानकारी आयो भनेर सम्बन्धित निकायबाट खबर सम्प्रेषण हुँदा हामी सम्पूर्ण यस्ता पुस्तकालयप्रति आस्था राख्ने, संघ, संस्था, व्यक्ति मर्महात भएका छौं । यस्तो निर्णय के-कसरी संशोधन हुन पुग्यो ? पुस्तकालय निर्माणले देशलाई के हानि-नोक्सानी पुराएको ठहर भएर बन्दको निर्णय हुन पुग्यो । यस्तो नहुनुपर्ने । यदि हो भने, पुस्तकालय जस्तो शिक्षाको राजमार्गलाई नै बन्द गर्ने निर्णयप्रति घोर आपत्ति जनाउनुपर्ने हुन्छ । एकातर्फ नेपालीले पढ्ने कार्यमा कुनै कसैले कुनै कारण बन्चित हुन नपरोस् भनेर फूटपाथमा बसेका रहेका

बालबालिकालाई विद्यालय भर्ना गरियो भनेर प्रचार-प्रसार गर्ने अर्कोतर्फ नेपाल देशकै एकमात्र राष्ट्रियस्तरको पुस्तकालय भवन आजको एक्काइसौं शताब्दीमा बल्ल बन्न लागेको अवस्थामा पुनःजिम्मेवार निकायबाटै रोकिनु भनेको हात्तीको चपाउने दाँत र देखाउने दाँत भने झैं भएको छ । आफ्नो अभिभावक गुमाएका अशक्त, दलित, आर्थिक अवस्था कमजोर भएकालाई सरकारले पूर्ण जिम्मा लिन्छ लिएको छ भन्ने कुरालाई देखाउने दाँत बन्न पुग्यो चपाउने दाँतले एउटा पुस्तकालय भवन बन्न लागेको छ, देशभरिमा एउटा पनि राष्ट्रियस्तरको पुस्तकालय आजको युगमा आइपुग्दा पनि बन्दैन भने त्यहाँ राष्ट्रिय मदिरा बिक्री केन्द्र बन्न लागेको हो कि? भन्ने शंका लागेको छ । तसर्थ एकचोटि निर्णय गरी हस्तान्तरण गरिसकेको कुरालाई फेरि लोभलालचामा परी फिर्ता लिने काम नहोस् भन्ने कामना छ ।

ooo


२०७८ को विजया दशमी, दीपावली र छठपर्वको
शुभ उपलक्ष्यमा सबैमा हार्दिक
मङ्गलमय शुभकामना !

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.
National Level Development Bank

**दिवस श्रेष्ठ**
**शाखा प्रबन्धक**
तम्घास शाखा, गुल्मी

**विजया दशमी २०७८ को शुभकामना !**

**सिर्जनशील सामुदायिक विकास केन्द्र (ICODEC)**

**गुल्मी**

**फोन** : **०७९-५२०५८६**, **E-mail : icodec50@gmail.com**

(यस संस्थाबाट आर्थिक वर्ष २०७७/०७८ मा १४ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ र ८ वटा झोलुङ्गे पुलको डि.पि.आर. गरिएको छ । धुर्कोट गाउँपालिकामा सञ्चालित बाख्रा उद्यम परियोजनाअन्तर्गत ४९२ वटा खोर निर्माण, घाँस वितरण, बिउ बोका खरिद गरिनुका साथै विभिन्न तालिमहरू सम्पन्न भएका छन् ।)

# पुस्तकालयका विविध गतिविधि

पुस्तकालयको नयाँ भवन निर्माण भइसकेको छ । यसको हस्तान्तरण र उद्घाटनको प्रक्रिया पूरा गर्न कोरोनाको प्रकोपले केही विलम्ब भइरहेको छ । निकट भविष्यमा उक्त कार्य सम्पन्न हुनेछ भन्ने हाम्रो विश्वास छ ।

२०७८ असार २९ गते २०८ औं भानु जयन्ती विविध कार्यक्रमहरूको आयोजना गरी मनाइयो । पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष शशि पन्थीको अध्यक्षता र रेसुङ्गा बहुमुखी क्याम्पसका प्रमुख हरिबहादुर खत्रीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क–९० को संयुक्त रूपमा विमोचन गरिएको थियो । उक्त अवसरमा विभिन्न कविहरूले आफ्ना रचनाहरू पाठ गर्नुका साथै विभिन्न वक्ताहरूद्वारा आदिकवि भानुभक्त आचार्यको योगदानको चर्चा गरिएको थियो ।

२०७८ साउन १० गते प्रतिनिधिसभाका सदस्य तथा पूर्व परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले किरण पुस्तकालयको अवलोकन गर्नुका साथै पुस्तकालयलाई आफ्नो सङ्कलनमा रहेका ५१ थान पुस्तकहरू हस्तान्तरण गर्नुभएको थियो । त्यस अवसरमा पूर्व मन्त्री प्रदीप ज्ञवालीले निरङ्कुश पञ्चायती शासनकालमा ज्ञानका सबै द्वारहरू बन्द गरिएको बेला किरण पुस्तकालयले गुल्मेलीहरूमा आलोचनात्मक चेतनाको विकासका लागि महत्त्वपूर्ण भूमिका खेलेको विचार प्रकट गर्नुभएको थियो । पुस्तकहरूको सहयोगका लागि पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष श्री शशि पन्थीले हार्दिक आभार व्यक्त गर्नुभएको थियो ।

२०७८ भाद्र १५ गते १४ औं पुस्तकालय दिवसको उपलक्ष्यमा किरण पुस्तकालयको नवनिर्मित भवनबाट एक विशेष समारोहका बीच पुस्तकालयको दैनिक सञ्चालनको शुभारम्भ प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले ज्ञानको प्रतीक दीपक प्रज्ज्वलन गर्नुका साथै नयाँ पुस्तकहरूमा पुस्तकालयको छाप लगाई गर्नुभएको थियो । यस वर्ष १४ औं पुस्तकालय दिवसको मूल मन्त्र **सबल समाजको आधार : सार्वजनिक पुस्तकालयको विकास र विस्तार** भन्ने थियो । यस वर्ष किरण पुस्तकालय राष्ट्रिय स्तरमा उत्कृष्ट हुन पुगा किदरपत्र प्राप्त गरेको छ ।

२०७८/०५/१५ का दिन १५६ औं मोती जयन्तीको अवसरमा २०७८ सालको जानकी साहित्य पुरस्कार रुरुक्षेत्र गाउँपालिका–४, चौतारा निवासी गुल्मीज्ञानका रचयिता कवि नारद गौतमलाई प्रदान गरियो । उक्त पुरस्कार कार्यक्रमका प्रमुख अतिथि रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थी र पुस्तकालयका अध्यक्ष शशि पन्थीद्वारा प्रदान गरिएको थियो । कार्यक्रममा

पुस्तकालयका उपाध्यक्ष तथा साहित्यकार श्री दीन पन्थीले कवि नारद गौतमको परिचय दिनुभएको थियो । प्रत्येक वर्ष प्रदान गरिने उक्त पुरस्कार यसअघि २०७५ सालमा सूर्यबहादुर सेन ओलीलाई, २०७६ सालमा भागीरथी श्रेष्ठलाई र २०७७ सालमा रामप्रसाद पन्तलाई प्रदान गरिएको थियो ।




२०७८ आश्विन ३१ गते किरण पुस्तकालयको ५४ औं पुस्तकालयसभा सम्पन्न भयो । उक्त सभामा किरण पुस्तकालयको वार्षिक प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन, आगामी आर्थिक वर्षको २०७८/०७९ का लागि रू. २०,५०,०००।- (वीस लाख पचास हजार रूपैयाँ) को अनुमित आय-व्यवक पारित गरिएको थियो । सभाले पुस्तकालयलाई विभिन्न तरिकाबाट सहयोग गर्ने व्यक्ति र संस्थाहरूप्रति पनि धन्यवाद प्रस्ताव पारित गरेको छ ।

***– सचिव***

०००


**शुभ विजया दशमी २०७८ को मङ्गलमय कामना !**

**नियमित रूपमा साबुन पानीले हात धुन, मास्क लगाउन र भिडभाडमा कम्तीमा २ मिटरको दूरीमा बस्न नबिर्सौं ।**


**राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल, गुल्मी**

# नौलो सृष्टि : सानो दृष्टि

## १. मैले बुझेको भागवत

अर्थुङ्गे-५, म्याग्दीमा जन्म भई प्रमाण-पत्र तहसम्म अध्ययन गरी २६ वर्ष नेपाल सरकारको निजामती सेवा प्रशासन समूहतर्फ ना.सु. पदबाट सेवा निवृत्त भई तीर्थाटन गर्दै ६ वर्षअघि पशुपति धर्मशाला रुरुक्षेत्र-धाममा साधनारत दुर्गादत्त पौडेलले **मैले बुझेको भागवत** ग्रन्थ तयार पार्नुभएको छ । प्रकाशक उहाँकी धर्मपत्नी देवीकुमारी पौडेल रहनुभएको प्रस्तुत पावन ग्रन्थ २०७७ सालमा प्रथम संस्करण प्रकाशित भएको छ ।

अग्रभाग, भूमिका, मन्तव्य, शुभेच्छाका ३८ पृष्ठसहित २४० पृष्ठमा संरचित प्रस्तुत ग्रन्थको आरम्भ वन्दनाबाट गरिएको छ । भागवतसँग सम्बद्ध विभिन्न ६ वटा शीर्षक छन् भने बाँकी शीर्षकहरू रुरुक्षेत्र र आसपासका केही विशेषताहरू, मर्यादाभित्र बसौं, भागवतको प्रधानता भन्ने शीर्षकअन्तर्गत, दामोदरकुण्ड महिमा, मुक्तिक्षेत्र, कागवेणी, कृष्णागण्डकी, जलेश्वर धाम, पुलह, पौलस्त्य आश्रम, जगन्नाथजी मन्दिर, ठूला शालग्राम, रुरुक्षेत्रधाम, श्री कृष्णगण्डकीको बहाव मार्ग, देवघाटधाम, त्रिवेणीधाम जस्ता उपशीर्षकहरूमा ती पवित्र स्थानहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।





अग्रभागमा श्रीकृष्ण भगवान्को तस्बीरमा साधकले भगवान्को स्तुति गर्नुभएको आकर्षक तस्बीर राखेर ग्रन्थको शोभा बढाइएको छ । भागवतको सर्वोच्चताको पुष्टि गर्ने विविध प्रसङ्गहरू उल्लेख गर्दै प्रस्तुत ग्रन्थको संरचना गर्नुले ग्रन्थको उच्चता बढेको छ । साधकले यस अमूल्य ग्रन्थको कुनै मूल्य नराखी भगवान् श्रीकृष्णको प्रसादस्वरूप उपलब्ध गराइने भन्दै ग्रन्थको थप उच्चता

देखाउनुभएको छ । श्रीकृष्णभक्त साधक दुर्गादत्त पौडेलप्रति अहोरात्र भगवान् श्रीकृष्णको अनुकम्पा रहोस् । यो ग्रन्थ भागवत्को महिमा जान्न खोज्नेका लागि पठनीय कृति बनेको छ ।


## २. कर्मचारी सङ्गम

गुल्मेली अधिकृत समाज, काठमाडौंले स्मारिका २०७७ –'कर्मचारी सङ्गम' नामबाट प्रकाशित गरेको छ । गुल्मेली अधिकृत समाज, काठमाडौंको स्थापना वि.सं. २०७० सालमा भएको हो । स्थापनाकालदेखि नै यस समाजले आफ्ना विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यिनै गतिविधिलाई समेटेर यस समाजले कर्मचारी सङ्गम स्मारिका २०७७ को प्रथम संस्करण प्रकाशित गरेको छ । हुमकला पाण्डेको संयोजकत्वमा १० सदस्यीय प्रकाशन समिति रहेको समूहबाट प्रकाशित स्मारिकामा समाजका विविध गतिविधि र ज्ञानमूलक लेखरचनाहरू रहेका छन् ।




चार खण्डमा विभाजन गरेर तयार पारिएको प्रस्तुत स्मारिकाको पहिलो खण्डमा जिल्ला परिचयसँग सम्बद्ध विभिन्न १३ वटा लेखहरू छन् । यी लेखहरूले जिल्लाको सामाजिक, सांस्कृतिक, ऐतिहासिक एवम् पर्यटकीय पक्षको प्रकाश पार्ने प्रयास गरेका छन् । दोस्रो खण्डमा सुशासन र विकास व्यवस्थापनसँग सम्बद्ध १९ वटा लेखहरू रहेका छन् भने तेस्रो खण्डमा विविध विषय–सन्दर्भलाई समेटेर ८ वटा लेखहरू समावेश छन् । यस खण्डमा गुल्मी अधिकृत समाजका स्मरणीय कामहरू उल्लेख गरिएको छ । चौथो खण्डलाई परिशिष्ट खण्ड नामकरण गरिएको छ । यसअन्तर्गत यस समाजका संरक्षक तथा सल्लाहकार, तदर्थ समिति, प्रथम कार्य समिति, आजीवन सदस्यको नामावली, हालसम्म सम्पादित कार्यको विवरण र अन्तिमका केही दृश्यचित्रमा अधिकृत समाजका गतिविधिहरू एवम् गुल्मीका मुख्य पर्यटकीय स्थलहरूलाई रङ्गीन पृष्ठमा प्रस्तुत गरिएको छ । झण्डै साढे तीन सय पृष्ठको मोटो रहेको आकारमा प्रस्तुत स्मारिका सबैका लागि अत्यन्त पठनीय कृति बनेको छ ।

## ३. मालिका दर्पण




मालिका मा.वि., पूर्व विद्यार्थी समाज, गुल्मी-काठमाडौंले मालिका दर्पण वर्ष : २, पूर्णाङ्क : २, २०७७ प्रकाशन गरेको छ । संरक्षक समाजका अध्यक्ष ढुण्डिराज अर्याल, संयोजक ढालबहादुर जि.सी., सदस्यहरू शेखर र ताराप्रसाद अर्याल रहेको प्रस्तुत दर्पणमा मालिका मा.वि.मा अध्ययन गरी हाल राष्ट्रसेवाका विभिन्न तहमा रहनुभएका व्यक्तित्वहरूको हात र साथ रहेको छ । जम्माजम्मी २७४ पृष्ठमा तयार पारिएको प्रस्तुत स्मारिकामा कथा, कविता, संस्मरणलगायतका धेरै लेख-रचना रहेका छन् । वि.सं. २०६७ सालमा यस विद्यालयको स्वर्ण महोत्सवको अवसर पारेर विधिवत् रूपमा स्थापित यस समाजले मालिका दर्पणका योसहित दुईवटा अङ्क प्रकाशन गरेको छ ।

आफूहरूले अध्ययन गरेको विद्यालयको ख्याति उच्च राख्न मालिका मा.वि.का पूर्व विद्यार्थीहरूको योगदान अविस्मरणीय छ । एकातिर यस दर्पणमा मञ्चका गतिविधिहरू समेटिएका छन् भने अर्कोतिर उत्कृष्ट लेख-रचनाहरूले दर्पणको गरिमा बढाएका छन् । दर्पणभित्रका सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, कृषि, विज्ञान, विकास व्यवस्थापन आदिसँग सम्बद्ध लेख-रचनाहरू उत्कृष्ट रहेका छन् । प्रस्तुत दर्पण एकातिर साहित्यिक दृष्टिले महत्त्वपूर्ण छ भने अर्कोतिर मालिका मा.वि.लाई नेपालभित्र मात्र होइन विश्वमा नै सुपरिचित बनाउन सफल देखिन्छ । पूर्व विद्यार्थी समाजका यी उल्लेखनीय कार्यहरू अझ सिर्जनात्मक रचनात्मक बन्दै मा.वि.को छवि थप उच्च बनाउन सफल होऊन् यहीं शुभेच्छा !

**- अकिञ्चन**

०००

**पुस्तकालयमा गई पुस्तक तथा पत्र-पत्रिका पढ्ने बानी बसालौं ।**

# ४ दशकपूर्व सहयोगीको समीक्षा

प्रत्येक वर्ष झैं यस वर्ष पनि किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा वार्षिक मुखपत्रको रूपमा 'हाम्रो पुरुषार्थ' प्रकाशित भएको छ । पश्चिमाञ्चल क्षेत्रको साहित्यिक चहलपहललाई यस्तो प्रकाशनले अझ टेवा दिने कुरा निर्विवाद सत्य हो । यसै प्रसङ्गमा 'हाम्रो पुरुषार्थ'को प्रकाशन महत्त्वपूर्ण देखा पर्दछ । यस अङ्कमा १०४ पृष्ठभित्र ३५ वटा कविता, ७ वटा लेख (समीक्षा, निबन्धसहित) ५ वटा कथा तथा बीचबीचमा अन्य जानकारीयोग्य विवरणादि पनि संगृहीत छन् ।

कवितातर्फ सुवेदीको 'हाम्रो पुरुषार्थ'ले शुभकामना बोकेको छ – "यो हाम्रो पुरुषार्थ काव्य नलिनीका निम्ति होस् चन्द्रमा" भन्दै । कविवर माधवप्रसाद देवकोटाको कविताले नेपालको शान्तिप्रियतालाई विषयवस्तु बनाएर निक्कै गहकिला कुराहरू व्यक्ताएको छ । अन्य कविहरूमा शशि पन्थी र गणेशप्रसाद ज्ञवाली सफल छन् । अन्य कविताहरूले अलिकति पनि प्रभाव पार्न सक्दैनन् ।

यस अङ्कको विशेषता लेख, निबन्ध समीक्षा नै भएको छ । राप्रसाद शर्माको भाषासम्बन्धी लेख, डा. टीकाराम पन्थीको "व्यासको गण्डकी क्षेत्र-रोमाण्टिक उच्छ्वास" डा. गोविन्द सुवेदीको "चार्वाक दर्शन दिग्दर्शन" लेख यस अङ्कका गहना हुन् । यी लेखहरू अन्वेषणात्मक हुनुका साथै पठनीय छन् । अन्य लेखमा तुलसी गौतम र विष्णुप्रसाद ज्ञवाली पनि ठीकै छन् । गोपीकृष्ण शर्माको तेस्रो आयामसम्बन्धी लेख विशेषतः क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि फाइदाजनक छ । यो लेख विशेषतः जानकारी दिनको लागि मात्र लेखिएको बुझिन्छ । "बसाईं : एक समीक्षा" पनि पठनीय नै छ ।

कथाहरू पनि आ-आफ्ना किसिमले रोचक र पठनीय नै छन् । जे होस् किरण पुस्तकालयको यस वर्षको उपहार पुरानो भयो । नयाँ आवरण राखिएको भए बेस हुने थियो । मूल्य चर्को भन्न सुहाउँदैन । तम्घास जस्तो ठाउँबाट यस्तो पत्रिका निकालेकोमा सम्पादक र प्रकाशक बधाईका पात्र छन् । एउटा कुरा पत्रिका बिक्री वितरण पूर्वाञ्चलमा देखिएन । मैले पनि यो पत्रिका पोखराका मित्रबाट नपाएको भए यो परिचय लेखिने थिएन । साथै यो पत्रिका हेर्ने महत्त्वपूर्ण अवसर मैले गुमाउनुपर्थ्यो । यसतर्फ ध्यान दिन सकिंदैन र !

**- प्रमोद प्रधान**

**जनवार्ता (दैनिक)**, (वर्ष २०, अङ्क २५९, २०३४ चैत्र ९ गते)

**हाम्रो पुरुषार्थ,** वर्ष ५, अङ्क ६, कार्तिक, २०३४ लक्ष्मी पूजा (देवकोटा जयन्ती)

ooo

# हाम्रो पुरुषार्थप्रतिको संक्षिप्त धारणा ।

- भाषा साहित्यको प्रेम र माटोको मायाबाट अभिप्रेरित शशि पन्थी, दीन पन्थीलगायतका जिउँदा जाग्दा व्यक्तित्वरूपी टिमको विवेक, ज्ञान र पसिनाको सिञ्चन र संयोजनकारी सुकर्मीय भूमिकाबाट किरण पुस्तकालयसँगै हाम्रो पुरुषार्थको जन्म भएको र हालसम्म निरन्तरता पाएको छ ।
- पुरानो पुस्ताको सम्मान र नयाँ पुस्तालाई प्रोत्साहन गरेको छ ।
- देशका ७७ जिल्लामा मात्र नभई देशबाहिरका अमेरिका, अस्ट्रेलिया, भारतलगायतका मुलुकमा पनि यसको छवि स्वच्छ र उच्च हुन सकेको छ ।
- इतिहास, कला, संस्कृति, सदाचारका कुरा गर्नुका साथै हिंजोका मूल्यवान् कुरा गर्न सदैव अगाडि रहेको छ यो पत्रिका ।
- नवोदितदेखि हिंजो र आजका दिनमा स्थापित भएका र हुँदै गरेकालाई स्थान दिएर प्रतिभा र सम्भावनाको प्रस्फुरण गरेको छ । यसखाले भूमिका महत्त्वपूर्ण देखिन्छ ।
- यसै पत्रिकामा लेखनयात्रा शुरु गरी हाल स्थापितमा गनिनेहरूले हिजाआज गुन सम्झन्छन् या सम्झन्नन् (कतै खोलो तर्‍यो, लौरो बिर्स्यो भएको पो छ कि ?) तर पुरुषार्थले त्यस्तालाई पनि सम्झन छाडेको छैन ।
- गुल्मी मात्र नभई देश नै चिनाएको छ यस पत्रिकाले ।
- आशावादी, सकारात्मक, मूल्यवान्, समाजोपयोगी विचारप्रवाह गर्नु यसको मुख्य विशेषता हो ।
- कुनै लालसा र प्रलोभन नराखी स्वच्छता कायम गर्दै विज्ञापनको पछि कहिल्यै नलागेको गरिमामय इतिहास कायम गरेको छ ।
- हालसम्म श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क (२०३१) अन्तर्राष्ट्रिय बाल वर्षातिरक्ताङ्क (२०३६), समालोचना विशेषाङ्क (२०३७), लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क (२०३९), 'साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क' (२०३९), 'लेखनाथ अङ्क' (२०४१), 'अन्तर्राष्ट्रिय युवा वर्षाङ्क-१९८५' (२०४२), 'गुल्मी परिचयाङ्क' (२०५३), 'पुस्तकालय विशेषाङ्क' (२०५५), 'कथा विशेषाङ्क' (२०५६), 'नेपाली भाषिक

सङ्गोष्ठी विशेषाङ्क' (२०५८), 'पत्रकारिता, विशेषाङ्क' (२०६२), 'डा. टीकाराम पन्थी विशेषाङ्क' (२०६७), 'भानु विशेषाङ्क' (२०७०), 'बी.पी. विशेषाङ्क' (२०७५), 'भेषबहादुर कुँवर 'प्रयासी' विशेषाङ्क' (२०७६) र पं. भीमकान्त पन्थी स्मृति विशेषाङ्क' (२०७७) प्रकाशन गर्नुले यस पत्रिकाको महत्त्व र भूमिका स्पष्ट रहेको छ । यस्ता कर्म गरिनु सह्रानीय, प्रशंसनीय कुरा हो । यी कर्महरू जुनसुकै नेतृत्व र जहाँसुकैबाट सम्भव हुँदैनन् भन्ने प्रष्ट हुन्छ ।

- डेढ दर्जनभन्दा बढी स्रष्टाका कृतिको प्रकाशकीय भूमिका खेलेको छ । प्रकाशित मध्येका कैयन् कृति ऐतिहासिक, सांस्कृतिक, शैक्षिक दृष्टिले उच्च मूल्यका छन् ।
- प्रविधि सञ्जाललाई अधिकतम उपयोग गरी जानसके अझ यसको भविष्य सुनिश्चित र दीर्घजीवी हुनेछ ।

**– राम ज्ञवाली**
**रिब्दिकोट-४, पाल्पा**

०००


हिन्दूहरूका महान् चाड विजया दशमी, दीपावली र छठ पर्वका उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना !

**आफ्नो भनेको आफ्नै हुन्छ ।**
**खुशी दिएर नजिक भइरहने आफ्नैले त हो नि ।**

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नो बैंक

**गुणानिधि भुसाल**
**शाखा प्रबन्धक**
**शाखा कार्यालय, गुल्मी**
ब्याजदर : बचतमा-५%, मुद्दतीमा -८.५६%

विजया दशमी तथा दीपावलीका साथै छठ पर्व २०७८ को हार्दिक मङ्गलमय शुभकामना !

**हरेक प्रकारको आधुनिक बैङ्किङ्ग सुविधाका लागि हामीलई सम्झनुहोस् ।**
**(तपाईंको घर-आँगनको बैङ्क)**

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.

**ओमबहादुर टण्डन**
**नि. शाखा प्रबन्धक**
**कृषि विकास बैङ्क लिमिटेड**
**शाखा कार्यालय, तम्घास, गुल्मी**

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



नाम : **रमेशप्रसाद पन्थी**
पिता/माता : वेदप्रसाद/दिव्या पन्थी उपाध्याय
धर्मपत्नी : कमला पन्थी
जन्ममिति : वि.सं. २०२६ साल फागुन १४ गते
ठेगाना : रेसुङ्गा न.पा.-८, खानीगाउँ, तम्घास, गुल्मी
सम्पर्क नं. : ९८४७३९३१९९
तालिम : पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा (Mental Health), पाटन अस्पतालमा Anasthesia Assistant, मिसन अस्पताल, पाल्पामा Mfd Level Practicum, चापागाउँ प्रा.स्वा.के. Management ।
संलग्नता : सि.अ.हे.व. अधिकृत, इमर्जेन्सी इञ्चार्ज : गुल्मी अस्पताल, तम्घास (कार्यरत) ।
सेवा, अनुभव : संस्थापक प्रमुख - पराल्मी हेल्थ पोष्ट, कुर्घा हेल्थ पोष्ट । प्रमुख : ह्वाङ्दी हेल्थ पोष्ट, पिपलधारा हेल्थ पोष्ट, बलेटक्सार हेल्थ पोष्ट, बलिथुम हेल्थ पोष्ट । विशेष सेवा प्रदान - म्याग्दी जिल्ला अस्पताल, बेनी, कर्णाली अञ्चल अस्पताल, जुम्ला ।
भ्रमण : पूर्व जनकपुरदेखि पश्चिम टनकपुरसम्म ।

---



नाम : **यदुमणि पोखरेल**
पिता/माता : हरिप्रसाद/विष्णुदेवी पोखरेल
धर्मपत्नी : विष्णुमाया पोखरेल
जन्ममिति : वि.सं. २०२२ साल कात्तिक १० गते
ठेगाना : रेसुङ्गा न.पा.-१४, पराल्मी, गुल्मी
हाल : रेसुङ्गा न.पा.-१, क्याम्पसरोड, गुल्मी
सम्पर्क नं. : ९८६१९३४३३५
इ-मेल : pokhrelyadumani@gmail.com
संलग्नता : प्रधानाध्यापक : रेसुङ्गा प्राथमिक विद्यालय, पराल्मी, गुल्मी (२०४५ सालदेखि हालसम्म), कार्य समिति सदस्य : पराल्मी स्वास्थ्य चौकी (२०५२-२०७५),, सदस्य : गौशाला उप समिति, आजीवन सदस्य : रेसुङ्गा संरक्षण समिति ।
रुचि : अध्यात्मप्रति ।



| | |
|---|---|
| नाम | : **सरस्वती अर्याल** |
| पिता/माता | : देवीदत्त/द्रौपदादेवी पन्थी |
| सासू/ससुरा | : रुनन्ता/टीकाराम अर्याल |
| पति | : होमनाथ अर्याल |
| जन्ममिति | : वि.सं. २०१८ साल कात्तिक ०८ गते |
| ठेगाना | : रेसुङ्गा नगरपालिका-१०, सिमिचौर, तङ्नाम गुल्मी |
| शिक्षा | : साक्षर |
| सम्पर्क नं. | : ९८४४७५२५२७/९८४७४१५४०७ |
| संलग्नता | : सदस्य-सिद्धबाबा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, शिवालय महिला जागृति तथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सिमिचौर, महिला स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, तम्घास । |

---

**हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू :**

| क्र.सं. | नाम, थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| ९२४. | श्री मणिराम पाण्डेय | छत्रदेव गाउँपालिका-७, अर्घाखाँची हाल : खरेल पुस्तक पसल, तम्घास, गुल्मी | ९८४७३१०७०५ |
| ९३५. | श्री रमेशप्रसाद पन्थी | रेसुङ्गा नगरपालिका-८, तम्घास, खानीगाउँ, गुल्मी | ९८४७३९३१९९ |
| ९३६. | श्री सरस्वती अर्याल | रेसुङ्गा नगरपालिका-१०, तङ्नाम, सिमिचौर, गुल्मी | ९८४७४१५४०७/ ९८४४७५२५२७ |


२०७८ को विजया दशमी तथा दीपावली र छठ पर्वको शुभ घडीमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र समस्त हिन्दू धर्मावलम्बी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना !

**नारायणप्रसाद भण्डारी**
**अध्यक्ष**
**तथा**
**कर्मचारी मिलन केन्द्र परिवार**
**गुल्मी**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |



पुस्तकालयको आगन्तुक पुस्तिकामा आफ्ना शुभेक्षा व्यक्त गर्दै पूर्व परराष्ट्रमन्त्री ज्ञवाली




हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९० विमोचन गर्दै क्याम्पसप्रमुख हरिबहादुर खत्री




पूर्व परराष्ट्रमन्त्री तथा सांसद माननीय प्रदीपकुमार ज्ञवालीज्यूबाट किरण पुस्तकालय अवलोकन



प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माज्यूबाट १४ औं राष्ट्रिय पुस्तकालय दिवस कार्यक्रमको समुद्घाटन




१५६ औं मोती जयन्ती तथा जानकी साहित्य पुरस्कार वितरण समारोह

# लागूऔषधरहित परिवार : स्वस्थ जीवनको आधार



टोलाउने, लट्ठ परिरहने,
एकान्तमा बस्न रूचाउने,
काममा जान मन नगर्ने,
ढुब्लाउँदै जाने,
सरसफाइमा ध्यान नदिने,
अनावश्यक खर्च गर्ने
लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरू हुनसक्छन् ।

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४५०)